# कोशी प्रदेश ऐन सङ्ग्रह

## खण्ड ३

## २०८२

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

# कोशी प्रदेश ऐन सङ्ग्रह

## खण्ड ३

## २०८२

(कृषि, सहकारी, खेलकुद तथा सामाजिक विषयसँग सम्बन्धित ऐनहरूमा सम्वत् २०८२ साल असार मसान्तसम्मका संशोधन समेत मिलाइएको)

प्रकाशक

कोशी प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

विराटनगर, नेपाल

# विषय सूची


| क्र.सं. | ऐनको नाम | पृष्ठ नं. |
|---|---|---|
| १. | अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५ | १ |
| २. | सामाजिक विकास संस्था ऐन, २०७५ | ४ |
| ३. | प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ | १७ |
| ४. | प्रदेश खेलकूद ऐन, २०७६ | २५ |
| ५. | जाँचबुझ तथा अनुसन्धान आयोग ऐन, २०७६ | ४१ |
| ६. | प्रदेश सहकारी ऐन,२०७६ | ४६ |
| ७. | मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ | १०९ |
| ८. | कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७ | १३२ |
| ९. | प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ | १४१ |
| १०. | कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ | १८९ |
| ११. | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ | २०९ |
| १२. | प्रदेश प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ | २१७ |
| १३. | प्रदेश जीवनासक विषादी ऐन, २०८१ | २२८ |
| १४. | प्रदेश बिउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८१ | २४५ |

# अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः- २०७५।०५।१४

संवत् २०७५ सालको ऐन नं. १५

<u>प्रस्तावना</u>ः कोशी प्रदेशले अर्को प्रदेशको बासिन्दालाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउन नेपालको संविधानको धारा २३३ को उपधारा (३) बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u>** (१) यस ऐनको नाम "अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन कोशी प्रदेशको हकमा लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची-४ बमोजिमको कोशी प्रदेश सम्झनु पर्छ।

(ख) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(ग) "बासिन्दा" भन्नाले कोशी प्रदेश लगायत नेपाल भित्रको अन्य कुनै प्रदेशमा स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने नेपाली नागरिकलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम नेपालभित्र आई कुनै पनि प्रदेशमा अस्थायी रुपमा बसोबास गर्ने विदेशी नागरिकलाई समेत जनाउँछ।

(घ) "व्यवहार'' भन्नाले अन्य प्रदेशबाट यस प्रदेशमा आई बसोवास गर्ने बासिन्दालाई कोशी प्रदेशमा बसोवास गर्ने बासिन्दा सरह गरिने व्यवहारलाई सम्झनु पर्छ।

(ङ) "सुविधा" भन्नाले कोशी प्रदेशमा स्थायी बसोबास गर्ने बासिन्दालाई प्राप्त हुने सेवा सुविधालाई सम्झनु पर्छ र सो शब्दले अन्य प्रदेशबाट आउने बासिन्दा र विदेशी नागरिकलाई कोशी प्रदेशका बासिन्दा सरह प्राप्त हुने सेवा सुविधा समेतलाई जनाउँछ।

(च) "सुरक्षा" भन्नाले अन्य प्रदेशबाट यस प्रदेशमा आई बसोबास गर्ने नेपाली तथा विदेशी नागरिकलाई कोशी प्रदेशका बासिन्दा सरह निजको जीउज्यान, चलअचल सम्पत्ति, मान सम्मान र प्रतिष्ठाको सुरक्षा गरे सरह प्रदान गरिने सुरक्षालाई सम्झनु पर्छ।

(छ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(ज) “स्थायी र अस्थायी बासिन्दा” भन्नाले कोशी प्रदेश अन्तर्गतको कुनै पनि जिल्लाबाट नेपाली नागरिकता प्राप्त गरी यस प्रदेशमा स्थायी बसोबास गरिरहेको व्यक्ति तथा प्रचलित कानून बमोजिम निजको परिवारका सदस्य, अन्य कुनै पनि प्रदेशबाट कोशी प्रदेशमा  स्थायी बसोबास गर्ने गरी बसाई सराई गरी आएको वा कोशी प्रदेश मा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट मतदाता परिचय पत्र प्राप्त गरेको व्यक्तिलाई स्थायी बासिन्दा सम्झनु पर्छ र त्यस्तो स्थायी बासिन्दा बाहेकका बासिन्दालाई अस्थायी बासिन्दा सम्झनु पर्छ।

३. **बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधाः** (१) बासिन्दालाई देहाय बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा प्रदान गरिनेछः-

(क) नेपालको अन्य प्रदेशबाट कोशी प्रदेशमा आई बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्राप्त हुने सबै प्रकारको सुरक्षा प्रदान गरिनेछ।

(ख) नेपालको अन्य प्रदेशबाट कोशी प्रदेशमा आई बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्रदेशका कुनै पनि व्यक्ति, सार्वजनिक वा निजी क्षेत्रबाट भेदभावपूर्ण वा असमान व्यवहार गरिने छैन।

(ग) नेपालको अन्य प्रदेशबाट कोशी प्रदेशमा आई बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम सार्वजनिक वा निजी क्षेत्रबाट प्राप्त हुने सबै प्रकारका सुविधाहरू प्राप्त हुनेछ।

(घ) यस दफामा भएको व्यवस्था प्रचलित कानूनको अधिनमा रही कोशी प्रदेशमा बसोबास गर्ने विदेशी नागरिकको हकमा समेत लागू हुनेछ।

४. **भेदभाव नगरिनेः** कोशी प्रदेश भित्रका र अन्य प्रदेशबाट कोशी प्रदेशमा आएका बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम बाहेक कुनै किसिमको असमान तथा भेदभावजन्य व्यवहार गरिने छैन।

५. **जरिवाना र क्षतिपूर्तिः** (१) कसैले अर्को प्रदेशको बासिन्दा वा विदेशी नागरिक भएको कारण संविधान र प्रचलित कानूनको प्रतिकूल हुने गरी भेदभाव गरेमा त्यस्तो कार्यलाई कसूर मानिने छ।

(२) उपदफा (१) बमोजिम प्रतिकूल हुने गरी कसैले कसूर गरेको प्रमाणित भएमा दश हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ र पीडितलाई थप

नोक्सानी भएको अदालतले ठहऱ्याएमा मुनासिब माफिकको क्षतिपूर्ति समेत पीडित पक्षलाई भराइदिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गरेमा त्यस्तो कसूरबाट पीडित हुने व्यक्तिले कसूर गरेको पैँतीस दिनभित्र कसूर गर्नेका विरुद्ध सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम मुद्दा दायर हुन आएमा सम्बन्धित जिल्ला अदालतले यस ऐनको अधिकारक्षेत्र प्रयोग गरी प्रचलित कानून बमोजिम मुद्दाको कारवाही र किनारा गर्नेछ।

६. **<u>विशेष सुविधा सम्बन्धी व्यवस्था</u>**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोशी प्रदेश मा बसोबास गर्ने कुनै खास जाति, वर्ग, लिङ्ग र समुदायका वा सबै बासिन्दालाई संविधान, प्रचलित संघीय एवम् प्रदेश कानूनमा भएको व्यवस्थाको अतिरिक्त यस ऐन बमोजिम प्रदेश सरकारले थप सेवा सुविधा प्रदान गर्न सक्नेछ।

७. **<u>नियम बनाउन सक्ने</u>**ः यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ।

# सामाजिक विकास संस्था ऐन, २०७५

प्रमाणीकरण मितिः२०७५।०६।१४

संवत् २०७५ सालको ऐन नं. १७

<u>प्रस्तावना:</u> सामाजिक विकास कार्यमा संलग्न संस्थाहरूको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको नियमन गर्न तथा प्रादेशिक प्राथमिकताका क्षेत्रमा कार्य गर्न सामाजिक संस्थाहरूलाई प्रोत्साहन गर्न कानूनी व्यवस्थागर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको कोशी प्रदेशको प्रदेश सभाले ऐन बनाएको छ।

## परिच्छेद– १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ:</u>** (१) यस ऐनको नाम **"सामाजिक विकास संस्था ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

(३) यो ऐन कोशी प्रदेश भर लागू हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले कोशी प्रदेश सामाजिक विकास संस्था ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ग) "कार्यसमिति" भन्नाले विधान अनुसार गठन भएको सामाजिक विकास संस्थाको कार्यसमितिलाई सम्झनुपर्दछ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्दछ।

(ङ) "दातृ निकाय" भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारलाई सम्झनु पर्छ।

(च) "परिषद्" भन्नाले दफा (७) बमोजिम स्थापना हुने प्रदेश स्तरीय सामाजिक विकास परिषद्लाई सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले सामाजिक विकास संस्था सम्बन्धी कार्यक्षेत्र भएको प्रदेशको मन्त्रालयलाई सम्झनु पर्छ।

(झ) “विधान” भन्नाले सामाजिक विकास संस्थाको विधानलाई सम्झनु पर्छ।

(ञ) “संस्था” भन्नाले यस ऐन बमोजिम गठन हुने सामाजिक विकास संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद– २

## संस्था दर्ता र समन्वय

३. **दर्ता गर्नु पर्नेः** (१) यो ऐन प्रारम्भ भएपछि कोशी प्रदेशमा स्थापना हुने कुनै पनि संस्था स्थानीय तहमा दर्ता गर्नु पर्नेछ र यसरी दर्ता भएको संस्थाको विवरण (नाम, ठेगाना, उद्देश्य र कार्यक्षेत्र आदि) सम्बन्धित स्थानीय तहले परिषद्मा तोकिए बमोजिम पठाउनु पर्नेछ।

तर एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने संस्थाहरूको दर्ता परिषद्मा वा परिषद्को स्थापना नभएसम्म मन्त्रालयले तोकेको दर्ता अधिकारी समक्ष गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्दा तोकिए बमोजिम संस्थाको उद्देश्य र कामको प्रकृतिको आधारमा वर्गीकरण गरिनेछ।

(३) संस्थाको विधान, दर्ता, नवीकरण लगायतका व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन तर यस दफाको प्रतिकूल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ।

(५) संस्था दर्ता वा नवीकरण वापत लाग्ने शुल्क तोकिए बमोजिम हुनेछ।

४. **सुचीकृत हुनुपर्नेः** (१) प्रदेशमा एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने गरी कार्यक्षेत्र तोकिएका वा कार्यरत सबै संस्थाहरू यो ऐन लागू भएको मितिले एक वर्षभित्र तोकिए बमोजिम परिषद्मा अनिवार्य सुचीकृत हुनु पर्नेछ र यस दफा बमोजिम सुचीकृत नभएमा त्यस्तो संस्थालाई कुनै पनि कार्यक्रम सञ्चालन गर्न अनुमति दिइने छैन।

(२) एउटा मात्र स्थानीय तहमा काम गर्ने संस्थाले परिषद्मा सुचीकृत हुन चाहेमा त्यस्तो संस्थालाई समेत सुचीकृत गर्न यो ऐनले बाधा पुऱ्याएको मानिने छैन।

(३) प्रदेशमा योजना वा कार्यक्रम सञ्चालन गर्न चाहने तर अन्य प्रदेशमा दर्ता भएकोसंस्थाले कार्यक्रम स्वीकृत हुनु पूर्व प्रदेशमा सुचीकृत हुनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम सुचिकृत नहुने संस्थालाई प्रदेशमा कार्य गर्नपरिषद्ले अनुमति दिने छैन।

तर यस दफा बमोजिम सुचीकृत नभएको कुनै संस्थाले सामाजिक विकासको क्षेत्रमा महत्वपुर्ण योगदान गर्न सक्ने निर्णय गरी कुनै संस्थालाई अनुमति दिन परिषद्‌ले सिफारिस गरेमा सो संस्थालाई मन्त्रालयले कार्यक्रम सञ्चालन गर्न अनुमति दिनसक्नेछ।

५. **स्वीकृति लिनुपर्नेः** (१) दफा ४ वमोजिम सुचीकृत हुने संस्थाले स्थानीय तहमा कुनै कार्यक्रम वा योजना सञ्चालन गर्नुपरेमा प्रचलित कानूनका अतिरिक्त मन्त्रालयको समेत पूर्व स्वीकृति लिन परिषद् मार्फत प्रस्ताव पेस गर्नुपर्नेछ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनका लागि "योजना" भन्नाले ६ महिनाभन्दा बढी अवधिका परियोजना तथा कार्यक्रमसमेतलाई जनाउँछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्दा संस्थाले देहाय बमोजिम खुलाउनु पर्नेछः-

(क) प्रस्तावित योजनाको अवधारणा, लक्ष्य, उद्देश्य, मुख्य क्रियाकलाप र अपेक्षित प्रतिफल,

(ख) प्रदेश सरकारको नीति, कार्यक्रमको साथै प्राथमिकतासँग प्रस्तावित योजनाको सम्बन्ध,

(ग) योजना अवधि, मुख्य क्रियाकलापहरूको लागत सहित कूल लागत रकम र सो रकम खर्च गर्न संस्थाको आर्थिक श्रोतसाधन प्राप्तिको सम्झौता,

(घ) आवश्यक पर्ने भौतिक श्रोतसाधनको विवरण तथा खरिद प्रकृया,

(ङ) आवश्यक पर्ने जनशक्ति र त्यस्तो जनशक्तिको प्रकार एवं नियुक्तिको प्रक्रिया,

(च) लैंगिक समानता, सामाजिक समावेशीकरण सम्बन्धी नीति,

(छ) परिषद्‌को सिफारिस,

(ज) योजना सम्पन्न भएपछि दिगोपना कायम गर्ने उपायहरू,

(झ) लक्षित समूहको संख्या, प्रकृति र अवस्था,

(ञ) कार्यक्रम सञ्चालन हुने स्थान, वडा तथा स्थानीय तह,

(ट) अनुगमन मूल्याङ्कन विधि,

(ठ) अभिलेखीकरण प्रक्रिया,

(ड) तोकिए बमोजिमका अन्य आवश्यक विषयहरू।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पेस गर्ने संस्थालाई प्राप्त विवरणको जाँचबुझ गरी सामान्यतया पन्ध्र दिन भित्र स्वीकृति दिन सकिनेछ।

तर थप विवरण आवश्यक पर्ने भएमा परिषद्ले संस्थालाई सात दिनको समय दिनेछ।

(४) उपदफा (३) बमोजिम थप विवरण प्राप्त भएमा सामान्यतया सात दिनभित्र परिषद्ले स्वीकृति दिनेछ।

(५) उपदफा (४) बमोजिम परिषद्ले स्वीकृति दिन नमिल्ने भएमा कारण सहित सो प्रस्ताव मन्त्रालय समक्ष पठाई सोको जानकारी सम्वन्धित संस्थालाई दिइनेछ।

(६) उपदफा (५) बमोजिमको प्रस्ताव प्राप्त भएमा मन्त्रालयले प्रदेश सरकार समक्ष प्रस्ताव पठाएमा प्रदेश सरकारले सामान्यतया एक महिना भित्र निर्णय गर्नेछ।

(७) मानवीय उद्धारका लागि आकस्मिक रुपमा कुनै सेवा प्रदान गर्नु परेमा यस दफा बमोजिम पूर्व स्वीकृति लिनु पर्ने छैन तर त्यस्तो सेवा प्रदान गर्नुअघि सम्बन्धित निकायसँग सम्पर्क गरीत्यस्तो निकायको निर्देशन बमोजिम कार्य गर्नुपर्नेछ र त्यस्तो विषयको जानकारी परिषद्लाई दिनु पर्नेछ।

(८) ६ महिनाभन्दा कम अवधिको योजना सञ्चालन गर्न चाहने संस्थाले यस दफा बमोजिम पूर्व स्वीकृति लिनु पर्ने छैन तर योजना सञ्चालन गर्नु पूर्व मन्त्रालयसँग समन्वय गर्नु पर्नेछ।

(९) माथिका दफामा जुनसुकै कुरा लेखिएको भएतापनि रु. एक करोड भन्दा माथि दश करोड सम्मको योजना सञ्चालनको स्वीकृति मन्त्रालयले र दश करोड भन्दा माथिको योजना सञ्चालनको स्वीकृति प्रदेश सरकारबाट लिनु पर्नेछ।

६. **प्रतिवेदन दिनुपर्नेः** (१) एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने संस्थाले योजना कार्यान्वयनको कार्यतालिका बमोजिमको प्रगति प्रतिवेदन प्रत्येक तीन महिनामा तोकिएको ढाँचामा परिषद्मा पेस गर्नु पर्नेछ।

तर ६ महिनाभन्दा कम समयको योजना भएमा कार्यसम्पन्न भएको पन्ध्र दिनभित्र योजनाको नाम, उद्देश्य, कार्यक्षेत्र, लक्षित समूह, सम्पन्न गरिएको कामको नाम, खर्च रकम, अभिलेख व्यवस्था तथा दिगोपना कायम गर्न भएका सीप हस्तान्तरणको कार्यसहित कार्य सम्पन्न भएको स्थानीय तह, वडा तथा स्थान उल्लेख गरी मन्त्रालयमा एक पटक मात्र प्रतिवेदन बुझाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदनको अध्ययन गरिपरिषद्ले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ र निर्देशन पालना नगर्ने संस्थाको हकमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद– ३

## परिषद् सम्बन्धि व्यवस्था

७. **परिषद्को स्थापनाः** (१) संस्था दर्ता, अनुगमन, नियमन, समन्वय र प्रवर्द्धन गरी सुव्यवस्थित तरिकाले सामाजिक विकास कार्य सञ्चालन गर्न मन्त्रीपरिषद्ले एक सामाजिक विकास परिषद्को स्थापना गर्न सक्नेछ।

(२) परिषद्मा देहायका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहनेछन्ः–

| | | |
|---|---|---|
| (क) | सामाजिक विकास कार्य हेर्ने मन्त्री वा राज्य मन्त्री | – अध्यक्ष |
| (ख) | प्रदेश सरकारबाट नियुक्ति हुने उपाध्यक्ष | – सदस्य |
| (ग) | सामाजिक विकास हेर्ने प्रदेश योजना आयोगका सदस्य | – सदस्य |
| (घ) | मन्त्रालयका सचिव | – सदस्य |
| (ङ) | आन्तरिक मामिला हेर्ने मन्त्रालयका अधिकृत प्रतिनिधि | – सदस्य |
| (च) | आर्थिक मामिला हेर्ने मन्त्रालयका वित्त हस्तान्तरण समिति हेर्ने महाशाखाका अधिकृत प्रतिनिधि | – सदस्य |
| (छ) | समावेशी सिद्धान्त बमोजिम कम्तिमा दुईजना महिला पर्ने गरी प्रतिष्ठित समाजसेवी/विज्ञहरूमध्येबाट प्रदेश सरकारद्वारा मनोनित बढीमा चार जना | – सदस्य |
| (ज) | सामाजिक विकास संस्थाहरूको प्रादेशिक संगठनको प्रतिनिधित्व हुने गरी एक महिला सहित दुई जना | – सदस्य |
| (झ) | मन्त्रालयका सम्बन्धित महाशाखाका प्रमुख | – सदस्य-सचिव |

(३) उपाध्यक्ष र मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

तर निजको कार्य सन्तोषजनक नभएमा तोकिएको पदावधी अगावै प्रदेश सरकारले पदमुक्त गर्न सक्नेछ। त्यसरी पदमुक्त गर्नु अघि निजलाई सफाई पेस गर्ने मौका दिइने छ।

(४) उपाध्यक्षको योग्यता र नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपाध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तहरू मन्त्रालयको सचिव सरह हुनेछ।

८. **परिषद् संगठित संस्था हुने:** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) परिषद्को सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच– बिखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ। तर अचल सम्पत्ति वेचविखन गर्न भने मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्ने र परिषद्उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

९. **परिषद्को कार्यालय:** परिषद्को केन्द्रीय कार्यालय प्रदेशको राजधानीमा रहनेछ।

१०. **परिषद्को बैठक र निर्णय:** (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सामान्यतया कम्तीमा वर्षको ४ पटक बस्नेछ।

(२) परिषद्को कूल सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(४) परिषद्को निर्णय उपस्थित सदस्यहरूको बहुमतका आधारमा हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) परिषद्को निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) परिषद्का सदस्यहरूले बैठकमा भाग लिए वापत मन्त्रिपरिषद्ले निर्णय गरे वमोजिम भत्ता र सुविधा पाउनेछन्।

११. **परिषद्को काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लेख गरिएका व्यवस्थाको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) सामाजिक विकास कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, संस्थालाई सहयोग गर्ने, तिनीहरूका बिच समन्वय गर्ने र तिनीहरूको कामको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने, गराउने साथै आवश्यक निर्देशन दिने,

(ख) संस्थाहरूको स्थापना, विकास, विस्तार र सुदृढीकरणको लागि आवश्यक सहयोग गर्ने, गराउने,

(ग) सामाजिक विकास कार्यसम्बन्धी नीति तथा कार्यक्रम स्वीकृत गरी लागू गर्न मन्त्रालयलाई आवश्यक परामर्श दिने,

(घ) सामाजिक विकास कार्यको लागि कोषको स्थापना गर्ने र तोकिए बमोजिम कोष सञ्चालन गर्ने,

(ङ) सामाजिक विकास कार्यमा संलग्न परिषद्सँग आबद्ध संस्थाहरूका लागि सूचना तथा अभिलेख केन्द्रका रूपमा कार्य गर्ने,

(च) सामाजिक विकास कार्यसँग सम्बन्धित विषयमा तालिम दिने, अध्ययन, अनुसन्धान गर्ने, गराउने, त्यस्तो अध्ययन अनुसन्धानको आवश्यक ब्यवस्था गर्ने निकायलाई आफ्नो बार्षिक नीति, योजना तथा कार्यक्रममा सहयोग गर्ने र मन्त्रालयमा समेत पठाउने,

(छ) प्रदेशमा प्रचलित कानून बमोजिम कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग समन्वय गर्ने,

(ज) संस्थाका पदाधिकारी र कार्यकारी प्रमुखले पेस गरेको सम्पत्ति विवरण आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्ने र अभिलेखीकरण गर्ने।

(झ) संस्थाहरूबाट प्राप्त लेखापरीक्षण प्रतिवेदनको एकमुष्ट समिक्षा प्रतिवेदन बार्षिक रुपमा मन्त्रालय समक्ष प्रस्तुत गर्ने,

(ञ) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने।

१२. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) उपाध्यक्षले अध्यक्षको निर्देशनमा रही काम गर्नुपर्नेछ।

(२) उपाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को प्रशासन र व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(ख) परिषद्को वार्षिक बजेट, कार्यक्रम र योजना तयार गरी परिषद् समक्ष पेस गर्ने,

(ग) परिषद्को चल, अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने,

(घ) परिषद्को काम कारबाही सुचारु रुपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) परिषद्को नीति, कार्यक्रम र निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(३) उपदफा (१) बमोजिमको कार्य गर्ने प्रयोजनको लागि उपाध्यक्षले सदस्य–सचिवलाई आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालना गर्नु सदस्य–सचिवको कर्तव्य हुनेछ।

१३. **<u>उपसमिति गठन गर्न सक्ने</u>:** (१) परिषद्ले आफ्नो कार्य सुचारु रूपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमितिहरू गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिहरूको काम, कर्तव्य, अधिकार तथा कार्यविधि परिषद्ले तोकिदिए बमोजिम हुनेछ।

(३) उप समितिका सदस्यहरूको भत्ता र अन्य सुविधा परिषद्ले तोके बमोजिम हुनेछ।

१४. **<u>परिषद्मा आवद्ध हुने</u>:** (१) परिषद्सँग आवद्ध हुन चाहने संस्थाहरूले तोकिए बमोजिमको ढाँचामा परिषद् समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने संस्थाहरूले निवेदनसाथ आफ्नो विधान, कार्य समितिको सदस्यहरूको नाम, पेशा, ठेगाना, संस्थाको प्रमुख पदमा बसेका पदाधिकारीहरूको सम्पत्ति विवरण समेत पेस गर्नु पर्नेछ।

**<u>स्पष्टिकरण</u>: 'प्रमुख पद'** भन्नाले अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सहसचिव, कोषाध्यक्ष र प्रमुख कार्यकारी अधिकृत भन्ने बुझ्नुपर्दछ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी सामान्यतया पन्ध्र दिनभित्र सम्बन्धित संस्थालाई परिषद्सँग आबद्ध गर्न उपयुक्त देखेमा परिषद्ले तोकिएबमोजिम दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ।

१५. **<u>परिषद्को कोष</u>:** (१) परिषद्को आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) संघीय र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) संघीय सरकार मार्फत कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था, विदेशी संस्था वा विदेशी नागरिकबाट प्राप्त रकम,

(ग) परिषद्को चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

(घ) कुनै व्यक्ति वा संस्थाले चन्दा, सहायता, अनुदान वा दान दातव्यको रूपमा प्रदान गरेको रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) परिषद्को सबै रकम परिषद्को नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(३) परिषद्को तर्फबाट व्यहोर्नु पर्ने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) कोषको सञ्चालनसम्बन्धी ब्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) परिषद्को लेखा प्रदेश सरकारले अपनाएको प्रकृया बमोजिम राख्नुपर्नेछ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(३) मन्त्रालयले चाहेमा परिषद्को हिसाब किताबसम्बन्धी कागजात र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

१७. **<u>संस्थाको लेखापरीक्षण र हिसाव कितावः</u>** (१) संस्थाको लेखापरीक्षण परिषद्ले सुचीकृत गरेको लेखा परीक्षकबाट हुनेछ र त्यस्तो लेखा परीक्षकको सेवा शुल्क सम्बन्धित संस्थाले बेहोर्नु पर्नेछ।

(२) कुनै संस्थाको लेखापरीक्षण परिषद्ले गराउनु पर्ने आवश्यक ठानेमा परिषद् स्वयमले तोकेको लेखा परीक्षकबाट त्यस्तो संस्थाको लेखापरीक्षण गराउन सक्नेछ। त्यस्तो लेखा परीक्षकको सेवा शुल्क सम्बन्धित संस्थाले बेहोर्नु पर्नेछ।

(३) परिषद्ले चाहेमा संस्थाको हिसाव कितावसम्बन्धी कागजात र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

१८. **<u>कर्मचारीसम्बन्धी व्यवस्थाः</u>** (१) संगठन तथा संरचना सर्वेक्षण गरी परिषद्ले आवश्यकता अनुसार स्थायी कर्मचारीको नियुक्ति गर्न सक्नेछ।

तर स्थायी कर्मचारी नियुक्ति नभएसम्म तोकिए बमोजिम करारमा कर्मचारी नियुक्ति गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(२) परिषद्का कर्मचारीहरूको नियुक्ति प्रकृया, पारिश्रमिक, सेवाको सर्त तथा सुविधासम्बन्धी व्यवस्था तोकिएवमोजिम हुनेछ।

१९. **<u>कर्मचारीको संलग्नताः</u>** परिषद्का कर्मचारीहरू कुनै पनि संस्थाको कार्य समितिको पदाधिकारी वा सदस्य हुन पाउने छैनन्।

२०. **<u>वार्षिक प्रतिवेदनः</u>** परिषद्ले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र लेखापरीक्षणको प्रतिवेदन र आफूले गरेको काम कारवाहीको विस्तृत विवरण समेतको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

## परिच्छेद– ४

## <u>संस्था गठन र सञ्चालन सम्बन्धी व्यवस्था</u>

२१. यस ऐन वमोजिम गठन हुने संस्थाको विधानको ढाँचा परिषद्ले तोके बमोजिम हुनेछ।

२२. **<u>कार्यसमितिः</u>** (१) संस्थाले कम्तिमा तेत्तीस प्रतिशत महिलासहित समावेशी कार्यसमितिको गठन गर्नु पर्नेछ।

(२) संस्थाका पदाधिकारीको कार्य अवधि चार वर्षको हुनेछ तर एकै व्यक्ति लगातार दुई पटक भन्दा बढी अध्यक्ष हुन सक्ने छैन।

(३) संस्थाको कार्यसमितिमा एकै परिवारका एक भन्दा बढी सदस्यहरू रहन पाउने छैनन्।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "परिवार" भन्नाले बाबु, आमा, बाजे, बज्यै, सासू, ससुरा, पति, पत्नी, छोरा, छोरी, बुहारी, ज्वाईं, जेठान, सहोदर दाजु/भाई, दिदी/बहिनी, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा समेतलाई सम्झनु पर्छ।

(४) संस्थाको कार्यसमितिमा सरकारी कोषबाट नियमित पारिश्रमिक लिने पदाधिकारी वा कर्मचारी रहन पाउने छैनन्।

२३. **<u>पदाधिकारीको सुविधासम्बन्धी व्यवस्थाः</u>** (१) संस्थाको अध्यक्ष र कार्यसमितिका सदस्यहरूले नियमित पारिश्रमिक लिन पाउने छैनन्।

तर यस व्यवस्थाले विशेषज्ञ सेवा प्रदान गरी पारिश्रमिक लिन वा बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता, सञ्चार तथा यातायात खर्चजस्ता सुविधा लिन रोक लगाएको मानिने छैन।

(२) कुनै संस्थाको अध्यक्ष भईसकेको व्यक्तिले निजको कार्यकाल समाप्त भएपछि सोही संस्थाबाट नियमित तलब–भत्ता पाउने कार्यकारी प्रमुखवा कर्मचारीका रुपमा नियुक्ति लिन पाउने छैन। तर यस व्यवस्थाले विशेषज्ञ सेवा प्रदान गर्न र सो वापत पारिश्रमिक वा भत्ता वापत तोकिएको रकम लिन भने वाधा पुग्नेछैन।

२४. **<u>संस्थाको कर्मचारीसम्बन्धी व्यवस्थाः</u>** (१) संस्थाले कर्मचारीको नियुक्ति, सेवा, सुविधा, बढुवा, अवकास लगायतका विषयमा नियमावली बनाई लागू गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको नियमावलीमा आरक्षण, खुल्ला प्रतियोगितात्मक लिखित, मौखिक र प्रयोगात्मक परीक्षाबाट नियुक्ति गरिने व्यवस्थासमेत समावेश हुनुपर्नेछ।

तर कार्यालय सहयोगी, सवारी चालक जस्ता कर्मचारी अन्तर्वार्ता र प्रयोगात्मक परीक्षाबाट नियुक्त गर्न सकिनेछ।

(३) संस्थाको कार्यकारी प्रमुख, लेखा प्रमुख, जिन्सी र खरिदसम्बन्धी काम गर्ने कर्मचारीहरू एकै परिवारका सदस्यहरू मध्येबाट हुन पाउने छैनन्।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि **"परिवार"** भन्नाले बाबु, आमा, बाजे, बज्यै, सासू, ससुरा, पति, पत्नी, छोरा, छोरी, बुहारी, ज्वाईं, जेठान, दाजु, भाई, दिदी,

बहिनी, मामा माइजू, भाञ्जा, भाञ्जी, काका, काकी, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा समेतलाई सम्झनु पर्छ।

(४) संस्थाको अध्यक्ष र कार्यकारी प्रमुख नियुक्त भएको मितिले साठी दिनभित्र आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण परिषद्समक्ष पेस गर्नुपर्नेछ र त्यस्तो सम्पति विवरण प्रत्येक वर्षको आषाढ मसान्त भित्रमा परिषद्मा अध्यावधिक गराउनु पर्नेछ।

(५) संस्थाको कर्मचारीको पारिश्रमिक वा सुविधा बैंक मार्फतमात्र भुक्तानी गर्नुपर्नेछ।

२५. **लेखा समितिको व्यवस्थाः** (१) संस्थाले अनिवार्य रुपमा एक लेखा समितिको गठन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने लेखा समितिमा संस्था बाहिरका एकजना विज्ञ सहित तीनजना सदस्य हुनेछन्।

(३) लेखा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ५

## प्रोत्साहन र कारवाही

२६. **संस्थासँग सहकार्यः** (१) प्रदेशको कुनै पनि मन्त्रालयले स्वीकृत गरेको कुनै योजना कार्यान्वयन गर्न प्रचलित कानूनको अधिनमा रही संस्थाहरूसँग सहकार्य गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा दफा ४ बमोजिम सुचिकृत हुने संस्थालाई पहिलो प्राथमिकता दिन सकिनेछ।

(३) उपदफा (१) बमोजिम सहकार्य गरिने संस्था छनौटको कार्यविधि तोकिए बमोजिम हुनेछ।

२७. **सम्मान गरिनेः** (१) प्रदेशमा कार्य गरी महत्वपूर्ण योगदान पुर्याउने संस्थाहरूमध्ये विज्ञ सहितको छनौट समितिको सिफारिसको आधारमा सर्वोत्कृष्ट संस्थाको रुपमा छनौट भएका संस्थालाई प्रदेश सरकारले प्रत्येक वर्ष नगद रकम सहित सम्मान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्मान गर्दा प्राप्त हुने नगद रकम संस्थाको संस्थागत विकासमा खर्च गर्नुपर्नेछ।

(३) यस दफा बमोजिम सम्मान गरिने संस्था छनौटको मापदण्ड र आधार तोकिए बमोजिम हुनेछ।

२८. **स्वीकृति रद्द गर्नेः** प्रदेश सरकारले देहायका अवस्थामा संस्था वा संस्थाको पदाधिकारी, सदस्य वा कार्यकारी प्रमुखलाई नसिहत दिने वा सचेत गराउने छ।

(क) यस ऐनमा उल्लेखित प्रावधानको उल्लंघन गरेमा,

(ख) प्रदेश सरकार वा मन्त्रालयले दिएका निर्देशन विपरीत कार्य गरेमा,

(ग) स्वीकृति दिइएको योजना विपरीत कार्य गरेमा,

(घ) उपयुक्त कारण बेगर स्वीकृति पाएको तीन महिनाभित्र कार्य प्रारम्भ नगरेमा,

(ङ) यस ऐन बमोजिम बनेको आचारसंहिताको पटक-पटक उल्लंघन गरेमा,

(च) संविधान र प्रचलित कानून विपरीत कार्य गरेमा।

२९. **<u>संस्था खारेज नहुने:</u>** (१) देहायको अवस्थामा बाहेक सामान्यतया संस्था खारेज हुने छैनः

(क) सार्वभौमसत्ता,राष्ट्रिय अखण्डता विरोधी गतिविधी गरेमा,

(ख) क्षेत्रीय, जातजाती, धर्म, संस्कृति, लैङ्गिक विभेद रसमुदाय बीचको सम्बन्धमा खलल पुर्याउने गतिविधि गरेमा,

(ग) नेपाल राज्यको विरुद्दमा जासुसी गरेमा,

(घ) राष्ट्रिय वा प्रादेशिक अर्थतन्त्रमा गम्भिर नोक्सान पुर्याउने काम गरेमा,

(ङ) लगातार तीन वर्षसम्म नवीकरण नभएमा।

(२) उपदफा (१) वमोजिम खारेज गर्नुपर्ने निर्णय गर्नु अघि सम्बन्धित संस्थालाई सफाइको उचित मौका दिइनेछ।

(३) उपदफा (१) वमोजिम गतिविधि गर्ने संस्था विरुद्ध प्रचलित कानून बमोजिम मुद्धा चलाउन वा कारवाही गर्न समेत बाधा पर्नेछैन।

## परिच्छेद— ६

## <u>विविध</u>

३०. **<u>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासम्बन्धी व्यवस्थाः</u>** (१) कुनै पनि अन्तराष्ट्रिय गैरसरकारी संस्थाले प्रचलित कानून बमोजिम प्रदेशमा मन्त्रालयको पूर्व स्वीकृति लिएरमात्र कार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृती लिई कार्य गर्न चाहने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले साझेदार हुने संस्था छनोट गर्नुअघि तोकिए वमोजिमको ढाँचामा प्रदेश सरकारको पूर्व स्वीकृतिको लागि निवेदन र प्रस्ताव पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिम पेस हुने प्रस्तावको अध्ययन गरी प्रदेश सरकारले आवश्यक सर्त सहित पूर्वस्वीकृति दिन सक्नेछ।

(४) अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कर्मचारी नियुक्ति गर्नु परेमा नेपाली नागरिकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ। त्यसरी नियुक्त गर्दा समावेशितालाई ध्यान दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम नेपाली नागरिक उपलव्ध हुन नसकेमा सो को पुष्ट्याई सहित विदेशी कर्मचारी नियुक्ति गर्नुपर्नाको कारण खुल्ने गरी मन्त्रालयमा कागजात पेस गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम पेस भएका कागजातहरूको अध्ययन गर्दा मनासिव ठहरिएमा प्रचलित कानूनी व्यवस्था समेतका आधारमा मन्त्रालयले विदेशी नागरिक नियुक्ति गर्न अनुमति दिन सक्नेछ।

(७) यस ऐन, प्रदेश सरकार वा मन्त्रालयको निर्देशन विपरीत कार्य गरेको पाइएमा त्यस्तो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई दिइएको स्वीकृति प्रदेश सरकारले रद्ध गर्न सक्नेछ।

३१. **<u>अधिकार प्रत्यायोजनः</u>** मन्त्रालय वा परिषद्ले यो ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये कुनै अधिकार आवश्यकतानुसार कुनै पदाधिकारी वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

३२. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधाअड्काउ आएमा त्यस्तो बाधा अड्काउ हटाउन प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ।

३३. **<u>प्रदेश सरकारसँग सम्पर्कः</u>** कुनै संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा दातृ निकायले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

३४. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य पूर्तिका लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

३५. **<u>मन्त्रालयले ब्यवस्था गर्न सक्नेः</u>** यस ऐन बमोजिम परिषद्को गठन नभएसम्म परिषद्ले गर्नुपर्ने कार्यहरू मन्त्रालयले तोकेको अधिकृतले गर्न सक्नेछ।

३६. **<u>आचार–संहिता जारी गर्नेः</u>** परिषद्ले संस्थाहरूका लागि आचार–संहिता जारी गरी लागु गर्न सक्नेछ र आचार-संहिताको पालना सम्बन्धी प्रकृया समेत निर्धारण गर्नेछ।

३७. **<u>यस ऐन बमोजिम हुनेः</u>** यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

३८. **<u>बचाउः</u>** प्रचलित कानून बमोजिम दर्ता भई कार्यरत संस्थाले यो ऐन लागु भएको मितिले एक वर्षभित्र नवीकरण गरी स्वीकृत कार्यक्रम सञ्चालन गरेकोमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः २०७५/७/१४

संवत् २०७५ सालको ऐन नं २१

**प्रस्तावनाः** घरेलु हिंसाबाट पीडित तथा प्रभावित भई मर्यादापूर्वक बाँच्न पाउने अधिकारको हनन् भएका व्यक्तिहरूको प्रभावकारी संरक्षण र परिपूरणको व्यवस्था गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले

नेपालको संविधानको धारा १७५ बमोजिमको कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "**प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५**" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

(३) यो ऐन कोशी प्रदेश भर लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले "प्रदेश घरेलु हिंसा सम्वन्धी ऐन, २०७५" सम्झनु पर्छ।

(ख) "घरेलु सम्बन्ध" भन्नाले पति, पत्नि, छोरा, बुहारी, छोरी, धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्तपरिवारको सदस्य, आश्रित वा घरेलु कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ।

(ग) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक,मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "तोकिएको अधिकारी" भन्नाले यस ऐन बमोजिम बनेको नियमावली बमोजिम तोकिएको अधिकारीलाई सम्झनु पर्छ।

(च) "पीडक" भन्नाले अन्यथा प्रमाणित नभएसम्म, घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ।

(छ) "पीडित" भन्नाले पीडकसँग घरेलु सम्बन्ध भई निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्ति वा पीडाको अवस्थामा रहेको व्यक्ति सम्झनु पर्छ।

(ज) "प्रभावित" भन्नाले पीडितसँग आश्रित वा घरेलु हिंसाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हानी, नोक्सानी वा असर पर्ने व्यक्ति सम्झनु पर्छ।

(झ) "प्रहरी" भन्नाले कोशी प्रदेश को सरकारले गठन गर्ने प्रदेश प्रहरी सम्झनु पर्छ।

(ञ) "प्रदेश" भन्नाले कोशी प्रदेश लाई सम्झनु पर्छ।

(ट) "बालबालिका" भन्नाले १८ वर्षमुनिका व्यक्ति सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले प्रदेशको घरेलु हिंसा सम्बन्धी कार्य क्षेत्र भएको मन्त्रालय सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमको स्थानीय तह सम्झनु पर्छ।

३. <u>**उजुरी र अभिलेख राख्ने:**</u> (१) घरेलु हिंसा भएको भनि कसैले यस ऐन बमोजिम उजुरी दिन आएमा सम्बन्धित प्रहरी कार्यालयले उजुरी दर्ता गर्नु पर्नेछ।

तर घरेलु हिंसा कसूर र सजाय ऐनको दफा ५ (क) बमोजिमको कसूरमा सोही ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम उजुरी दर्ता भएपछि अलग कक्षमा पीडितको घटना विवरण कागज तयार गरी तोकिएको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उजुरी दर्ता भएपछि यथाशीघ्र प्रहरीको रोहवरमा पीडितको स्वास्थ्य परीक्षण र उपचार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्वास्थ्य परिक्षण गर्दा पीडितको मानसिक अवस्था कमजोर भएको लागेमा यथाशीघ्र विशेषज्ञ चिकित्सकबाट परीक्षण र उपचार गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम स्वास्थ्य परीक्षण र उपचार गर्दा लागेको खर्च कोषबाट व्यहोरिनेछ र त्यसरी खर्च गरिएको रकम पीडकबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(६) यस दफामा भएको व्यवस्थाले घरेलु हिंसा सम्बन्धी कार्य गर्ने कुनै सामाजिक संघ संस्थालाई पीडितलाई सहयोग गर्न रोक लगाएको मानिने छैन।

(७) यस दफामा उल्लेख भए बमोजिमको प्रहरी कार्यालयको स्थापना नभएसम्म तोकिएको निकायले संघीय प्रहरी कार्यालयसँग समन्वय गरी आवश्यक कारवाही गर्न सकिनेछ।

४. **संरक्षण अधिकृतको व्यवस्थाः** (१) प्रहरीको प्रत्येक ईकाइ कार्यालयले तालीम प्राप्त एकजना अधिकृतलाई संरक्षण अधिकृत तोक्नुपर्नेछ।

तर यस दफामा उल्लेख भए बमोजिमको प्रहरी कार्यालयको स्थापना नभएसम्म तोकिएको निकायले संघीय प्रहरी कार्यालयसँग समन्वय गरी संरक्षण अधिकृतको व्यवस्था गर्न वा मन्त्रालयले आफ्नो तर्फबाट तोकिए बमोजिम संरक्षण अधिकृत तोक्न सक्नेछ।

(२) संरक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पीडितले दिएको उजुरी दर्तागरी दफा (३) बमोजिम अभिलेख राख्ने र पीडितलाई कानूनी व्यवस्था बारेमा सामान्य जानकारी दिने,

तर संरक्षण अधिकृतले उजुरी दर्ता गर्न इन्कार गरेमा तोकिएको माथिल्लो पदाधिकारी वा निकायमा निवेदन दिन सकिनेछ।

(ख) पीडितलाई स्वास्थ्य सेवा, मनोसामाजिक विमर्श,सुरक्षा आवास, कानूनी सहायता लगायत तत्काल आवश्यक पर्ने सहायताको प्रभावकारी व्यवस्था मिलाउन पहल गर्ने,

(ग) उजुरी दर्ता भएपछि मेलमिलापको पहल गर्ने वा मेलमिलाप हुन नसकेमा प्रचलित कानून बमोजिम वा तोकिए बमोजिमको कार्वाही प्रक्रिया अघि बढाउने,

(घ) आफ्नो कार्यक्षेत्रभित्र वा बाहिर कानूनी सहायता, सुरक्षा आवास, स्वास्थ्य उपचार, मनोसामाजिक विमर्श आदिकार्य गर्ने सेवा प्रदायकहरूको लगत राख्ने,

(ङ) पीडित स्वयम् उपस्थित् भई उजुरी दिन असमर्थ भई टेलिफोन, इमेल वा अन्य माध्यमबाट घटनाको जानकारी गराएमा अन्य सरकारी निकाय वा संस्थाको मद्दत लिई वा नलिई आफैं घटनास्थलमा उपस्थितभई यस ऐन वा प्रचलित कानून बमोजिम कारवाही प्रकृया अघि बढाउने,

(च) प्रारम्भिक छानवीनबाट पीडितलाई घरेलु हिंसा भएको विश्वसनीय आधार भएमा वा घरेलु हिंसा दोहोरिन सक्ने विश्वसनीय आधार भएमा सम्बन्धित स्थानीय तहको कार्यालय, नजिकको प्रहरी चौकी र सामाजिक संघसंस्थासँग समन्वय गरी पीडितलाई सुरक्षित रुपमा आफ्नो घरमा बस्ने वातावरण बनाउन पहल गर्ने,

(छ) सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सरकारी निकाय, संघ संस्था, स्वास्थ्यकर्मी, पत्रकार, घरेलु हिंसाको जोखिममा रहेका व्यक्ति, पीडित वा प्रभावित व्यक्ति समेतलाई तालिम दिन स्थानीय पाठयक्रम तयार गर्ने, तालिमको योजना बनाउने र कार्यान्वयन गर्ने कार्यमा पहल गर्ने,

(ज) अदालतको अन्तरिम संरक्षणात्मक आदेश वा फैसला कार्यान्वयनका लागि अदालत, प्रहरी, स्थानीय तहसमेतसँग समन्वय गर्ने,

(झ) पीडितको हक लाग्ने सम्पत्ति उपभोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले पीडक पक्षले बेचविखन गर्ने वा अन्य तरिकाले मास्ने सम्भावना भएमा स्थानीय तह, प्रहरी कार्यालय वा सम्बन्धित कार्यालय लगायतसँग समन्वय गरी सम्पत्ति रक्षा गर्न पहल गर्ने,

(ञ) पीडित तथा प्रभावितहरूको पुनस्थापना भएपछिको अवस्थाका सम्बन्धमा नियमित सूचना संकलन गर्ने,

(ट) एक आर्थिक वर्षमा भएका घरेलु हिंसाका घटनाको प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी मन्त्रालयले तोकेको निकायमा र प्रदेश प्रहरी कार्यालयमा पठाउने

(ठ) पीडित, प्रभावित, साक्षी र पीडितका सहयोगीको प्रभावकारी सुरक्षाको प्रबन्ध मिलाउने,

(ड) दफा ३ (छ) बमोजिम पिडकबाट उपचार खर्च असुल गराउन प्रबन्ध गर्ने।

(ढ) तोकिए बमोजिम अन्य कार्य गर्ने।

५. **<u>सुरक्षा आवासः</u>** (१) आफु बसिरहेको स्थानबाट पीडित वा प्रभावित व्यक्तिले तत्काल अलग्गै बस्नुपर्ने अवस्था भएमासम्बन्धीत संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह वा सामाजिक संस्थाले सञ्चालन गरेको सुरक्षा आवासमा बस्ने व्यवस्था मिलाउनु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "सुरक्षा आवास"भन्नाले स्थायी वा अस्थायी आवास गृह, सेवा केन्द्र, पुनस्थापना गृहआदि समेतलाई जनाउँछ।

(२) प्रदेश सरकारले स्थानीय तह वा कानून बमोजिम गठित संस्थासँग साझेदारी गरी सुरक्षा आवास स्थापना गर्न सक्नेछ।

(३) अदालतमा मुद्दा दर्ता हुनुअघि नै पीडितसँग आश्रित वा प्रभावित व्यक्तिहरूलाई सुरक्षा, खाना, बालबालिकाको शिक्षावा अन्य सहयोगको आवश्यकता परेमा सोको व्यवस्था प्रदेश सरकार, स्थानीय तह र सामाजिक संस्थासँग सहकार्य गरी संरक्षण अधिकृतले आवश्यक प्रबन्ध गर्नु पर्नेछ।

(४) प्रदेश सरकारले कोशी प्रदेशमा दीर्घकालीन पुनस्थापना गृह स्थापना गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम स्थापना हुने दीर्घकालीन पुनस्थापना गृहको शाखा आवश्यकता अनुसार विस्तार गर्न सकिनेछ।

(६) दीर्घकालीन पुनस्थापना गृह र सुरक्षा आवास सञ्चालन सम्बन्धी मापदण्ड र कार्यविधि तोकिए वमोजिम हुनेछ।

६. **आर्थिक सहायता सम्बन्धी ब्यवस्थाः** (१) घरेलु हिंसासँग सम्बन्धीतयस ऐन र प्रचलित ऐन बमोजिम अदालतमा मुद्दा दर्ता गर्ने आर्थिक अवस्था कमजोर भएका पीडितलाई आवश्यक भएमा प्रदेश सरकारले आर्थिक सहायता प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गर्ने आर्थिक सहायता मुद्दा दर्ता गर्न,साक्षी बकपत्र गर्न अदालत आउँदा-जाँदा खाजा खर्च र यातायात भाडा व्यहोर्न लगायत तोकिएका अन्य शीर्षकमा खर्च गर्न दिइनेछ।

(३) यस दफा बमोजिम प्रदान हुने आर्थिक सहायता प्राप्त गर्न सम्बन्धित् स्थानीय तहको वडा कार्यालयको सिफारिश पेश गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको आर्थिक सहायताको रकम प्रदेश सरकारले स्थानीय तहलाई उपलव्ध गराउन सक्नेछ।

७. **तालिम सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले दीर्घकालीन पुनस्थापना गृहमा रहेका पीडितहरूलाई रोजगारमूलक सिप विकास तालिम प्रदान गर्न सक्नेछ।

(२) सिप विकास तालिमको आवश्यकता पहिचान, विषय, अवधि, प्रशिक्षार्थि छनौट लगायतका मापदण्ड तोकिए बमोजिम हुनेछ।

८. **प्रदेश स्तरीय दीर्घकालीन पुनस्थापना गृह सञ्चालक समितिः** (१) दफा (५) बमोजिम स्थापना हुने दीर्घकालीन पुनस्थापना गृहको व्यवस्थापन गर्न एक समितिको गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने व्यवस्थापन समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहने छन्:

| | | |
|---|---|---|
| (क) | मन्त्रालयले मनोनित गरेको व्यक्ति – | अध्यक्ष |
| (ख) | सम्बन्धित स्थानीय तहको उप–प्रमुख – | सदस्य |
| (ग) | आर्थिक मामिला हेर्ने मन्त्रालयका उपसचिव – | सदस्य |
| (घ) | भौतिक पूर्वाधार हेर्ने मन्त्रालयका उपसचिव – | सदस्य |
| (ङ) | मन्त्रालयले कम्तिमा दुई महिला सहित मनोनित गरेका तीन जना – | सदस्य |
| (च) | मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुख – | सदस्य सचिव |

(३) उपदफा (१) बमोजिम गठन भएको समितिको बैठक, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यको कार्यकाल तीन वर्षको हुनेछ तर त्यस्तो सदस्य एक पटक पुनःनियुक्त हुन सक्नेछ।

(५) दफा ५ बमोजिम विस्तार हुने शाखा सञ्चालनका लागि देहाय बमोजिमको समिति रहनेछः–

| | | |
|---|---|---|
| (क) | सम्बन्धित स्थानीय तहका उप-प्रमुख वा उपाध्यक्ष | - अध्यक्ष |
| (ख) | सम्बन्धित स्थानीय तहको सामाजिक विकास कार्यक्षेत्र भएको समितिका सदस्य | - सदस्य |
| (ग) | मन्त्रालयले मनोनयन गरेको स्थानीय समाजसेवी वा अधिकारकर्मीमध्यबाट कम्तिमा एक जना महिला सहित दुई जना | - सदस्य |
| (घ) | सम्बन्धित स्थानीय तहको सामाजिक विकास कार्य हेर्ने अधिकृत | - सदस्य सचिव |

९. **गुनासो सुनुवाईसम्बन्धी व्यवस्थाः** (१) संरक्षण अधिकृत वा जिम्मेवार सरकारी अधिकारीले आफ्नो काम कर्तव्य इमान्दारीतापूर्वक पालना नगरेको भनी पीडित/प्रभावितलाई लागेमा तोकिएको अधिकारी समक्ष गुनासो दर्ता गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम गुनासो दर्ता भएमा तोकिएको अधिकारीले यथाशीघ्र आवश्यक छानविन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा संरक्षण अधिकृत वा कुनै जिम्मेवारसरकारी अधिकारी दोषी पाईएमा निजलाई तोकिएको अधिकारीले तोकिए बमोजिम विभागीय कारवाही गर्न सक्नेछ।

(४) गुनासो सुनुवाई र कारवाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **<u>संरक्षण कोष सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले प्रत्येक स्थानीय तहमा एक संरक्षण कोष स्थापना गर्नेछ। त्यस्तो कोषमा सम्बन्धित स्थानीय तहले रकम प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:

(क) संघीय, प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम,

११. **<u>कोष सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** (१) दफा १० बमोजिम स्थापना हुने कोषका सञ्चालनको लागि देहाय बमोजिमको समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | सम्बन्धित स्थानीय तहको न्यायिक समितिको संयोजक | – अध्यक्ष |
| (ख) | मन्त्रालयले मनोनयन गरेको स्थानीय समाजसेवी वा अधिकारकर्मी एक जना | – सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहको लेखा प्रमुख | – सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठन हुने समितिले प्रत्येक महिना मन्त्रालयमा खर्चको फाँटवारी पठाउनु पर्नेछ।

(३) कोष संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **<u>समन्वय सम्वन्धी व्यवस्थाः</u>** (१) यस ऐनको कार्यान्वयनका लागि आवश्यकता अनुसार विभिन्न सरकारी वा गैरसरकारी संस्थासँग समन्वय गर्न सकिनेछ।

(२) घरेलु हिंसा पीडित तथा प्रभावित व्यक्तिको प्रभावकारी संरक्षणका लागि आवश्यक निकायको सहयोग लिन सकिनेछ र त्यस्तो सहयोग पुर्याउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

१३. **<u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः</u>** घरेलु हिंसाको कसूर मानिने कुनै काम कार्वाहीमा प्रचलित कानून बमोजिम मुद्दा चल्ने तथा सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा सजाय गर्न यस ऐनले कुनै बाधा पुर्याएको मानिने छैन।

१४. **<u>कानून व्यवसायी, दोभाषे र मनोसामाजिक परामर्शकर्ता सम्बन्धी व्यवस्थाः</u>** (१) अदालतमा घरेलु हिंसा अन्तर्गतको मुद्दाको सुनुवाइ हुँदा पीडितले माँग गरेमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायले उपलव्ध गराउने कानून व्यवसायीका अतिरिक्त थप एकजना कानून व्यवसायी उपलव्ध गराउन सकिनेछ।

(२) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त हुने थप कानून व्यवसायी र उपदफा (२) बमोजिम राखिएको दोभाषेको पारिश्रमिक र अन्य खर्च तोकिएको मापदण्डका आधारमा तोकिए बमोजिमको निकायले व्यहोर्नेछ।

१५. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

# **प्रदेश खेलकूद ऐन, २०७६**

प्रमाणीकरण मितिः- २०७६।०१।२७

संवत् २०७६ सालको ऐन नं. ६

**प्रस्तावनाः** खेलकूदको माध्यमबाट प्रदेशका नागरिकहरूमा राष्ट्रियता सम्वन्धी सामूहिक भावनाको विकास गर्न, नागरिकहरूलाई स्वस्थ, अनुशासित, मर्यादित र गतिशिल बनाउन खेलकुदको माध्यमबाट राष्ट्रिय, अन्तर्राष्ट्रिय पहिचान र सम्मान बढाउन तथा प्रदेशमा खेलकुद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश खेलकूद ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले प्रदेश खेलकुद बोर्डको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले बोर्डको उपाध्यक्ष सम्झनु पर्छ

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "बोर्ड" भन्नाले प्रदेशमा खेलकुदको विकास गर्न दफा ३ बमोजिम गठन भएको प्रदेश खेलकुद बोर्ड सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(च) "प्रशासकीय अधिकृत" भन्नाले समितिको प्रशासन र व्यवस्थापन समेतको कार्य गर्न बोर्डबाट तोकिएको कार्यालय प्रमुख सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा १६ बमोजिम गठन हुने जिल्ला खेलकुद समिति सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेशको खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "सदस्य" भन्नाले बोर्ड र समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले बोर्ड र समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ।

(ञ) "सदस्य सचिव" भन्नाले बोर्डको सदस्य–सचिव सम्झनु पर्छ।

(ट) "संघसंस्था" भन्नाले खेलकुद सम्बन्धी कार्य वा प्रतियोगिता सञ्चालन गर्ने क्लव वा विषयगत संघसंस्था सम्झनु पर्छ।

३. **<u>बोर्ड गठन सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेशमा खेलककुदको विकास गर्न प्रदेश सरकारले प्रदेश खेलकुद विकास बोर्डको गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डमा देहायका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहनेछः

(क) सम्वन्धित मन्त्रालयको मन्त्री वा राज्यमन्त्री – अध्यक्ष

(ख) प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा महत्वपूर्ण योगदान पुर्याएका मध्येबाट अध्यक्षको सिफारिसमा प्रदेश सरकारबाट नियुक्त एकजना – उपाध्यक्ष

(ग) मन्त्रालयको खेलकुद सम्बन्धी महाशाखाका प्रमुख – सदस्य

(घ) प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा ख्याति प्राप्त गरेका व्यक्तिहरूमध्ये कम्तिमा एकजना महिला सहित अध्यक्षको सिफारिसमा प्रदेश सरकारबाट मनोनित फरक–फरक खेल विधाका बढीमा तीनजना – सदस्य

(ङ) भौगोलिक सन्तुलन समेतका आधारमा अध्यक्षबाट मनोनित समितिका अध्यक्ष वा सदस्य मध्येबाट कम्तिमा एकजना महिला सहित बढीमा तीनजना – सदस्य

(च) बोर्डमा आवद्ध संघसंस्था मध्येबाट बोर्डले मनोनयन गरेको एक महिला सहित दुईजना – सदस्य

(छ) प्रदेश विश्वविद्यालयबाट तोकिएको अधिकृत प्रतिनिधि एकजना – सदस्य

(ज) प्रदेश प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि – सदस्य

(झ) अपाङगताको क्षेत्रमा कार्य गर्ने प्रदेशस्तरको सामाजिक संस्थाको प्रतिनिधिमध्ये अध्यक्षद्वारा मनोनित एकजना – सदस्य

(ञ) अध्यक्षको सिफारिसमा प्रदेश सरकारद्वारा – सदस्य

नियुक्त प्रदेश खेलकुद विकास बोर्डको सचिव सचिव

(३) बोर्डको उपाध्यक्ष वा सदस्य सचिव नियुक्ति गर्दा कम्तीमा एक जना महिला हुनुपर्नेछ।

(४) नेपाली सेना र शसस्त्र प्रहरी बलको अधिकृत प्रतिनिधिलाई बोर्डको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ।

(६) बोर्डका सबै काम कारवाहीको निमित्त आफ्नो छुटै कार्यालय र छाप हुनेछ।

(७) बोर्डले चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ।

(८) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालेस उजुर गर्न र सो उपर सोही नामबाट नालेस उजुर लाग्न सक्नेछ।

४. **<u>पदावधि सम्बन्धी व्यवस्था:</u>** (१) बोर्डका पदेन सदस्यहरू बाहेक मनोनित अन्य सदस्यको पदावधि चार वर्ष हुनेछ र पदावधि उपाध्यक्ष र सदस्य सचिवलाई लगातार दुई कार्यकाल भन्दा बढी मनोनयन गरिनेछैन।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ बमोजिम पदपूर्ति गरिनेछ।

(३) कुनै सदस्यले पदबाट राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले इमान्दारितापूर्वक आफ्नो कर्तव्य पालन गरेको छैन भनी बोर्डका दुई तिहाइ सदस्यले सिफारिसमा अध्यक्षले त्यस्तो सदस्यलाई पदावधि समाप्त हुनु अघि जुनसुकै बखत हटाउन सक्नेछ।

तर उपाध्यक्ष र सदस्य–सचिवलाई पदावधि समाप्त हुनुभन्दा अघि पदबाट हटाउने निर्णय अध्यक्षको सिफारिसमा प्रदेश सरकारले गर्नेछ।

(५) उपदफा (४) बमोजिम उपाध्यक्ष, सदस्य सचिव र सदस्यलाई पदबाट हटाउनु पर्ने अवस्था भएमा निजहरूलाई सफाई पेश गर्ने उचित मौका दिनुपर्नेछ।

५. **<u>सदस्यको अयोग्यतासम्बन्धी व्यवस्था:</u>** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक,

(ख) मानसिक रुपमा अशक्त भई कामकाज गर्न असमर्थ व्यक्ति,

(ग) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दाको आरोपमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(घ) दामासहीमा परेको,

(ङ) पदेन सदस्य बाहेक अन्य सदस्य पच्चिस वर्ष पूरा नभएको।

६. **सदस्यता समाप्ति सम्बन्धी व्यवस्थाः** देहायको अवस्थामा बोर्डको सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) राजीनामा दिई स्वीकृत भएमा,

(ग) मृत्यु भएमा, वा

(घ) विना सूचना लगातार तीन पटक भन्दा बढी बोर्डको नियमित बैठकमा अनुपस्थित भएमा।

७. **बोर्डको बैठक र निर्णय सम्बन्धी व्यवस्थाः** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले बोर्डको बैठक बोलाउनेछ र बैठकको सूचना बैठक बस्ने दिनभन्दा कम्तीमा सातदिन अघि सदस्यहरूलाई दिनुपर्नेछ।

तर बैठकको सूचना सामान्यतया बैठक बस्ने दिन भन्दा कम्तीमा तीन दिन अघि सदस्यहरूलाई दिनुपर्नेछ।

(२) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(३) बोर्डको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) बोर्डको बैठक वर्षको कम्तीमा तीनपटक बस्नु पर्नेछ।

तर बोर्डका एक तिहाई सदस्यले बैठक बोलाउन लिखित अनुरोध गरेमा उपदफा (१) बमोजिम ७ (सात) दिनभित्र बोर्डको बैठक बोलाउनु पर्नेछ।

(५) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ।

(६) सदस्य–सचिवले बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राख्नु पर्नेछ।

(७) यस दफामा लेखिए देखि बाहेक बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **बोर्डको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेश सरकारलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने तथा बोर्डको कार्ययोजना र बजेट पारित गर्ने,

(ख) जिल्ला, प्रदेश, अन्तर–प्रदेश र राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने तथा खेलाडीहरूको स्तरबृद्धि गर्न स्वदेशी तथा विदेशी प्रशिक्षकहरूबाट तालिमको व्यवस्था गर्ने,

(ग) अन्तर्राष्ट्रियस्तरको खेल प्रतियोगिता आयोजना गर्ने,

(घ) स्वदेश तथा विदेशमा हुने खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन तोकिए बमोजिम खेलाडी तथा खेलकुद सम्वद्ध व्यक्तिहरूलाई पठाउने,

(ङ) तोकिए बमोजिम खेलाडी तथा संघ संस्थाको बर्गिकरण गर्न तोकिए बमोजिमको समिति गठन गरी सो बर्गिकरणका आधारमा संघ संस्था र खेलाडीलाई तोकिए बमोजिमको आर्थिक सहायता, छात्रबृत्ति, बीमा, स्वास्थ्य उपचार लगायत अन्य सुविधा वा सहयोग उपलव्ध गराउन प्रदेश सरकार समक्ष सिफारिस गर्ने।

(च) प्रदेशमा खेलकुदको पूर्वाधार तयार गरी संरक्षण तथा प्रवर्द्धन गर्ने,

(छ) खेलकुदको विकासको लागि जिल्लास्तरमा खेलकुद विकास समिति गठन गर्ने,

(ज) अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता संचालन गर्ने, गराउने,

(झ) प्रदेश सरकारको निर्णय बमोजिम प्रदेशस्तरमा आवासीय खेलकुद विद्यालय, खेलकुद प्रतिष्ठान, अनुसन्धान केन्द्र र खेलकुद संग्रहालय स्थापना गर्ने,

(ञ) खेल पर्यटनको विकास गर्ने तथा परम्परागत खेलहरूको संरक्षण र प्रवर्द्धने,

(ट) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरू गर्ने, गराउने।

९. **<u>बोर्डको संरक्षक सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेशका मुख्यमन्त्री बोर्डको संरक्षकहुनेछ

(२) अध्यक्षले बोर्ड र बोर्डको वार्षिक प्रतिवेदन संरक्षक समक्ष पेश गर्नेछ

(३) संरक्षकले दिएको निर्देशन पालना गर्नु बोर्डको कर्तव्य हुनेछ।

१०. **उपाध्यक्षको नियुक्ति, काम कर्तव्य र अधिकारः** (१) अध्यक्षको सिफारिसमा प्रदेश सरकारले उपाध्यक्षको नियुक्ति गर्नेछ।

(२) उपाध्यक्षले अध्यक्षको निर्देशनमा रही बोर्डको काम कारबाहीको अनुगमन र व्यवस्थापन गर्नेछ।

(३) उपाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ

(४) उपाध्यक्षलाई दिईने बैठक भत्ता र अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

११. **सदस्य सचिवको नियुक्ति र योग्यताः** (१) अध्यक्षको सिफारिसमा प्रदेश सरकारले बढीमा चार वर्षको लागि सदस्य सचिवको नियुक्ति गर्नेछ।

(२) सदस्य सचिवको योग्यता देहाय बमोजिम हुनेछः

(क) नेपाली नागरिक,

(ख) ३५ वर्ष उमेर पूरा भई ६० वर्ष उमेर ननाघेको,

(ग) खेलकुदको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको।

(घ) नैतिक पतन देखिने फौज्दारी कसुरदार ठहर नभएको,

(ङ) स्वच्छ छवि भएको।

१२. **सदस्य–सचिवको काम, कर्तव्य र अधिकारः** (१) सदस्य–सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको परामर्शमा बोर्डमा पेश हुने प्रस्तावहरू तयार गर्ने, गराउने,

(ख) बोर्डबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ग) बोर्डको अनुमानित वार्षिक आय व्यय (बजेट) र कार्यक्रम तयार गरी बोर्ड समक्ष पेश गर्ने,

(घ) बोर्डको कोष परिचालन, सम्पत्तिको व्यवस्थापन, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(ङ) बोर्डका कर्मचारीहरूको प्रशासनिक प्रमुख भई कार्य गर्ने,

(च) बोर्डको कार्य संचालनमा अनुशासन र पारदर्शिता कायम गर्ने,

(छ) बोर्डले तोके बमोजिमका अन्य कार्यहरू गर्ने।

(२) यस दफा बमोजिम सदस्य–सचिवले आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्दा अध्यक्ष वा उपाध्यक्षको निर्देशनमा रही गर्नु पर्नेछ।

(३) सदस्य सचिवले नियुक्त भएको एक महिनाभित्रमा मन्त्रालयको सचिव समक्ष तोकिए बमोजिम कार्य सम्पादन करार गर्नु पर्नेछ।

१३. **समिति सम्बन्धी व्यवस्थाः** (१) बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नुपर्ने कुनै काम गर्नको निमित्त आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य, अधिकार तथा समितिका सदस्यहरूको भत्ता वा अन्य सुविधा मन्त्रालयको स्वीकृतिमा बोर्डले तोके बमोजिम हुनेछ।

१४. **कोष सम्बन्धी व्यवस्थाः** (१) बोर्ड र समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछः

(क) संघीय र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिए वापत लिने शुल्क,

(ग) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे वापत लिने शुल्क,

(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) प्रचलित कानून बमोजिम अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम,

(छ) संघ संस्था दर्ता वा नविकरण गरे वापत लिने शुल्क,

(ज) बोर्ड र समितिको चल अचल सम्पत्तिको प्रयोगबाट आर्जन हुने रकम,

(झ) अन्य कुनै कानूनी स्रोतबाट प्राप्त रकम।

(२) बोर्ड र समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोर्नु पर्नेछ।

(३) बोर्ड र समितिको कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा मान्यता प्राप्त वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ।

(४) बोर्ड र समितिको खाता संचालन तोकिए बमोजिम हुनेछ।

१५. **संघीय सरकारको स्वीकृति लिनुपर्नेः** बोर्डको आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग आर्थिक सम्झौता गर्दा संघीय सरकारको स्वीकृति लिनुपर्नेछ।

१६. **समिति गठन सम्बन्धी व्यवस्थाः** (१) खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गर्नका लागि बोर्डको मातहतमा रहने गरी यस ऐनको दफा ८ (छ) बमोजिम प्रदेशको प्रत्येक जिल्लामा खेलकुद विकास समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछः

(क) खेलकुदको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्ति मध्येबाट बोर्डद्वारा मनोनित – अध्यक्ष

(ख) खेलकुदको क्षेत्रमा उल्लेखनीय कार्य गरेको व्यक्तिमध्येबाट बोर्डबाट मनोनित –उपाध्यक्ष

(ग) समितिमा आवद्ध भएका संघसंस्थाको प्रतिनिधित्व हुने गरी एकजना महिलासहित समितिद्वारा मनोनित तीनजना –सदस्य

(घ) सम्बन्धित जिल्ला प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि –सदस्य

(ङ) जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत कर्मचारी –सदस्य

(च) सम्बन्धित जिल्ला स्थित माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट समितिले मनोनित गरेको एक जना –सदस्य

(छ) खेलकुदको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरू मध्येबाट समितिले मनोनित गरेका एक जना महिला सहित २ जना –सदस्य

तर प्रतिनिधि सभाको निर्वाचनका लागि २ भन्दा बढी निर्वाचन क्षेत्र हुने जिल्लाहरूका हकमा समितिले मनोनित गरेका २ जना महिला सहित ४ जना –सदस्य

(ज) समितिका अध्यक्ष र उपाध्यक्ष मनोनयन गर्दा कम्तीमा एक जना महिला हुनुपर्नेछ।

(झ) नेपाली सेना र सशस्त्र प्रहरी बलका अधिकृतस्तरको प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(ञ) प्रशासकीय अधिकृत –सदस्य सचिव

**१७. <u>पदावधि सम्बन्धी व्यवस्थाः</u>** (१) पदेन सदस्य बाहेक समितिका अन्य सदस्यको पदावधि चार वर्ष हुनेछ र अध्यक्ष र उपाध्यक्षको लगातार दुई कार्यकालभन्दा बढी मनोनयन गरिने छैन।

(२) पदावधि समाप्त नहुँदै समितिका कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि पदपूर्ति गर्नु पर्नेछ।

(३) कुनै सदस्यले पदबाट राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका कुनै सदस्यले इमान्दारी पूर्वक आफ्नो कर्तव्यपालन गरेको छैन भन्ने लागेमा समितिका दुईतिहाइ सदस्यले सिफारिस गरेमा बहुमतको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाईको उचित मौका दिनुपर्नेछ।

**१८. <u>सदस्यको अयोग्यता सम्बन्धी व्यवस्थाः</u>** देहायको अवस्था भएमा कुनै व्यक्ति समितिको सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक भएमा,

(ख) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दाको आरोपमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको भएमा,

(ग) मनोनयन हुने वा बहाल रहेको समयमा मानसिक सन्तुलन गुमेको प्रमाणित भएमा,

(घ) पदेन सदस्य बाहेक अन्य सदस्य एक्काइस वर्ष पूरा नभएमा।

**१९. <u>सदस्यता समाप्ति सम्बन्धी व्यवस्थाः</u>** देहायको अवस्थामा समितिको सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा १८ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) राजीनामा दिई स्वीकृत भएमा,

(ग) मृत्यु भएमा, वा

(घ) विना सूचना लगातार तीन पटक भन्दा बढी बोर्डको नियमित बैठकमा अनुपस्थित भएमा।

**२०. <u>समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) अध्यक्षको निर्देशन अनुसार प्रशासकीय अधिकृतले समितिको बैठक बोलाउनेछ।

तर बैठकको सूचना सामान्यतया बैठक भन्दा कम्तीमा ३ दिन अघि सदस्यहरूलाई दिनुपर्नेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नु पर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नु पर्नेछ।

तर समितिका एक तिहाई सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ।

(५) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनपाउनेछ।

(६) प्रशासकीय अधिकृतले बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राख्नु पर्नेछ।

(७) यस दफामा लेखिएदेखि बाहेक बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२१. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>** (१) यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) समितिको बार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि बोर्डमा पेश गर्ने,

(ख) बोर्डले स्वीकृत गरेको योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(ग) जिल्लास्तरको खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(घ) स्थानीय तहमा खेलकुदको सञ्चालन तथा पूर्वाधार विकासका लागि बोर्डसंग समन्वय गरी स्थानीय तहलाई आवश्यक सहयोग गर्ने तथा सुझाव दिने,

(ङ) खेलकुद क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(च) खेलकुदको सञ्चालन तथा विकासका लागि बोर्डलाई सुझाव दिने,

(छ) खेलकुद पूर्वाधार विकासका लागि बोर्डलाई सिफारिस गर्ने,

(ज) प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहन गर्ने,

(झ) खेलकुद क्षेत्रको विकासका लागि तोकिए बमोजिमका अन्य काम गर्ने।

२२. **अध्यक्षको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था:** जिल्ला खेलकुद समितिका अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) बोर्डको निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) जिल्ला तथा अन्तरस्थानीय तहमा खेलकुद प्रतियोगिता आयोजना तथा सहभागिताका लागि समन्वय लगायतका आवश्यक कार्यहरू गर्ने,

(ग) खेलकुदको विकास, विस्तार र संचालनमा विभिन्न निकायहरूसंग समन्वय गर्ने

(घ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

२३. **उपाध्यक्षको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था:** उपाध्यक्षको काम कर्तव्य सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको निर्देशनमा रही समितिको काम कारवाहीको अनुगमन र व्यवस्थापन गर्ने,

(ख) अध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने।

२४. **प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको परामर्शमा समितिमा पेश हुने प्रस्तावहरू तयार गर्ने, गराउने,

(ख) समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको अनुमानित वार्षिक आय व्यय (बजेट) र कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) समितिको कोष परिचालन, सम्पत्तिको व्यवस्थापन, संरक्षण र संचालन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(ङ) समितिका कर्मचारीहरूको प्रशासनिक प्रमुख भई नियमानुसार कार्य गर्ने,

(च) समितिले तोके बमोजिम अन्य कार्यहरू गर्ने।

(२) यस दफा बमोजिम प्रशासकीय अधिकृतले आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्दा समितिका अध्यक्ष वा उपाध्यक्षको सामान्य निर्देशनमा रही गर्नु पर्नेछ।

२५. **लेखा र लेखापरीक्षणः** (१) बोर्ड र समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(२) बोर्ड र समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनु पर्नेछ।

(३) बोर्डले चाहेमा समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी र जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

२६. **<u>सदस्यहरूको भत्ता सम्बन्धी व्यवस्था:</u>** (१) बोर्ड वा समितिका सदस्यहरूले बैठकमा भाग लिए वापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन्।

(२) बोर्ड र समितिका सदस्य काम विशेषले स्वदेश वा विदेश भ्रमण गर्नु परेमा प्रदेश सरकारले तोकेबमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछन्।

(३) बोर्ड र समितिका सदस्यहरूको भत्ता र अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

२७. **<u>सदस्य–सचिवको पारिश्रमिक र भत्ताः</u>** (१) सदस्य सचिवले बोर्डमा कार्यकारी प्रमुख भै काम गरे वापत प्रदेश सरकारको उपसचिव स्तरको कर्मचारीले पाउने शुरु स्केल सरहको मासिक पारिश्रमिक, भत्ता र अन्य सुविधा पाउनेछ।

२८. **<u>कर्मचारीसम्बन्धी व्यवस्था:</u>** (१) बोर्ड र समितिमा प्रदेश सरकारले स्वीकृत गरेको दरबन्दी बमोजिम स्थायी कर्मचारीहरू रहनेछन्।

(२) उपदफा (१) बमोजिमका स्थायी कर्मचारीहरूको नियुक्ति प्रदेश लोकसेवा आयोगको सिफारिसमा बोर्डले गर्नेछ।

तर स्थायी कर्मचारी नियुक्ति नभएसम्म स्वीकृत दरवन्दीमा बढीमा छ महिनाको लागि तोकिए बमोजिम करारमा कर्मचारी नियुक्ति गर्न बोर्डलाई यस दफाले बाधा पुर्याएको मानिने छैन।

(३) बोर्ड र समितिमा प्रदेश सरकारले आवश्यक कर्मचारीहरू खटाउन सक्नेछ।

(४) बोर्ड र समितिका कर्मचारीहरूको पारिश्रमिक तथा सेवा शर्तहरू तोकिए बमोजिम हुनेछ।

२९. **<u>सजाय र कारवाही:</u>** बोर्ड वा समितिको कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियत साथ बोर्डलाई हानी नोक्सानी पुर्याएमा निजलाई कर्मचारीसँग सम्बन्धित नियमावली र अन्य प्रचलित कानून बमोजिम सजाय हुनेछ।

३०. **<u>संघ संस्था दर्ता, नविकरण र आवद्धता सम्बन्धी व्यवस्था:</u>** (१) एक भन्दा बढी स्थानीय तहमा खेलकुद सम्बन्धी कार्य गर्ने वा प्रतियोगिता सञ्चालन गर्ने संघसंस्थाले तोकिए बमोजिम समितिमा दर्ता हुनुपर्नेछ।

(२) एक भन्दा बढी जिल्लामा शाखा गठन गरी खेलकुद सम्बन्धी कार्य गर्ने वा प्रतियोगिता सञ्चालन गर्ने संघसंस्था बोर्डमा दर्ता हुनुपर्नेछ।

(३) बोर्ड वा समितिमा दर्ता भई आवद्ध भएका संघसंस्थाहरूले तोकिएको मापदण्ड बमोजिम प्रदेश वा जिल्लास्तरीय संघसंस्था गठन गर्न सक्नेछन्।

(४) उपदफा (४) बमोजिम गठन हुने संघसंस्थाको निर्वाचन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) संघ संस्थाको नविकरण प्रत्येक आर्थिक वर्षभित्र तोकिएको शुल्क बुझाइ गर्नुपर्नेछ।

तर तोकिएको समयमा नविकरण नगरेमा तोकिए बमोजिमको जरिवाना तिरी नविकरण गर्न सकिनेछ।

३१. **<u>संघसंस्थाले श्रेस्ता राख्ने सम्बन्धी व्यवस्था:</u>** (१) संघसंस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता बोर्ड वा समितिले तोकिदिएको ढाँचामा राख्नु पर्नेछ।

(२) बोर्ड वा समितिले उपदफा (१) बमोजिम संघसंस्थाले राखेको श्रेस्ताको जाँचबुझ जुनसुकै बखत गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा बोर्ड वा समितिले अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निर्देशन दिइएमा त्यस्तो निर्देशन कार्यान्वयन गर्न सम्बन्धित् संघसंस्थाले आवश्यक प्रकृया अघि बढाउनु पर्नेछ।

३२. **<u>निर्देशन दिने र आचारसंहिता जारी गर्ने:</u>** (१) बोर्ड वा समितिले खेलकुदको विकासको सम्बन्धमा समय समयमासंघसंस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संघसंस्थाको कर्तव्य हुनेछ।

(२) संघसंस्थाहरूले पालना गर्नु पर्ने आचारसंहिता बोर्डले तोके बमोजिम हुनेछ।

३३. **<u>स्वीकृति लिनु पर्ने:</u>** (१)अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै खेलाडी वा खेल सम्बद्ध व्यक्तिलाई विदेश पठाउन वा प्रदेशमा आयोजना हुने खेलकुद प्रतियोगिता वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा विदेशी खेलाडी वा अधिकारीहरूलाई आमन्त्रण गर्नु परेमा प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ।

(२) प्रदेश, जिल्ला र अन्तरस्थानीय तह स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्दा तोकिए बमोजिम बोर्ड वा समितिको स्वीकृति लिनुपर्नेछ।

३४. **<u>कारवाही र दर्ता खारेजी सम्बन्धी व्यवस्था:</u>** (१) देहायको अवस्था उत्पन्न भएमा संघसंस्थालाई बोर्ड वा समितिले नसिहत दिई अभिलेख राख्न सक्नेछ:

(क) बोर्ड वा बोर्डले दिएको निर्देशन पालना नगरेमा वा आचार संहिता उल्लङ्घन गरेमा,

(ख) आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा नराखेमा,

(ग) संघसंस्थाले राखेको हिसाबको श्रेस्ताको जाँचबुझ गर्न गराउन सामान्य अवरोध गरेमा,

(घ) बोर्ड वा समितिले तोकेको अन्य अवस्था उत्पन्न भएमा।

(२) देहायको अवस्था उत्पन्न भएमा संघसंस्थालाई बोर्ड वा समितिले बढीमा पचास हजारसम्म रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(क) उपदफा (१) बमोजिम दुई पटक भन्दा बढी नसिहत पाएमा,

(ख) दफा ३३ को उपदफा २ बमोजिम बोर्ड वा समितिको स्वीकृति नलिइ खेलकुद प्रतियोगिता आयोजना गरेमा,

(ग) पाच वर्षसम्म नविकरण नगरेमा,

(घ) संघसंस्थाको कार्यकारिणी समिति गठन गर्दा निर्वाचन् सम्बन्धी तोकिएको प्रावधानको पालना नगरेमा,

(ङ) बोर्ड वा समितिले तोकेको अन्य गम्भीर अवस्था उत्पन्न भएमा।

(च) माथि उल्लेखित खण्डहरूमा जुनसुकै कुरा उल्लेख भएता पनि समितिमा दर्ता भएका संघ संस्थाहरूलाई कारबाही गर्दा समितिको सिफारिसमा गरिनेछ।

(३) देहायको अवस्था उत्पन्न भएमा समितिको सिफारिसमा बोर्डले संघ संस्थाको दर्ता खारेज गर्नेछः

(क) संविधान वा प्रचलित कानूनले निषेध गरेको प्रावधानको गम्भीर उल्लंघन गरेमा,

(ख) लगातार तीन वर्षसम्म कम्तीमा एउटा खेलकुद प्रतियोगिता आयोजना गर्न असमर्थ भएमा,

(ग) लगातार दुई बर्षसम्म संघ संस्था नवीकरण नगरेमा,

(घ) संघसंस्था दर्ता गर्दा जानीजानी झुठो विवरण दिइएको पुष्टि भएमा,

(ङ) बोर्डले उचित ठहर्याएको अन्य गम्भीर अवस्था उत्पन्न भएको प्रमाणित भएमा,

(च) संघ संस्थाको रकम हिनामिना भएकोमा त्यस्तो रकम असुल उपर गर्नेतर्फ कुनै कारवाही अगाडि नबढाएमा।

(४) यस दफा बमोजिम संघसंस्थालाई कारवाही वा दर्ता खारेज गर्नु अघि सफाईको उचित मौका प्रदान गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम कारवाही गर्नु अघि सम्बन्धित संस्थाले आफ्नो कमजोरी स्वीकार गरी लिखित रुपमा क्षमायाचना गरेमा बोर्ड वा समितिले कारवाही स्थगित गर्न वा जरीवानाको रकम घटाउन सक्नेछ।

(६) यस दफामा उल्लेख भएको व्यवस्थाले सम्बन्धित संघसंस्थालाई प्रचलित कानून बमोजिम कारवाही गर्न, मुद्दा चलाउन वा सजाय गर्न कुनै बाधा गर्ने छैन।

३५. **<u>छानविन सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ३४ को उपदफा (३) बमोजिम कारवाही गर्नु अघि बोर्डले तोकिए बमोजिम तीन सदस्यीय छानविन समिति गठन गरी तोकिएको अवधि भित्र प्रतिवेदन पेश गर्न निर्देशन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने छानविन समितिको कार्यविधि बोर्डसँग परामर्श गरी छानविन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) छानविन समितिका सदस्यहरूले पाउने भत्ता वा अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

३६. **<u>पुनरावेदन सम्बन्धी व्यवस्थाः</u>** दफा ३५ बमोजिम गरिएको कारवाही सम्बन्धी निर्णयमा चित्त नबुझ्ने संघसंस्थाले कारबाहीको लिखित सूचना पाएको पैतीस दिनभित्र सम्वन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

३७. **<u>अधिकार प्रत्यायोजनः</u>** बोर्ड वा समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य–सचिव, छानविन समिति, उपसमिति वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३८. **<u>प्रदेश सरकारले निर्देशन दिन सक्नेः</u>** (१) प्रदेश सरकारले खेलकुदको विकास सम्बन्धमा बोर्डलाई र बोर्ड मार्फत समिति वा संघसंस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दिएको निर्देशनको पालन गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

३९. **<u>सपथ ग्रहण सम्बन्धी व्यवस्थाः</u>** बोर्डका उपाध्यक्ष, सदस्य, सदस्य सचिव, समितिका अध्यक्ष र सदस्यले तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ।

४०. **स्थानीय कानून बमोजिम हुने:** स्थानीय तहले स्थानीय तहमा हुने खेलकुदको संचालन, प्रवद्र्धन तथा विकाससम्वन्धी कार्य गर्न स्थानीय कानूनमा व्यवस्था भए बमोजिको संरचना निर्माण गर्न सक्नेछ।

४१. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

४२. **प्रदेश सरकारसँग सम्पर्क:** बोर्डले प्रदेश सरकारसँग सम्वन्धित कामकाजका लागि सम्पर्क गर्दा खेलकुद सम्बन्धी कार्य हेर्ने मन्त्रालय मार्फत गर्नुपर्नेछ।

४३. **यस ऐन बमोजिम हुने:** यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

४४. **खारेजी र बचाउ:** प्रचलित कानून बमोजिम दर्ता भएका खेलकुद सम्बन्धी संघसंस्थाहरू यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

# जाँचबुझ तथा अनुसन्धान आयोग ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६।०४।२३

२०७६ सालको ऐन नं.१२

<u>**प्रस्तावना**</u>: प्रदेश भित्र सार्वजनिक महत्वको विषयमा जाँचबुझ गर्न जाँचबुझ आयोगको गठन र त्यस्ता आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम **"जाँचबुझ तथा अनुसन्धान आयोग ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अदालत"** भन्नाले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतलाई सम्झनु पर्छ।

(ख) **"अध्यक्ष"** भन्नाले यस ऐन बमोजिम गठन हुने जाँचबुझ आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ग) **"आयोग"** भन्नाले यस ऐनको दफा ३ बमोजिम गठन भएको आयोग सम्झनु पर्छ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ङ) **"प्रचलित कानून"** भन्नाले नेपाल सरकार र प्रदेश सरकारले बनाइ लागू गरेको कानून सम्झनु पर्छ।

(च) **"प्रदेश"** भन्नाले कोशी प्रदेश लाई सम्झनु पर्छ।

(छ) **"सदस्य"** भन्नाले यस ऐन बमोजिम गठन हुने आयोगको सदस्य सम्झनु पर्छ।

(ज) **"सरकारी वा सार्वजनिक निकाय"** भन्नाले प्रदेश सरकारसँग सम्बन्धित प्रदेशका सरकारी वा सार्वजनिक निकाय सम्झनु पर्छ।

३. <u>**आयोगको गठन**</u>: (१) प्रदेश भित्रका कुनै सार्वजनिक महत्वका विषयमा जाँचबुझ गर्न प्रदेश सरकारले देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने गरी जाँचबुझ तथा अनुसन्धान आयोगको गठन गर्न सक्नेछ।

(क) उच्च अदालतका पूर्व न्यायाधीश वा न्याय वा कानूनको क्षेत्रमा कम्तिमा बीस वर्ष काम गरेको व्यक्ति मध्येबाट एक जना – अध्यक्ष

(ख) अनुसन्धान गर्नुपर्ने सम्वन्धित विषयमा विशेषज्ञता हासिल गरेको व्यक्तिमध्ये एक जना –सदस्य

(ग) कुनै खास विषयमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको व्यक्तिमध्ये एक जना –सदस्य

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले जाँचबुझ आयोग गठन गरेको विषयमा प्रदेश सरकारले जाँचबुझ तथा अनुसन्धान आयोग गठन गर्न सक्नेछैन।

(३) उपदफा (१) बमोजिमको आयोग गठन गरेको जानकारी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नेछ।

(४) आयोगको लागि आवश्यक बजेट, जनशक्ति, कार्यालय र पारिश्रमिक प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

४. **शपथ लिनुपर्ने**: (१) आयोगलाई तोकिएको काम शुरु गर्नुअघि आयोगका अध्यक्ष र सदस्यले अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ।

(२) ऐनको दफा ३ को उपदफा (१) बमोजिम गठन भएको आयोगको अध्यक्ष र सदस्यले मुख्यमन्त्री समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ।

५. **आयोगको काम, कर्तव्य र अधिकार**: (१) आयोगको काम, कर्तव्य र अधिकार आयोगको गठन सम्बन्धी सूचनामा तोकिए बमोजिम हुनेछ।

(२) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र र विषयमा आयोगले जाँचबुझ तथा अनुसन्धानको काम सम्पन्न गरी प्रदेश सरकार समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि भित्र प्रतिवेदन पेश गर्न नसकेको कारण खुलाई अवधि थप गर्नको लागि आयोगले अनुरोध गरेमा प्रदेश सरकारले आवश्यक अवधि थप गर्न सक्नेछ।

(४) आयोगलाई देहायका विषयमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको सबै अधिकार हुनेछः-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेश गर्न आदेश दिने,

(ग) प्रमाण तथा सर्जमिन बुझी तथ्य संकलन गर्ने,

(घ) सरकारी, गैरसरकारी संघसंस्था, कम्पनी, फर्म वा कार्यालयबाट सम्बन्धित लिखत वा त्यसको नक्कल झिकाउने,

(ङ) प्रदेश भन्दा बाहिरका कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, कम्पनी, फर्म वा कार्यालयबाट सूचना तथा प्रमाण झिकाउँन

सक्नेछ। यसरी प्रमाण झिकाउँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झे बमोजिमको समय तोकी म्याद जारी गर्न सक्नेछ।

(६) उपदफा (४) मा उल्लेख भएका अधिकारहरूको अतिरिक्त आयोगले आवश्यकता अनुसार देहायका अधिकारको प्रयोग गर्न सक्नेछ:

(क) जाँचबुझको विषय सम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलित कानूनको अधिनमा रही त्यस्तो व्यक्ति वा स्थानको तलासी लिने वा कुनै अधिकृत स्तरको कर्मचारीद्वारा त्यस्तो व्यक्ति वा स्थानको तलासी गर्न लगाउने र फेला परेमा त्यस्तो वस्तु वा लिखत कब्जा गर्ने वा गर्न लगाउने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल लिने वा लिन लगाउने,

(ख) खण्ड (क) र उपदफा (४) मा उल्लेख भएको अधिकारको प्रयोगसँग सम्बन्धित प्रचलित नेपाल कानुन बमोजिमको अन्य अधिकारहरूको प्रयोग गर्ने।

६. **<u>साक्षीले आयोग समक्ष बकेको कुरा निजका विरुद्ध प्रमाण नलाग्ने</u>**: (१)कुनै व्यक्तिले साक्षीको रुपमा आयोग समक्ष बोलेको कुनै कुरालाई लिएर निजका विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाइने छैन। त्यस्तो कुरा कुनै अर्को मुद्दामा निजका विरुद्ध प्रमाणको रुपमा समेत लिईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले आयोग समक्ष बोलेको कुनै कुरा आयोगले सोधेको प्रश्नसँग सम्बन्धित नभएमा वा जानाजान झुठ्ठा बकेको कुरा प्रमाणित भएमा सो कुराका आधारमा प्रचलित कानून बमोजिम निज उपर मुद्दा वा कानूनी कारवाही चलाउन वा सो कुरा निजको विरुद्ध प्रमाणमा लगाउन यस दफाले बाधा पुर्याएको मानिने छैन।

७. **<u>आयोगको अवहेलना</u>**: आयोगले आफनो अवहेलनामा कारवाही चलाउन सक्नेछ र आयोगको अवहेलना ठहराएमा पाँच हजारसम्म जरिवाना गर्न सक्नेछ। यस्तो जरिवाना प्रदेश सरकारले प्रचलित कानून बमोजिम असुलउपर गर्नेछ ।

तर आयोगलाई सन्तोष हुने गरी निजले क्षमायाचना गरेमा निजलाई आयोगले माफि दिन वा सजाय तोकिएको भए सो सजाय माफी गर्न सक्नेछ।

८. **आयोगको विघटन**: (१) दफा ४ को उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएपछि वा आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि समाप्त भएमा वा दफा ४ को उपदफा (३) बमोजिम अवधि थपिएकोमा त्यस्तो अवधि समाप्त भएपछि आयोग स्वतः विघटन हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगको औचित्य नरहेको भन्ने मनासिब आधार भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सार्वजनिक सूचना प्रकाशित गरी जुनसुकै बेला आयोग विघटन गर्न सक्नेछ र त्यस्तो सूचनामा तोकिएको मितिदेखि आयोग विघटन भएको मानिनेछ।

९. **आयोगको कार्यविधि**: यो ऐन र यस ऐन अन्तर्गतका नियमहरूको अधिनमा रही आयोगले आफ्नो कार्यविधि आफैंले निर्धारण गर्नेछ।

१०. **आयोगको कामकारवाही गोप्य रहने:** (१) आयोगको सम्पूर्ण कामकारवाही गोप्य रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपालको सार्वभौमसत्ता, अखण्डता वा सामरिक महत्वका वा सार्वजनिक शान्तिसुव्यवस्थामा वा विभिन्न जात जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्धमा प्रतिकूल असर पार्ने तथा मित्रराष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने कुरा बाहेक प्रतिवेदनका अन्य विषय प्रदेश सरकारले सार्वजनिक जानकारीका लागि प्रकाशित गर्नेछ।

११. **कामकारवाही बदर नहुने**: आयोगको कुनै सदस्यको स्थान रिक्त रहेको वा निज अनुपस्थित रहेको कारणले मात्र आयोगको कामकारवाही बदर भएको मानिनेछैन।

१२. **असल नियतले गरेको कामको बचाउ**: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको वा गर्न खोजिएको कुनै काम कारवाहीको निमित्त प्रदेश सरकार, आयोग, आयोगका कुनै सदस्य वा आयोगको निर्देशनमा काम गर्ने कुनै व्यक्तिको विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही गरिने वा मुद्दा चलाइने छैन।

१३. **नियम बनाउने अधिकार:** यो ऐनको उद्देश्य कार्यान्वयन गर्नकोलागि प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

## अनुसूची

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**पद तथा गोपनीयताको शपथ**

म.............................. ईश्वर/जनताको नाममा सत्य निष्ठापूर्वक आयोगको अध्यक्ष/सदस्यको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी मेरो योग्यता, ज्ञान र विवेकले भ्याएसम्म भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पूरा गर्नेछु र मलाई आयोगको कामको सिलसिलामा जानकारी हुन आएका गोप्य कुराहरू आफ्नो जिम्मेवारी पूरा गर्नको निमित्त आवश्यक पर्नेमा बाहेक आयोगमा वहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष तवरले कुनै पनि किसिमबाट प्रकट गर्ने छैन।

मितिः ................................

हस्ताक्षरः .................

नामः .................................

# प्रदेश सहकारी ऐन, २०७६

प्रमाणीकरण मितिः- २०७६।०५।३०

**संशोधनः**

केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ः २०८१।११।२९

केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ः २०८२।०३।२९

**प्रस्तावनाः** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप प्रदेशस्तरमा कृषक, कालीगढ, श्रमिक, न्यून आय भएका समूह एवम् सीमान्तकृत समुदाय तथा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको श्रम, पुँजी, प्रविधि तथा सिपलाई एकीकृत गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न समुदायमा आधारित, सदस्य केन्द्रित व्यवसायिक सहकारी संघ संस्थाहरूको गठन, सञ्चालन, नियमन र प्रवर्द्धनको सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिम कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश सहकारी ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"आन्तरिक कार्यविधि"** भन्नाले सहकारी संघ वा संस्थाले यस ऐन, नियम र विनियम बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनु पर्छ।

(ख) **"कसूर"** भन्नाले यस ऐन बमोजिमको कसूर सम्झनु पर्छ।

(ग) **"तोकिएको" वा "तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) **"परिवार"** भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउनेछैन।

(ङ) **"प्राथमिक पुँजी कोष"** भन्नाले शेयर पुँजी र जगेडा कोषलाई सम्झनु पर्छ।

(च) **“बचत”** भन्नाले सदस्यले सहकारी संघ वा संस्थामा जम्मा गरेको रकम सम्झनु पर्छ।

(छ) **“मन्त्रालय”** भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ज) **“मुख्य** कारोबार” भन्नाले संघ वा संस्थाले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक बर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरीद वा बिक्री कारोबारमा कम्तीमा तिस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ।

(झ) **“लेखा** सुपरीवेक्षण **समिति”** भन्नाले दफा ४५ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनु पर्छ।

(ञ) **“विनियम”** भन्नाले सम्बन्धित सहकारी संघ वा संस्थाले यस ऐन बमोजिम बनाएको विनियम सम्झनु पर्छ।

(ट) **"विभाग"** भन्नाले प्रदेश सहकारी रजिस्ट्रार कार्यालयलाई सम्झनु पर्छ।

(ठ) **“शेयर”** भन्नाले सहकारी संघ वा संस्थाको शेयर पुँजीको विभाजित अंश सम्झनु पर्छ।

(ड) **“समिति”** भन्नाले यस ऐन बमोजिम गठित व्यवस्थापन समिति सम्झनु पर्छ।

(ढ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका तथा नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ।

(ण) **“सञ्चालक”** भन्नाले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको पदाधिकारी समेतलाई जनाउँछ।

(त) **“सदस्य”** भन्नाले सहकारी संघ वा संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति *<u>वा सस्था</u> सम्झनु पर्छ।

(थ) **“समिति”** भन्नाले दफा ३८ को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

(द) **"सहकारी बैंक"** भन्नाले दफा १० बमोजिम दर्ता भएको सहकारी बैंक सम्झनु पर्छ।

(ध) **"सहकारी मूल्य"** भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुल्लापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनु पर्छ।

(न) **"सहकारी व्यवसाय"** भन्नाले सहकारी संस्थाको विनियममा व्यवस्था भएबमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनु पर्छ।

(प) **"सहकारी रजिस्ट्रार"** भन्नाले यस ऐन बमोजिम सहकारी संस्था वा सहकारी संघ तथा विषयगत तथा विशिष्टीकृत सहकारी संघ सम्बन्धी काम गर्न तोकिएको अधिकारी सम्झनु पर्छ सो शब्दले निजको अधिकार प्रत्यायोजन गरेको कुनै अधिकारी समेतलाई जनाउँछ।

(फ) **"सहकारी सिद्धान्त"** भन्नाले स्वेच्छिक तथा खुल्ला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारीबीच पारस्परिक सहयोग र समुदाय तथा वातावरण प्रतिको चासो लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनु पर्छ।

□(ब) "**सहकारी संस्था**" भन्नाले प्रारम्भिक सहकारी संस्थालाई सम्झनु पर्छ।

(भ) **"संघ"** भन्नाले दफा १३ बमोजिम दर्ता भएको जिल्ला विषयगत संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ र विशिष्टीकृत सहकारी संघ सम्झनु पर्छ।

(म) **"संस्था"** भन्नाले दफा ३ बमोजिम गठन भई दफा १३ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय संस्था सम्झनु पर्छ।

(य) **"साधारण सभा"** भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनु पर्छ।

(र) **"सरकार"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सम्झनु पर्छ।

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित

(ल) **"प्रचलित कानून"** भन्नाले सम्बन्धित विषयका कार्यहरू गर्नका लागि नेपाल सरकार र प्रदेश सरकारले जारी गरेका कानूनहरूलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठनः** (१) कम्तीमा तिस जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा लगायतले श्रम र सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आपसमा भूगोल जोडिएका एक भन्दा बढी नगरपालिका वा गाँउपालिका तह कार्यक्षेत्र रहने गरी सहकारी संस्था गठन गर्न सकिनेछ। त्यसरी सहकारी संस्था गठन गर्दा कम्तीमा एक सय पच्चिस जना नेपाली नागरिकहरूको सहभागिता हुनु पर्नेछ तर त्यसरी तिनबाट नगरपालिका वा गाउँपालिका कार्यक्षेत्र रहने गरी संस्था गठन गर्दा प्रत्येक नगरपालिका वा गाउँपालिकाको पचास प्रतिशत भन्दा कम वडालाई समावेश गर्न पाइनेछैन।

*(३क) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तीमा एक सय जना नेपाली नागरिकको सहभागिता हुनु पर्नेछ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१), (२) वा (३) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ।

तर दफा (१३) बमोजिम संस्था दर्ता भई प्रारम्भिक साधारण सभा समाप्त भईसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार वा प्रदेश सरकारको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एक सय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

भएका आफ्नो पेशागत संगठनको आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका सर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

तर एक सय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयमा कम्तीमा तिस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका सर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

४. **जिल्ला विषयगत सहकारी संघको गठनः** सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १३ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तीमा एघार वटा संस्थाहरूले आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् र त्यसरी गठन गर्दा कम्तीमा पचास प्रतिशत सो जिल्लाको विषयगत संघहरू त्यस्तो जिल्ला विषयगत संघमा समावेश हुनुपर्नेछ।

तर नेपाल सरकार वा प्रदेश सरकारले "क" वर्ग भनी तोकेका दूर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा छवटा संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी संघहरू गठन गर्न सक्नेछन्।

५. **जिल्ला सहकारी संघको गठनः** (१) सहकारी व्यवसायको विकास, प्रर्वद्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुर्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पन्ध्रवटा संस्था वा जिल्ला विषयगत सहकारी संघहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन्।

तर संघीय सरकारले "क" वर्ग भनी तोकेका दूर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा सातवटा संस्थाहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम संघ गठन गर्दा दर्ता भएका जिल्लाका पचास प्रतिशतभन्दा बढी विषयगत जिल्ला सहकारी संघ समावेश भएको हुनुपर्नेछ।

६. **प्रदेश विषयगत सहकारी संघको गठनः** सहकारी व्यवसायको विकास, प्रर्वद्धन तथा बजारीकरण लगायतका कार्यमा सहयोग पुऱ्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा सातवटा जिल्लाका कम्तीमा एकतिस वटा विषयगत सहकारी संस्थाहरू र जिल्ला विषयगत सहकारी संघ आपसमा मिली आफ्नो विषयसँग सम्बन्धित प्रदेश विषयगत सहकारी संघ गठन गर्न सक्नेछन्।

र यसरी संघ गठन गर्दा दर्ता भएका प्रदेशका पचास प्रतिशतभन्दा बढी जिल्ला विषयगत सहकारी संघहरू समावेश भएको हुनुपर्नेछ।

७. **प्रदेश सहकारी संघको गठनः** सहकारी व्यवसायको विकास, प्रवर्द्धन, बजारीकरण, संस्था तथा संघहरूसँग समन्वय लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १३

बमोजिम दर्ता भएका प्रदेशका कम्तीमा पचास प्रतिशत जिल्ला विषयगत संघहरू, जिल्ला सहकारी संघहरू र प्रदेश विषयगत सहकारी संघहरू आपसमा मिली प्रदेश सहकारी संघको गठन गर्न सक्नेछन्।

तर यसरी संघ गठन गर्दा प्रदेशमा दर्ता भएका जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र प्रदेश विषयगत सहकारी संघ प्रत्येकको पचास प्रतिशतभन्दा बढी संघ प्रदेश सहकारी संघमा समावेश भएको हुनुपर्नेछ।

८. **विशिष्टीकृत सहकारी संघको गठनः** (१) दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पच्चिस वटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शीतभण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला, पर्यटन प्रवर्द्धन लगायत नेपाल सरकारको कुनै कानूनले वन्देज नलगाएका जुनसुकै सेवा, व्यवसाय र उद्योग सञ्चालन गर्ने जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न प्रदेशस्तरीय विशिष्टीकृत संघको गठन गर्न सक्नेछन र त्यस्तो संघ पूर्णरुपले व्यवसायिक संस्था हुनेछ। यसलाई कुनै संघ, महासंघमा चुन्ने र चुनिने अधिकार हुनेछैन।

(२) उपदफा (१) बमोजिमको विशिष्टीकृत सहकारी संघको सञ्चालन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

९. **संघ गठन गर्न नसकिनेः** दफा ४, ५, ६ र ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जिल्लामा एकै प्रकृतिको एकभन्दा बढी जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघ र एकै प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघ गठन गर्न सकिनेछैन।

१०. **सहकारी बैंकको गठनः** (१) संस्था वा संघको बचत स्वीकार गर्ने, त्यस्तो संस्था वा संघलाई ऋण प्रवाह गर्ने वा बैंकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्य लिई एकभन्दा बढी संघ वा संस्था आपसमा मिली नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई राष्ट्रिय सहकारी महासंघको सिफारिसमा प्रदेश सरकारको समेत लगानीमा एउटा प्रादेशिक सहकारी बैंक स्थापना गर्न सकिनेछ।

(२) सहकारी बैंक स्थापना, सञ्चालन र व्यवस्थापन प्रचलित कानून बमोजिम हुनेछ।

११. **दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुनेः** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्नुहुदैन।

१२.	**<u>दर्ताको लागि दरखास्त दिनुपर्ने:</u>** (१) यस ऐन बमोजिम गठन हुने सहकारी संघ वा संस्थाले दर्ताको लागि दफा ३ बमोजिमको संस्था, दफा ४ बमोजिमको जिल्ला विषयगत सहकारी संघ, दफा ५ बमोजिमका जिल्ला सहकारी संघ, दफा ६ बमोजिमको प्रदेश विषयगत संघ, दफा ७ बमोजिमको प्रदेश सहकारी संघ, दफा ८ बमोजिमको विशिष्टीकृत संघ वा दफा १० बमोजिमको सहकारी बैङ्क स्थापना गर्दा सहकारी रजिस्ट्रार वा तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निबेदनसाथ देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछः

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्थाको सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण।

१३.	**<u>दर्ता गर्नुपर्ने:</u>** (१) दफा १२ को उपदफा (१) बमोजिम प्राप्त निबेदन सहितको कागजातहरू छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा सहकारी रजिस्ट्रारले निबेदन परेको मितिले पन्ध्र दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ तर निबेदनसाथ संलग्न कागजातमा केही हेरफेर गर्नु पर्ने भए त्यस्तो हेरफेर वा संघको कागजात प्राप्त भएको मितिले एक्काईस दिनभित्र दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

*(क) निवेदन साथ पेस भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

*(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

*(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको,

*(घ) तोकिए बमोजिमका अन्य आधारहरू पूरा भएको।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संघ वा संस्थाको विनियम संशोधन नगरी दर्ता गर्न मिल्ने नदेखिएमा रजिस्ट्रारले सो विनियममा संशोधन गर्नुपर्ने व्यहोरा खुलाई निबेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना दिनुपर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेको जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र एक भन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र रहेका संस्थाहरू यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(४) यस दफा बमोजिम सहकारी संघ वा संस्था दर्ता गर्दा दफा १२ को उपदफा (१) बमोजिमको संघ वा संस्थाले पालना गर्नु पर्ने गरी कुनै सर्त तोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

(६) दफा ८ बमोजिमको विशिष्टीकृत संघको हकमा विषयगत जिल्ला सहकारी संघद्वारा प्रदान गरिने सेवामा दोहोरो नपर्ने गरी मात्र दर्ता हुन सक्नेछ।

*(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको हकमा तोकिएको मापदण्ड बमोजिम बचत तथा ऋण सहकारी संस्था दर्ता गरिनेछ।

▽(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ भएपछि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता प्रचलित कानून बमोजिमको प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम स्थानीय तहमा मात्र हुनेछ।

**१४. दर्ता गर्न अस्वीकार गर्न सक्नेः** (१) दफा १३ को उपदफा (१) मा उल्लेखित अवस्था नभएमा सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तिस दिनभित्र विनियम संशोधन नगरेमा वा यस ऐन बमोजिम पुग्नु पर्ने रीत नपुगेमा वा सूचनामा उल्लेख भएबमोजिम हुने गरी विनियम संशोधन नगरेमा रजिस्ट्रारले त्यस्तो सहकारी संघ वा संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

(२) उपदफा (१) बमोजिम सहकारी संघ वा संस्था दर्ता गर्न अस्वीकार गरेमा रजिस्ट्रारबाट सोको आधार र कारण खुलाई तीन दिनभित्र त्यस्तो व्यहोरा लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ।

✂(३) .................

✂(४) .................

**१५.** **सहकारी संघ वा संस्था संगठित संस्था हुने:** (१) सहकारी संघ वा संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) सहकारी संघ वा संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ।

(३) सहकारी संघ वा संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संघ वा संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) सहकारी संघ वा संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।

✂(६) .................

**१६.** **प्रदेश सरकारको सहकारी सम्बन्धी कार्यक्षेत्र:** (१) यस ऐन बमोजिम संघ वा संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ।

(क) दफा ३ को उपदफा (३) बमोजिमको कार्यक्षेत्र,

(ख) जिल्ला विषयगत सहकारी संघ,

(ग) जिल्ला सहकारी संघ,

(घ) प्रदेश विषयगत सहकारी संघ,

(ङ) प्रदेश सहकारी संघ,

(च) विशिष्टीकृत सहकारी संघ,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघ वा संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुई वर्षपछि देहायका आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो एक भन्दा बढी स्थानीय तहमा रजिस्ट्रारको अनुमति लिई कार्यक्षेत्र विस्तार गर्न सक्नेछ तर यस ऐन प्रारम्भ हुनु भन्दा अगाडि एक भन्दा बढी स्थानीय तहमा व्यवसायिक सेवा प्रारम्भ गरी सञ्चालन गरेको भए यस ऐन बमोजिम भएको मानिनेछ र त्यस्तो संघ वा संस्थाले यो ऐन लागु भएको ६

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

महिनाभित्र यस ऐन बमोजिम रजिस्ट्रार समक्ष तोकिए बमोजिमको निवेदन दिनुपर्नेछ।

(क) संघ वा संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्यक्षेत्र आवश्यक परेको,

(ख) संघ वा संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरू अवलम्वन गरिएको,

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यको बसोबासको प्रकृति, पायक पर्ने स्थान, स्थानीय अवस्थिति र तोकिए बमोजिम विशेष व्यवसायिक आवश्यकताका आधारमा कार्यक्षेत्र विस्तार गर्न सकिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत आयोजना, शिक्षा, भाषिक, साहित्यिक, सांस्कृतिक, स्वास्थ्य सेवा, सार्वजनिक यातायात, सञ्चार, विशेष कृषि वा वनजन्य पैदावारको उत्पादन, सञ्चय वा प्रशोधन गर्ने जस्ता व्यवसायिक क्षेत्र एवम् सदस्यहरूको सहभागिता विस्तारका कारण प्रारम्भमा फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्यक्षेत्र दर्ता गर्दाको बखतनै तोकिएको आधारमा एक भन्दा बढी स्थानीय तह वा जिल्ला वा एक भन्दा बढी जिल्ला वा प्रदेशभर कायम गर्न सकिनेछ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र यसै ऐन अनुसार ✂............ कायम भएको मानिनेछ।

तर यो ऐन प्रारम्भ भएपछि ती संस्थाहरूले ६ महिनाभित्र देहायका विवरण खोली रजिस्ट्रार समक्षयो ऐन प्रारम्भ हुँदाको बखतसम्मको कार्य सञ्चालन प्रतिवेदन पेस गर्नुपर्नेछः

(क) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको सदस्यता विस्तारको अवस्था,

(ख) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको व्यवसायिक सेवा सञ्चालनको अवस्था,

(ग) तोकिए बमोजिमको अन्य विवरण।

(६) उपदफा (५) बमोजिम कार्य सञ्चालन प्रतिवेदन पेस भएपछि रजिस्ट्रारबाट आवश्यक जाँचबुझ समेत गरी सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्यक्षेत्र पुनःनिर्धारण गर्न निर्देशन दिन सक्नेछः

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

(क) उपदफा (५) को खण्ड (क) बमोजिमको विवरणमा उल्लिखित सदस्यता विस्तार नभएको वा तोकिएको संख्याभन्दा कम सदस्यता विस्तार भएको वा भौगोलिक निरन्तरता नभएको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ख) उपदफा (५) को खण्ड (ख) बमोजिमको विवरणमा कुनै व्यवसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यवसायिक सेवा सञ्चालन भएको देखिएको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ग) संस्थाको सञ्चालन खर्च धान्ने गरी व्यवसायिक कार्यकुशलता वढाउन र संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम राख्नुका अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने,

(घ) व्यवसायिक एवं प्रवर्द्धनात्मक सेवाका लागि जिल्ला वा प्रदेश बिषयगत संघ वा जिल्ला वा प्रदेश संघको सदस्यताको प्राप्तिलाई सहज तुल्याउनुका अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने।

(७) उपदफा (५) बमोजिम रजिस्ट्रार वा रजिस्ट्रारबाट अधिकार प्राप्त अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक बर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनः निर्धारण गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिम सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण नगरेमा रजिस्ट्रारले उपदफा (२) को अधीनमा रही त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिनाभित्र पुनःनिर्धारण गर्नेछ।

(९) उपदफा (८) बमोजिम रजिस्ट्रारले कार्यक्षेत्र पुनः निर्धारण गरिदिएकोमा चित्त नबुझ्ने सहकारी संस्थाले कार्यक्षेत्र पुनः निर्धारणको जानकारी पाएको मितिले तिस दिनभित्र मन्त्रालय समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम प्राप्त निवेदनमा मन्त्रालयले पैंतालिस दिनभित्र पुनरावलोकन सम्बन्धी निर्णय गर्नुपर्नेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रुपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनः निर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ।

(१२) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१३) उपदफा (२) र (३) बमोजिम कार्यक्षेत्र विस्तारको प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**१७. संघको कार्यक्षेत्रः** संघको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघको हकमा एक जिल्ला,

(ख) प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघको हकमा एक प्रदेश,

(ग) विशिष्टीकृत संघको हकमा त्यस्तो संघको प्रकृति हेरी वस्तु वा सेवाको संकलन, वितरण वा प्रवाहको क्षेत्रअनुसार एक प्रदेश।

**१८. विषयगत आधारमा वर्गीकरण गर्न सकिनेः** (१) सहकारी संस्था *र त्यस्तो संस्थाको हित प्रवर्द्धनका लागि गठन हुने संघहरूको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) **उत्पादक सहकारी संस्था *वा संघः** कृषि (अन्नबाली, तेलहन, मसलाबाली, दुग्ध, चिया, कफी, उखु, फलफूल, तरकारी, पशुपालन, माछापालन, मौरीपालन आदि) जडिबुटी उद्योग, खानी, उर्जा, वनपैदावर आदि सम्बन्धी कार्य गर्ने संस्था *वा संघहरू,

(ख) **सेवा सहकारी संस्था *वा संघः** थोक तथा खुद्रा बजार, भण्डारण, ढुवानी, यातायात, संचार, पर्यटन, पूर्वाधार, प्रकाशन, विद्यालय, विश्वविद्यालय, प्राविधिक शिक्षालय, शिशुस्याहार केन्द्र, बृद्धाश्रम, तालीम तथा प्रशिक्षण, परामर्श सेवा, स्वास्थ्य सेवा, एम्वुलेन्स सेवा, आवास, तारे होटल, रेष्टुरा, ट्राभल, पार्क तथा उद्यान, सभास्थल, व्यायामशाला सिंचाइ, विद्युत वितरण, खानेपानी, फोहरमैला व्यवस्थापन, कवाडी सामग्री संकलन, प्रशोधन तथा बिक्री वितरण लगायतका कार्य गर्ने संस्था *वा संघहरू,

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

(ग) **वित्तीय सहकारी संस्था** *<u>**वा संघः**</u> सहकारी बैंक, बचत तथा ऋणको कारोबार, विप्रेषण सेवा तथा बीमा कारोबार गर्ने संस्था *<u>वा संघ</u>हरू,

(घ) **श्रमिक सहकारी संस्था** *<u>**वा संघः**</u> श्रम तथा सीपमा आधारित श्रमिकहरूको स्वामित्वमा स्थापना भएका सहकारी संस्था *<u>वा संघ</u>हरू,

(ङ) **बहुउद्देश्यीय सहकारी संस्था** *<u>**वा संघः**</u> दुई वा दुई भन्दा वढी विषयको कारोबार गर्ने सहकारी संस्था *<u>वा संघ</u>हरू।

(२) उपदफा (१) मा उल्लिखित सहकारी संस्था बाहेक अन्य सहकारी संस्था दर्ता गर्न बाधा पर्नेछैन।

*(३) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकास क्रम समेतका आधारमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप विषय तोक्न सक्नेछ।

*(४) संघको वर्गीकरण देहाय बमोजिम हुनेछ,-

(क) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित विषय विशेषका विषयगत जिल्ला र प्रदेश संघहरू,

(ख) उपदफा (१) को खण्ड (ङ) मा उल्लिखित बहुउद्देश्य जिल्ला र प्रदेश संघ,

(ग) जिल्ला र प्रदेश सहकारी संघहरू,

(घ) विशिष्टीकृत संघहरू।

▿(५) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको वर्गीकरण दफा १३ को उपदफा (८) बमोजिम हुनेछ।

**१९.** **<u>कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेः</u>** (१) दफा १३ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्था वा संघले दफा २२ बमोजिमको उद्देश्य प्राप्तिको लागि यस ऐन, नियम र विनियमको अधीनमा रही रजिस्ट्रारको सिफारिसमा ✂........................ सहकारी संस्थाहरूले साधारणसभाबाट बजेट स्वीकृत गराई प्राथमिक पुँजी कोषको पचास प्रतिशतसम्म उपयोग गरी सदस्यको मागमा आधारित आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

▿ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था वा संघले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्नेछैन।

तर, त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अन्य कुनै निकायबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग परियोजना सञ्चालन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम संघ वा संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी रजिस्ट्रारलाई दिनुपर्नेछ।

(४) दुई वा दुईभन्दा बढी संघ वा संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही तोकिए बमोजिम आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संघ वा संस्थाले उपदफा (१) बमोजिम सञ्चालन गर्ने कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा बिक्री वितरण गर्न सक्नेछन्।

तर प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट त्यस्तो ब्राण्ड प्राप्तिको स्वीकृति लिनु पर्ने रहेछ भने सो बमोजिम स्वीकृति लिनुपर्नेछ।

(७) संस्था वा संघले उत्पादन गरेको बस्तुहरूको उत्पत्ति प्रमाणपत्र जारी गर्ने प्रक्रिया र आधार प्रचलित कानून बमोजिम हुनेछ।

(८) सहकारी संघ, संस्थाहरू उद्योगमा दर्ता हुने व्यवस्था प्रदेशले उद्योग दर्ता सम्बन्धी बनाउने कानूनले तोके बमोजिम हुनेछ।

२०. **दायित्व सीमित हुनेः** (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरीद गरेको शेयरको अधिकतम रकमसम्म मात्र सिमित रहनेछ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ।

२१. **दस्तुर सम्बन्धी व्यवस्थाः** (१) संघ, संस्था दर्ता वा अध्यावधिक गर्दा निम्नानुसार दस्तुर बुझाउनु पर्नेछ।

(२) संघ संस्था शुरु दर्ता गर्दा देहायको दस्तुर बुझाउनु पर्नेछः

(क) प्रदेश सहकारी संघ दर्ता गर्दा रु. पाँच हजार,

(ख) प्रदेश विषयगत सहकारी संघ दर्ता गर्दा रु. चार हजार,

(ग) विशिष्टीकृत सहकारी संघ दर्ता गर्दा रु. चार हजार,

(घ) जिल्ला सहकारी संघ दर्ता गर्दा रु. चार हजार,

(ङ) जिल्ला विषयगत संघ दर्ता गर्दा रु. तीन हजार,

(च) यस ऐन बमोजिम दर्ता हुने संस्था रु. तीन हजार,

(छ) अपाङ्गता भएका, एकल महिलाहरू मात्र सदस्य हुनेगरी दर्ता हुने संस्था तथा प्रदेश सरकारका प्राथमिकतामा परेका सहकारी संस्थाहरू दर्ता गर्दा रु. एक हजार पाँच सय।

(३) संघ संस्थाले प्रत्येक वर्षको माघ पन्ध्र गतेभित्रमा आफ्नो विवरण अध्यावधिक गर्नुपर्नेछ। सो समयावधिभित्र अध्यावधिक नगरेमा वचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ संस्थाहरूले प्रत्येक वर्षका लागि एक हजार पाँच सय र अन्य विषयगत वा व्यवसायिक सहकारी संघ संस्थाहरूले अध्यावधिक गर्दा पाँच सय दस्तुर बुझाउनु पर्नेछ।

(४) संघ संस्था अद्यावधिक सम्बन्धी दस्तुर प्रदेश सरकारले अद्यावधिक गर्न सक्नेछ।

## परिच्छेद-३

## संघ वा संस्थाको उद्देश्य तथा कार्य

२२. **संघ वा संस्थाको उद्देश्य:** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धि हासिल गर्नु संस्था वा संघको मुख्य उद्देश्य हुनेछ।

२३. **संघ वा संस्थाको कार्य:** संस्था वा संघका कार्यहरू देहाय बमोजिम हुनेछन्:

(क) सहकारी मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्य र आफ्नो व्यवसायको हित प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने गराउने,

(ग) सदस्यहरूलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने तथा सदस्य, संस्था वा संघमा सुशासन प्रवर्द्धन गर्ने गराउने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक दायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,

(च) संस्था वा संघको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय तथा रजिस्ट्रारबाट प्राप्त निर्देशन पालना गर्ने गराउने,

(ज) सदस्य संस्था वा संघमा सुशासन प्रवर्द्धन गर्ने गराउने,

(झ) संस्था वा संघको बीचको पारस्परिक समन्वय र सहयोग अभिवृद्धि गर्ने गराउने,

(ञ) विनियममा उल्लिखित कार्यहरू गर्ने।

## परिच्छेद-४

## विनियम तथा आन्तरिक कार्यविधि

२४. **विनियम बनाउनु पर्नेः** (१) सहकारी संघ वा संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विनियम रजिस्ट्रारबाट स्वीकृत भएपछि लागु हुनेछ।

२५. **आन्तरिक कार्यविधि बनाउन सक्नेः** (१) सहकारी संघ वा संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ।

✎(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित सहकारी संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागु हुनेछ।

२६. **विनियम र आन्तरिक कार्यविधिमा संशोधनः** ✎(१) सहकारी संस्थाको साधारण सभाको कूल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन वा पुनर्लेखन हुन सक्नेछ।

✎(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम रजिस्ट्रार वा रजिस्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ।

## परिच्छेद-५

## सदस्यता

२७. **सदस्यको योग्यताः** (१) सोह्र वर्ष उमेर पुगेका देहाय बमोजिमका योग्यता पुगेका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्ः

(क) संस्थाको कार्यक्षेत्रभित्र बसोवास गरिरहेको,

(ख) संस्थाको कम्तीमा एक शेयर खरीद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित सर्तहरू पालना गर्न मन्जुर गरेको,

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधन

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधन

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुरी भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको,

(च) कुनै पनि संघ वा संस्थाको कालोसूचीमा नपरेको,

(छ) साहूको दामासहीमा नपरेको व्यक्ति,

(ज) नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय भुक्तान गरेको तीन वर्ष पूरा नभएको व्यक्ति।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्रभित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका गैरनाफामूलक संस्था, उत्पादन र सेवामूलक संघ संस्था, उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्नेछैन।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्नेछैन।

२८. **सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले तिस दिनभित्र समितिले यस ऐन बमोजिम बनेको नियम तथा विनियमको अधीनमा रही तोकिएको दस्तुर लिई सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको आधार र कारण खोली सात दिनभित्र निवेदकलाई लिखित जानकारी सहितको सूचना दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तिस दिनभित्र त्यस्तो सूचनामा चित्त नबुझे सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपर रजिस्ट्रार समक्ष उजूर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा रजिस्ट्रारले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नका लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै आदेश प्राप्त भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी रजिस्ट्रारलाई दिनुपर्नेछ।

२९. **सदस्य हुन नपाउने:** (१) कुनै व्यक्ति ×............ को एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन पाउनेछैन।

तर यो ऐन प्रारम्भ हुनुभन्दा अघि कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले प्रचलित कानूनमा तोकिएको अवधिभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेश सरकारको निकाय वा दफा २७ को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गर्नुपर्नेछ।

तर यो ऐन प्रारम्भ हुनु भन्दा अघि दर्ता भएको स्वास्थ्य, शिक्षा सहकारी संस्थाको हकमा यो दफा लागु हुनेछैन।

३०. **सदस्य हुन सक्ने**: (१) दफा ४ बमोजिमको जिल्ला विषयगत सहकारी संघमा जिल्ला भित्रका विषयगत संस्थाहरू सदस्य हुन सक्नेछ।

(२) दफा ५ बमोजिमको जिल्ला सहकारी संघमा जिल्लाभित्रका संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन्।

(३) सबै प्रारम्भिक सहकारी संस्थाहरूले यो ऐन प्रारम्भ भएको ६ महिनाभित्रमा कम्तीमा पनि एउटा माथिल्लो विषयगत वा जिल्ला वा प्रदेश विषयगत वा प्रदेश सहकारी संघको सदस्यता अनिवार्य लिनुपर्नेछ।

(४) दफा ७ बमोजिमको प्रदेश सहकारी संघमा प्रदेश सहकारी रजिस्ट्रार समक्ष दर्ता भएका संस्था, जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र प्रदेश विषयगत सहकारी संघ सदस्य हुन सक्नेछन्।

(५) यस दफा बमोजिम सदस्यता लिने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

३१. **सदस्यताको समाप्ति:** (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) वार्षिक साधारण सभामा बिना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्वार उलङ्घन गरेको ठहरका आधारमा समितिले निष्काशन गरेमा,

× केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले झिकिएको

(घ) संस्थाको सदस्यको हकमा दफा २७ बमोजिमको योग्यता नभएमा,

(ङ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा,

(च) भ्रष्टाचारजन्य अपराध ठहरेमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले सहकारी संघ वा संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुनेछैन।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भईसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउने सकिने छैन।

(४) सदस्यको सदस्यता समाप्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **<u>सुविधा प्राप्त गर्न नसक्ने</u>:** कुनै सदस्यले सहकारी संघ वा संस्थालाई तिर्नु बुझाउनु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नु पर्ने व्यवस्थाको बारम्बार उल्लङ्घन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन तर सम्बन्धित संस्थाले त्यस्तो सुविधा प्राप्त गर्न नसक्ने कारण र आधार सहितको जानकारी त्यस्ता सदस्यलाई दिनुपर्नेछ।

## परिच्छेद-६

## <u>साधारण सभा, समिति तथा लेखा सुपरीवेक्षण समिति</u>

३३. **<u>साधारण सभा</u>:** (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा हुनेछ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुने छन्।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा।

३४. **<u>प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार</u>:** प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको संस्थाको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षकोलागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण आवश्यक संसोधन सहित अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भएबमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

३५. **वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन आवश्यक संशोधन सहित पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी आवश्यक निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्य गर्ने।

३६. **साधारण सभाको बैठकः** (१) समितिले सहकारी संघ वा संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ।

(३) समितिले देहायको अवस्थामा विशेष सधारण सभा बोलाउनु पर्नेछः

(क) दफा ४६ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ख) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेस गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(ग) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(घ) विशेष सधारण सभा बोलाउनु पर्ने कारण खुलाई पन्ध्र प्रतिशत सदस्यले समितिसमक्ष निवेदन दिएमा,

(ङ) दफा ३७ को उपदफा (१) बमोजिम रजिस्ट्रारले निर्देशन दिएमा,

(च) दफा ३९ को उपदफा (२) बमोजिम रजिस्ट्रारले आदेश दिएमा।

**३७. <u>विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने</u>:** (१) कुनै सहकारी संस्था वा संघको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजुरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा रजिस्ट्रारले त्यस्तो सहकारी संघ वा संस्थाको समितिलाई विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछन्:

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(ग) रजिस्ट्रार वा निजको अधिकार प्राप्त अधिकारीको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(घ) दफा ३९ को उपदफा (२) बमोजिम रजिस्ट्रारले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम बिशेष साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतिस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र विशेष साधारण सभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको निर्णय सहितको प्रतिवेदन रजिस्ट्रार समक्ष पेस गर्नुपर्नेछ।

(३) उपदफा (१) वा (२) मा उल्लेखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा सहकारी रजिस्ट्रारले त्यस्ता सहकारी संघ वा संस्थाहरूलाई तत्काल साधारण सभा सम्पन्न गर्न आदेश दिन सक्नेछ।

(४) सहकारी संस्थाको विशेष साधारण सभाको लागि गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ।

तर पहिलो पटक बोलाइएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिनभित्र दोश्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोश्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा बिशेष साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ।

(५) एक हजार पाँच सय वा सोभन्दा बढी सदस्य भएको संघ वा संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा वडामा सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको साधारण सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ।

**३८.** **<u>सञ्चालक समितिः</u>** (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ र त्यसरी प्रतिनिधित्व गराउदा समितिको पदाधिकारी भए कम्तीमा एक जना महिला रहने व्यवस्था गर्नुपर्नेछ।

(३) एकै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्नेछैन।

▽(३क) कुनै पनि व्यक्ति कुनै एक सहकारी संस्थाको सञ्चालक समितिको अध्यक्ष वा उपाध्यक्ष वा सचिव वा कोषाध्यक्ष वा लेखा समितिको संयोजक पदमा दुई कार्यकाल भन्दा बढी अवधिको लागि निर्वाचित हुने छैन।

(४) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संस्था बाहेक अर्को कुनै सहकारी संस्थाको सञ्चालक बन्न पाउनेछैन।

तर वार्षिक दुई करोड रुपैयाँ भन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्नेछैन। वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

कर्मचारी रहेको भए प्रचलित कानून बमोजिम त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ।

(५) कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ।

(७) संस्था वा संघको समितिको कार्यावधि चार वर्षको हुनेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **समितिको निर्वाचनः** (१) समितिले आफ्नो कार्यविधि समाप्त हुनअघि नै अर्को समितिको निर्वाचन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीन महिनाभित्र समितिको निर्वाचन गराउन रजिस्ट्रारले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रजिस्ट्रार वा रजिस्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दिएको आदेशमा सम्बन्धित समितिले त्यस्तो आदेश बमोजिमको समय अवधिभित्र समितिको निर्वाचन गराई रजिस्ट्रारलाई निर्वाचन सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा रजिस्ट्रारले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई ६ महिनाभित्र समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुर्याउनु सम्बन्धित संघ र समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण निर्वाचन खर्च सम्बन्धित सहकारी संस्थाबाट व्यहोरीनेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भएबमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ।

४०. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकार अलावा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सहकारीको मूल्य, मान्यता, सिद्धान्त र ऐन कानून बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासनिक कार्य गर्ने गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा ऐन नियम र विनियम बमोजिम विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाले गरेका निर्णयहरू नियमित कार्यान्वयन गर्ने गराउने,

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रम तर्जुमा गरी साधारण सभासमक्ष पेस गर्ने,

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी आवश्यक कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेसगर्ने,

(ञ) सहकारी संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार तथा व्यवसायको हितप्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने गराउने,

(ट) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

४१. **<u>सञ्चालक पदमा बहाल नरहने:</u>** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहालमा रहन सक्ने छैनः

(क) निजले दिएको राजिनामा स्वीकृत भएमा,

(ख) निजलाई दफा ४२ को उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज एकभन्दा बढी संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,

तर दफा ३८ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको विषयमा सोही बमोजिम हुनेछ,

(ङ) निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरीवेक्षण समितिको संयोजक र सदस्य पदमा रहेमा,

(च) निजको मृत्यु भएमा,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोग प्रमाणित भएमा।

**४२. <u>सञ्चालकलाई पदबाट हटाउन सक्नेः</u>** (१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछः

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएको ✂....... भएमा,

(ख) सम्बन्धित सहकारी संस्थाको कारोबारसम्बन्धी विषयको गोपनियता भंग गरेको भएमा,

(ग) सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेको भएमा,

(ङ) निज शारीरिक तथा मानसिकरुपमा कामगर्न नसक्ने अवस्था रहेमा,

(च) सञ्चालक हुनेको लागि यस ऐनअन्तर्गत बनेको नियम वा विनियममा उल्लेखित योग्यता नरहेमा,

(छ) कालोसूचीमा परेमा।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेस गर्न मनासिव माफिकको मौका दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेस नगरेमा वा निजले पेस गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउनेछैन।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा सधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ।

**४३. <u>निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन नहुनेः</u>** (१)सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुँदैन।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी सहकारी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन।

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट सहकारी संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट असूल उपर गरिनेछ।

४४. <u>**समितिको विघटनः**</u> (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः

(क) समितिको वदनियतपूर्ण कार्यबाट सहकारी संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सहकारी संस्थाले तिर्नु पर्ने दायित्व तोकिएको समयमा भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरीतको कार्य गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी र दायित्व पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीमा उल्लेखित सर्त वा रजिस्ट्रारले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले तत्काल नयाँ समितिको निर्वाचन नहुन्जेल सम्मको लागि संस्थाको व्यवसायिक कार्य बाहेकका दैनिक प्रशासनिक कार्य गर्न तीन सदस्यीय तदर्थ समिति गठन गर्नेछ र त्यस्तो तदर्थ समितिले बढीमा तीन महिनाभित्र साधारण सभा बोलाइ नयाँ समिति गठन गर्नुपर्नेछ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रजिस्ट्रार वा रजिस्ट्रारले तोकेको अधिकारीले दिएको निर्देशन पालन नगरेमा वा दफा ३७ को उपदफा (२) बमोजिम पेस भएको प्रतिवेदन समेतको आधारमा सहकारी रजिस्ट्रारले समितिलाई उजुरी वा निरीक्षणको आधारमा देखिएका विषय वस्तुको गाम्भीर्यताको आधारमा बढीमा ६ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन भएको मितिले तीन महिनाभित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन गर्न सहकारी रजिस्ट्रारले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ।

**४५. लेखा सुपरीवेक्षण समितिको गठनः** (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेको एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवारी बन्न र निर्वाचित हुन सक्नेछैन।

**४६. लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण गर्नेगराउने,

(ख) आन्तरिक लेखा परीक्षण गर्दा लेखा परीक्षणका आधारभूत सिद्धान्तहरूको पालना गर्नेगराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिको निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरीवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभासमक्ष पेस गर्ने,

(छ) आफूले पटक-पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापकरूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समितिसमक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने।

(२) लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउनेछैन।

## परिच्छेद-७

## बचत तथा ऋण परिचालन

४७. **सदस्यमा केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नुपर्ने:** (१) सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यहरूलाई मात्र ऋण प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनुअघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोबारको रुपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए ती संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्थाहरूको मुख्य कारोबार गर्न सक्नेछन्।

(३) सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा रजिस्ट्रारले अन्यथा तोकेकोमा बाहेक सेवा शुल्क र नविकरण शुल्क सम्बन्धित *संस्थाको कार्यविधीले तोकेबमोजिम हुनेछ।

(४) बचत तथा ऋणको ब्याजदरबीचको औषत अन्तर ६ प्रतिशतभन्दा बढी हुनेछैन

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइनेछैन।

(६) सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, संघीय सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैकले जारी गरेको ट्रेजरी बिलखरीद गर्न बाहेक अचलसम्पत्ति खरीद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनि वा कुनै बैंकको (राष्ट्रिय सहकारी बैंक बाहेक) शेयर खरीद वा अन्य कुनै प्रयोजनमा प्रयोग गर्नु हुदैंन।

(७) सहकारी संस्थाले प्राथमिक पुँजीकोषको पन्ध्र गुणासम्म बचत संकलन गर्न सक्नेछ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि "प्राथमिक पूंजी कोष" भन्नालेशेयर पूंजी र जगेडा कोष सम्झनु पर्छ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

(८) संस्था वा संघले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सकिनेछैन।

४८. **सन्दर्भ ब्याजदरसम्बन्धी व्यवस्था तोक्न सक्नेः** (१) बचत तथा ऋणको सन्दर्भ ब्याजदर संघीय सहकारी ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ।

□४९. **व्यक्तिगत बचत तथा ऋणको सीमाः** (१) सहकारी संस्थामा व्यक्तिगत बचतको सीमा सम्बन्धित सहकारी संस्थाको प्राथमिक पुँजी कोषको दश प्रतिशत भन्दा बढी हुने छैन।

(२) सहकारी संस्थाको सदस्यलाई प्राथमिक पुँजी कोषको पन्ध्र प्रतिशत भन्दा बढी रकम ऋण प्रवाह गर्न सकिने छैन।

(३) उपदफा (१) बमोजिमको व्यक्तिगत बचतको सीमा प्रचलित कानून बमोजिम हेरफेर भएमा सोही बमोजिम हुनेछ।

▽४९क. **स्रोत खुलाउनु पर्नेः** (१) सदस्यले सहकारी संस्थामा दश लाख रुपैँया भन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रुपमा त्यस्तो रकमको स्रोत खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सदस्यले स्रोत नखुलाएको बचत रकम सहकारी संस्थाले स्वीकार गर्ने छैन।

## परिच्छेद-८

## आर्थिक स्रोत परिचालन

५०. **शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पुँजीको बिस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्नेछैन।

तर नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा भने यो बन्देज लागु हुनेछैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय सहकारी बैंकले आफ्नो शेयर सदस्यका अतिरिक्त संघीय सरकार वा प्रदेश सरकारको पूर्ण वा

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागु हुनेछैन।

(४) सहकारी संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैया हुनेछ।

(५) सहकारी संस्थाको शेयर पुँजी विनियममा उल्लेख भएबमोजिम हुनेछ।

(६) सहकारी संस्थाले खुल्ला बजारमा शेयर बिक्री गर्न पाउनेछैन।

(७) सहकारी संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही सहकारी संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व बापत लिलाम बिक्री गरिनेछैन।

५१. **<u>रकम फिर्ता तथा खाता सञ्चालनसम्बन्धी व्यवस्थाः</u>** (१) कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ।

(२) कुनै सदस्यले सहकारी संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ।

(३) सहकारी संस्थाले सबै प्रकारका बचत खाताहरू सञ्चालन गर्न सक्नेछ।

५२. **<u>ऋण वा अनुदान लिन सक्नेः</u>** (१) सहकारी संस्थाले स्वदेशी वा विदेशी बैंक वा संस्था संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा साझेदारीमा काम गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बैंक वा दातृ निकायबाट ऋण वा अनुदान लिनुअघि सम्बन्धित प्रदेश सरकारको सिफारिसमा प्रचलित कानून बमोजिम संस्थाले संघीय सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

(३) प्रदेश सरकारले तोकिए बमोजिमका आधार र मापदण्ड बमोजिम सहकारी संघ संस्थाहरूलाई अनुदान दिन सक्नेछ।

(४) कुनै सहकारी संस्थाले प्राप्त गरेको सहकारी अनुदान वा कुनै सेवा सुविधाको दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बांकी सरह असुल उपर गरिनेछ।

५३. **<u>संघीय सरकारको सुरक्षण प्राप्त गर्न सक्नेः</u>** (१) सहकारी संस्थाले विदेशी बैङ्क वा निकायसंग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा त्यसको लागि प्रदेश सरकार मार्फत सङ्घीय कानून बमोजिम संघीय सरकारको स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षण प्रदान गर्दा संघीय सरकारले आवश्यक सर्त तोक्न सक्नेछ।

## परिच्छेद-९

## सहकारी संस्थाको कोषको स्रोत

**५४. सहकारी संस्थाको कोषको स्रोतः** (१) सहकारी संस्थाको कोषको स्रोतमा देहाय बमोजिमको रकम रहनेछः

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) संघीय सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(च) विदेशी सरकार वा अन्तराष्ट्रिय संघ, संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क।

(२) उपदफा (१) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रदेश सरकारको सिफारिसमा प्रचलित कानून बमोजिम संघीय सरकारको स्वीकृति लिनुपर्नेछ।

**५५. जगेडा कोषः** (१) सहकारी संस्थामा एक जगेडा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्;

(क) आर्थिक वर्षको खूद बचत रकमको कम्तीमा पच्चिस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पुँजीगत अनुदान रकम,

(ग) जगेडाकोषको स्रोतबाट खरीद गरेका वा पुँजीगत लाभबाट प्राप्त भएको स्थिरसम्पत्ति बिक्रीबाट प्राप्त रकम,

तर स्थिर सम्पत्ति खरीद गर्नका लागि शेयरकै प्रयोग गर्नुपर्ने उत्पादनमूलक सहकारी संघ संस्था, उद्योग, विशिष्टिकृत संघहरूको स्थिर सम्पत्ति वा दफा ६६ को उपदफा ६ बमोजिम धितो लिलामीको प्रक्रियाबाट प्राप्त हुने

स्थिर सम्पत्ति बिक्रीको रकम यस कोषमा राख्न बाध्य हुनेछैन।

(घ) अन्य स्रोतबाट प्राप्त रकममध्ये समितिले तोकेबमोजिमको रकम।

(३) उपदफा (१) बमोजिमको कोषको रकम अविभाज्य हुनेछ।

**५६. संरक्षित पुँजी फिर्ता कोषः** (१) सहकारी संस्थामा एक संरक्षित पुँजी फिर्ता कोष रहने छ।

(२) दफा (५५) बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चिस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको तोकिए बमोजिमको वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

**५७. सहकारी प्रवर्द्धन कोषः** (१) सहकारी संस्थामा एक सहकारी प्रवर्द्धन कोष रहनेछ।

(२) सहकारी संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ५५ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शुन्य दशमलव पाँच प्रतिशत हुन आउने रकम संघीय सहकारी ऐनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोषमा जम्मा गर्नुपर्नेछ।

**५८. अन्य कोषसम्बन्धी व्यवस्थाः** (१) दफा ५५, ५६ र ५७ मा उल्लिखित कोषका अतिरिक्त सहकारी संस्थामा तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको कोषको रकम शेयर लाभांश वितरण लगायत कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सक्नेछन्।

तर एक वर्षको शेयर लाभांशको रकम □शेयर पुँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुनेछैन।

✂(३)....................

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

## परिच्छेद-१०

## अभिलेख र सूचना

५९. **अभिलेख राख्नुपर्नेः** (१) सहकारी संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरीवेक्षण समिति बैठकको निर्णय तथा काम कारबाहीको अध्यावधिक अभिलेख सुरक्षितसाथ राख्नु पर्नेछ।

(२) सहकारी संस्थाले आफूले गरेको सम्पूर्ण कारोबारहरूको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ।

६०. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायको विवरणहरू सहितको प्रतिवेदन साधारण सभा सम्पन्न भएको मितिले तिस दिनभित्र सहकारी रजिस्ट्रार समक्ष पेस गर्नु पर्नेछः

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) वार्षिक कार्यक्रम, नीति तथा योजना,

(ग) खूद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम, ठेगाना सहितको तीनपुस्ते विवरण तथा बाँकी कार्य अवधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयर पुँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रकम,

(ज) विभिन्न कोषहरूको नाम र त्यहाँ कोषमा जम्मा रहेको रकम,

(झ) वार्षिक लगानी गर्ने ऋणको अधिकतम सीमा,

(ञ) सहकारी रजिस्ट्रारले समय-समयमा तोकिदिएको अन्य विवरण।

## परिच्छेद-११

## लेखा र लेखापरीक्षण

६१. **कारोबारको लेखाः** सहकारी संघ वा संस्थाको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यर्थाथ स्थिति स्पष्टरुपमा देखिने गरी प्रचलित कानून बमोजिमको लेखामान (एकाउन्टिङ स्टान्डर्ड) र यस ऐनबमोजिम पालना गर्नुपर्ने अन्य सर्त मापदण्ड र प्रक्रिया बमोजिम राख्नु पर्नेछ।

६२. **लेखापरीक्षणः** (१) सहकारी संघ वा संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै सहकारी संस्थाले लेखा परीक्षण नगराएको पाइएमा त्यस्तो संस्थालाई पहिलो पटकलाई सचेत गराइ थप एक महिनाभित्र लेखापरीक्षण गराउन रजिस्ट्रार वा तोकिएको अधिकारीले निर्देशन दिन सक्नेछ। ✂..........................

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभासमक्ष पेस गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम पेस भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ६३ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ।

६३. **लेखापरीक्षकको नियुक्तिः** (१) सहकारी संघ वा संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरूको सूचीमध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्ष भन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन र त्यस्तो लेखापरीक्षक नियुक्तिको जानकारी सहकारी रजिस्ट्रार वा तोकिएको अधिकारीलाई पन्ध्र दिनभित्र दिनु पर्दछ।

(४) लेखापरीक्षण गर्न नियुक्त लेखा परीक्षक दफा ६४(३) बमोजिम अयोग्य भएमा वा निजको मृत्यु वा अन्य कारणले लेखा परीक्षण कार्य गर्न सम्भव नभएको कुरा पुष्टि हुने आधार र कारण खोली आगामी साधारण सभाबाट अनुमोदन गर्ने सञ्चालक समितिले रोष्टरमा भएका नामावलीको क्रमका आधारमा अर्को लेखापरीक्षकबाट लेखापरीक्षण सम्पन्न गराउन सक्नेछ। त्यसरी लेखा लेखापरीक्षण गराएको जानकारी रजिस्ट्रार कार्यालयलाई दिनु पर्नेछ।

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

६४. **लेखापरीक्षकमा नियुक्त हुन नसक्ने:** (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भइसकेको भए सो पदमा बहाल रहन सक्नेछैनः

(क) सम्बन्धित प्रदेशका सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित सहकारी संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसुरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहरी सजाय भुक्तान भएको पाँच वर्ष अवधि पूरा नभएको,

(छ) दफा ६३ को उपदफा (३) बमोजिमको व्यक्ति, फर्म वा कम्पनी,

(ज) सम्बन्धित सहकारी संस्था वा संघसँग स्वार्थ बाझिएको व्यक्ति।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुरा सहकारी संस्थालाई लिखितरूपमा जानकारी गराउनु पर्नेछ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा सहकारी संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नुपर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रूपमा सहकारी संस्थालाई दिनुपर्नेछ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुनेछैन।

## परिच्छेद-१२

## छुट, सुविधा र सहुलियत

६५. **छुट, सुविधा र सहुलियतः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संघ वा संस्थालाई देहाय बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्त हुनेछः

(क) सहकारी संघ वा संस्थाले अचल सम्पत्ति बाहेक कारोबार सम्बन्धी कुनै लिखत रजिष्ट्रेशन गर्नु, गराउनु पर्ने छैन।

(ख) सहकारी संघ वा संस्थाले जगेडा कोष वा घरजग्गा कोषको रकमबाट आफ्नो कार्यालय तथा सेवा केन्द्रको भवन

निर्माणका लागि आवश्यक पर्ने जग्गा जमिन लगायतका अचल सम्पत्ति खरीद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन र त्यस्तो अचल सम्पत्ति खरीद गर्नुको कारण औचित्य समेत उल्लेख गरी साधारण सभाबाट निर्णय भएको हुनुपर्नेछ।

तर,

(१) व्यवसायिक प्रयोजनका लागि जग्गा जमिन लगायतका अचल सम्पत्ति खरीद गर्दा प्रचलित कानून बमोजिम आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्नेछ।

(२) रजिष्ट्रेशन दस्तुर छुट प्राप्त गरी खरीद गरिएको जग्गा जमिन लगायतका अचल सम्पत्ति प्रयोग नगरी बिक्री गरेमा सो बापत छुट पाएको रजिष्ट्रेशन दस्तुर फिर्ता गर्नुपर्नेछ।

(ग) सहकारी संघ वा संस्थाले ऋण लगानी गर्दा वा जमानत बापत राखेको जग्गा दृष्टिबन्धक पारित गर्दा कुनै पनि शुल्क लाग्नेछैन।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले दफा ५५ को उपदफा (२) को खण्ड (क) बमोजिम जगेडा कोष छुट्याएको रकम, दफा ५६ को उपदफा (२) बमोजिम संरक्षित पुँजी फिर्ता कोष र दफा ५७ को उपदफा (२) बमोजिम सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकममा आयकर लाग्नेछैन।

तर संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यले प्राप्त गरेको रकममा सदस्यको कर दायित्वका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

(३) प्रदेश सरकारको अनुरोधमा संघीय सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सहकारी संस्थाले आफ्नो प्रयोगका लागि आयात गरिने मेशिनरी, औद्योगिक तथा कृषियन्त्र, उपकरण, पार्टपूर्जा, कच्चा पदार्थ तथा ढुवानीका साधनहरूमा लाग्ने भन्सार महशुल वा मूल्य अभिबृद्धि कर प्रचलित कानून बमोजिम छुट दिन सक्नेछ।

(४) प्रदेश सरकारको अनुरोधमा संघीय सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सहकारी संघ वा संस्थाले उत्पादन गरेको मालसामानमा लाग्ने अन्तशुल्क वा मूल्य अभिबृद्धि कर प्रचलित कानून बमोजिम आंशिक वा पूरै छुट दिन सक्नेछ।

(५) संघीय सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सहकारी संघ वा संस्थाले उत्पादन गरेको वस्तु निकासी गर्दा त्यस्तो वस्तुमा लाग्ने निकासी कर छुट र उद्योगलाई दिए सरह प्रचलित कानून बमोजिम निकासी नगद अनुदान दिन सक्नेछ।

(६) यस दफामा उल्लेखित छुटका अतिरिक्त औद्योगिक व्यवसाय गर्ने सहकारी संघ वा संस्थालाई प्रचलित कानून बमोजिम उद्योगले पाए सरहको र पूर्वाधार संरचना निर्माण तथा सञ्चालन वा विशेष उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम त्यस्तो उद्योग, व्यवसाय वा सेवाले पाए सरहको छुट, सुविधा र संरक्षण समेत प्राप्त हुनेछ।

(७) संघीय सरकार, प्रदेश सरकारले विपन्न ग्रामीण महिला, अपांगता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसंख्यक जनजाति समेतका सीमान्तकृत उद्योगधन्दा प्रवर्द्धन गर्न प्रचलित कानून बमोजिम लाग्ने जुनसुकै कर आंशिक वा पुरै छुट दिन, बिउ पुँजी, लागत सहभागिता अनुदान, सहुलियतपूर्ण ऋण लगायतको विशेष वित्तीय सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्नेछ।

(८) रुग्ण सार्वजनिक वा निजी उद्योग सहकारीकरण गरी श्रमिकहरूले आफ्नै स्वामित्वमा पुनःसञ्चालन गर्न चाहेमा प्रदेश सरकारले उद्योगको प्रकृति हेरी मनासिव अनुपातमा बीउपुँजी, अनुदान, ऋण वा सहुलियतपूर्ण ऋण कायम गरी स्वामित्व हस्तान्तरण गर्न वा नीजि स्वामित्वको हस्तान्तरणमा कर छुट, जमानत वा उपयुक्त सहयोग गरी प्रोत्साहन दिन सक्नेछ। त्यसरी कर, छुट, जमानत वा उपयुक्त सहयोग गर्दा त्यसको आधार र कारण उद्देश्य खोली निर्णय गर्नुपर्नेछ।

(९) यस दफा बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्ति सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१३

## ऋण असूली तथा बाँकी बक्यौता

६६. **ऋण असूल गर्ने:** (१) कुनै सदस्यले सहकारी संघ वा संस्थासंग गरेको ऋण सम्झौता वा सर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको साँवा, व्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्झौता बमोजिमको काममा नलगाई दुरुपयोग गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सक्नेछ।

(२) कुनै सदस्यले सहकारी संघ वा संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूलउपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूलउपर गर्न सकिनेछ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जाना असूलउपर गर्दा लागेको खर्चको रकम तथा असुलउपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी रहन आएको रकम सम्बन्धित ऋणीलाइ एक महिनाभित्र फिर्ता दिनुपर्नेछ।

(५) यस दफा बमोजिम कुनै सहकारी संघ वा संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने ब्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिला खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउने छ र सम्बन्धित कार्यालयले पनि तत्काल सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनुपर्नेछ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिला खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम तत्काल रजिष्ट्रेशन वा दाखिला खारेज गरी दिनुपर्नेछ।

(८) ऋण असूली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६७. **<u>कालोसूची सम्बन्धी व्यवस्था:</u>** (१) सहकारी संघ वा संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखाभित्र ऋणको साँवा ब्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित पटक-पटक ताकेता गर्दा पनि अटेर गर्नेको विवरण सार्वजनिक रुपमा कालोसूचीको रुपमा प्रकाशन गर्न सक्नेछ।

(२) कालोसूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६८. **बाँकी बक्यौता असूल उपर गर्ने:** कसैले सहकारी संघ वा संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत सहकारी संस्थाले त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गरी लिन सक्नेछ।

६९. **रोक्का राख्न लेखी पठाउने:** (१) सहकारी संघ वा संस्थाले दफा ६६ र ६८ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता एवं जायजेथाको स्वामित्व हस्तान्तरण नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता एवं जायजेथाको स्वामित्व हस्तान्तरण नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनुपर्नेछ।

७०. **अग्राधिकार रहने:** कुनै व्यक्तिले सहकारी संघ वा संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै दावी भए त्यसको लागि रकम छुट्याई बाँकी रहन आएको रकममा सहकारी संस्थाको अग्राधिकार रहनेछ।

७१. **कारबाही गर्न बाधा नपर्ने:** कुनै सहकारी संघ वा संस्थाले ऋण असूली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारबाही चलाउन रोक लगाएको मानिने छैन।

## परिच्छेद-१४

## एकीकरण, विघटन तथा दर्ता खारेज

७२. **एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था:** (१) यस ऐनको अधीनमा रही ✂.......... दुई वा सो भन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभिई एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाका कूल कायम रहेको सदस्य संख्याको बहुमतबाट निर्णय हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्नेनिर्णय गर्दा एकीकरण वा विभाजनका उद्देश्य सर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

(४) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

७३. **<u>विघटन र दर्ता खारेज</u>**: (१) कुनै सहकारी संघ वा संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाई बहुमत सदस्यको निर्णयबाट त्यस्तो सहकारी संघ वा संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले सहकारी रजिस्ट्रार समक्ष निवेदन दिन सक्नेछः

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) संस्थामा आवद्ध सदस्यको हित गर्न नसक्ने भएमा।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन छानविन गर्दा त्यस्तो सहकारी संस्थाको विघटन गर्न उपयुक्त देखिएमा रजिस्ट्रारबाट त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि <u>✎रजिस्ट्रार वा रजिस्ट्रारबाट अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता र खारेज गर्न सक्नेछ</u>:-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा।

(४) उपदफा (३) बमोजिम दर्ता खारेज गर्नुअघि समितिले त्यस्तो सहकारी संघ वा संस्थालाई सफाई पेस गर्नका लागि पन्ध्र दिनको समयावधि दिनु पर्नेछ र त्यस्तो सफाई पेस भएपछि एक महिनाभित्र ✎ <u>रजिस्ट्रार वा रजिस्ट्रारबाट अधिकार प्राप्त अधिकारीले</u> आवश्यक निर्णय गर्नेछ।

(५) उपदफा (२) वा (३) बमोजिम सहकारी संघ वा संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संघ वा संस्था विघटन भएको मानिनेछ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि ✎<u>रजिस्ट्रार वा रजिस्ट्रारबाट अधिकार प्राप्त अधिकारीले</u> संघीय सरकार तथा प्रदेश सरकारले तोकेको सीमाभन्दा बढी रकम अनुदान प्राप्त गरेको संघ वा संस्थाको दर्ता खारेज गर्नुअघि सहकारी विषय हेर्ने प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित

(७) उपदफा (२) वा (३) बमोजिम कुनै सहकारी संघ वा संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संघ वा संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ।

७४. **<u>लिक्वीडेटरको नियुक्तिः</u>** (१) दफा ७३ बमोजिम कुनै सहकारी संघ वा संस्थाको दर्ता खारेज भएमा रजिस्ट्रारले लिक्वीडेटर नियुक्त गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी सम्बन्धी प्रचलित कानूनमा तोकिएको सीमासम्मको सम्पत्ति भएको सहकारी संघ वा संस्थाको हकमा रजिस्ट्रारले कुनै अधिकृतस्तरको कर्मचारीलाई लिक्वीडेटर नियुक्त गर्न सक्नेछ।

(३) लिक्वीडेटर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७५. **<u>लिक्यूडेशन पछिको सम्पत्तिको उपयोग</u>ः** कुनै सहकारी संघ वा संस्थाको लिक्यूडेशन पश्चात सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-१५

## <u>रजिस्ट्रार</u>

७६. **<u>रजिस्ट्रार</u>ः** प्रदेश सरकारले प्रदेश निजामती सेवाको अधिकृत नवौं/दशौं तह वा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत कर्मचारीलाई प्रदेश सहकारी रजिस्ट्रार कार्यालयको प्रमुखको रुपमा कार्य गर्ने गरी तोक्नेछ।

७७. **<u>काम, कर्तव्य र अधिकार</u>ः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त सहकारी रजिस्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सहकारी संस्था र संघको दर्ता र अध्यावधिक गर्ने,

(ख) सहकारी संस्था संघको साधारण सभा ठीक समयमा ठीक ढंगले भए नभएको अनुगमन गर्ने,

(ग) संघ संस्थाको लेखा परीक्षण कानूनबमोजिम भए/नभएको अनुगमन गर्ने,

(घ) सहकारी मूल्य मान्यता सिद्धान्त तथा ऐन नियम बमोजिम सञ्चालन भए/नभएको नियमित अनुगमन गर्ने,

(ङ) आफूमा रहेको सहकारी संघ, संस्था दर्ता, खारेजी र लिक्विडेसन लगायतको अधिकार आवस्यकतानुसार अन्य अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्ने,

(च) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

## परिच्छेद -१६

## निरीक्षण तथा अनुगमन

७८. **निरीक्षण तथा हिसाव किताव जाँच गर्ने:** (१) रजिस्ट्रारले प्रदेशभित्र रहेको सहकारी संघ वा संस्थाको जुनसुकै बखत निरीक्षण तथा हिसाव जाँच गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा वा हिसाव जाँच गर्दा रजिस्ट्रारले माग गरेको जानकारी सम्बन्धित संघ वा संस्थाले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जांच गर्दा कुनै सहकारी संघ वा संस्थाको काम कारबाही यो ऐन, यस ऐनअन्तर्गत बनेका नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम नभएको पाइएमा रजिस्ट्रारले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संघ वा संस्थाको कर्तव्य हुनेछ।

७९. **छानविन गर्न सक्ने :** (१) कुनै सहकारी संघ वा संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको सो संघ वा संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा रजिस्ट्रारले त्यस्तो संस्थाको छानविन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित सहकारी संघ वा संस्थालाई लिखित रुपमा दिनुपर्नेछ।

(४) छानविन पश्चात त्यस्तो संघ वा संस्थालाई सम्बन्धित अधिकारीले निर्देशन दिनुपर्ने देखिए रजिस्ट्रार समक्ष प्रतिवेदन बुझाउनु पर्नेछ।

८०. **बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था:** (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघले अवलम्बन गर्ने अनुगमन प्रणाली तोकिए बमोजिम हुनेछ।

(२) रजिस्ट्रारले बचत तथा ऋणको कारोबार गर्ने संघ वा संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ।

(३) उपदफा (२) बमोजिम संघ वा संस्थाको निरीक्षण तथा अनुगमन गर्दा रजिस्ट्रारले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक लगायत अन्य निकायको सहयोग लिन सक्नेछ।

८१. **मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्ने:** (१) रजिस्ट्रारबाट कुनै सहकारी संघ वा संस्थाको निरीक्षण वा अनुगमन नभएको वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकोले

संघ संस्था र सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै श्रोतबाट जानकारी हुन आएमा सम्बन्धित मन्त्रालयले त्यस्तो संस्थाको निरीक्षण तथा अनुगमन गरी सम्बन्धित सहकारी संघ वा संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सहकारी संघ वा संस्थाको र रजिस्ट्रारको कर्तव्य हुनेछ।

(३) मन्त्रालयले यस दफा बमोजिम मन्त्रालयबाट भएको निरीक्षण तथा अनुगमन र दिइएको निर्देशनको सम्बन्धमा रजिस्ट्रारलाई समेत जानकारी दिनुपर्नेछ।

८२. **<u>संघले निरीक्षण तथा अनुगमन गर्नुपर्नेः</u>** (१) संघले आफ्ना सदस्यको काम कारबाही तोकिए बमोजिम निरीक्षण तथा अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित प्रदेश सहकारी रजिस्ट्रार कार्यालयमा पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू समावेश गर्नुपर्नेछः

(क) अनुगमन गरेको संस्था संघको विवरण,

(ख) संस्था वा संघमा यो ऐन र यो ऐन अनुसार बनेको नियम र विनियमको पालनाको अवस्था,

(ग) सदस्यहरूले प्राप्त गरेको सेवा सुविधाको विवरण,

(घ) सदस्यहरूको सहभागिताको स्तर,

(ङ) संस्थाको आर्थिक तथा वित्तीय अवस्था तथा कोषको परिचालन,

(च) तोकिए बमोजिमका अन्य व्यवस्था।

(३) उपदफा (२) बमोजिम संघले अनुगमन गर्दा आफू मातहतका कुनै संस्था वा संघको काम कारबाहीमा कुनै त्रुटी फेला परेमा त्यस्तो त्रुटी सच्याउन सम्बन्धित संस्था वा संघलाई सुझाव वा निर्देशन दिन सक्नेछ र त्यस्तो सुझाव वा निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा संघको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशनको पालना नभएमा रजिस्ट्रार वा अधिकार प्राप्त अधिकारी समक्ष कारबाहीका लागि सिफारिस गर्नेछ।

(५) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशन सम्बन्धित संघको वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ।

८३. **<u>वार्षिक प्रतिवेदन पेस गर्नुपर्नेः</u>** (१) रजिस्ट्रारबाट आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संघ वा संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायको विवरण खुलाउनु पर्नेछः

(क) सञ्चालनमा रहेका सहकारी संघ वा संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संघ वा संस्थाको संख्या तथा आर्थिक कारोबारको विवरण,

(ग) सहकारी संघ वा संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि पालानाको अवस्था,

(घ) संस्थाको सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) सहकारी संघ वा संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर र अनुपात,

(च) सहकारी संघ वा संस्थालाई प्रचलित कानून बमोजिम प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगको अवस्था,

(छ) सहकारी संघ वा संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) सहकारी संघ वा संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) सहकारी संघ संस्था, सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) सहकारी संस्थामा रहेको कोषको विवरण,

(ट) संरक्षित पुँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संघ वा संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संघ वा संस्थाले सञ्चालन गरेको दफा १९ बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण।

## परिच्छेद -१७

## समस्याग्रस्त संघ वा संस्था सम्बन्धी व्यवस्था

८४. **संघ वा संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिनेः** (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्था वा संघमा देहायको अवस्था

विद्यमान रहेको देखिएमा सहकारी रजिस्ट्रारले त्यस्तो संघ वा संस्थालाई समस्याग्रस्त संघ वा संस्थाको रूपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछः

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा संघले पूरा गर्नु पर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नु पर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित सर्तबमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था वा संघ सञ्चालन भएको,

(ङ) संस्था वा संघ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाइ भोगिरहेको,

(च) कुनै संघ वा संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संघ वा संस्थाका कम्तीमा पच्चिस जना सदस्यहरूले सहकारी रजिस्ट्रार समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि

(छ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको।

(२) उपदफा (१) बमोजिमको शिफारिस प्राप्त भएमा त्यस्तो संघ वा संस्थालाई मन्त्रालयले समस्याग्रस्त संघ वा संस्था घोषणा गर्न सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचिलत कानून बमोजिम प्रदेश सरकारले गठन गरेको समितिले कुनै संघ वा संस्थालाई समस्याग्रस्त संघ वा संस्था घोषणा गर्न शिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजूरी संख्या, औचित्य समेतको आधारमा मन्त्रालयले त्यस्तो संघ वा संस्थालाई समस्याग्रस्त संघ वा संस्था घोषणा गर्न सक्नेछ र त्यस्तो घोषणा भएको संघ संस्था सम्बन्धी अन्य कार्य यस ऐन बमोजिम समितिले गर्नेछ।

## परिच्छेद–१८

## कसुर, दण्ड जरिबाना तथा पुनराबेदन

**८५. कसुर गरेको मानिने:** (१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो

शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रबाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनैपनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएकोभन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋणअसूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संघ वा संस्थाको शेयर वा बचत रकम आफूखुशी परिचालन गरी संघ वा संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेस गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वाऋण हिनामिना गरेमा,

(ज) संघ वा संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिए वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिए वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिए वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेखे वा अर्को भिन्नै श्रेस्ता राखे जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले कम ,बढी वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैरकानूनी लाभ वा हानीपुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संघ वा संस्था सोको सदस्य वा बचतकर्ता वा तीमध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा।

८६. **असल नियतले गरेको कामको बचाउः** (१) यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा निर्देशिका बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्वन्धमा मन्त्रालय वा विभाग वा सहकारी सङ्घ संस्थाहरूको पदाधिकारी वा कर्मचारी व्यक्तिगत वा सामुहिक रुपले जवाफदेही हुने छैन तर असल नियतले गरेको काम हो होइन भन्ने सम्बन्धी उजुरी समिति समक्ष कसैले दिन सक्नेछ र सो सम्बन्धी निर्णय तोकिए बमोजिम समितिले गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रक्रिया पूरा नगरी र बदनियत साथ गरिएको कार्यको कुनै बचाउ हुनेछैन।

८७. **सजायः** (१) कसैले दफा ८५ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसूरमा एक बर्षसम्म कैद र एक लाख रुपैंयासम्म जरिबाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई बर्षसम्म कैद र दुई लाख रुपैंयासम्म जरिबाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिबाना गरी तीन बर्षसम्म कैद,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा विगो भराई विगो बमोजिम जरिबाना गरी देहाय बमोजिमको कैद हुनेछः

(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्ष देखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए चार वर्ष देखि ६ वर्षसम्म कैद,

(५) दश करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्ष देखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढीजतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्ष देखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश बर्षसम्म कैद।

(२) दफा ८५ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(३) दफा ८५ कोकसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई सजाय हुनेछ।

८८. **<u>जरिबाना हुनेः</u>** (१) दफा ९२ बमोजिम कसैको उजूरी परी संघ वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा सहकारी रजिस्ट्रारले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैंयासम्म जरिबाना गर्नेछः

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदरबीचको अन्तर ६ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पुँजीकोषको तोकिएबमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पुँजी कोषको पन्ध्र गुणाभन्दा बढीहुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पुँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसंग कारोबार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको सहकारी रजिस्ट्रारले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछः

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम दिएको कुनै निर्देशन वा तोकिएकोमापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमदिनुपर्ने कुनै विवरण, कागजात, प्रतिबेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐनबमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू आफू खुशी परिवर्तन गरेमा

(घ) कुनै संस्थाले यस ऐनबमोजिम तोकिएको सर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिबाना गर्नु अघि सहकारी रजिस्ट्रारले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेस गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ।

८९. **<u>रोक्का राख्ने:</u>** (१) सहकारी रजिस्ट्रारले सम्बन्धित संस्थालाई दफा ८८ बमोजिम जरिबाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी सहकारी रजिस्ट्रारले दिनुपर्नेछ।

९०. **<u>दोब्बर जरिबाना हुने:</u>** (१) दफा ८८ बमोजिम जरिबाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई सहकारी रजिस्ट्रारले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिबाना गर्नेछ।

९१. **<u>अनुसन्धानको लागि लेखी पठाउन सक्ने:</u>** सहकारी रजिस्ट्रारले वा नेपाल राष्ट्र बैङ्कले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ८५ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

९२. **<u>मुद्दा हेर्ने अधिकारी:</u>** दफा ८७ बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा सम्बन्धित जिल्ला अदालतबाट हुनेछ।

९३. **<u>उजूरी दिने हदम्याद:</u>** (१) कसैले दफा ८७ बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले साठी दिनभित्र सहकारी रजिस्ट्रार समक्ष सूचना दिनु पर्नेछ र त्यस्तो सूचना पाउनसाथ रजिस्ट्रारले कानून बमोजिमको निकायमा लेखि पठाउनु पर्नेछ।

(२) कसैले दफा ८८ बमोजिम जरिबाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र रजिस्ट्रार समक्ष उजूरी दिनुपर्नेछ।

९४. **<u>पुनरावेदन गर्न सक्ने:</u>** (१) यस ऐन बमोजिम सहकारी रजिस्ट्रारको आदेश वा निर्णयउपर चित्त नबुझेमा सो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र प्रदेश सहकारी मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ।

**९५.** **<u>असूल उपर गरिनेः</u>** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नुपर्ने जरिबाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिबाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

**९६.** **<u>व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः</u>** ✎(१) यस ऐन बमोजिम कुनै संस्था वा संघलाई समस्या ग्रस्त संस्था वा संघको रूपमा घोषणा गरिएकोमा त्यस्तो संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न प्रदेश सरकारले देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने गरी एक व्यवस्थापन समितिको गठन गर्न सक्नेछ।

| | |
|---|---|
| (क) कानुनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको कानुनविद् मध्येबाट प्रदेश सरकारले नियुक्त गरेको व्यक्ती | -अध्यक्ष |
| (ख) सहकारी क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरू मध्येबाट प्रदेश सहकारी संघले तोकेको एक जना व्यक्ति | -सदस्य |
| (ग) प्रशासन वा सुरक्षा वा अनुसन्धानका क्षेत्रमा कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरू मध्येबाट प्रदेश सरकारबाट मनोनीत एक जना व्यक्ति | -सदस्य |
| (घ) लेखा विशेषज्ञहरू मध्येबाट प्रदेश सरकारले मनोनीत गरेको एक जना व्यक्ति | - सदस्य |
| □ (ङ) मन्त्रालयको सहकारी विषय हेर्ने महाशाखा प्रमुख | - सदस्य सचिव |

(२) व्यवस्थापन समितिका ✎<u>सदस्य सचिव बाहेक</u> नियुक्त सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र प्रदेश सरकारले आवश्यकता अनुसार निजहरूको पदावधि दुई वर्ष थप गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिको *<u>अध्यक्ष तथा</u> सदस्यको कार्य सम्पादन सन्तोषजनक नरहेमा प्रदेश

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित

□केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले संशोधित

सरकारले निजलाई पदबाट हटाउन सक्नेछ र त्यसरी रिक्त पदमा थप अवधीको लागि सदस्यको रिक्त पद पूर्ति गर्नेछ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापन समितिको *अध्यक्ष तथा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिब मौका दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम रिक्त हुन आएको व्यवस्थापन समितिको कुनै पदमा प्रदेश सरकारले उपदफा (१) को अधीनमा रही पूर्ति गर्नेछ।

(६) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

९७. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**: व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समस्याग्रस्त संघ वा संस्थाको साधारण सभा, समिति तथा लेखा सुपरीवेक्षण समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

(ख) समस्याग्रस्त संघ वा संस्थाका समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्था कम्पनीका कर्मचारी, सम्वद्ध तथ्यको जानकारी भएका वा मिलोमतोबाट कारोबार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेस गर्न लगाउने,

(ग) समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति तथा दायित्वको यकिन विवरण र तथ्याङ्क सङ्कलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्याङ्कन गर्ने,

(घ) समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति जिम्मा लिने,

(ङ) समस्याग्रस्त संघ वा संस्थाको काम कारबाही सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

(च) समस्याग्रस्त संघ वा संस्थाले असूल गर्नु पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिमको प्रक्रिया अवलम्बन गरी असूल गर्ने,

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

(छ) समस्याग्रस्त संघ वा संस्थाको धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम लिलाम बिक्री गर्ने,

(ज) समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति बिक्री गर्ने, उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

(झ) समस्याग्रस्त संघ वा संस्थाका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने,

(ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने,

(ट) समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लिक्वीडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने,

(ठ) समस्याग्रस्त संघ वा संस्थाको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत पूरै वा आंशिक रुपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पत्ति कब्जामा लिने र सो सम्पत्तिमध्येबाट बचतकर्ताको बचत भरी भराउ गर्न लिलाम बिक्री वा असूल उपर सम्बन्धी आवश्यक कारबाही गर्ने

(ड) समस्याग्रस्त संघ वा संस्थाको तर्फबाट ▽मुद्दा वा कानूनी कारबाही र कानूनी प्रतिरक्षा गर्ने,

(ढ) समस्याग्रस्त संघ वा संस्थाको सञ्चालक र कर्मचारी वा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेकोमा संस्था वा सङ्घको चल अचल सम्पत्ति वा संघ वा संस्थाको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम बिक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने,

▽**९७क. विज्ञ टोली गठन गर्न सक्नेः** (१) समस्याग्रस्त सहकारी संस्थाको दफा १०६ बमोजिमको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक सेवा लिन व्यवस्थापन समितिले विज्ञ टोली गठन गर्न सक्नेछ।

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन,२०८२ ले थपिएको

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको

(२) उपदफा (१) बमोजिम विज्ञ टोलीको गठन तथा त्यस्तो विज्ञ टोलीको काम, कर्तव्य र अधिकार टोली गठन गर्दाका बखत व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम विज्ञ टोली गठन गर्दा प्रत्येक समस्याग्रस्त सहकारी संस्थाका लागि छुट्टाछुट्टै गठन गर्नु पर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनका लागि विज्ञ टोली भन्नाले एक वा एक भन्दा बढी विषय विज्ञ रहने टोली सम्झनु पर्छ।

९८. **<u>लगत तयार गर्ने</u>**ः दफा ८४ को प्रयोजनको लागि समितिले देहाय बमोजिमको लगत तयार गर्नेछ।

(क) समस्याग्रस्त संघ वा संस्थाका सदस्य, बचतकर्ता, ऋणी वा संस्था वा सङ्घले भुक्तानी दिनु पर्ने व्यक्ति वा संस्थाहरूको नामनामेशीको,

(ख) समस्याग्रस्त संघ वा संस्थाको नाममा रहेको वा लगानी गरेको अर्पाटमेण्ट लगायतका अचल सम्पत्तिको,

(ग) समस्याग्रस्त संघ वा संस्थाको समितिको सदस्य, कर्मचारी वा निजको परिवारको नाता सम्बन्ध भएको व्यक्तिका नाममा बैंक तथा वित्तीय संस्थाको खातामा रहेका नगद, सुन चाँदी तथा शेयर लगानीको,

(घ) समस्याग्रस्त संघ वा संस्थाको स्वदेश तथा विदेशका जुनसुकै स्थानमा रहेका चल तथा अचल सम्पत्तिको।

९९. **<u>दायित्व भुक्तानी गर्ने सम्बन्धी व्यवस्था</u>**ः (१) समितिले समस्याग्रस्त संघ वा संस्थाको दायित्व भुक्तानी गर्नको लागि देहायको प्राथमिकता कायम गर्नु पर्नेछः

(क) बचत जम्मा गर्दाको बखत निर्धारित सर्त बमोजिम सदस्यलाई बचत भुक्तानी,

(ख) त्यस्तो संघ वा संस्थाको जायजेथा वा दफा ९७ को खण्ड (ठ) बमोजिमको सम्पत्ति सरकारी बाँकी बक्यौता वा कुनै हकदावी भएमा त्यस्तो बाँकी बक्यौता वा हकदावीको रकम भुक्तानी,

(ग) समस्याग्रस्त संघ वा संस्थालाई अर्पाटमेन्ट वा जग्गाको लागि अग्रीम रुपमा रकम बुझाउने व्यक्तिहरूको भुक्तानी,

(घ) समस्याग्रस्त संघ वा संस्थाका तिर्नु बुझाउनु पर्ने व्यक्तिहरूलाई रकम भुक्तानी।

(२) यस दफा बमोजिम समस्याग्रस्त संघ वा संस्थाको सम्पूर्ण दायित्व भुक्तानी गर्नको लागि त्यस्तो संघ वा संस्थाको सम्पत्तिले नखामेमा समितिले सदस्यको बचत फिर्ता तथा अन्य दायित्व भुक्तानी गर्दा दामासाहीको दरले गर्न सक्नेछ र त्यसरी सदस्यको बचत फिर्ता गर्दा समितिले तोकेको साना बचतकर्तालाई प्राथमिकता दिनुपर्नेछ।

▽९९क. **<u>बचत रकम फिर्ता सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) प्रचलित कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था वा दफा ८४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रुपैंया सम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नु पर्नेछ।

(२) सदस्यले जम्मा गरेको पाँच लाख रुपैंया भन्दा बढी बचतको हकमा सम्बन्धित संस्थाले एकै पटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम आनुपातिक रुपमा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) यस दफा बमोजिम बचत रकम फिर्ता गर्ने प्रयोजनको लागि सहकारी संस्था वा दफा ९६ बमोजिमको व्यवस्थापन समितिले त्यस्तो संस्थाको सम्पत्ति वा ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम ऋण प्रदान गर्दा लिएको धितो सुरक्षण बिक्री गर्नु अघि सम्बन्धित ऋणीलाई सहकारी संस्थाको ऋण चुक्ता गर्न समय दिई सो अवधिभित्र ऋण चुक्ता नगरेमा त्यस्तो धितो सुरक्षण लिलाम बढाबढ गरी बिक्री गर्नु पर्नेछ। त्यस्तो धितो सुरक्षण बिक्री गर्दा ऋणीले तिर्नु पर्ने रकमभन्दा बढी रकम प्राप्त हुन आएमा ऋणीको रकम चुक्ता भई बाँकी रहेको रकम त्यस्तो ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) सहकारी संस्थाले घर, जग्गा वा अन्य मेशिनरी औजार वा उपकरण लिज वा भाडामा उपलब्ध गराए बापत प्राप्त हुने रकम असुल गरी त्यस्तो रकम बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ।

(६) यस ऐन बमोजिम मुद्दा दायर भएको वा अन्य कुनै कारणले अदालत वा अन्य कुनै निकायमा सहकारी संस्थाको सम्पत्ति वा धितो सुरक्षण रोक्का भएको कारण त्यस्तो सम्पत्ति बिक्री गरी बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्न नसकिएको र त्यस्तो सम्पत्ति वा धितो सुरक्षण बिक्री गरी बचतकर्ता सदस्यको बचत रकम फिर्ता हुने सुनिश्चित देखिएमा सहकारी संस्था वा दफा ९६ बमोजिमको

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको

व्यवस्थापन समितिले सम्बन्धित अदालत वा निकाय समक्ष रोक्का फुकुवाको लागि अनुरोध गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम अनुरोध भई आएमा सम्बन्धित अदालत वा निकायले अन्य कुनै कारणले रोक्का राख्नु नपर्ने भए त्यस्तो सम्पत्ति वा धितो सुरक्षणको रोक्का फुकुवा गरी दिनु पर्नेछ।

(८) यस दफा बमोजिम जोखिममा रहेका बचतकर्ताको बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि मापदण्ड र समयबद्ध फिर्ता कार्ययोजना बनाई बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्नु पर्नेछ।

**१००. <u>अधिकार सुम्पन सक्ने</u>**ः समितिले समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति व्यवस्थापन गर्दा आफूलाई प्राप्त अधिकार व्यवस्थापन समितिका अध्यक्ष, सदस्य वा कुनै सरकारी कर्मचारीले प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ।

□**१०१. <u>संस्था वा संघको सम्पत्तिबाट बेहोरिने:</u>** समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने सम्पूर्ण खर्च त्यस्तो संस्था वा संघको सम्पत्तिबाट बेहोरिनेछ।

**१०२. <u>अधिकार स्वतः निलम्बन हुने</u>**ः (१) यस ऐन बमोजिम समिति गठन भएको मिति देखि समस्याग्रस्त संघ वा संस्थाको समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार समितिले कार्य प्रारम्भ गरेपछि स्वतः निलम्बन हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि त्यस्तो संघ वा संस्थाको समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारीको निलम्बन फुकुवा गरी समितिले काममा खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले काममा खटाएको सो बमोजिमको जिम्मेवारी पूरा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

**१०३. <u>दावी पेस गर्न सूचना दिनुपर्ने</u>**ः समितिले कार्य प्रारम्भ गरेपछि समस्याग्रस्त संघ वा संस्थाको सदस्य, बचतकर्ता तथा साहूहरूलाई आफूले पाउनु पर्ने रकमको दावी पेस गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

▽**१०३क. <u>दाबी पेस गर्नु पर्ने:</u>** दफा १०३ बमोजिम सूचना प्रकाशन भएपछि सूचनामा तोकिएको समयभित्र समस्याग्रस्त सहकारी संस्थाका सदस्य, बचतकर्ता, साहु तथा

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधन

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको

लगानीकर्ता बैंक तथा वित्तीय संस्थाले आफ्नो पाउनु पर्ने रकमको दाबी पेस गर्नु पर्नेछ।

१०४. **लेखापरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने**: समितिले कार्य प्रारम्भ गरेको मितिले ६ महिनाभित्र त्यस्तो समस्याग्रस्त संघ वा संस्थाको लेखापरीक्षण गरी सोको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ।

१०५. **उपचारात्मक कार्य गर्न सक्ने**: यस ऐन बमोजिम भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा समस्याग्रस्त संघ वा संस्था पुनः सञ्चालन हुनसक्छ भन्ने आधार र कारण भएमा समितिले देहायका उपचारात्मक कार्यहरू गर्न सक्नेछः

(क) समितिलाई व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न आदेश दिने,

(ख) सम्बन्धित संघ वा संस्थाका शेयर सदस्यहरूमध्येबाट अन्तरिम समितिको गठन गरी व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न लगाउने,

(ग) समिति विघटन गरी त्यस्तो संघ वा संस्थाको साधारण सभा बोलाई सोको व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न नयाँ समितिको गठन गर्ने वा गराउने,

(घ) सम्बन्धित संघ वा संस्था सदस्यको रहेको केन्द्रिय विषयगत सहकारी सङ्घ वा राष्ट्रिय सहकारी महासङ्घले समस्याग्रस्त सङ्घ वा संस्थाको पुनः सञ्चालनको विश्वसनीय कार्ययोजना पेस गरी पुनः सञ्चालनको जिम्मेवारी लिन चाहेमा तोकिए बमोजिमको सर्त बन्देज सहित जिम्मेवारी दिने,

(ङ) व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य सुधारात्मक र उपचारात्मक उपाय अवलम्बन गर्ने।

१०६. **समितिले लेखि पठाउन सक्ने**: (१) समितिले समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने सिलसिलामा देहायको कार्य गर्न सम्बन्धित निकाय समक्ष लेखि पठाउन सक्नेछः

(क) समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारी वा निजको परिवारको सदस्य वा संघ वा संस्थाको कुनै बैङ्क वा वित्तीय संस्थामा भएको आर्थिक कारोबार वा खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्न,

(ख) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीलाई राहदानी जारी नगर्न वा जारी भई सकेको भए सो राहदानी रोक्का राख्न,

(ग) समस्याग्रस्त संघ वा संस्थाको ऋण नतिर्ने सदस्य वा व्यक्तिको नाम कालोसूचीमा समावेश गर्न।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले सो बमोजिम गरी गराई सोको जानकारी समितिलाई दिनुपर्नेछ।

१०७. **<u>सिफारिस गर्न सक्ने</u>**: (१) समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानीको काम कारबाहीमा सहयोग नगर्ने वा त्यस्तो काम कारबाहीमा अवरोध सिर्जना गर्ने कुनै निकायको पदाधिकारी वा कर्मचारीलाई विभागीय कारबाही वा अन्य आवश्यक कारबाही गर्न समितिले सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भएमा अख्तियारवालाले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय वा अन्य आवश्यक कारबाही गर्नु पर्नेछ।

(३) समितिले समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी काम कारबाही गर्दा दफा ८५ बमोजिमको कसूर भएको विश्वास गर्नु पर्ने मनासिब आधार देखिएमा यस ऐन बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न अधिकार प्राप्त निकायसमक्ष लेखी पठाउनेछ।

१०८. **<u>प्रतिवेदन पेस गर्नुपर्ने</u>**: समितिले समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य सम्पन्न गरेको एक महिनाभित्र देहायका विवरणहरू खुलाई मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ।

(क) सदस्यको बचत रकम फिर्ता,

(ख) भुक्तानी भएको दायित्व,

(ग) बाँकी रहेको सम्पत्ति तथा दायित्व सम्बन्धी विस्तृत विवरण,

(घ) संघ वा संस्थाको सञ्चालन सम्बन्धमा प्रदेश सरकारले अवलम्बन गर्नपर्ने नीति सम्बन्धी सुझाव,

(ङ) व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य विवरण।

१०९. **<u>समितिका अध्यक्ष तथा सदस्यको सेवा सर्त</u>**: (१) समितिका पदाधिकारीहरूको सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

(२) समितिको अध्यक्ष र सदस्यले आफ्नो पदीय कर्तव्य पालनाको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी अनाधिकृत व्यक्तिलाई दिनुहुँदैन।

*(३) व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य पुरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा थपिएको

∇तर व्यवस्थापन समितिको काममा बाधा नपर्ने गरी मन्त्रालयको पूर्व स्वीकृतिमा अन्यत्र कार्य गर्न असर पर्ने छैन।

**११०.** <u>**सहयोग माग गर्न सक्ने**</u>: (१) समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गर्दा आवश्यकता अनुसार अन्य निकायको सहयोग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले माग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) समितिले समस्याग्रस्त संघ वा संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी गर्दा सम्बन्धित निकायहरूसँग सम्वन्य गरी आफ्नो काम कारबाही अगाडि बढाउन सक्नेछ।

**१११.** <u>**विशेषज्ञ सेवा लिन सक्ने**</u>: (१) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका प्राविधिक वा विशेषज्ञको सेवा लिन सक्नेछ।

(२) प्राविधिक वा विशेषज्ञको सेवा लिए बापत समितिले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी पारिश्रमिक तथा सुविधा प्रदान गर्न सक्नेछ।

**११२.** <u>**समितिको कर्मचारी सम्बन्धी व्यवस्था**</u> : मन्त्रालयले समितिको सचिवालयको लागि आवश्यक पर्ने जनशक्ति लगायत भौतिक श्रोत साधन उपलब्ध गराउनेछ।

**११३.** <u>**अनुसन्धानको लागि लेखी पठाउन सक्ने:**</u> कानून विपरीत सहकारी सम्बन्धी कसूर गरेको थाहा पाएमा रजिस्ट्रारले त्यस्तो कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

## परिच्छेद-१९

## <u>विविध</u>

**११४.** <u>**मताधिकारको प्रयोग:**</u> (१) कुनै सदस्यले सहकारी संघ वा संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघको हकमा साधारण सभामा भाग लिने प्रयोजनको लागि तोकिए बमोजिम एकभन्दा बढी प्रतिनिधि पठाउन सकिनेछ। प्रतिनिधि पठाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

∇ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक संस्था वा संघबाट सम्बन्धित संघको समिति वा लेखा सुपरीवेक्षण समितिमा एकभन्दा बढी व्यक्ति निर्वाचित हुन सक्ने छैन।

**११५. <u>सामाजिक परीक्षण गराउन सक्ने:</u>** (१) सहकारी संघ वा संस्थाले विनियममा उल्लेखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभासमक्ष पेस गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिनसक्नेछ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संघ वा संस्थाले सहकारी रजिस्ट्रार समक्ष पेस गर्नुपर्नेछ।

**११६. <u>आर्थिक सहयोग गर्न नहुने:</u>** सहकारी संघ वा संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई सामाजिक कार्यमा बाहेक अन्य कार्यका लागि आर्थिक सहयोग गर्न पाइनेछैन र सामाजिक कार्यमा सहयोग गर्दा सहयोग गर्नु पर्ने आधार र कारण स्पष्ट खुलाई निर्णय गर्नुपर्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि **"सामाजिक कार्य"** भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण, संरक्षण, मानवीय सहायता, सहकारीता प्रबर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ।

**११७. <u>सहकारी शिक्षालय स्थापना सम्बन्धी व्यवस्था:</u>** (१) प्रदेश सरकारले विद्यालय तहको पाठ्यक्रममा आधारभूत ज्ञान समावेश गर्नुका साथै सहकारी विद्यालय वा शिक्षालय (स्कूल अफ को-अपरेटिभ) स्थापना गर्न प्रोत्साहन वा आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) सहकारी शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने सहकारी संस्था वा निकायको प्रमाणिकरण लगायत सहकारी शिक्षालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**११८. <u>अन्तर सहकारी कारोबार गर्न सक्ने:</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाहरूले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्नेछन्।

**११९. <u>ठेक्कापट्टा दिन नहुने:</u>** सहकरी संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिका संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिनुहुदैन।

**१२०. <u>सम्पत्ति शुद्धिकरणसँग सम्वन्धि कानूनी व्यवस्थाको पालना गर्नुपर्ने:</u>** सहकारी संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय कानूनको व्यवस्थाका साथै तत्सम्वन्धमा नेपाल सरकारले जारी गरेका मापदण्ड र नेपाल राष्ट्र बैकको वित्तीय जानकारी इकाईबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ।

**१२१. <u>विवाद समाधानः</u>** सहकारी संघ वा संस्थाका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरूपणका लागि तोकिए बमोजिम विवाद निरूपण समितिको गठन गर्न सकिनेछ।

**१२२. <u>विज्ञापन गर्न नहुने:</u>** वचत तथा ऋणको कारोबारसँग सम्बन्धित विषयमा विज्ञापन गर्न पाइनेछैन तर सहकारी संघ/संस्थाले आफ्नो संस्थाको कारोबार तथा गतिविधिको सूचनाहरू प्रकाशन गर्न र व्यवसायिक उत्पादनको विज्ञापन गर्न यस ऐनले वाधा पर्नेछैन।

**१२३. <u>स्थानीय सहकारी संघ, संस्थाको आवद्धता:</u>** (१) स्थानीय तहमा दर्ता भएका सहकारी संस्थाहरू, विषयगत जिल्ला सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघमा आवद्ध हुन सक्नेछन्। यसरी आवद्ध भएका संस्थाहरूलाई सहकारी रजिस्ट्रारले अभिलेखीकरण गर्नेछ।

(२) प्रदेश विषयगत संघ वा प्रदेश सहकारी संघमा आवद्ध भई काम गर्ने सहकारी संस्थाहरूको अनुगमन प्रदेश सहकारी संघ र प्रदेश सहकारी रजिस्ट्रारले गर्न सक्नेछ।

**१२४. <u>प्रोत्साहन गर्न सकिने</u>**ः सहकारी क्षेत्रको प्रवर्द्धनका लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति, सहकारी संघ वा संस्थावा अन्य निकायलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ।

**१२५. <u>विभागीय कारबाही हुने:</u>** यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ।

**१२६. <u>सरकारी बाँकी सरह असूल उपर हुने:</u>** कुनै सहकारी संघ वा संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरूपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकि सरह असूल उपर गरिनेछ।

१२७. **<u>सङ्घीय कानून बमोजिम हुने व्यवस्था</u>**: यस ऐनमा सङ्घीय कानून बमोजिम हुने भनी अन्यत्र उल्लेख भएका व्यवस्थाका अतिरिक्त देहायका विषयहरू र यस ऐन र नियममा उल्लेख नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।

(क) सहकारी संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत सम्बन्धी,

(ख) कालोसूचीमा राख्ने सम्बन्धी,

(ग) कर्जा सूचना केन्द्र सम्बन्धी,

(घ) संस्थाले आपसी सुरक्षण सेवा सञ्चालन गर्ने सम्बन्धी,

(ङ) स्थिरीकरण कोषमा सहभागी हुने सम्बन्धी,

(च) सहकारी सिद्धान्त, मूल्य र मान्यता सम्बन्धी,

(छ) सहकारी वचत तथा कर्जा सुरक्षित कोष सम्बन्धी,

(ज) कर्जा असुली न्यायाधिकरण सम्बन्धी।

१२८. **<u>कम्पनी सम्बन्धी प्रचलित ऐन लागु नहुने</u>**: यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संघ वा संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागु हुनेछैन।

१२९. **<u>प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने</u>**: यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन तथा मिलापत्र सम्बन्धी कार्य गर्न बाधा पुर्याएको मानिने छैन।

▽१२९क. **<u>मिलापत्रका लागि निवेदन दिन सक्ने</u>**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रत सहकारी घोषणा भएका सहकारी संस्थासँग नेपाल सरकार वादी भई चलेका सम्बन्धित मुद्दामा मिलापत्र गर्न पीडित जाहेरवालाको तर्फबाट समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सम्बन्धित अदालतमा निवेदन दिई मिलापत्र गर्न सक्नेछ र त्यसरी गरेको मिलापत्र पीडितले गरेको सरह मानिनेछ।

१३०. **<u>नियम बनाउने अधिकार</u>**: यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१३१. **<u>निर्देशन दिन सक्ने</u>**: यस ऐनको कार्यान्वयनको लागि यस ऐन र प्रचलित कानून बमोजिम रजिस्ट्रारले सम्बन्धित निकाय वा अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

१३२. **<u>मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने</u>**: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सहकारी संघ वा संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको

रूपमा सञ्चालन गर्न मन्त्रालयले अवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार सहकारी रजिस्ट्रार, नेपाल राष्ट्र बैङ्क र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ।

**१३३.** <u>बचाउः</u> प्रदेश सहकारी ऐनको क्षेत्राधिकारभित्र पर्ने यस अघि दर्ता भएका सहकारी संघ संस्थाहरू यसै ऐन अन्तर्गत दर्ता भएको मानिनेछ।

# मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६।०६।१६

सम्वत् २०७६ सालको ऐन नं. २०

**<u>प्रस्तावना</u>ः** मुलुकको सर्वाङ्गीण विकासका लागि ईन्जिनियरिङ्ग, चिकित्साशास्त्र, विज्ञान-प्रविधि तथा अन्य व्यवसायिक विषयका प्राविधिक जनशक्ति उत्पादन गर्न प्रतिस्पर्धात्मक, गुणस्तरयुक्त र अन्तर्राष्ट्रिय विकासक्रमसँग आवद्ध गर्न सक्ने मानव संसाधन विकास गर्न र विविध पक्षका सान्दर्भिक अनुसन्धानलाई व्यापक एवं व्यावहारिक र समय सापेक्ष बनाउनको लागि प्रदेश सरकार र जनस्तरबाट मनमोहन प्राविधिक विश्वविद्यालयको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अनुसन्धान केन्द्र"** भन्नाले दफा १७ बमोजिमको अनुसन्धान केन्द्र सम्झनु पर्छ।

(ख) **"उप-कुलपति"** भन्नाले दफा २९ बमोजिमको उप-कुलपति सम्झनु पर्छ।

(ग) **"कर्मचारी"** भन्नाले विश्वविद्यालय सञ्चालन सम्बन्धमा व्यवस्थापकीय, प्रशासनिक एवम् आवश्यक सहयोगीको कार्य गर्ने गराउने शिक्षक बाहेकका व्यक्ति सम्झनु पर्छ।

(घ) "कार्यकारी **निर्देशक"** भन्नाले दफा ३३ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ङ) "कार्यकारी **परिषद्"** भन्नाले दफा १४ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ।

(च) "कुलपति" भन्नाले दफा २६ बमोजिमको कुलपति सम्झनु पर्छ।

(छ) **"डीन"** भन्नाले संकायका प्रमुख सम्झनु पर्छ।

(ज) "तोकिएको" **वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) **“प्रदेश”** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(ञ) **“प्राज्ञिक परिषद”** भन्नाले दफा १२ बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ट) **“बोर्ड अफ गभर्नर्स”** भन्नाले दफा १० बमोजिमको बोर्ड अफ गभर्नर्स सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले शिक्षा सम्बन्धि बिषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ड) **“रजिस्ट्रार”** भन्नाले दफा ३१ बमोजिमको रजिस्ट्रार सम्झनु पर्छ।

(ढ) **“विद्यार्थी”** भन्नाले शिक्षालयमा भर्ना भई अध्ययन वा अनुसन्धान गर्ने छात्रा तथा छात्र सम्झनु पर्छ।

(ण) **“विद्या** परिषद्” भन्नाले दफा १८ बमोजिमको विद्या परिषद् सम्झनु पर्छ।

(त) “विश्वविद्यालय” भन्नाले दफा ३ बमोजिम स्थापना भएको मनमोहन प्राविधिक विश्वविद्यालय सम्झनु पर्छ।

(थ) **“शिक्षक”** भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान गर्ने गराउने प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक तथा सहायक प्राध्यापक सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षक तथा यस ऐन अन्तर्गत बनेको नियममा शिक्षक भनी तोकिएका व्यक्तिलाई समेत जनाउँछ।

(द) **“शिक्षालय”** भन्नाले विश्वविद्यालयको आङ्गिक शिक्षालय सम्झनु पर्छ।

(ध) **“संकाय”** भन्नाले दफा १६ बमोजिमको संकाय सम्झनु पर्छ।

(न) **“सभा”** भन्नाले दफा ७ बमोजिमको विश्वविद्यालय सभा सम्झनु पर्छ।

(प) **“सह**-कुलपति” भन्नाले दफा २७ बमोजिमको सह-कुलपति सम्झनु पर्छ।

(फ) **“संरक्षण समिति”** भन्नाले दफा २४ बमोजिमको संरक्षण समिति सम्झनु पर्छ।

(ब) "साझेदार **शिक्षालय"** भन्नालेदफा २१ बमोजिम साझेदारीमा संचालन हुने शिक्षालय सम्झनु पर्छ।

(भ) **"सेवा** आयोग" भन्नाले दफा २३ बमोजिमको सेवा आयोग सम्झनु पर्छ।

## परिच्छेद-२

## विश्वविद्यालयको स्थापना

३. **विश्वविद्यालयको स्थापनाः** (१) नेपाल सरकार, भारत सरकार र मनमोहन स्मृति प्रतिष्ठानको त्रिपक्षीय सम्झौतामा बुढीगंगा गाउँपालिका, मोरङमा स्थापना भएको मनमोहन स्मृति पोलिटेक्निकमा इन्जिनियरिङ्ग, चिकित्साशास्त्र, विज्ञान-प्रविधि तथा अन्य व्यवसायिक विषयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्नको लागि मनमोहन प्राविधिक विश्वविद्यालय स्थापना गरिएको छ।

(२) विश्वविद्यालयको केन्द्रीय कार्यालय बुढीगंगा गाउँपालिका, मोरङमा स्थापना भएको मनमोहन स्मृति पोलिटेक्निक र हेको स्थान र सो स्थानको वरपर समेतको क्षेत्रमा रहनेछ।

(३) विश्वविद्यालयले आवश्यकता अनुसार विभिन्न कार्यालय तथा कार्यक्रमहरू केन्द्रीय कार्यालय बाहेकका अन्य स्थानमा समेत बिस्तार गरी सञ्चालन गर्न सक्नेछ।

४. **विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुने**ः (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) विश्वविद्यालयको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) विश्वविद्यालयले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न र धितोबन्धक राख्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ।

(४) विश्वविद्यालयले व्यक्तिसरह नालिस उजूर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिसउजूर लाग्न सक्नेछ।

## परिच्छेद-३

## विश्वविद्यालयको सङ्गठन तथा पदाधिकारी

५. **विश्वविद्यालय सङ्गठन**ः (१) विश्वविद्यालयको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरूको सामुहिक रुप नै विश्वविद्यालयको स्वरुप हुनेछः

(क) सभा

(ख) बोर्ड अफ गभर्नर्स

(ग) प्राज्ञिक परिषद्

(घ) कार्यकारी परिषद्

(ङ) सेवा आयोग

(च) संकाय

(छ) अनुसन्धान केन्द्र

(ज) विद्या परिषद्

(झ) शिक्षालय

(ञ) तोकिए बमोजिमका अन्य निकायहरू।

६. **<u>विश्वविद्यालयका पदाधिकारी</u>**: विश्वविद्यालयमा देहाय बमोजिमका पदाधिकारी रहने छन्:

(क) कुलपति

(ख) सह-कुलपति

(ग) अध्यक्ष, बोर्डअफगभर्नर्स

(घ) उप-कुलपति

(ङ) रजिस्ट्रार

(च) डीन

(छ) अध्यक्ष, सेवा आयोग

(ज) कार्यकारी निर्देशक

(झ) प्राचार्य, शिक्षालय

(ञ) तोकिए बमोजिमका अन्य पदाधिकारी।

## परिच्छेद-४

## <u>सभाको गठन तथा काम, कर्तव्य र अधिकार</u>

७. **<u>सभाको गठन</u>**: (१) विश्वविद्यालयको सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ।

(२) उपदफा (१) बमोजिमको सभाको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | कुलपति | -अध्यक्ष |
| (ख) | सह-कुलपति | -उपाध्यक्ष |
| (ग) | अध्यक्ष, बोर्ड अफ गभर्नर्स | -सदस्य |
| (घ) | उप-कुलपति | -सदस्य |
| (ङ) | प्रदेशभित्रका राष्ट्रिय सभाका सदस्य तथा विश्वविद्यालय रहेको निर्वाचन क्षेत्रको प्रतिनिधिसभा र प्रदेश सभाका सदस्यहरू मध्येबाट एक महिला सहित तीन जना | -सदस्य |
| (च) | प्रदेश सभाका सदस्यहरू मध्येबाट कम्तीमा दुई महिला सहित पाँच जना | -सदस्य |
| (छ) | प्रदेश भित्र रहेका केन्द्रीय विश्वविद्यालयका उप-कुलपतिहरू मध्येबाट एक जना | -सदस्य |

| | | |
|---|---|---|
| (ज) | सचिव, संघीय सरकारको शिक्षा हेर्ने मन्त्रालय | - सदस्य |
| (झ) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ञ) | सदस्य, शिक्षा हेर्ने प्रदेश योजना आयोग, | -सदस्य |
| (ट) | प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य | - सदस्य |
| (ठ) | विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य | - सदस्य |
| (ड) | प्रदेश मन्त्रालयका सचिव, | -सदस्य |
| (ढ) | सचिव, आर्थिक मामिला हेर्ने प्रदेशको मन्त्रालय, | -सदस्य |
| (ण) | विश्वविद्यालयका पूर्व उप-कुलपतिहरू मध्येबाट एक जना | -सदस्य |
| (त) | संरक्षण समितिका सदस्यहरू मध्येबाट एक जना महिला सहित पाँच जना | -सदस्य |
| (थ) | लब्ध प्रतिष्ठित विद्वान तथा समाजसेवीहरू मध्येबाट एक महिला सहित तीन जना | -सदस्य |
| (द) | डीनहरू | -सदस्य |
| (ध) | प्राचार्य मध्येबाट एक जना | -सदस्य |
| (न) | विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको स्थानीय तहको प्रमुख एक जना | -सदस्य |
| (प) | प्रदेशमा रहेका जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख मध्येबाट एक/एक जना गरी दुई जना | -सदस्य |
| (फ) | प्रदेशमा रहेका नगरपालिकाका प्रमुख र उपप्रमुख मध्येबाट एक/एक जना गरी दुई जना | -सदस्य |
| (ब) | प्रदेशमा रहेका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष मध्येबाट एक/एक जना गरी दुई जना | -सदस्य |

| | | |
|---|---|---|
| (भ) | विश्वविद्यालयको विषय समितिका अध्यक्ष मध्येबाट दुई जना | -सदस्य |
| (म) | अनुसन्धान केन्द्रको प्रमुख | -सदस्य |
| (य) | विश्वविद्यालयका शिक्षकहरू मध्येबाट एक जना | -सदस्य |
| (र) | उद्योगपति, व्यापारी र कृषक मध्येबाट एक महिला सहित तीन जना | -सदस्य |
| (ल) | सहयोग दाता मध्येबाट एक जना | -सदस्य |
| (व) | विद्यार्थी मध्येबाट एक छात्रा सहित दुई जना | -सदस्य |
| (श) | रजिस्ट्रार | -सदस्य- सचिव |

(३) उपदफा (२) को खण्ड (ङ), (च) बमोजिमका सदस्यहरूको मनोनयन कुलपतिबाट हुनेछ।

(४) पदेन सदस्य बाहेक उपदफा (२) को खण्ड (ण), (थ) (ध), (प), (फ), (व), (भ), (य), (ल) र (व) बमोजिमका सदस्यहरूको मनोनयन बोर्ड अफ गभर्नसको सिफारिसमा कुलपतिबाट हुनेछ।

(५) मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(६) कुनै कारणले गर्दा मनोनित सदस्यको पद रिक्त हुनगएमा उपदफा (३) बमोजिमको प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिने छ र त्यस्ता सदस्यको कार्यकाल पूरा अवधि हुनेछ।

८. **सभाको बैठकः** (१) सभाको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाका सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउने छ।

(४) सभामा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ।

(५) सभाको बैठकको अध्यक्षता सभाका अध्यक्षले र निजको अनुपस्थितिमा सभाका उपाध्यक्षले गर्नेछ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) सभाको बैठकको निर्णय सभाका सदस्य-सचिवले उप-कुलपति बाट प्रमाणित गराउने छ।

(८) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

९. **सभाको काम, कर्तव्य र अधिकार**: सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विश्वविद्यालयको नीति, कार्य योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) विश्वविद्यालय र सो अन्तर्गतका निकाय तथा साझेदार शिक्षालयलाई आवश्यक निर्देशन दिने,

(ग) विश्वविद्यालयको विकास र विस्तार समयानुकूल भए नभएको मूल्याङ्कन गर्ने गराउने र प्राप्त मूल्याङ्कन प्रतिवेदन समेतका आधारमा आवश्यक कार्य गर्ने,

(घ) विश्वविद्यालय बाट प्रदान गरिने उपाधिहरू निर्धारण गर्ने र त्यस्तो उपाधि यस ऐन बमोजिम प्रदान गर्ने,

(ङ) विश्वविद्यालयलाई नयाँ कार्यक्रम सञ्चालन र विस्तार गर्न अनुमति दिने,

(च) यस ऐन बमोजिम आङ्गिक शिक्षालय स्थापना र संचालन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने गराउने,

(छ) विश्वविद्यालयको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने,

(ज) लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(झ) विश्वविद्यालयको सम्पत्ति संरक्षण गर्ने गराउने,

(ञ) शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्ने तथा विश्वविद्यालयको पदाधिकारी, शिक्षक तथा कर्मचारीको सेवा-सर्त र सुविधा निर्धारण गर्ने,

(ट) विश्वविद्यालयको आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति वा कार्यदल गठन गर्ने,

(ठ) साझेदार शिक्षालय बारे आवश्यक निर्णय गरी स्वीकृति प्रदान गर्ने र अन्य आवश्यक कार्य गर्ने,

(ड) विश्वविद्यालयका नियम पारित गर्ने,

(ढ) तोकिए बमोजिम अन्य काम गर्ने, गराउने।

## परिच्छेद-५

## बोर्ड अफ गभर्नर्सको गठन तथा काम, कर्तव्य र अधिकार

१०. **बोर्ड अफ गभर्नर्सको गठनः** (१) विश्वविद्यालयलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्न र गुणस्तरीय शिक्षाको लागि योजना तर्जुमा र विश्वविद्यालय अन्तर्गतका बिभिन्न निकायले सम्पादन गर्ने कामको नियमित अनुगमन र सुपरीवेक्षण गरी आवश्यक निर्देशन प्रदान गर्नुका साथै सम्पादन गर्नुपर्ने अन्य आवश्यक कार्य गर्न देहाय बमोजिम बोर्ड अफ गभर्नर्सको गठन हुनेछ।

| | | |
|---|---|---|
| (क) | संरक्षण समितिका अध्यक्ष | -अध्यक्ष |
| (ख) | उप-कुलपति | -सदस्य |
| (ग) | विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको निर्वाचन क्षेत्रको प्रदेश सभाका सदस्य | -सदस्य |
| (घ) | सचिव, मन्त्रालय | -सदस्य |
| (ङ) | संरक्षण समितिका सदस्यहरू मध्येबाट चार जना | -सदस्य |
| (च) | विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको जिल्लाको गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख मध्येबाट एक जना | -सदस्य |
| (छ) | लब्ध प्रतिष्ठित विद्वानहरू मध्येबाट दुई जना | -सदस्य |
| (ज) | उद्योगपति मध्येबाट एक जना | -सदस्य |
| (झ) | रजिस्ट्रार | -सदस्य- सचिव |

(२) उपदफा (१) बमोजिमका पदेन सदस्य बाहेक खण्ड (ङ), (छ) र (ज) बमोजिमका सदस्यहरूको मनोनयन बोर्ड अफ गभर्नर्सका अध्यक्ष बाट हुने छ।

(३) मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुने छ।

(४) कुनै कारणले मनोनित सदस्यहरूको पद रिक्त हुन गएमा उपदफा (२) बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिने छ र त्यस्ता सदस्यको कार्यकाल पूरा अवधि हुनेछ।

(५) उपदफा (१) बमोजिम बोर्ड अफ गभर्नर्सले सम्बन्धित विषयका बिज्ञ वा सल्लाहकारलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) बोर्ड अफ गभर्नर्सको बैठक सम्बन्धी कार्यविधि बोर्ड अफ गभर्नर्स आफैंले निर्धारण गरे बमोजिम हुने छ।

**११.** **<u>बोर्ड अफ गभर्नर्सको काम, कर्तव्य र अधिकार</u>**: (१) बोर्ड अफ गभर्नर्सको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विश्वविद्यालयको अल्पकालीन तथा दीर्घकालीन नीति निर्धारण गरी सभामा पेस गर्ने,

(ख) विश्वविद्यालय अन्तर्गतका निकायहरूबाट प्राप्त प्रतिवेदन स्वीकृत गरी आवश्यक निर्देशन दिने र त्यस्तो प्रतिबेदनलाई एकीकृत गरी वार्षिक रूपमा सभा समक्ष पेस गर्ने,

(ग) विश्वविद्यालय सम्बन्धी नियमहरू स्वीकृत गरी अनुमोदनको लागि सभा समक्ष पेस गर्ने,

(घ) विश्वविद्यालय अन्तर्गतका निकायको कामको नियमित अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र सो सम्बन्धी वार्षिक प्रतिवेदन सभामा पेस गर्ने,

(ङ) कार्यकारी परिषदबाट प्रस्तावित अल्पकालीन, दीर्घकालीन योजना तथा नीतिहरू आवश्यक छलफल गरी सभामा स्वीकृतिको लागि पेस गर्ने,

(च) कार्यकारी परिषदबाट प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी पारितका लागि सभामा पेस गर्ने,

(छ) कार्यकारी परिषदले स्वीकृत गरी पेस गरेका विश्वविद्यालयको निर्देशिका, कार्यविधि र मापदण्डहरू पारित गर्ने,

(ज) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी तथा सेवा-सर्त र सुविधा स्वीकृत गरी अनुमोदनका लागि सभामा पेस गर्ने,

(झ) तोकिए बमोजिम अन्य कार्यहरू गर्ने।

(२) बोर्ड अफ गभर्नर्सको बैठक बर्षको कम्तीमा दुई पटक बस्नेछ।

## परिच्छेद-६

## <u>प्राज्ञिक परिषद्कोग ठन तथा काम, कर्तव्य र अधिकार</u>

**१२.** **<u>प्राज्ञिक परिषद्को गठन</u>**: (१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा प्रमुख निकायको रुपमा कामगर्न देहाय बमोजिम सदस्यहरू भएको एक प्राज्ञिक परिषद्को गठन हुनेछः

(क) उप-कुलपति -अध्यक्ष

(ख) रजिस्ट्रार -सदस्य

(ग) डीनहरू -सदस्य

(घ) विश्वविद्यालयका विभिन्न विषय समितिका अध्यक्षहरू मध्येबाट चार जना -सदस्य

(ङ) शिक्षालयका प्राचार्य मध्येबाट एक जना -सदस्य

(च) विश्वविद्यालयका शिक्षकहरूमध्येबाट एक जना -सदस्य

(छ) विषय-विज्ञहरूमध्येबाट दुई जना -सदस्य

(ज) औद्योगिक प्रतिष्ठानका विज्ञ प्रतिनिधि दुई जना -सदस्य

(झ) डीनहरूमध्येबाट उप-कुलपतिले तोकेको डीन -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमका पदेन सदस्य बाहेक खण्ड (घ), (ङ), (च), (छ) र (ज) बमोजिमका सदस्यहरूको मनोनयन उप-कुलपतिबाट हुनेछ।

(३) मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(४) कुनैकारणले मनोनित सदस्यहरूको पद रिक्त हुनगएमा उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ र त्यस्तो सदस्यको कार्यकाल पूरा अवधि हुनेछ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि प्राज्ञिक परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार**ः प्राज्ञिक परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विश्वविद्यालयको अध्ययन, अध्यापन, अनुसन्धान र प्रशिक्षणहुने विषयहरूको पाठयक्रम निर्माण तथा स्वीकृत गर्ने,

(ख) विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने परीक्षाको विधि, प्रक्रिया र मापदण्ड निर्धारण गर्ने,

(ग) विश्वविद्यालयको शैक्षिक गुणस्तर निर्धारण गरी त्यस्तो गुणस्तर कायम गर्ने, गर्न लगाउने

(घ) अनुसन्धान सम्बन्धि नीति तर्जुमा गर्ने र अनुसन्धान कार्यक्रमहरूलाई स्वीकृति प्रदान गर्ने,

(ङ) विश्वविद्यालयमा अध्ययन तथा अध्यापन गरिने विषयहरूमा विद्यार्थी भर्नाहुन चाहिने योग्यता, भर्ना संख्या र भर्नाहुन चाहिने आधार तोक्ने र भर्ना सम्बन्धि अन्य प्रक्रिया निर्धारण गर्ने,

(च) प्राज्ञिक विषयमा कार्यकारी परिषद्लाई राय सल्लाह दिने,

(छ) विश्वविद्यालय बाट दिइने मानार्थ उपाधिहरूको निर्णयको लागि सभामा सिफारिस गर्ने,

(ज) शैक्षिक कार्यक्रमको मूल्याङ्कन गर्ने,

(झ) तोकिए बमोजिम अन्य कार्यहरू गर्ने।

## परिच्छेद-७

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

**१४. कार्यकारी परिषद्को गठनः** (१) विश्वविद्यालयको कार्यकारी निकायको रुपमा काम गर्न देहायका सदस्यहरू भएको एक कार्यकारी परिषद हुनेछ।

| | | |
|---|---|---|
| (क) | उप-कुलपति | -अध्यक्ष |
| (ख) | डीनहरू मध्येवाट दुई जना | -सदस्य |
| (ग) | शिक्षकहरू मध्येबाट एक जना | -सदस्य |
| (घ) | रजिस्ट्रार | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमका पदेन सदस्य बाहेक खण्ड (ख) र (ग) बमोजिमका सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा बोर्ड अफ गभर्नर्सका अध्यक्षबाट हुनेछ।

(३) मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(४) कुनैकारणले मनोनित सदस्यहरूको पद रिक्त हुन गएमा उपदफा (२) बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिने छ र त्यस्ता सदस्यको कार्यकाल पूरा अवधि हुनेछ।

(५) कार्यकारी परिषदको बैठक सम्बन्धि कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१५. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः** कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सभा तथा बोर्ड अफ गभर्नर्सको निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने गराउने,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारको शिक्षा सम्बन्धि नीति/निर्देशनको पालना गर्ने,

(ग) बोर्ड अफ गभर्नर्स मार्फत सभामा पेस गरिने वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गर्ने,

(घ) विश्वविद्यालयको अल्पकालीन, दीर्घकालीन योजना तथा नीतिहरू तयार गरी बोर्ड अफ गभर्नर्समा पेस गर्ने,

(ङ) विश्वविद्यालय सम्बन्धी नियमहरूको मस्यौदा तयार गरी स्वीकृतिकोलागि बोर्ड अफ गभर्नर्समा पेस गर्ने,

(च) विश्वविद्यालयको कोष र चलअचल सम्पत्तिको संरक्षण गर्ने र सभाको निर्णय बमोजिम बेचविखन गर्ने, ठेक्कापट्टा वा भाडामा दिने आदि काम गर्ने,

(छ) विश्वविद्यालयद्वारा सञ्चालित कार्यक्रमहरूको समन्वय, रेखदेख, निरीक्षण गर्ने र सोको प्रतिवेदन बोर्ड अफ गभर्नर्स मार्फत सभामा पेस गर्ने,

(ज) पदपूर्ति समितिको सिफारिसमा विश्वविद्यालयलाई आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको तोकिए बमोजिम नियुक्ति र बढुवा गर्ने,

(झ) यस ऐन र प्रचलित कानून बमोजिम विश्वविद्यालयलाई प्राप्त हुने दान, दातव्य तथा अन्य आर्थिक सहयोग ग्रहण गर्ने,

(ञ) बोर्ड अफ गभर्नर्ससँग परामर्श गरी शिक्षण शुल्क निर्धारण गर्ने,

(ट) शैक्षिक तथा प्रशासनिक कामकालागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी निर्धारण गरी बोर्ड अफ गभर्नर्समा पेस गर्ने,

(ठ) विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरूको सञ्चालन सम्बन्धमा आवश्यक प्रवन्ध गर्ने, गराउने।

(ड) गुणस्तरीय शिक्षाका लागि स्वदेशी वा विदेशी विश्वविद्यालय वा अन्य संघ संस्थासँग सम्वन्ध कायम गर्ने।

(ढ) आन्तरिक लेखा परीक्षक नियुक्ति गर्ने।

(ण) तोकिए बमोजिम अन्य कार्यहरू गर्ने।

## परिच्छेद-८

## संकाय, अनुसन्धान केन्द्र तथा अन्य निकाय

**१६.** **सङ्काय**ः (१) विश्वविद्यालय बाट सञ्चालन गरिने विभिन्न तहका शिक्षाको लागि ईन्जिनियरिङ्ग, चिकित्साशास्त्र, विज्ञान-प्रविधि तथा अन्य तोकिए बमोजिमका सङ्कायहरू रहनेछन्।

(२) उपदफा (१) बमोजिम रहने सङ्कायहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१७.** **अनुसन्धान केन्द्र**ः (१) विश्वविद्यालयले ईन्जिनियरिङ्ग, चिकित्साशास्त्र, विज्ञान-प्रविधि तथा अन्य व्यवसायिक विषयमा अनुसन्धान गर्नको लागि अनुसन्धान केन्द्रको स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने अनुसन्धान केन्द्रको काम, कर्तव्य र अधिकार तथा सञ्चालनविधि तोकिए बमोजिम हुनेछ।

१८. **विद्या परिषद्**: (१) प्रत्येक संकायमा शैक्षिक तथा प्राज्ञिक कार्यक्रमहरूको सञ्चालनका लागि डीनको अध्यक्षतामा तोकिए बमोजिमको एक विद्या परिषद रहनेछ।

(२) उपदफा (१) बमोजिमको विद्या परिषद् अन्तर्गत तोकिएका विषय समितिहरू रहनेछन्।

(३) विद्या परिषद र सो अन्तर्गत रहने विषय समितिको काम, कर्तव्य र अधिकार तथा वैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ।

१९. **शिक्षालयः** (१) विश्वविद्यालयले विभिन्न विषयमा उच्च शिक्षा प्रदान गर्न आवश्यकतानुसार शिक्षालयको स्थापना तथा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षालयको संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) यो ऐन प्रारम्भ हुनु अघि मोरङ जिल्लाको वुढीगंगामा संचालनमा रहेको मनमोहन स्मृति पोलिटेक्निक यस विश्वविद्यालयको अङ्गको रुपमा रहनेछ र सो पोलिटेक्निकमा संचालित कार्यक्रमहरू यथावत रुपमा सञ्चालन हुनेछन्।

(४) मनमोहन स्मृति पोलिटेक्निकको दरवन्दिमा कार्यरत शिक्षक तथा कर्मचारीहरू विश्वविद्यालयको शिक्षक तथा कर्मचारीका रुपमा तोकिए बमोजिमको तह, श्रेणी र अवस्थामा स्वतः कायम हुनेछन्।

(५) मनमोहन स्मृति पोलिटेक्निकमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले विश्वविद्यालयको नियममा व्यवस्था भएको योग्यता र मापदण्ड पूरा गरेमा र विश्वविद्यालयलाई आवश्यकता भएमा तोकिए बमोजिम विश्वविद्यालयको शिक्षक तथा कर्मचारीका रुपमा रहन सक्नेछन।

(६) उपदफा ४ बमोजिमका शिक्षक तथा कर्मचारीहरूले खाइपाइ आएको पारिश्रमिक सेवा सुविधा तथा सर्तमा निजहरूलाई मर्का पर्ने गरी कुनै परिवर्तन गरिनेछैन।

(७) विश्वविद्यालयले विभिन्न विषयमा शिक्षा प्रदान गर्नका लागि आवश्यकतानुसार बोर्ड अफ गभर्नर्सको सिफारिसमा विभिन्न स्थानमा आंगिक शिक्षालयको स्थापना तथा संचालन गर्न सक्नेछ।

(८) उपदफा ७ बमोजिमका शिक्षालयको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **शिक्षालय हस्तान्तरण सम्बन्धी व्यवस्था**: (१) अन्य कुनै विश्वविद्यालय वा शैक्षिक संस्थाको आङ्गिक शिक्षालय वा सम्बन्धन प्राप्त शिक्षालयले विश्वविद्यालयको आङ्गिक

शिक्षालयको रुपमा रहन चाहेमा आङ्गिक शिक्षालयको हकमा सम्बन्धित विश्वविद्यालयको स्वीकृति र सम्बन्धन प्राप्त शिक्षालयको हकमा सञ्चालक समितिको सिफारिस सहित निबेदन दिनु पर्नेछ र त्यस्ता शिक्षालयहरू तोकिएका आधारमा हस्तान्तरण हुन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम शिक्षालयको हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमाजिम हुनेछ।

२१. **साझेदारीमा शिक्षालय संचालन गर्न सकिने**: (१) विश्वविद्यालयसँग साझेदारी गरी प्रदेश सरकार, स्थानीय तह, सामुदायिक शिक्षण संस्था वा प्रतिष्ठानले उच्च तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(२) साझेदारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **शिक्षक र कर्मचारी सम्बन्धी व्यवस्था**: (१) विश्वविद्यालयमा तोकिएको संख्यामा शिक्षक तथा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति, काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सेवा तथा सुविधाका सर्तहरू तोकिए बमोजिम हुनेछन्।

२३. **सेवा आयोग**: (१) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्न एक सेवा आयोग रहनेछ।

(२) सेवा आयोगको गठन देहाय बमोजिम हुनेछः

(क) स्वदेशी वा विदेशी विश्वविद्यालयका प्राध्यापक मध्येबाट नियुक्त व्यक्ति - अध्यक्ष

(ख) प्रदेश लोकसेवा आयोगले तोकेको आयोगको एक जना सदस्य -सदस्य

(ग) शिक्षकहरू मध्येबाट एक जना -सदस्य

(३) उपदफा २ को खण्ड (क) र (ग) बमोजिमका अध्यक्ष र सदस्यको नियुक्ति कार्यकारी परिषदको सिफारिसमा कुलपतिबाट हुनेछ।

(४) उपदफा २ बमोजिमका अध्यक्ष तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(५) सेवा आयोगका अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(६) सेवा आयोगका अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तहरू तोकिए बमोजिम हुनेछ।

(७) सेवा आयोगका सदस्यले आयोगको बैठकमा भाग लिएबापत कार्यकारी परिषदले निर्णय गरे बमोजिमको बैठक भत्ता पाउनेछ।

(८) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्मका लागि बैठक सम्बन्धी कार्यविधि सेवा आयोग आफैले निर्धारण गर्न सक्नेछ।

२४. **<u>संरक्षण समिति</u>**: (१) विश्वविद्यालयको संरक्षण, सहयोग तथा सुझाव प्रदान गर्न देहाय बमोजिम एक संरक्षण समिति रहनेछः

(क) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको मनमोहन स्मृति पोलीटेक्निकको कार्यकारिणी समितिको अध्यक्ष - अध्यक्ष

(ख) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको मनमोहन स्मृति पोलीटेक्निकको कार्यकारिणी समितिका सदस्यहरू - सदस्य

(ग) उपकुलपति - पदेन सदस्य

(घ) रजिस्ट्रार - पदेन सदस्य

(ङ) मनमोहन स्मृति पोलीटेक्निक स्थापनामा उल्लेखनीय सहयोग गर्ने व्यक्तिहरू मध्येबाट एक महिला सहित चार जना - सदस्य

(च) लब्ध प्रतिष्ठित व्यक्ति र समाजसेवीमध्येबाट एक महिला सहित चार जना - सदस्य

(छ) उद्योगपतीमध्येबाट एक जना - सदस्य

(ज) सहयोगदाता मध्येबाट एक जना - सदस्य

(२) संरक्षण समितिको अध्यक्ष तथा सदस्यको पहिलो कार्यकाल तीन वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिमको कार्यकाल समाप्त भएको एक महिना भित्र उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यले आफू मध्येबाट अध्यक्ष चयन गर्न सक्नेछन्।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यहरू आजीवन सदस्यको रूपमा रहनेछन्।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यहरूको पद रिक्त हुन गएमा सो रिक्त सदस्य पदमा प्रचलित कानून बमोजिम कायम रहेको मनमोहन स्मृति प्रतिष्ठानले मनोनयन गरी पूर्ति गर्नेछ र त्यस्ता सदस्यको कार्यकाल पूरा अवधिको हुनेछ।

(६) उपदफा (१) बमोजिमका पदेन बाहेकका खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमका सदस्यहरूको मनोनयन संरक्षण समितिको अध्यक्षबाट हुनेछ।

(७) विश्वविद्यालयसँग सम्बन्धित विभिन्न विषयका बिज्ञहरूलाई संरक्षण समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(८) संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विश्वविद्यालयको सम्पतीको संरक्षणका लागि आवश्यक कार्य गर्ने,

(ख) विश्वविद्यालयको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न बोर्ड अफ गभर्नर्सलाई सुझाव प्रदान गर्ने,

(ग) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(९) संरक्षण समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२५. **अन्य निकाय**ः (१) विश्वविद्यालयमा यस ऐनमा उल्लेख भए बाहेक तोकिए बमोजिमका अन्य निकाय रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको निकायको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## विश्वविद्यालयका पदाधिकारी सम्बन्धी व्यवस्था

२६. **कुलपति**ः (१) प्रदेशको मुख्यमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख र सभाको अध्यक्ष हुनेछ र निज उपस्थित रहेको अवस्थामा निजले विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ।

(३) कुलपतिले आवश्यकतानुसार विश्वविद्यालयको निरीक्षण गरी विश्वविद्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२७. **सह-कुलपति**ः (१) प्रदेशको शिक्षा सम्बन्धि बिषय हेर्ने मन्त्री विश्वविद्यालयको सह-कुलपति हुनेछ।

(२) कुलपतिको अनुपस्थितिमा सह-कुलपतिले विश्वविद्यालय सभा र दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ।

(३) सह-कुलपतिले आवश्यकतानुसार विश्वविद्यालयको निरीक्षण गर्न, गराउन र कुलपतिको परामर्शमा आवश्यक निर्देशन दिन सक्नेछ।

२८. **बोर्ड अफ गभर्नर्सको अध्यक्ष**ः (१) संरक्षण समितिको अध्यक्ष बोर्ड अफ गभर्नर्सको पदेन अध्यक्ष हुनेछ।

(२) बोर्ड अफ गभर्नर्सको अध्यक्षले विश्वविद्यालयको काम कारबाहीको रेखदेख गरी आवश्यक निर्देशन दिन सक्नेछ।

२९. **उप-कुलपति**: (१) उप-कुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) विश्वविद्यालयको उप-कुलपतिको नियुक्तिका लागि सिफारिस गर्न कुलपतिले सहकुलपतिको अध्यक्षतामा बोर्डअफ गभर्नर्सका अध्यक्षले तोकेको एक जना शिक्षाविद र कुलपतिले तोकेको प्राज्ञिक पृष्ठभूमि भएका संरक्षण समितिका एक जना सदस्य रहेको तीन सदस्यीय एक समितिको गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले सिफारिस गरेको व्यक्तिलाई कुलपतिले चार वर्षको लागि उप-कुलपति नियुक्त गर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस गर्ने प्रक्रिया तोकेबमोजिम हुनेछ।

(५) उप-कुलपतिको अनुपस्थितिमा निजको काम कुलपतिले तोके बमोजिम हुनेछ।

(६) उप-कुलपतिको योग्यता तोकिए बमोजिम हुनेछ।

(७) उप-कुलपतिको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तहरू तोकिए बमोजिम हुनेछ।

३०. **उप-कुलपतिको काम, कर्तव्य र अधिकार**: (१) उप-कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सभा तथा बोर्ड अफ गभर्नर्स, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्को निर्णय वा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक र प्रशासनिक कामकारबाहीको नेतृत्व गर्ने,

(ग) विश्वविद्यालयको सबै काम कारबाहीमा आवश्यक रेखदेख गर्ने र निर्देशन दिने,

(घ) विश्वविद्यालयको विकासको लागि अल्पकालिन तथा दीर्घकालिन रणनीति, योजना र कार्यक्रमहरू तर्जुमा गरी निर्णय भएबमोजिम कार्यान्वयन गर्ने,

(ङ) यो ऐन र यस ऐन अन्तरगत बनेको नियमको कार्यान्वयन गर्ने गराउने,

(च) विश्वविद्यालयको तर्फ बाट विभिन्न निकायहरूसँग छलफल र वार्ता गर्ने,

(छ) तत्काल कुनै काम कारबाही नगरी नहुने आकस्मिक अवस्था आई परेमा सहकुलपतिलाई जानकारी गराई उचित र आवश्यक काम कारबाही गर्ने।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएका कामहरू वाहेक अन्य कामहरू उपकुलपतिले गर्नेछ र त्यस्तो कामको जानकारी उपकुलपतिले सह-कुलपतिलाई गराई लगत्तै बस्ने सभाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

(३) उप-कुलपतिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३१. **रजिस्ट्रार**: (१) विश्वविद्यालयको आर्थिक र प्रशासनिक कामको संचालन, रेखदेखको लागि उपकुलपतिको सिफारिसमा कुलपतिले रजिस्ट्रारको नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्नु अघि उपकुलपतिले बोर्ड अफ गभर्नर्सको अध्यक्षसँग परामर्श गर्नुपर्नेछ।

(३) रजिस्ट्रार विश्वविद्यालयको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) रजिस्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(५) रजिस्ट्रारले सभाको अध्यक्षबाट प्रमाणित भएको सभाको निर्णय वा आदेशलाई अभिलेख गरी राख्नु पनेछ। सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ।

(६) रजिस्ट्रारको योग्यता, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिए बमोजिम हुनेछ।

३२. **डीन**: (१) डीन संकाय प्रमुख हुनेछ र निज पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) विश्वविद्यालयको डीनको नियुक्ति कार्यकारी परिषद्ले गर्नेछ।

(३) डीनको पदावधि चार बर्षको हुनेछ।

(४) डीनको योग्यता, काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सेवा तथा सुविधाका अन्य सर्तहरू तोकिए बमोजिम हुनेछन्।

३३. **कार्यकारी निर्देशक**: (१) कार्यकारी निर्देशक अनुसन्धान केन्द्रको प्रमुख हुनेछ र निज पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) अनुसन्धान केन्द्रको कार्यकारी निर्देशकको नियुक्ति कार्यकारी परिषदबाट चार वर्षको लागि हुनेछ।

(३) कार्यकारी निर्देशकको योग्यता, काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सेवा तथा सुविधाका अन्य सर्तहरू तोकिए बमोजिम हुनेछन्।

३४. **अन्य पदाधिकारीहरू**: (१) विश्वविद्यालयमा तोकिए बमोजिमका अन्य पदाधिकारीहरू रहनेछन्।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीहरूको योग्यता, नियुक्ति, काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सेवा तथा सुविधाका अन्य सर्तहरू तोकिए बमोजिम हुनेछन्।

**३५.** **<u>नियुक्ति गर्नुपर्ने अवधि</u>**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको कुनै पदाधिकारीको पद रिक्त भएमा नियुक्त गर्ने अधिकारी वा निकायले रिक्त भएको दुई महिनाभित्र त्यस्तो पदमा नियुक्ति गरी पूर्ति गर्नुपर्नेछ।

**३६.** **<u>जिम्मेवारी तोक्न सक्ने</u>**ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यायको कुनै पद रिक्त भएमा सो पदपूर्ति नभएसम्म वढीमा दुई महिनाका लागि विश्वविद्यालयको वरिष्ठ शिक्षकलाई कायममुकायम मुकरर गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम जिम्मेवारी दिंदा उप-कुलपतिको जिम्मेवारी सह-कुलपतिको सिफारिसमा कुलपतिले र अन्य पदाधिकारीको जिम्मेवारी बोर्ड अफ गभर्नर्सको सिफारिसमा सह-कुलपतिले दिन सक्नेछ।

**३७.** **<u>पदबाट हटाउन सकिनेः</u>** (१)उप-कुलपति र रजिस्ट्रारले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल रहेका एक चौथाई सदस्यहरूले निजलाई पदबाट हटाउन कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले बोर्ड अफ गभर्नर्सको अध्यक्षको अध्यक्षतामा संरक्षण समितिको एक जना सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी तीस दिन भित्र आफ्नो प्रतिबेदन कुलपति समक्ष पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिबेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिबेदन सभा समक्ष पेसगर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस भएको प्रतिबेदन उपर छलफल हुँदा सभाको बैठकमा उपस्थित सदस्यमध्ये सभामा तत्काल कायम रहेका पचास प्रतिशत भन्दाबढी सदस्यले उपकुलपति र रजिस्ट्रारलाई पदबाट हटाउन निर्णय गरेमा कुलपतिले उप-कुलपति र रजिस्ट्रारलाई पदबाट हटाउनेछ।

(५) उपदफा (१) बमोजिम गठित छानबिन समितिले निजहरू माथि लागेको आरोपका सम्बन्धमा सफाई पेस गर्ने मौका प्रदान गर्नु पर्नेछ।

(६) उप-कुलपति र रजिस्ट्रार बाहेक विश्वविद्यालयका अन्य पदाधिकारीलाई उपदफा (१) बमोजिमको आरोप छानबिन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ

(७) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानबिन शुरु भएमा त्यसको अन्तिम निर्णय नभएसम्मको लागि निजले आफू बहाल रहेको पदमा काम गर्न पाउनेछैन।

(८) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि त्यस्तो पदाधिकारीलाई नियुक्त गर्न अधिकार प्राप्त पदाधिकारीले विश्वविद्यालयको कुनै पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ।

## परिच्छेद-१०

## विश्वविद्यालयको कोष, लेखा तथा लेखा परीक्षण

३८. **विश्वविद्यालयको कोष**: (१) विश्वविद्यालयको आफ्नो छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः

(क) नेपाल सरकारबाट प्राप्त हुने रकम,

(ख) प्रदेश सरकारबाट अनुदान स्वरूप प्राप्त हुने चालू खर्चको कम्तीमा पैंसट्ठी प्रतिशत रकम र पूँजीगत तर्फको सम्पूर्ण रकम,

(ग) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकम,

(घ) स्थानीय तहबाट प्राप्त रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले सहयोग, दान, दातव्य र आर्थिक सहायता स्वरुप प्रदान गरेको रकम,

(च) उद्योग, व्यापार व्यवसायसँग सम्बद्ध व्यक्ति वा संस्थाबाट प्राप्त सहयोग एवम् अनुदानको रकम,

(छ) अन्तर्राष्ट्रिय संघसंस्था, विदेशी व्यक्ति, एजेन्सी वा वित्तीय संस्थाहरूबाट प्राप्त सहयोग एवम् ऋण स्वरुप प्राप्त रकम,

(ज) विद्यार्थीबाट प्राप्त हुने शुल्क वा अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) को खण्ड (छ) बमोजिम विश्वविद्यालयले कुनै रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृत लिनु पर्नेछ।

(४) विश्वविद्यालयको कोषको रकम तोकिएको वाणिज्य वैकमा खाताखोलि जम्मा गरिनेछ र उक्त खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(५) विश्वविद्यालयको सवै स्वीकृत खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

३९. **<u>लेखा र लेखापरीक्षण</u>**: (१) विश्वविद्यालयको आय-व्ययको लेखा नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राख्नु पर्नेछ।

(२) विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण कार्यकारी परिषदले नियुक्त गरेको मान्यता प्राप्त लेखापरीक्षकबाट हुनेछ।

(३) विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-११

## <u>विविध</u>

४०. **<u>प्रमाणपत्र र उपाधि दिने तथा समकक्षता एवं स्तर निर्धारण गर्ने</u>**: (१) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाहरूको शैक्षिक उपाधिलाई मान्यता दिन र विश्वविद्यालयका विभिन्न तहका शैक्षिक उपाधिहरूसँग ती उपाधिहरूको समकक्षता एवम् स्तर निर्धारण प्रचलित कानून बमोजिम गर्न सक्नेछ।

(२) शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने स्वदेशी तथा विदेशी विद्वानहरूलाई विश्वविद्यालयले मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(३) समाजसेवामा उल्लेखनीय योगदान पुर्याएका स्वदेशी तथा विदेशी नागरिकलाई विश्वविद्यालयले मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(४) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाहरूको शैक्षिक उपाधिलाई मान्यता दिन र विश्वविद्यालयका विभिन्न तहका शैक्षिक उपाधिहरूसँग ती उपाधिहरूको समकक्षता एवं स्तर निर्धारण प्रचलित कानून बमोजिम गर्न सक्नेछ।

(५) उपदफा (२) र (३) अनुसारका उपाधिहरू सभाको स्वीकृतिबाट प्रदान गरिनेछ।

४१. **<u>विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता</u>**: (१) विश्वविद्यालयमा भर्ना भई अध्ययन गर्न चाहने विद्यार्थीले तोकिएको योग्यता हासिल गरेको हुनु पर्नेछ।

(२) विश्वविद्यालयमा विद्यार्थी भर्ना गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **<u>राष्ट्रिय शिक्षा नीति अनुरुप कार्य गर्ने</u>**: नेपाल सरकार तथा प्रदेश सरकारको शिक्षा नीति अनुरुप कार्य गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ।

४३. **<u>काम कारबाही बदर नहुने</u>**: विश्वविद्यालयको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भई वा कुनै पदाधिकारी वा दस्यको नियुक्ति वा मनोनियनमा त्रुटि भएको कारणले मात्र त्यस्तो काम कारबाही बदर हुनेछैन।

४४. **असल नियतले गरेको काममा बचाउ**ः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतलिई गरिएको वा गर्न खोजिएको कुनैकामको सम्बन्धमा विश्वविद्यालय वा विश्वविद्यालयको कुनै पदाधिकारी उपर मुद्दा चलाउने वा अन्य कारबाही गरिने छैन।

तर असल नियतले कुनै काम गरिएको हो भनी प्रमाण पुर्याउने दायित्व सम्बन्धित पदाधिकारीको हुनेछ।

४५. **विश्वविद्यालयलाई छुट र सुविधा**ः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको रजिष्ट्रेसन गर्नुपर्ने जुनसुकै लिखत रजिष्ट्रेसन गर्नु परेमा रजिष्ट्रेसन दस्तुर छुट सम्बन्धी ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ।

४६. **प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्ने**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा वा कार्य गर्दा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

४७. **अधिकार प्रत्यायोजन**ः (१) सभा तथा बोर्ड अफ गभर्नर्सले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, उप-कुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार विद्यापरिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार विश्वविद्यालयको कुनै पदाधिकारी वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(४) सेवा आयोगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार कुनै समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

४८. **प्रदेश सरकारसँग सम्पर्कः** (१) विश्वविद्यालयले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नेछ।

(२) विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रदेश सरकारको सिफारिशमा संघीय शिक्षा मन्त्रालय मार्फत राख्नेछ।

४९. **विश्वविद्यालय विघटन सम्बन्धी व्यवस्था**ः कुनै कारणले विश्वविद्यालय विघटन भएमा यसको चल, अचल सम्पत्ति प्रदेश सरकारको हुनेछ।

५०. **वार्षिक प्रतिबेदनः** विश्वविद्यालयको बार्षिक प्रतिबेदन तोकिए बमोजिम सभामा पेस गरिनेछ।

५१. **संक्रमणकालीन व्यवस्था**: (१)यस ऐन अन्तरगतका सभा, बोर्ड अफ गभर्नर्स, प्राज्ञिक परिषद र कार्यकारी परिषद गठन नहुञ्जेलसम्मका लागि सभा, बोर्ड अफ गभर्नर्स, प्राज्ञिक परिषद र कार्यकारी परिषदले गर्ने आवश्यक कार्यहरू सहकुलपतिको सामान्य निर्देशनमा रही मनमोहन स्मृति पोलिटेक्निकको कार्यकारी समितिले विश्वविद्यालयको नामबाट काम कारबाही गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भए गरेका कार्यहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

५२. **सम्पत्ति र दायित्व हस्तान्तरण**: (१) यो ऐन प्रारम्भ भई कार्यान्वयनको प्रक्रिया शुरु भए पछि विश्वविद्यालय र यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको मनमोहन स्मृति पोलिटेक्निक बीच सम्झौता गरी त्यस्तो सम्झौता बमोजिम मनमोहन स्मृति पोलिटेक्निकले आफ्नो सम्पूर्ण चल, अचल सम्पत्ति र दायित्व विश्वविद्यालयलाई हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा मनमोहन स्मृति पोलिटेक्निकको साधारण सभाद्वारा निर्णय गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम सम्झौता गर्दा विश्वविद्यालयको तर्फबाट सहकुलपतिले र मनमोहन स्मृति पोलिटेक्निकको तर्फबाट कार्यकारिणी समितिको अध्यक्षले गर्नेछ।

(४) यस दफा बमोजिम हस्तान्तरण भई विश्वविद्यालयका नाममा प्राप्त हुन आएको अचल सम्पत्ति बेचविखन, हक हस्तान्तरण वा सट्टापट्टा गर्नुपरेमा संरक्षण समितिको स्वीकृति लिनुपर्नेछ।

५३. **नियम बनाउने अधिकार**: यस ऐनको कार्यान्वयन गर्न विश्वविद्यालयले आवश्यक नियम बनाउन सक्नेछ।

५४. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार**: यस ऐन र यस ऐन अनुसार बनेको नियमको कार्यान्वयन गर्न कार्यकारी परिषदले निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

# कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७

**प्रमाणीकरण मितिः** २०७७।०४।२५

**प्रस्तावनाः** प्रदेशमा बालअधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन गर्दै बालबालिकाको सर्वोत्तम हित कायम गरी बालमैत्री प्रदेश निर्माण गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७**" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

(३) यो ऐन कोशी प्रदेशभर लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ख) **"परिवार"** भन्नाले बालबालिकाका आमा, बाबु, धर्ममाता, धर्मपिता, एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरआमा वा हजुरबुबा सम्झनु पर्छ।

(ग) "**प्रदेश**" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(घ) "**प्रदेश सरकार**" भन्नाले प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ङ) "**प्रारम्भिक बालविकास उमेरका बालबालिका**" भन्नाले पाँच वर्ष उमेर पूरा नभएका बालबालिका सम्झनु पर्छ।

(च) **"बालकल्याण अधिकारी"** भन्नाले सङ्घीय संसदले जारी गरेको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम स्थानीय तहमा रहने बालकल्याण अधिकारीलाई सम्झनु पर्छ।

(छ) "**बालबालिका**" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(ज) "**बालगृह**" भन्नाले दफा १० बमोजिम स्थापना भएको बालगृह सम्झनु पर्छ।

(झ) "**मन्त्रालय**" भन्नाले प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) "**समिति**" भन्नाले दफा १२ बमोजिम गठन भएको प्रदेश बालअधिकार समिति सम्झनु पर्छ।

(ट) **"संरक्षक"** भन्नाले बालबालिकाको हकहितको संरक्षण गर्न प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ठ) **"स्थानीय तह"** भन्नाले प्रदेशमा रहेका गाउँपालिका र नगरपालिका सम्झनु पर्छ साथै सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ।

## परिच्छेद-२

## बालबालिकाको अधिकार

**३. बाँच्न पाउने अधिकारको संरक्षण सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिको सम्मानपूर्वक बाँच्न पाउने हक, बौद्धिक र शारीरिक विकासको हक प्राप्तीमा सहयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(३) प्रदेश सरकारले भौतिक निर्माणका कार्य गर्दा बालबालिकामाथि हुनसक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण, प्रतिरोधात्मक र सुरक्षाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछ।

(४) बालबालिका माथि हुनसक्ने जोखिम न्यूनीकरणका लागि प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज तथा निजी क्षेत्रले आवश्यक कार्य गर्न सक्नेछ।

**४. उचित स्याहार, हेरचाह र पालनपोषणको अधिकारको संरक्षण सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक बालबालिकालाई आमा, बाबु वा संरक्षकसँग बस्ने, बालमैत्री वातावरणमा हुर्कने, आमा, बाबुबाट उचित स्याहार, हेरचाह, पालनपोषण, संरक्षण तथा माया ममता प्राप्त गर्ने र उचित मार्गदर्शन पाउने अधिकार हुनेछ।

(२) आफ्ना छोराछोरी वा आफ्नो संरक्षणमा रहेका बालबालिकाको स्याहार, हेरचाह र पालनपोषण गर्नु, शिक्षा, स्वास्थोपचार लगायत खेलकुद, मनोरञ्जन र व्यक्तित्व विकासको अवसर उपलब्ध गराउनु आमाबाबु वा संरक्षकको दायित्व हुनेछ।

(३) भौगोलिक विकटता, गम्भीर प्रकृतिको अपाङ्गता भएका, निको नहुने प्रकृतिको कडा रोग लागि दैनिक कार्य गर्न असमर्थ, आर्थिक रूपमा विपन्न, सामाजिक रूपमा पछाडि परेका कारण आफ्ना छोराछोरीको पालनपोषण, हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण लगायत आधारभूत अधिकार पूरा गर्न असमर्थ परिवारलाई बालबालिका प्रतिको दायित्व परिपालनमा सहयोग गर्न प्रदेश सरकारले स्वयम् वा

स्थानीय तहसँगको साझेदारीमा स्थानीय तहसँग साझेदारी गरी लक्षित कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

५. **<u>पोषण एवम् स्वास्थ्यको अधिकार</u>ः** (१) प्रत्येक बालबालिकालाई पोषण सम्बन्धी हक हुनेछ।

(२) गम्भीर रुपमा कुपोषणको समस्या भएको भनी पहिचान भएका प्रत्येक बालबालिकालाई उचित पोषण र उपचारको व्यवस्था गर्नु प्रदेश सरकारको कर्तव्य हुनेछ।

(३) प्रदेश सरकारले गर्भवती महिला, स्तनपान गराउने आमा र बालबालिकाको उचित पोषण, रोग प्रतिरोधात्मक खोप, शारीरिक र मानसिक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नु पर्नेछ।

(४) पोषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **<u>प्रारम्भिक बालविकासको अधिकार</u>ः** (१) प्रदेश सरकारले प्रारम्भिक बालविकास उमेरका प्रत्येक बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपयुक्त ढङ्गले शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक तथा भाषिक विकासका लागि खेल तथा नृत्य, सङ्गीत क्रियाकलापबाट सिक्न पाउने, उत्प्रेरणा पाउने लगायत प्रारम्भिक बालविकासको अवसर उपलब्ध गराउनु पर्नेछ।

(२) प्रदेश सरकारले प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि केन्द्रमा आधारित कार्यक्रममा आवश्यक खेल तथा क्रियाकलाप वा शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउन सक्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि,-

**"केन्द्रमा आधारित कार्यक्रम"** भन्नाले बालबालिकालाई घरभन्दा बाहिर बालविकास केन्द्र वा दिवा शिशु स्याहार केन्द्र वा पूर्व-प्राथमिक विद्यालय वा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र मार्फत् उपलब्ध गराइने सेवा तथा कार्यक्रम सम्झनु पर्छ।

७. **<u>संरक्षणको अधिकार</u>ः** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण लगायत आधारभूत अधिकार सुनिश्चित गर्न प्रदेश सरकारले आवश्यक कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि,-

**"विशेष संरक्षणको आवश्यकता भएका बालबालिका"** भन्नाले प्रचलित कानून बमोजिम तोकिएका र मन्त्रालयले प्रदेश राजपत्रमा प्रकाशित गरी तोकिएका बालबालिका सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजनाको कार्यान्वयनका लागि प्रदेश सरकारले स्थानीय तहसँग साझेदारी गर्न सक्नेछ।

(३) परिवारविहीन बालबालिका, परिवार विग्रहको जोखिममा रहेका परिवारका बालबालिका, जोखिमपूर्ण श्रममा संलग्न बालबालिका, अपाङ्गता भएका बालबालिका, शारीरिक, मानसिक हिंसा, दुर्व्यवहार वा शोषणमा परेका बालबालिका, गैरकानूनी ओसारपसारबाट पीडित बालबालिकाको उद्धार, अस्थायी संरक्षण सेवाको प्रबन्ध, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, कानूनी सहयोग, पारिवारिक पुनर्मिलन, पारिवारिक सहयोग तथा सामाजिक सुरक्षा सुनिश्चित गर्न प्रदेश सरकारले तोकिए बमोजिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) प्रदेश सरकारले बालबालिकाको संरक्षणको लागि तोकिए बमोजिम विशेष संयन्त्र निर्माण गर्न सक्नेछ।

(५) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु गराउनु प्रदेश सरकार, प्रदेश अन्तर्गतका निकाय तथा अधिकारीको दायित्व हुनेछ।

८. **सूचना तथा विचार र अभिव्यक्तिको अधिकार संरक्षण सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम प्रदेशका सार्वजनिक निकाय वा निजी संस्थामा रहेका आफ्नो तथा बालबालिकासँग सम्बन्धित सार्वजनिक हक, हित र सरोकारका विषयमा सूचना माग्ने र पाउने हक हुनेछ।

(२) बालबालिकाले उपदफा (१) बमोजमको सूचना वा जानकारी माग गरेमा उनीहरूको उमेर, परिपक्वता तथा बौद्धिक अवस्था समेतको ख्याल गरी सरल भाषामा सूचना वा जानकारी उपलब्ध गराउनु सबै सार्वजनिक निकाय वा निजी संस्थाको कर्तव्य हुनेछ।

(३) प्रत्येक बालबालिकालाई उमेर, परिपक्वता तथा बौद्धिक अवस्था अनुरुप हुनेगरी प्रदेश सरकार र प्रदेश सरकार अन्तर्गतका निकायमा आफूलाई असर गर्ने विषयमा विचार अभिव्यक्त गर्ने अधिकार हुनेछ।

(४) उपदफा (३) बमोजिम बालबालिकाले अभिव्यक्त गरेको विचारको उचित सुनुवाई गर्नु पर्नेछ।

## परिच्छेद-३

## वैकल्पिक हेरचाह

९. **वैकल्पिक हेरचाहको व्यवस्थाः** (१) प्रचलित कानून बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान भएमा वा फेला परेमा सम्बन्धित बालकल्याण अधिकारीलाई सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना भई आएका बालबालिकालाई बालकल्याण अधिकारीले निजको परिवार पहिचान गरी परिवारमा पुनर्मिलन गराउनु पर्नेछ।

(३) उपदफा (२) को प्रयोजनका लागि परिवारको पहिचान हुन नसकेका बालबालिकाको हकमा स्थानीय तहसँगको सहकार्यमा प्रदेश सरकारले वैकल्पिक हेरचाहको व्यवस्था गर्नु पर्नेछ।

(४) वैकल्पिक हेरचाह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **<u>बालगृहको स्थापना, सञ्चालन अनुमति तथा सूचीकरण सम्बन्धी व्यवस्था</u>:** (१) प्रचलित कानून बमोजिम दर्ता भएका बालगृहको सञ्चालन अनुमति सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम दर्ता र सञ्चालन अनुमति पाएका बालगृह मन्त्रालय समक्ष अनिवार्य रुपले सूचीकृत हुनु पर्नेछ।

(३) यो ऐन लागु हुनु भन्दा पहिले नै प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका बालगृह समेत यस ऐन बमोजिम मन्त्रालय समक्ष सूचीकृत हुनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम सूचीकृत नभएका बालगृहलाई प्रदेश सरकारले तोकिए बमोजिम अनुदान तथा अन्य व्यवस्थापकीय सहयोग गर्ने छैन।

(५) उपदफा (१) बमोजिमको बालगृहमा बालकल्याण अधिकारीले निर्णय गरी सिफारिस गरे बाहेकका अन्य बालबालिकालाई राख्न पाइने छैन।

(६) बालगृहको सूचीकरण, बालगृहमा बालबालिकालाई राख्ने प्रक्रिया, बालबालिकाको पुन:स्थापना, सामाजिक पुनर्मिलन र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>बालअधिकार सम्बन्धी संस्थागत व्यवस्था</u>

११. **<u>बालक्लव वा संस्था गठन गर्न सक्ने</u>:** (१) बालबालिकालाई बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि बालक्लब खोल्न र बालक्लबमा आबद्ध हुन पाउने अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम बालक्लब दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहको प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम स्थापना भएका बालक्लबको एक प्रदेशस्तरीय सञ्जाल रहनेछ।

(४) उपदफा (२) बमोजिम गठन हुने बालक्लबको प्रदेशस्तरीय सञ्जालको गठन प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(५) प्रचलित प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (४) बमोजिम बालक्लबको प्रदेशस्तरीय सञ्जालको दर्ता वा नवीकरण गर्दा कुनै शुल्क लाग्ने छैन।

**१२. <u>प्रदेश बालअधिकार समिति</u>:** (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्वर्द्धन गर्न देहाय बमोजिमको एक प्रदेश बालअधिकार समिति रहनेछः

(क) बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयका मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव - सदस्य

(ग) बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयका सचिव - सदस्य

(घ) आर्थिक मामिला हेर्ने मन्त्रालयका सचिव - सदस्य

(ङ) मुख्यन्यायाधिवक्ताले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(च) प्रदेशभित्र रहेका बालगृहमध्येबाट अध्यक्षले मनोनयन गरेको एक महिला सहित दुई जना प्रतिनिधि - सदस्य

(छ) बालअधिकारको क्षेत्रमा कार्यरत सामाजिक संस्था वा बालबालिकाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति वा विशेषज्ञहरूमध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा एक जना महिलासहित तीन जना - सदस्य

(ज) बालक्लबको प्रदेशस्तरीय सञ्जालका अध्यक्ष - सदस्य

(झ) मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिम मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरूको पुनर्नियुक्ति हुन सक्नेछ।

(३) समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(४) समितिलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलव्ध गराउनेछ।

(५) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

१३. **समितिको काम, कर्तव्य र अधिकारः** बालबालिकाको हक अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्ति गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशमा बालबालिकाको हक अधिकार सुनिश्चित गर्न कानून, नीति, योजना तथा कार्यक्रम बनाउन र विशेष अभियान सञ्चालन गर्न प्रदेश सरकारलाई सुझाव एवम् परामर्श दिने,

(ख) बालबालिकाका विषयमा प्रदेश सरकारद्वारा सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी आवश्यकता अनुसार सुझाव दिने,

(ग) नेपाल पक्ष रहेको बालबालिकाको हक अधिकारसँग सम्बन्धित सन्धि, महासन्धिहरूको कार्यान्वयनका निमित्त नेपाल सरकारसँग समन्वय गर्ने,

(घ) प्रदेशभित्र वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको समग्र स्थिति, अस्थायी संरक्षण सेवा लगायत अन्य उपलब्ध सेवाहरूको गुणस्तर तथा प्रभावकारिता बारे आवधिक निरीक्षण गरी तत् सम्बन्धमा प्रदेश सरकार समक्ष सुझाव सहितको प्रतिवेदन दिने,

(ङ) प्रदेशमा बालबालिका सम्बन्धी विविध विषयका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने गराउने,

(च) बालबालिकाको हक अधिकार सम्बन्धी प्रादेशिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था, सम्बन्धित निकायको दायित्व लगायतका विषयमा प्रचारप्रसार गर्ने, गराउने,

(छ) बालअधिकार परिपूर्तिका लागि स्थानीय तहको अख्तियारी, नीति निर्माण तथा कार्यान्वयनका लागि प्रदेशभित्रका स्थानीय तहसँग समन्वय, सहजीकरण गरी क्षमता अभिवृद्धि गर्ने, गराउने,

(ज) स्थानीय बालअधिकार समितिबाट प्राप्त प्रतिवेदन, समितिले गरेको आवधिक अनुगमन, निरीक्षण तथा अध्ययन समेतका आधारमा प्रदेशभित्रका बालबालिकाको समग्र स्थिति, बालअधिकार संरक्षण तथा हनन्का अवस्था, बैकल्पिक हेरचाहमा रहेका बालबालिकाको स्थिति र उनीहरूलाई उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारीताको अवस्था समेतलाई समेटी वार्षिक रुपमा प्रतिवेदन तयार गरी प्रदेश सरकारलाई बुझाउने,

(झ) तोकिए बमोजिम अन्य काम गर्ने, गराउने।

१४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) समितिले आवश्यकता अनुसार नेपाल सरकार र प्रदेश सरकार मातहतका निकायका प्रतिनिधि, बाल अधिकरको क्षेत्रमा कार्यरत सामाजिक विकास संस्थाका प्रतिनिधि तथा अन्य विशेषज्ञलाई आफ्नो बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको बैठकमा भाग लिए बापत सदस्यले प्रचलित कानूनमा तोकिए बमोजिमको सुविधा प्राप्त गर्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१५. **बालकोषः** (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि प्रदेश सरकारले एक बालकोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारको स्वीकृतिमा विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, सङ्घ संस्थाबाट प्राप्त रकम,

(घ) जरिवाना लगायत अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको सहमति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम स्थानीय तहको कानून बमोजिम स्थापना हुने बालकोषलाई उपलब्ध गराउन सकिनेछ।

(५) बालकोषको व्यवस्थापन, सञ्चालन र उपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## विविध

१६. **अनुगमन तथा प्रतिवेदनः** (१) दफा १० को उपदफा (२) र (३) बमोजिम सूचीकृत भएका बालगृहको मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

(२) मन्त्रालय समक्ष सूचीकृत भएका बालगृहले हरेक वर्ष मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) अनुगमन तथा प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ।

१८. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐन र नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

१९. **अधिकार प्रत्यायोजनः** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी समिति, मन्त्रालयको कुनै कर्मचारी वा अन्य कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. **बाधा अड्काउ फुकाउनेः** यस ऐनको कार्यान्वयनमा आइपर्ने बाधा अड्काउ हटाउन प्रदेश सरकारले यस ऐन र प्रचलित ऐनको विपरीत नहुने गरी प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ।

# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७

**प्रमाणीकरण मितिः २०७७।०४।२५**

**संशोधन**

१) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९: २०७९।११।१५

२) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२: २०८२।०३।२९

**प्रस्तावनाः** कोशी प्रदेशमा लगानी हुने पुँजी र प्रविधिको समुचित सदुपयोग गर्न, लगानीमैत्री वातावरणको सिर्जना गर्दै उत्पादकत्व र रोजगारीको अवसर अभिवृद्धि गर्न, स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी उद्यमशिलता तथा लगानी प्रबर्द्धन मार्फत बेरोजगारी न्यूनीकरण गर्न तथा दिगो औद्योगिक विकासको माध्यमबाट उत्पादनशील, प्रतिष्पर्धी र दिगो अर्थतन्त्र निर्माण गर्न तथा प्रदेशभित्रका सबै उद्योगको संरक्षण, सम्बर्द्धन, नियमन तथा अनुगमन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"उद्योग"** भन्नाले दफा १८ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ख) **"उद्योग दर्ता गर्ने निकाय"** भन्नाले मन्त्रालय, मन्त्रालय मातहतको ✂........ कार्यालयलाई सम्झनु पर्छ र सो शब्दले स्थानीय तहलाई समेत जनाउँछ।

(ग) **"एकल बिन्दु सेवा केन्द्र"** भन्नाले दफा ३९ बमोजिमको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ।

(घ) **"कारोबार"** भन्नाले उद्योगले आफ्नो उद्देश्य बमोजिम वस्तु वा सेवाको खरिद, उत्पादन तथा वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो खरिद, उत्पादन तथा वितरणसँग सम्बन्धित अन्य कारोबारलाई समेत जनाउँछ।

(ङ) **"कोष"** भन्नाले दफा ५२ बमोजिमको कोष सम्झनु पर्छ।

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

(च) **"घरेलु उद्योग"** भन्नाले दफा १८ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ।

(छ) **"ठूला उद्योग"** भन्नाले दफा १८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ज) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

✄(झ) ......

(ञ) **"प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ट) **"प्रदेश प्राथमिकता प्राप्त उद्योग"** भन्नाले दफा २० बमोजिमको उद्योग सम्झनु पर्छ।

(ठ) **"प्रदेश सरकार"** भन्नाले प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(ड) **"बोर्ड"** भन्नाले दफा २१ बमोजिम गठित प्रदेश प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड सम्झनु पर्छ।

(ढ) **"वृहत् उद्योग"** भन्नाले दफा १८ को उपदफा (१) को खण्ड (च) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ण) **"मध्यम उद्योग"** भन्नाले दफा १८ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(त) **"मन्त्रालय"** भन्नाले उद्योग सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(थ) **"लघु उद्यम"** भन्नाले दफा १८ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनु पर्छ।

*(थ१) **"समन्वय समिति"** भन्नाले जिल्लास्तरमा लगानी प्रवर्द्धन गर्न तथा उद्योग स्थापनालाई प्रश्रय दिन ऐनको दफा २३ बमोजिम गठन हुने जिल्ला उद्योग प्रवर्द्धन समन्वय समिति सम्झनु पर्छ।

(द) **"सहकारी"** भन्नाले प्रचलित सहकारी ऐन बमोजिम दर्ता भएका सहकारी संस्थालाई सम्झनु पर्छ।

(ध) **"साना** उद्योग" भन्नाले दफा १८ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ।

---

✄ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(न) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ।

(प) **"स्थिर पुँजी"** भन्नाले दफा १९ बमोजिमको सम्पत्ति सम्झनु पर्छ।

(फ) **"सङ्घीय ऐन"** भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ लाई सम्झनु पर्छ।

▽(ब) "**स्टार्टअप उद्यम**" भन्नाले दफा ४क. बमोजिमको स्टार्टअप उद्यम सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

**३.** दर्ता नगरी उद्योग सञ्चालन गर्न नहुनेः (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई प्रदेश भित्र उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन।

✍(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित संघीय कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका प्रदेशको अधिकारक्षेत्र भित्र पर्ने उद्योग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिने छ।

तर प्रदेशको अधिकारक्षेत्र भित्र पर्ने उद्योग भए तापनि यो ऐन प्रारम्भ हुनु अघि संघीय कानून बमोजिम संघीय निकायमा दर्ता भई प्रदेशलाई हस्तान्तरण गरिएका उद्योगले उद्योग प्रशासन सम्वन्धी कार्य गर्दाका बखत उद्योग दर्ता गर्ने निकायमा अभिलेखीकरण गराई सोको निस्सा लिनु पर्नेछ।

(३) यो ऐन प्रारम्भ भएपछि स्थानीय तहमा विधिवत रुपमा दर्ता भएका उद्योगहरूको विवरण उद्योग दर्ता गर्ने निकायले माग गर्न सक्ने छ।

(४) कुनै उद्योगले आफ्नो उत्पादनको केही भाग साविकको उद्योग रहेको स्थान भन्दा फरक स्थानबाट उत्पादन गर्न चाहेमा त्यस्तो शाखा उद्योगलाई यस ऐन बमोजिम दर्ता बाहेक नयाँ उद्योग स्थापना गरे सरहको प्रक्रिया पूरा गरी एकाइ उद्योगको रुपमा स्थापना गरी सञ्चालन गर्न सक्नेछ। ✂ ........

✂(५) .........

(६) उपदफा (४) बमोजिमको एकाईबाट हुने उत्पादन तथा कारोबारको अभिलेख सम्बन्धित एकाईले तयार गरी राख्नुपर्नेछ र त्यस्तो अभिलेख उद्योगको

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

✍ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

मुख्य कार्यालयमा समेत पठाउनु पर्नेछ र मुख्य कार्यालयले मुख्य उद्योग र एकाई उद्योगले उत्पादन गरेको विवरण अलग अलग र एकमुष्ठ समेत दर्ता गर्ने निकायमा पेस गर्नु पर्नेछ।

४. **<u>निवेदन दिनुपर्नेः</u>** (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्ति, फर्म, सहकारी वा कम्पनीले तोकिए बमोजिमको विवरण र कागजात एवम् तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा दर्ताको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योगहरू प्रदेशमा दर्ता गरिने छैनः

(क) विदेशी लगानीमा स्थापना हुने उद्योग,

(ख) नेपालको संविधानको अनुसूची-५ मा उल्लिखित विषयसँग सम्बन्धित उद्योग,

(ग) दुई वा दुई भन्दा बढी प्रदेशको कार्यक्षेत्र भएको उद्योग,

(घ) कुटनीतिक मामिला सम्बन्धी शैक्षिक परामर्श सेवाहरूसँग सम्बन्धित उद्योग।

(३) उपदफा (१) बमोजिम निवेदन दिंदा निवेदनसाथ संलग्न गर्नुपर्ने विवरण वा कागजात विद्युतीय माध्यम (अनलाइन) बाट समेत पेस गर्न सकिनेछ र तत्सम्बन्धी कागजातको प्रमाणीकरण प्रदेश सरकारले व्यवस्था गरेमा विद्युतीय हस्ताक्षरको माध्यमबाट गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको विद्युतीय माध्यम प्रयोग गर्ने वा विद्युतीय हस्ताक्षरलाई मान्यता दिने विषय मन्त्रालयले सूचना प्रकाशित गरी सार्वजनिक रुपमा जानकारी गराएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले नपुग विवरण वा कागजात पेस गर्न बढीमा नब्बे दिनको अवधि तोकी निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लघु र घरेलु उद्योगले त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सक्नेछ।

[▽]**४क. <u>स्टार्टअप उद्यमको दर्ता सम्बन्धी व्यवस्था:</u>** (१) कुनै फर्म वा कम्पनीले कुनै वस्तु वा सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण तथा सिर्जनशील सोचको प्रयोग गरी व्यवसायिक रूपमा सञ्चालन गरेको देहाय बमोजिमका उद्यमलाई यस ऐन बमोजिम उद्यम दर्ता गर्ने निकायले स्टार्टअप उद्यमको रूपमा दर्ता गर्न सक्नेछः-

(क) नयाँ कम्पनी, निजी फर्म वा साझेदारी फर्मको रूपमा दर्ता भएको,

(ख) वस्तु वा सेवाको उत्पादनमा नवीन सोच र प्रविधि प्रयोग भएको,

(ग) छिटो स्तरोन्नतिको सम्भावना भएको,

(घ) खण्ड (क) बमोजिम दर्ता भएको मितिले दश वर्षको अवधि ननाघेको, र

(ङ) दर्ता पश्चात् कुनै आर्थिक वर्षको कारोबार पन्ध्र करोड रूपैयाँभन्दा बढी नभएको।

(२) उपदफा (१) बमोजिमको स्टार्टअप उद्यमलाई प्रवर्द्धन गर्न प्रदेश सरकार वा स्थानीय तहले आफैं वा निजी सार्वजनिक साझेदारीमा उद्यम सम्वर्द्धन केन्द्र (बिजिनेश इक्युवेशन सेन्टर) सञ्चालन गर्न सक्नेछ।

(३) स्टार्टअप उद्यमको नियमन त्यस्तो उद्यमको दर्ता गर्ने निकायबाट हुनेछ।

(४) उपदफा (१) बमोजिम स्टार्टअप उद्यम दर्ता गर्ने निकायले सो सम्बन्धी विवरण छुट्टै अभिलेख तयार गरी राख्नु पर्नेछ।

(५) स्टार्टअप उद्यमको दर्ता तथा सञ्चालन र उद्यम सम्बर्द्धन केन्द्र (बिजिनेश इक्युवेशन सेन्टर) को सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५.** **<u>निवेदन अस्वीकृत गर्न सक्ने:</u>** (१) दफा ४ को उपदफा (५) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेस नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा वा उद्योग दर्ता गर्न नमिल्ने भएमा उद्योग दर्ता गर्ने निकायले आधार र कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको मितिले सात दिन भित्र आधार र कारण खुलाई सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

---

[▽] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

✎(३) उपदफा (२) बमोजिमको जानकारी निवेदकले प्राप्त गरेपछि मन्त्रालय वाहेकका निकायबाट जानकारी पाएको भए मन्त्रालयमा र मन्त्रालयबाट जानकारी पाएको भए जानकारी पाएको मितिले तिस दिनभित्र प्रचलित कानूनले तोकेको निकाय समक्ष पुनरावेदन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको पुनरावेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **<u>उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेः</u>** (१) दफा (४) बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण वा कागजात पूरा देखिएमा वा उद्योग दर्ताका लागि नपुग देखिएको विवरण वा कागजात ✎दफा ४ को उपदफा (५) मा तोकिएको अवधिमा नपुग विवरण वा कागजात निवेदकले पेस गरेमा त्यस्तो विवरण वा कागजात प्राप्त भएको सात दिन भित्र उद्योग दर्ता गर्ने निकायले निवेदकको माग बमोजिमको उद्योग दर्ता गरी तोकिएको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

□(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भनी तोकेका उद्योगले तोकिएको अवधिभित्र वातावरणीय अध्ययनको प्रक्रिया शुरूवात गर्नु पर्नेछ र सो सम्बन्धी प्रतिवेदन स्वीकृत भएपछि मात्र त्यस्तो उद्योग स्थापना, सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिंदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरू सो प्रमाणपत्रमा खुलाउनु पर्नेछः

(क) उद्योगको ✎कुल पुँजी,

(ख) प्रमाणपत्र जारी भएको मिति,

(ग) व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(घ) उद्योगले पालना गर्नुपर्ने सर्तहरू र

(ङ) तोकिए बमोजिम अन्य विवरण।

(४) उपदफा (१) बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित सर्तहरूको पालना गर्नु पर्नेछ।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

७. **<u>वातावरणीय अध्ययन गर्नु पर्ने:</u>** (१) दफा ६ बमोजिम वातावरणीय अध्ययन नगराई दर्ता भएको उद्योगले प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने प्रकृतिको देखिएमा तोकिएको अवधिभित्र वातावरणीय अध्ययन प्रतिवेदन बुझाउन उद्योग दर्ता गर्ने निकायले आदेश दिनेछ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन नबुझाएमा त्यस्तो प्रतिवेदन नबुझाउने उद्योगको उत्पादन वा कारोबार रोक्का गर्न उद्योग दर्ता गर्ने निकायले आदेश दिनेछ।

(३) दफा ६ बमोजिम स्थापना भएका उद्योगको [×]........, क्षमता वृद्धि, उद्देश्य थप, उद्देश्य परिवर्तन, उद्योगको ठाउँसारी वा स्थानान्तरण गर्नुपर्दा प्रचलित प्रदेश कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सो समेत गर्नु पर्नेछ।

(४) उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकुल वातावरणीय असरको न्यूनीकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ।

(५) यस दफा बमोजिम वातावरणीय प्रभावको न्यूनीकरण गरे नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार अनुगमन गरी निर्देशन दिन, कारबाही गर्न वा कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको अन्य कार्य तोकिए बमोजिम हुनेछ।

[✎](७) वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योगले उद्योग दर्ता गर्नको लागि निवेदन दिंदा उद्योग स्थापना तथा सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव न्यूनीकरण गर्न आवश्यक उपाय अबलम्बन गर्ने स्वघोषणा गर्नु पर्नेछ र वातावरणीय अध्ययन गर्नु नपर्ने तर वातावरणमा प्रतिकुल प्रभाव पर्ने खालको उद्योग भए उद्योग दर्ता गर्ने निकायको प्रमुखबाट प्रचलित वातावरण सम्बन्धी कानून अनुसार वातावरण व्यवस्थापन योजना स्वीकृत गराएर मात्र व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ।

८. **<u>उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनु पर्ने:</u>** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी [✎]<u>व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको</u> दुई महिनाभित्रमा उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ।

---

[×] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा झिकिएको

[✎] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै त्यस्तो अवधि थपको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेमा सोको आधार र कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधिभित्र वा सो अवधि समाप्त भएको मितिले छ महिना भित्र उक्त अवधि वढाउनका लागि तोकिए बमोजिमको विलम्ब शुल्क बुझाई उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गरी उद्योग स्थापनाको लागि गर्नुपर्ने निर्माण कार्य लगायतका कामको प्रगति र उद्योगको प्रकृति हेरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम थप गरी दिनेछ।

तर कुनै उद्योगको सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तीन पटक भन्दा बढी थप्न पाइने छैन।

(५) उपदफा (४) बमोजिम अवधि थपिएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन, आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम कुनै उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेकोमा त्यस्तो निर्णय भएको सात कार्य दिनभित्र सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

✎(७) उपदफा (६) बमोजिमको जानकारी निवेदकले प्राप्त गरेपछि मन्त्रालय बाहेकका निकायबाट जानकारी पाएको भए मन्त्रालयमा र मन्त्रालयबाट जानकारी पाएको भए प्रचलित कानूनले तोकेको निकाय समक्ष पुनरावेदन गर्न सक्नेछ।

(८) उपदफा (४) बमोजिम कुनै उद्योग सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेमा त्यस्तो उद्योगलाई दिइएको दर्ता अनुमति स्वतः निष्कृय भएको मानिनेछ।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

९. **अनुगमन तथा निरीक्षण गर्ने:** (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली र उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित सर्तहरूको पालना गरे नगरेको सम्बन्धमा मन्त्रालय वा उद्योग दर्ता गर्ने निकायले समय समयमा उद्योगको अनुगमन तथा निरीक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योगको अनुगमन तथा निरीक्षण गर्न खटिएको कर्मचारी वा पदाधिकारीले अनुगमन तथा निरीक्षणको सिलसिलामा सम्बन्धित उद्योग परिसरमा प्रवेश गर्न, आवश्यकता अनुसार श्रव्य-दृष्य तथा अन्य सूचना तथा तथ्याङ्क सङ्कलन गर्न, आवश्यक कागजात जाँच गर्न र अन्य कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम माग गरिएको त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई आवश्यक सहजीकरण गरिदिन सक्नेछ।

१०. **अनुगमन सम्बन्धी विशेष व्यवस्था:** अनुगमन प्रयोजनको लागि मन्त्रालय वा निर्देशनालयमा दर्ता भएको उद्योगको विवरण प्रत्येक महिना सम्बन्धित जिल्लामा रहेको उद्योग दर्ता गर्ने निकायमा पठाउने छ र त्यस्तो निकायले जिल्लाभित्रका सवै उद्योग सञ्चालनमा रहे नरहेको र प्रमाणपत्रमा तोकिएको सर्त बमोजिम काम गरे नगरेको विषयमा प्रत्येक वर्षमा कम्तीमा एक पटक जाँचबुझ गरी सोको प्रतिवेदन ✂.............मन्त्रालयमा पठाउनु पर्नेछ।

११. **उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने:** (१) प्रदेशको कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले प्रदेशभित्र अन्यत्र स्थानान्तरण गर्नु पर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकाय समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा यस ऐन बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरी उद्योग दर्ता गर्ने निकायले स्थानान्तरण भई जाने सम्बन्धित स्थानीय तहको सिफारिसमा उद्योग स्थानान्तरणको स्वीकृती दिन सक्नेछ। त्यसरी उद्योग स्थानान्तरणको लागि प्रदान गरिएको

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

स्वीकृतिको जानकारी मन्त्रालय, स्थानान्तरण भई जाने सम्बन्धित जिल्लाको दर्ता गर्ने निकाय र सम्बन्धित स्थानीय तहलाई समेत दिनु पर्नेछ।

(३) एक प्रदेशबाट अर्को प्रदेशमा उद्योग स्थानान्तरण गर्नु परेमा उद्योग स्थानान्तरण हुने प्रदेशको स्वीकृति लिनु पर्नेछ। यसरी स्थानान्तरण गर्दा स्थानान्तरण हुने प्रदेशको प्रचलित औद्योगिक व्यवसाय ऐन तथा नियमावलीले तोकेको कार्यविधि र प्रक्रिया पूरा गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम दर्ता भएका सहकारी उद्योग स्थान्तरण गर्दा सहकारी संस्थाको बिनियममा उल्लेखित क्षेत्र भित्रमात्र स्थानान्तरण गर्न पाउने छ।

(५) उद्योग स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनुपर्ने:** (१) कुनै उद्योगले आफ्नो विद्यमान पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा सोको स्वीकृतिको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो उद्योगको पुँजी वृद्धि गर्न, क्षमता वृद्धि गर्न, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर गर्न नब्बे दिनभित्र स्वीकृति दिई दर्ता प्रमाणपत्रमा व्यहोरा जनाउनु पर्नेछ र त्यसरी पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गीकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योगले सोको अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ।

(३) यस दफाको प्रयोजनका लागि कुनै उद्योगले साविकमा जडित यन्त्र उपकरणमा फेरबदल नगरी व्यवस्थापकीय दक्षता अभिवृद्धि गरी प्रक्षेपित उत्पादनभन्दा बढी उत्पादन गरेकोमा क्षमता वृद्धि गरेको मानिने छैन।

१३. **विवरण उपलब्ध गराउनुपर्ने:** (१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योग एक आर्थिक वर्षभन्दा बढी बन्द भएमा वा कुनै कारणले उत्पादन वा कारोबार नभए पनि उक्त अवधिको शून्य विवरण बुझाउनु पर्नेछ।

तर त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायलाई सो उद्योग बन्द भएको जानकारी गराई अभिलेखमा जनाएपछि बन्द भएको अवधिभरको विवरण बुझाउन आवश्यक पर्ने छैन।

१४. **उद्योग बन्द गरेमा जानकारी दिनुपर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योग सम्बन्धित उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले तीस दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई तोकिए बमोजिम दिनु पर्नेछ।

(२) उद्योगको उत्पादन वा कारोबारमा कुनै अवरोध वा वाधा उत्पन्न भएमा त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायमा जानकारी गराएमा सोको निराकरणका लागि सम्बन्धित जिल्लाको उद्योग दर्ता गर्ने निकायले सो भन्दा माथिको उद्योग दर्ता गर्ने निकाय, स्थानीय तह र अन्य सम्बद्ध पक्षहरूबिच आवश्यक पहल र सहजीकरण गरी अवरोध हटाउन आवश्यक कार्य गर्नेछ।

(३) उपदफा (१) बमोजिम बन्द वा स्थगन भएको उद्योग पुनः सञ्चालनमा आएमा सञ्चालनमा आएको एक महिना भित्र उद्योग दर्ता गर्ने निकायमा जानकारी दिनु पर्नेछ।

१५. **उद्योग दर्ता खारेज गर्न निवेदन दिन सकिनेः** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको विवरण वा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

तर प्रचलित कानून बमोजिम दामासाहीमा परी उद्योग बन्द भएको अवस्थामा सोही कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई बुझाउनु पर्ने कर र दायित्व फरफारक गरेको देखिएमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी उद्योग दर्ता खारेज गरिदिनु पर्नेछ र त्यसरी गरिएको दर्ता खारेजीको जानकारी सम्बन्धित निवेदक र सबै सरोकारवाला सरकारी निकायलाई दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम दामासाहीको प्रक्रियामा गएको कम्पनी अन्तर्गतको उद्योगहरूको हकमा सोही बमोजिम हुनेछ र त्यसरी उद्योग खारेज भएकोमा सोको जानकारी लिक्विडेटरले सम्बन्धित उद्योग दर्ता गर्ने निकायलाई उपलब्ध गराउनु पर्नेछ।

१६. **अभिलेख व्यवस्थित गर्नुपर्नेः** (१) उद्योग दर्ता, नवीकरण, नामसारी, नाम परिवर्तन, स्थानान्तरण, क्षमता वृद्धि, पुँजी वृद्धि, उद्देश्य थप वा परिवर्तन वा उद्योग खारेजी लगायतका उद्योग प्रशासनसँग सम्बन्धित अभिलेख सुरिक्षत राख्ने दायित्व उद्योग दर्ता गर्ने निकायको हुनेछ।

(२) कुनै उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्तिले आफूसँग सम्बन्धित उद्योगको उपदफा (१) बमोजिमको कागजात वा अभिलेख आवश्यक भएको खण्डमा तोकिए बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा उद्योग दर्ता गर्ने निकायले तोकिएको दस्तुर लिई ✎<u>उद्योग दर्ता गर्ने निकायमा</u> रहेको कागजात वा अभिलेख प्रमाणित गरी तत्काल उपलब्ध गराउनु पर्नेछ।

(४) कुनै कारणले उद्योग दर्ता गर्ने निकायमा रहेको अभिलेख नष्ट भएको वा फेला पर्न नसकेको अवस्थामा उद्योग दर्ता गर्ने निकायले सरोकारवाला अन्य सरकारी निकायमा रहेको कागजात वा अभिलेख तथा सम्बन्धित उद्योगले पेस गरेका अन्य कागजातलाई आधार मानी अभिलेख कायम गरी उपदफा (३) बमोजिमको प्रतिलिपि तत्काल उपलब्ध गराउनु पर्नेछ।

(५) उद्योग दर्ता गर्ने निकायले उपदफा (४) बमोजिम प्रतिलिपी जारी गरे पश्चात् सो उद्योगको अभिलेख सम्बन्धी विवरण पछि अन्यथा प्रमाणित हुन आएमा उद्योग दर्ता गर्ने निकायले निर्णय गरी त्यस्तो प्रतिलिपी रद्द गर्नु पर्नेछ।

(६) उद्योग दर्ता गर्ने निकायमा रहेको कुनै उद्योगसँग सम्बन्धित कागजात वा अभिलेख सम्बन्धित उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्ति वा त्यस्तो व्यक्तिसँग सरोकार राख्ने अन्य व्यक्ति वा निकाय बाहेक अन्य व्यक्ति वा निकायले त्यस्तो कागजात प्राप्त गर्न सक्ने छैनन्।

१७. **<u>दर्ता नियमन प्रक्रिया निर्धारण गर्नुपर्ने:</u>** उद्योग दर्ता गर्ने निकायले सेवा प्रवाहमा एकरुपता तथा प्रक्रियागत पारदर्शीता कायम गर्न उद्योग दर्ता प्रक्रियामा लाग्ने समय, लागत, निर्णयमा संलग्न हुने तह तथा सेवाग्राहीले प्राप्त गर्ने सेवालाई बढी सुशासनमैत्री बनाउन तोकिए बमोजिम आवश्यक कार्य गर्नु पर्नेछ।

## परिच्छेद-३

## <u>उद्योगको वर्गीकरण तथा स्थिर पुँजी</u>

१८. **<u>उद्योगको वर्गीकरण:</u>** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरूको वर्गीकरण देहाय बमोजिम गरिएको छः

**(क) लघु उद्यमः** देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(१) घर जग्गा बाहेक बढीमा बिस लाख रुपैयाँसम्मको स्थिर पुँजी रहेको,

(२) उद्यमी र निजको एकासगोलको परिवारका सदस्य स्वयम् उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रुपैयाँभन्दा कम रहेको,

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता पच्चिस किलोवाट वा सोभन्दा कम रहेको।

**(ख) घरेलु उद्योगः** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः

(१) परम्परागत सिप र प्रविधिमा आधारित,

(२) श्रम मूलक र खास सिप वा स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,

(४) अनुसूची-१ मा उल्लेख भएका तर तोकिए बमोजिम सम्मको स्थिर पुँजी भएका उद्योगहरू।

**(ग) साना उद्योगः** लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।

**(घ) मध्यम उद्योगः** पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।

**(ङ) ठूला उद्योगः** पचास करोड रुपैयाँभन्दा बढी पाँच अर्व रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।

**(च) वृहत् उद्योगः** पाँच अर्ब रुपैयाँभन्दा बढी स्थीर पुँजी भएको उद्योग।

(२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गिकरण गरिएको छः

(क) **ऊर्जामूलक उद्योगः** ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-२ मा उल्लिखित उद्योगहरू।

(ख) **उत्पादनमूलक उद्योगः** कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, वा अर्धप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरू।

(ग) **कृषि तथा वन पैदावारमा आधारित उद्योगः** कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची-३ मा उल्लिखित उद्योगहरू।

(घ) **खनिज उद्योगः** प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका खनिज उत्खनन्का लागि अध्ययन गर्न वा उत्खनन् भएका वस्तुमा आधारित उद्योगहरू। जस्तैः रेडिमेक्स उद्योग वा यस्तै प्रकृतिका अन्य उद्योग।

(ङ) **पूर्वाधार उद्योगः** भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-४ मा उल्लेख गरिएका उद्योगहरू।

(च) **पर्यटन उद्योगः** पर्यटन सेवासँग सम्बन्धित अनुसूची-५ मा उल्लिखित उद्योगहरू।

(छ) **सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योगः** प्रचलित कानूनले तोके अनुसारको प्रादेशिक क्षेत्राधिकारभित्रका सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रशारण प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-६ मा उल्लिखित उद्योगहरू।

(ज) **सेवामूलक उद्योगः** सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-७ मा उल्लिखित उद्योगहरू।

(३) कुनै उद्योगले दफा १२ बमोजिम पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग उपदफा (१) बमोजिम जुन वर्गमा पर्ने हो सोही वर्गमा स्वतः वर्गीकृत भएको मानिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डको सिफारिसमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई उद्योगको वर्गीकरणमा समावेश गर्न वा कुनै एक वर्गमा समावेश भएको उद्योगलाई कुनै अर्को उपयुक्त वर्गमा रहने गरी व्यवस्था गर्न सक्नेछ।

(५) प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका तोकिए बमोजिमका सहकारी संस्थाले सो संस्थाको स्वामित्व रहने गरी उद्योग दर्ता गर्न चाहेमा यस ऐन बमोजिम उद्योग दर्ता गर्न सकिनेछ।

(६) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी उपदफा (१) वा (२) बमोजिमको वर्गिकरणमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१९. **उद्योगको स्थिर पूँजी:** (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पुँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछः

(क) जमिन तथा जमिनमुनी (अन्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली)

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिवहनका साधन,

(ज) पुँजीगत प्रकृतिका कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर, कम्प्यूटर, सिसि क्यामेरा,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पुँजीको रुपमा मूल्याङ्कन गरिनेछः

(क) पुँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण वा परामर्श खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पुँजीकृत हुने ब्याज खर्च,

(घ) उद्योग सञ्चालन पूर्वको वातावरणीय अध्ययन र अनुसन्धान खर्च।

२०. **प्रदेश प्राथमिकता प्राप्त उद्योगः** यस ऐनको अनुसूची-८ मा उल्लिखित उद्योगहरूलाई प्रदेश प्राथमिकता प्राप्त उद्योग मानिने छ।

## परिच्छेद-४

## प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड सम्बन्धी व्यवस्था

**२१. प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको गठनः** (१) प्रदेशमा उद्योग विकास र औद्योगिकीकरणका लागि आवश्यक सहजीकरण, सुपरीवेक्षण, समिक्षा तथा नीतिगत पृष्ठपोषण, औद्योगिक सुशासनका लागि देहाय बमोजिमको एक प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड गठन हुनेछः

(क) प्रदेशको उद्योग हेर्ने मन्त्री/राज्यमन्त्री - अध्यक्ष

(ख) उपाध्यक्ष, प्रदेश योजना आयोग - सदस्य

(ग) प्रमुख सचिव वा निजले तोकेको सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(च) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य

(छ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ज) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(झ) प्रमुख कार्यकारी निर्देशक, सार्वजनिक निजी सहकारी तथा लगानी प्राधिकरण - सदस्य

(ञ) प्रदेश अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ - सदस्य

(ट) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ - सदस्य

(ठ) प्रदेश लघु उद्यम महासङ्घ - सदस्य

(ड) प्रदेश महिला उद्यमी महासङ्घ - सदस्य

(ढ) हिमाल पहाड र तराईको औद्योगिकरणको क्षेत्रमा बिशेषज्ञता हासिल गरेकाहरू मध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(ण) ✂.........

(त) प्रदेश भित्र रहेको नेपाल राष्ट्र बैङ्कको अधिकृतस्तरको कर्मचारी - सदस्य

(थ) मन्त्रालयका उद्योग महाशाखा प्रमुख - सदस्य सचिव

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयमा मन्त्री र राज्यमन्त्री दुवै नियुक्त भएको अवस्थामा मन्त्री समितिको अध्यक्ष हुनेछ, राज्यमन्त्री बोर्डको सदस्यको रुपमा रहनेछ।

(३) बोर्डले आवश्यक देखेमा विषयसँग सम्बन्धित विषयको विज्ञ, प्रदेश सरकारको कुनै पदाधिकारी वा अधिकृत कर्मचारीलाई बोर्डको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) बोर्डको सचिवालयको काम उद्योग वाणिज्यसँग सम्बन्धित महाशाखाले गर्नेछ।

(५) बोर्डको बैठक कम्तीमा दुई महिनाको एक पटक र आवश्यकता अनुसार जुनसुकै बखत बस्न सक्नेछ।

(६) बोर्डको सदस्य सचिवले बोर्डको अध्यक्षसँगको परामर्शमा बोर्डको बैठकमा पेस हुने कार्यसूची निर्धारण गरी सोको जानकारी बोर्डको बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(७) बोर्डको बैठकको निर्णयको लागि पेस हुने कुनै कार्यसूचीको सम्बन्धमा बोर्डको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुँदैन।

(८) उपदफा (७) विपरित हुनेगरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ।

(९) बोर्डले गरेका निर्णयहरू सदस्य सचिवले प्रमाणित गरी राख्नुपर्नेछ।

(१०) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(११) बोर्डले कामको अवस्था हेरी आवश्यकता अनुसार संयोजक सहित बढीमा पाँचजना सदस्य रहेको उपसमिति गठन गर्न सक्नेछ र त्यसरी उपसमिति गठन गर्दा लघु उद्यम सम्बन्धी उपसमिति अनिवार्य रुपमा गठन गर्नु पर्नेछ।

२२. **बोर्डको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशको समग्र औद्योगिक विकास र प्रवर्द्धनको सम्बन्धमा नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिको कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने,

(ग) प्रदेशको औद्योगिक विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस गर्ने,

(घ) उद्योग दर्ता, नवीकरण, स्थानान्तरण अनुगमन सम्बन्धी कार्यलाई व्यवस्थित, पारदर्शी र सुशासनमैत्री बनाउन कानून बमोजिम निर्देशन दिने,

(ङ) प्रदेशमा दर्ता भएका औद्योगिक इकाई तथा उद्योग व्यवसायीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने,

(च) प्रदेशभित्रका औद्योगिक क्षेत्रमा स्वदेशी लगानी अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(छ) प्रदेशभित्र सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने, गराउने,

(ज) औद्योगिक व्यवसाय विकास र विस्तारका लागि प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय गर्नुपर्ने विषयमा आवश्यक मार्गदर्शन दिने र समन्वयको आवश्यक व्यवस्था मिलाउने,

(झ) उद्योग सम्बन्धी सङ्घीय कानूनको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि मन्त्रालयमा लेखी पठाउन सम्बन्धित प्रदेश मन्त्रालयलाई निर्देशन दिने,

(ञ) एकल बिन्दु सेवा केन्द्रबाट प्राप्त हुने सेवा सुविधाको सम्बन्धमा सङ्घीय बोर्डसँग समन्वय गर्ने,

(ट) प्रदेशमा दर्ता भएका उद्योगको प्रवर्द्धनको सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने वा गराउने,

*(ट१) उद्योग तथा वाणिज्य प्रशासनसँग सम्वन्धित कानूनको कार्यान्वयनका क्रममा देखिएका समस्याको समाधानका लागि निर्णय गरी बाधा अड्काउ फुकाउने,

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

(ठ) औद्योगिक विकास तथा प्रवर्द्धनका लागि आवश्यक देखिएका अन्य विषयमा सुझाव तथा सिफारिस गर्ने।

(२) बोर्डले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये केही अधिकार उपसमिति, प्रदेश सरकारको कुनै निकाय वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) बोर्डले आफूले गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तिस दिनभित्र मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ। मन्त्रालयले त्यस्तो प्रतिवेदन आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग व्यवसायमा प्रत्यक्ष असर पर्ने गरी कुनै नीति तर्जुमा गर्दा वा त्यसमा परिवर्तन गर्दा बोर्डसँग परामर्श लिनुपर्नेछ।

२३. **जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिः** (१) जिल्लास्तरमा लगानी प्रवर्द्धन तथा उद्योग स्थापनालाई प्रश्रय दिन देहाय बमोजिमको जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिको गठन गरिनेछः

| | | |
|---|---|---|
| (क) | जिल्ला समन्वय समिति प्रमुख | -संयोजक |
| (ख) | कार्यालय रहेको स्थानीय तहको प्रमुख/उपप्रमुख/अध्यक्ष/ उपाध्यक्ष | -सदस्य |
| (ग) | अध्यक्ष, जिल्ला/नगर उद्योग वाणिज्य सङ्घ | -सदस्य |
| (घ) | अध्यक्ष, जिल्ला घरेलु तथा साना उद्योग महासङ्घ | -सदस्य |
| (ङ) | अध्यक्ष, जिल्ला लघु उद्यम महासङ्घ | -सदस्य |
| (च) | प्रमुख, सरकारको स्वामित्वको वैंक तथा वित्तिय संस्था | -सदस्य |
| (छ) | प्रमुख, प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय | -सदस्य |
| (ज) | घरेलु तथा साना उद्योग कार्यालयको प्रमुख | -सदस्य सचिव |

(२) जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यहरूलाई आमन्त्रित गर्नु पर्नेछ।

(३) समन्वय समितिले सम्बन्धित क्षेत्रका बढीमा दुई जना विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ।

(४) समितिको सचिवालय जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमा रहनेछ।

(५) समितिको वैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२४. **समन्वय समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्लामा औद्योगिक तथा लगानी प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकरण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) जिल्लाको समग्र औद्योगिकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवम् कार्यप्रणालीको नियमित समिक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस गर्ने,

(घ) जिल्लाको औद्योगिक विकास तथा उद्यमशिलता विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समिक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस गर्ने,

(ङ) जिल्लास्थित विभिन्न स्थानीय तहमा औद्योगिक विकास गर्न घरेलु, औद्योगिक ग्राम स्थापना र सञ्चालन गर्न आवश्यक पहल गर्ने,

(च) औद्योगिक लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस र सुझाव गर्ने,

(छ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यतापूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक सहजीकरण गर्ने,

(ज) जिल्ला भित्र दर्ता भएका उद्योग सञ्चालनमा रहे नरहेको अनुगमन गरी निर्देशनालय मार्फत् प्रतिवेदन मन्त्रालयमा पठाउने,

(झ) औद्योगिक विकासको लागि सहजीकरण, समिक्षा तथा समन्वय सम्बन्धी अन्य कार्यहरू गर्ने।

२५. **बोर्ड वा समितिको सदस्यले निर्णय प्रक्रियामा भाग लिन नहुनेः** (१) बोर्ड वा समितिको बैठकमा निर्णयको लागि पेस हुने कुनै कार्यसूचीको सम्बन्धमा बोर्ड वा समितिको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहे त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्थामा सम्बन्धित सदस्यले सदस्य सचिव मार्फत बोर्ड वा समितिलाई जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (१) विपरीत हुने गरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय मात्र स्वतः बदर हुनेछ।

२६. **गोपनीयता कायम राख्नुपर्ने:** (१) बोर्ड वा समितिको कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनाधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन।

(२) बोर्ड वा समितिको अध्यक्ष, सदस्य, सदस्य सचिव, बैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले उपदफा (१) विपरीत कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिनेछ।

२७. **बोर्ड/समितिका पदाधिकारी सदस्यको सुविधाः** यस ऐन बमोजिम बोर्ड वा समितिका अध्यक्ष सदस्य सचिव वा सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता पाउने छन्।

## परिच्छेद-५

## उद्योगलाई प्रदान गरिने सहुलियत सम्बन्धी व्यवस्था

२८. **आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियतः** (१) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई कर सम्बन्धी प्रचलित कानून र सङ्घीय ऐनले प्रदान गरेको छुट, सुविधा वा सहुलियत प्रदान गर्न आवश्यक भएमा मन्त्रालयले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) प्रदेशमा स्थापना भई सञ्चालनमा रहेका उद्योगहरूलाई उपलब्ध गराइने अन्य छुट, सुविधा, सहुलियत प्रदेश सरकारको वार्षिक बजेट, नीति कार्यक्रम बमोजिम वा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

२९. **भन्सार महसुल सम्बन्धी छुट, सुविधा वा सहुलियतः** यस ऐन बमोजिम दर्ता भएको उद्योगलाई सङ्घीय ऐन बमोजिम दिइने छुट प्रदान गर्न नेपाल सरकारमा मन्त्रालय मार्फत् सिफारिस गरिनेछ।

▿२९क. **थप सुविधा तथा सहुलियतः** (१) यस ऐन बमोजिम स्थापना भएको उद्योगले स्वीकृत कच्चा पदार्थ खपतको क्षमता अनुसार कच्चा पदार्थ प्रयोग गर्दा खेर जाने कच्चा पदार्थ (जर्ति) को मापदण्ड संघीय ऐनको व्यवस्था विपरीत नहुने गरी मन्त्रालयले तोक्न सक्नेछ।

▿ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

(२) स्टार्टअप उद्यमलाई प्रदेश सरकार वा स्थानीय तहले प्रोत्साहन, छुट, सहुलियत वा वित्तीय वा गैरवित्तीय सुविधा प्रदान गर्न सक्नेछ।

३०. **लघु उद्यमको लागि अन्य सुविधा एवम् सहुलियतः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन।

तर प्रमाणपत्र दस्तुर वापत एक हजार रुपैयाँमा नबढ्ने गरी दस्तुर लिन भने बाधा पर्ने छैन।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका लघु उद्यमलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भई सञ्चालनमा आएको लघु उद्यमलाई प्रचलित कानून बमोजिम करमा छुट दिन सकिनेछ।

३१. **महिला तथा दलित उद्यमीका लागि थप सुविधाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला तथा दलितको मात्र स्वामित्व रहने गरी उद्योग वा फर्म दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा यस ऐन बमोजिम ✎बिस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म कुल पुँजी भएको उद्योगमा लाग्ने दस्तुर वा शुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिलाको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानून बमोजिम छुट हुनेछ।

(३) महिला उद्यमीले कुनै औद्योगिक क्षेत्र वा औद्योगिक ग्रामभित्र नयाँ उद्योग स्थापना गर्न चाहेमा त्यस्तो क्षेत्र सञ्चालन गर्ने निकायले स्थान उपलब्ध गराउन त्यस्ता महिला उद्यमीलाई प्राथमिकता दिनु पर्नेछ।

(४) महिला उद्यमीको विकास प्रवर्द्धनका लागि प्रदेश सरकारले महिला उद्यमी कोष स्थापना गरी सञ्चालन गर्न सक्नेछ र त्यस्तो कोषको सञ्चालनका लागि आवश्यक कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछ।

३२. **औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगहरूका सम्बन्धमा विशेष व्यवस्थाः** औद्योगिक क्षेत्र, औद्यगिक क्लष्टर, औद्योगिक करिडोर र उद्योग ग्रामभित्र सञ्चालनमा आएका उद्योगलाई प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सम्बन्धमा प्रदेश सरकारले आवश्यक निर्णय गरी लागु गर्न सक्नेछ।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

□३३. **जग्गा सम्बन्धी व्यवस्था:** यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैंले खरिद गर्नु पर्नेछ।

तर तोकिए बमोजिमका उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही बेहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित मन्त्रालय मार्फत त्यस्तो अनुरोध प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्नेछ र प्रदेश सरकारले त्यस्ता उद्योगलाई प्रदेश कानून बमोजिम आवश्यक जग्गा उपलब्ध गराउन सक्नेछ।

३४. **लिजमा जग्गा उपलब्ध गराउने:** (१) प्रदेश प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न प्रदेश सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई जग्गा उपलब्ध गराई दिन उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाउन मन्त्रालयमा पेस गर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए बापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य सर्तहरू प्रदेश सरकार र सम्बन्धित उद्योग बिच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम लिजमा जग्गा प्राप्त गरी सञ्चालन भएको उद्योग कुनै कारणवश सञ्चालन हुन नसकेमा उपदफा (३) बमोजिम प्रदेश सरकारले उपलब्ध गराएको जग्गाको लिज सम्झौता स्वतः रद्द हुनेछ र त्यस्तो जग्गा प्रदेश सरकारले बिना सर्त स्वतः फिर्ता पाएको मानिनेछ।

(६) उद्योगलाई लिजमा जग्गा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले संशोधित

३५. **जग्गाको अधिकतम हदबन्दीमा छुटः** कुनै उद्योगलाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम राख्न पाउने जग्गाको अधिकतम हदभन्दा बढी भएमा सो बढी भए सम्मको जग्गा राख्न छुट पाउने सम्बन्धी व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

३६. **प्रोत्साहन, छुट, सुविधा वा सहुलियतको प्रत्याभूतिः** (१) यस ऐन बमोजिम उद्योगलाई उपलब्ध गराइएको प्रोत्साहन, छुट, सुविधा वा सहुलियतमा कम हुने गरी कुनै व्यवस्था गरिने छैन।

तर यस दफाको कुनै व्यवस्थाले थप प्रोत्साहन, छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन बाधा पुऱ्याएको मानिने छैन।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघि बहाल रहेको औद्योगिक व्यवसाय ऐन, २०७३ अन्तर्गत अनुमति प्राप्त गरी वा दर्ता गरी सञ्चालनमा रहेको उद्योगले सो ऐन बमोजिम अवधि किटिएका प्रोत्साहन, छुट, सुविधा वा सहुलियतका हकमा सोही ऐन बमोजिम र अवधि नकिटिएको प्रोत्साहन, छुट, सुविधा वा सहुलियतका हकमा यस ऐन बमोजिमको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत पाउनेछ।

(३) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएको वा अनुमति प्राप्त गरेको तर यो ऐन प्रारम्भ भएपछि मात्र व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको उद्योगले यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत पाउनेछ।

तर त्यस्तो उद्योग दर्ता वा अनुमति प्राप्त गर्दाका बखत कायम रहेको औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम प्रोत्साहन, छुट, सुविधा वा सहुलियत पाउने अवधि यस ऐनले प्रदान गरेको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत भन्दा बढी अवधिको भएमा वा यस ऐन बमोजिम त्यस्तो प्रोत्साहन, छुट, सुविधा वा सहुलियत नपाउने भएमा तत्काल प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिमको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत पाउनेछ।

(४) उद्योगहरूलाई उपलब्ध गराइने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

३७. **औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगलाई आवश्यकता अनुसार प्रदेश सरकारले तोकिए बमोजिम औद्योगिक सुरक्षा उपलब्ध गराउनेछ।

(२) औद्योगिक सुरक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **<u>प्रोत्साहन, छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने:</u>** (१) यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ।

(२) कुनै उद्योगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित हुने कुनै कार्य गरेमा त्यस्तो उद्योगलाई यस परिच्छेद बमोजिमको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्रदान गरिने छैन।

## परिच्छेद-६

## <u>एकल बिन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था</u>

३९. **<u>एकल बिन्दु सेवा केन्द्रको स्थापना:</u>** (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्ताले पाउने सेवा, प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सरल एवम् सहज प्रक्रियाद्वारा र प्रदेश सरकारका विभिन्न निकायबाट सम्पादन गरिने कार्यहरू समयमै एकै स्थानबाट उपलब्ध गराउने तथा उद्योग स्थापनाको अनुमति, दर्ता, नवीकरण, विस्तार तथा खारेजी सम्मका उद्योग प्रशासन सम्बन्धी सेवाहरू प्रवाह गर्ने प्रयोजनको लागि प्रदेश सरकारले तोकिए बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकल बिन्दु सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरूलाई पुऱ्याइने सेवा, केन्द्रमा रहने निकायगत प्रतिनिधित्व तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) एकल बिन्दु सेवा केन्द्रमा निकायगत प्रतिनिधित्वको लागि सम्बन्धित निकायले आवश्यक सङ्ख्यामा कर्मचारी खटाउनु पर्नेछ र त्यसरी खटाउँदा त्यस्तो कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही आवश्यक कार्य गर्न अधिकार समेत प्रत्यायोजन गर्नु पर्नेछ।

(४) एकल बिन्दु सेवा केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **<u>एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार:</u>** (१) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रचलित कानून बमोजिम कम्पनी, फर्म वा उद्योगको दर्ता, अनुमति वा इजाजत, नवीकरण, कारोबार अनुमति, क्षमतावृद्धि र कम्पनी, फर्म वा उद्योगको खारेजी (दामासाही बाहेक) लगायतका उद्योग तथा व्यवसाय प्रशासनसँग सम्बन्धित कार्य गर्ने,

(ख) प्रचलित कानून बमोजिम विदेशी लगानीको स्वीकृतिका लागि सिफारिस सम्बन्धी कार्य गर्ने,

(ग) प्रचलित कानून बमोजिम भिसा सुविधाको सिफारिस सम्बन्धी कार्य गर्ने,

(घ) प्रचलित कानून बमोजिम श्रम स्वीकृति र कार्य सहमति सम्बन्धी कार्य गर्ने,

(ङ) प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(च) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, सञ्चारका साधन, जग्गा, सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने तथा अन्य निकायहरूको बिच सम्पर्क बिन्दु (फोकल पोइन्ट) सम्बन्धी कार्य गर्ने,

(छ) प्रचलित कानून बमोजिम उद्योग एवम् लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट, सुविधा वा सहुलियत प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकारबाट भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ज) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र भन्सार विभागबाट प्रदान हुने निकासी, पैठारी सङ्केत नम्बर लिने कार्य र वण्डेड वेयर हाउसको सहजीकरण सम्बन्धी कार्य गर्ने,

(झ) बोर्डले आफ्ना काम, कर्तव्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ञ) उद्योगलाई आवश्यक पर्ने खानी लगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा निवेदन लिई स्वीकृति पत्र उपलब्ध गराउन निकायगत समन्वय गर्ने,

(ट) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने, लिजमा जग्गा उपलब्ध गराउन सहयोग गर्ने र हदबन्दीभन्दा बढी जग्गा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने,

(ठ) आयात अनुमति लिनु पर्ने मालवस्तु भएमा प्रचलित कानून बमोजिम अनुमति दिनका लागि सिफारिश गर्ने,

(ड) सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने,

(ढ) उद्योग व्यवसायलाई आवश्यक पर्ने सबै प्रकारका सिफारिस तथा सहजीकरणको कार्य गर्ने,

(ण) मन्त्रालय र बोर्डको निर्णय वा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(त) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य कार्यहरू गर्ने।

(२) यस दफा बमोजिम एकल बिन्दु सेवा केन्द्रले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वय गर्नु पर्नेछ।

(३) एकल बिन्दु सेवा केन्द्रको सञ्चालन, व्यवस्थापन एवम् सो केन्द्रबाट प्रदान गरिने सेवा सुविधा तथा सहुलियत र सोको प्रक्रिया सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## रुग्ण उद्योग सम्बन्धी व्यवस्था

४१. **रुग्ण उद्योगको पहिचानः** (१) उद्योगले आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच वर्षसम्म सञ्चालनमा रही उद्योगको आफ्नै नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबू बाहिरको परिस्थिति परि लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमताभन्दा तीस प्रतिशत वा सो भन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको प्रमाणित भएमा उद्योगलाई तोकिए बमोजिमको मापदण्डका आधारमा तोकिए बमोजिमको कार्यविधि अपनाई प्रदेश सरकारले रुग्ण उद्योगको रुपमा घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रुग्ण भई बन्द अवस्थामा रहेको उद्योगलाई सो उद्योगले पेस गरेको स्कीम वा परियोजना प्रस्ताव तथा मन्त्रालयबाट भएको अध्ययनबाट निश्चित छुट, सुविधा वा सहुलियत उपलब्ध गराउँदा पुनः सञ्चालनमा आउन सक्ने देखिएमा प्रदेश सरकारले त्यस्तो उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन गर्न निश्चित अवधिका लागि तोकिए बमोजिमको छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछ।

तर पूर्ण रुग्ण उद्योगको हकमा भने कुनै छुट, सुविधा वा सहुलियत उपलब्ध गराइने छैन।

४२. **रुग्ण उद्योगको वर्गीकरणः** दफा ४१ बमोजिम पहिचान भएका उद्योगलाई तोकिए बमोजिमको मापदण्डका आधारमा पूर्ण रुग्ण, रुग्ण र रुग्ण उन्मुख उद्योगका रुपमा

वर्गीकरण गरी त्यस्ता उद्योगहरूको व्यवस्थापनका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्न सकिनेछ।

४३. **<u>रुग्ण उद्योग सम्बन्धी संस्थागत व्यवस्थाः</u>** (१) यस परिच्छेद बमोजिम रुग्ण उद्योगको पहिचान, वर्गीकरण, पुनरुत्थान, पुनर्निर्माण र व्यवस्थापनका लागि सुझाव दिन प्रदेश सरकारले सम्बन्धित क्षेत्रका विशेषज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिको संरचना, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

४४. **<u>सजायः</u>** (१) कसैले दफा ३ बमोजिम उद्योग दर्ता नगराई उद्योग सञ्चालन गरेको पाइएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई तत्काल बन्द गर्न लगाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँ,
(ख) घरेलु र साना उद्योगको हकमा पच्चिस हजार रुपैयाँ,
(ग) मध्यम उद्योगको हकमा पचास हजार रुपैयाँ,
(घ) ठूला र बृहत् उद्योगको हकमा एक लाख रुपैयाँ।

(२) कुनै उद्योगले आफ्नो उद्देश्य विपरीत कार्य गरेमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः

(क) लघु उद्यमको हकमा दुई हजार देखि पाँच हजार रुपैयाँसम्म,
(ख) घरेलु र साना उद्योगको हकमा तीन हजार देखि पचास हजार रुपैयाँसम्म,
(ग) मध्यम उद्योगको हकमा चालिस हजार देखि एक लाख रुपैयाँसम्म,
(घ) ठूला र बृहत् उद्योगको हकमा दुई लाख देखि पाँच लाख रुपैयाँसम्म।

(३) कुनै उद्योगले दफा ८ बमोजिम तोकिएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी नदिएमा उद्योग दर्ता गर्ने निकायले देहाय बमोजिमको जरिबाना गर्नेछः

(क) लघु उद्यमको हकमा प्रत्येक छ महिनाको लागि दुई हजार रुपैयाँ,

(ख) घरेलु र साना उद्योगको हकमा प्रत्येक छ महिनाको लागि दश हजार रुपैयाँ,

(ग) मध्यम, ठूला र बृहत् उद्योगको हकमा प्रत्येक छ महिनाको लागि पच्चिस हजार रुपैयाँ।

(४) कुनै उद्योगले दफा ११ बमोजिम स्वीकृति नलिई उद्योगको स्थानान्तरण गरेमा वा दफा १२ बमोजिम स्वीकृति नलिई पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन गरेमा उद्योग दर्ता गर्ने निकायले देहायको कुनै जरिबाना गर्नेछः

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँ,

(ख) घरेलु र साना उद्योगको हकमा पच्चिस हजार देखि पचास हजार रुपैयाँसम्म,

(ग) मध्यम, ठूला र बृहत् उद्योगको हकमा एक लाखदेखि तीन लाख रुपैयाँसम्म।

(५) कुनै उद्योगले दफा १३ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः

(क) लघु उद्यमलाई एक हजार रुपैयाँ,

(ख) घरेलु र साना उद्योगलाई पाँच हजार रुपैयाँ,

(ग) मध्यम उद्योगलाई दश हजार रुपैयाँ,

(घ) ठूला र बृहत् उद्योगलाई पच्चिस हजार रुपैयाँ।

(६) कुनै उद्योगले दफा ३८ विपरीत हुने गरी कुनै कार्य गरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगलाई उपलब्ध गराएको प्रोत्साहन, छुट, सुविधा वा सहुलियत जुनसुकै बखत रोक्का गर्न, त्यस्तो प्रोत्साहन, छुट, सुविधा वा सहुलियत बराबरको रकम असूल उपर गर्न वा सो बराबरको रकम जरिबाना गर्न सक्नेछ।

(७) कुनै उद्योगले दफा ५४ बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारी वहन नगरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले त्यस्तो उद्योगको वार्षिक खुद मुनाफाको एक दशमलव पाँच प्रतिशतले हुन आउने रकम जरिबाना गर्न सक्नेछ। त्यस्तो जिम्मेवारी एक आर्थिक वर्षभन्दा बढी अवधिमा वहन नगर्ने उद्योगलाई प्रतिवर्ष वार्षिक खुद मुनाफाको शुन्य दशमलव पाँच प्रतिशतका दरले थप जरिबाना गर्नेछ।

(८) कुनै उद्योगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नुपर्ने सर्त वा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले समय समयमा दिएको निर्देशन पालना नगरेमा त्यस्तो उद्योगलाई उद्योग दर्ता गर्ने निकायले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः

(क) लघु उद्यमको हकमा पाँच हजार रुपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा पचास हजार देखि एक लाख पचास हजार रुपैयाँसम्म,

(ग) मध्यम उद्योगको हकमा एक लाख पचास हजार देखि तीन लाख रुपैयाँसम्म,

(घ) ठूला र बृहत् उद्योगको हकमा दुई लाख पचास हजार देखि पाँच लाख रुपैयाँसम्म।

(९) यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गर्ने उद्योगलाई उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः

(क) लघु उद्यम भए पाँच हजार रुपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योग भए बिस हजार रुपैयाँसम्म,

(ग) मध्यम उद्योगको हकमा तिस हजार रुपैयाँसम्म,

(घ) ठूला र बृहत् उद्योग भए साठी हजार रुपैयाँसम्म।

४५. **सरकारी बाँकी सरह असूल गरिनेः** यस ऐन बमोजिम लागेको जरिबाना रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

४६. **सफाई पेस गर्ने मौका दिइनेः** यस परिच्छेद बमोजिम कुनै उद्योगलाई सजाय गर्दा सफाई पेस गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ।

४७. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** यस परिच्छेद बमोजिम भएको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालत वा उच्च अदालतमा पुनरावेदन लाग्नेछ।

## परिच्छेद-९

## विविध

४८. **विशेष आर्थिक क्षेत्र सम्बन्धी व्यवस्थाः** औद्योगिक क्रियाकलापलाई सघन रुपमा सञ्चालन गर्नका लागि आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र, निर्यात प्रशोधन क्षेत्र, विशेष आर्थिक क्षेत्र, विशेष व्यापारिक क्षेत्र, पर्यटकीय वा अन्य कुनै क्षेत्र स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

४९. **प्रदेश औद्योगिक व्यवसाय मञ्च सम्बन्धी व्यवस्थाः** (१) उद्योग व्यवसायसँग सम्बन्धित नीति एवम् कानूनको प्रभावकारी कार्यान्वयन, समन्वय तथा सहजीकरण सम्बन्धी विषयमा सार्वजनिक र निजी क्षेत्रबिच नियमित संवाद एवम् सहकार्यलाई प्रवर्द्धन गर्न, उद्योग व्यवसाय सञ्चालन र लगानी अभिवृद्धिमा आईपर्ने बाधा, अवरोध तथा समस्याको पहिचान गरी सरकारलाई आवश्यक सुझाव तथा सिफारिस गर्न र त्यस्ता सिफारिसहरूको कार्यान्वयन र अनुगमन गर्न सघाउन र सार्वजनिक एवम् निजी क्षेत्रबिच नियमित, परिणाममुखी र पारदर्शी संवाद र सहजीकरणका लागि संस्थागत आधार प्रदान गर्ने उद्देश्यले प्रदेश सरकारले निजी क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी प्रदेश औद्योगिक व्यवसाय मञ्च गठन गर्न सक्नेछ।

(२) प्रदेश औद्योगिक व्यवसाय मञ्चको गठन, संरचना, काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. **औद्योगिक जनशक्तिः** (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रियस्तरको पत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सिप वा दक्षता वा उच्च तहको व्यवस्थापकीय क्षमता भएको कर्मचारी वा कामदार नेपाली नागरिकमध्येबाट उपलब्ध हुन नसकेमा ✂........ प्रचलित कानून बमोजिम स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नियुक्त गरिएको विदेशी नागरिक विशिष्ट प्रकारको प्राविधिक भई त्यस्तो जनशक्ति नेपालभित्र उपलब्ध हुन नसक्ने भएमा उपदफा (३) बमोजिम स्वीकृति लिई त्यस्तो जनशक्तिलाई थप दुई वर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिम कुनै उद्योगमा विदेशी नागरिक नियुक्त भएमा निजले प्राप्त गरेको पारिश्रमिक नेपाल वाहिर लाने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(५) उद्योगमा कार्यरत श्रमिकले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा प्रचलित कानून बमोजिम बाहेक बाधा अवरोध पुग्ने गरी कुनै प्रकारका गतिविधि गर्न पाउने छैनन्। उद्योगमा कार्यरत श्रमिकले आफ्ना मागहरू प्रचलित श्रम सम्बन्धी कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी शान्तिपूर्ण ढङ्गले

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

व्यवस्थापन समक्ष राखी आपसी समझदारी वा सौदावाजी मार्फत् समाधान गर्नु पर्नेछ।

(६) उद्योगमा काम गर्ने श्रमिक र उद्योगबिच उत्पन्न व्यक्तिगत वा सामुहिक विवादको समाधान उद्योग वा श्रम सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ।

(७) श्रमिकको कारणबाट प्रचलित कानून विपरित हुने गरी उद्योग सञ्चालन तथा त्यसको उत्पादनमा बाधा वा अवरोध पुग्ने गरी कुनै प्रकारका गतिविधि भई उद्योग बन्द भएमा त्यसरी उद्योग बन्द गर्ने वा काम नगर्ने श्रमिक तथा कर्मचारीलाई त्यसरी काम नगरेको अवधिभरको पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित उद्योग वा प्रतिष्ठान बाध्य हुने छैन।

५१. <u>करार गरी उत्पादन गर्न सक्नेः</u> [□](१) समान उद्देश्य लिइ प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगले एक आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सबकन्ट्र्याक्ट) गरी वस्तु वा सेवा उत्पादन गर्न वा गराउन सक्नेछन्।

(२) कुनै निर्यातमूलक उद्योगको लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी उपदफा (१) बमोजिम करारका आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योगलाई पनि तोकिए बमोजिमको प्रोत्साहन, छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ।

(३) करार गरी उत्पादन गर्न सकिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. <u>औद्योगिक तथा लगानी प्रवर्द्धन कोषः</u> (१) प्रदेश सरकारले प्रदेशको लगानी प्रवर्द्धन तथा संरक्षणका लागि एक औद्योगिक तथा लगानी प्रवर्द्धन कोष स्थापना गर्नेछः

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने द्विपक्षीय वा बहुपक्षीय अनुदान वा सहयोग रकम।

तर विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट अनुदान वा सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।

---

[□] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले संशोधित

(३) उपदफा (१) बमोजिमको कोषबाट देहायको कार्यमा खर्च गर्न सकिनेछः

(क) लघु उद्यम,

(ख) घरेलु तथा साना उद्योग विकास,

(ग) प्रविधि विकास,

(घ) औद्योगिक प्रवर्द्धन,

(ङ) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन,

(च) महिला उद्यमशीलता विकास।

(४) कोषको रकम उपदफा (३) बमोजिमको कार्यमा खर्च गर्दा कोषको स्वीकृति वार्षिक कार्यक्रमको अधीनमा रही लगानी तथा खर्च गर्नु पर्नेछ।

(५) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५३. **दोहोरो सुविधा प्रदान नगरिनेः** (१) यस ऐन वा प्रचलित कानून बमोजिम प्रदेश सरकारले कुनै उद्योगलाई सेवा, सुविधा वा सहुलियत प्रदान गर्दा दोहोरो पर्ने गरी कुनै सेवा, सुविधा वा सहुलियत प्रदान गर्ने छैन।

(२) प्रदेश सरकारले यस ऐन बमोजिम कुनै उद्योगलाई प्रदान गरेको सेवा, सुविधा वा सहुलियतको जानकारी सम्बन्धित मन्त्रालयलाई दिनु पर्नेछ र सोको कार्यान्वयन मातहतका निकायबाट गर्नु पर्नेछ।

५४. **व्यवसायिक सामाजिक जिम्मेवारी सम्बन्धी व्यवस्थाः** (१) वार्षिक पन्ध्र करोड रुपैयाँभन्दा बढी कारोबार हुने मध्यम, ठूला, बृहत् तथा घरेलु उद्योगले सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनको लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ र त्यस्तो खर्च गरेको विवरण सञ्चार माध्यम, पत्रिका मार्फत् सार्वजनिक गराउनु पर्नेछ। सोको अनुगमन प्रदेश सरकार र अन्तर्गतका कार्यालयले गर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिने खर्च संयुक्त रुपमा योजना तथा कार्यक्रम बनाई खर्च गर्दा प्रभावकारी देखिने भएमा आधार र कारण खोली संयुक्त रुपमा खर्च गर्न सकिनेछ।

(४) उद्योगले उपदफा (२) वा (३) बमोजिम प्रत्येक आर्थिक वर्षमा सम्पन्न गरेको कार्यक्रम र त्यस्तो कार्यक्रममा खर्च गरेको रकमको विवरण आर्थिक

वर्ष व्यतित भएको छ महिनाभित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेस गर्नु पर्नेछ।

(५) उपदफा (२) वा (३) बमोजिम व्यवसायिक सामाजिक जिम्मेवारीका लागि खर्च भएको रकमलाई प्रचलित कानून बमोजिम करकट्टी गर्न पाइनेछ।

५५. **उद्योग ग्राम, औद्योगिक क्लष्टर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र वा औद्योगिक करीडोर घोषणा गर्न सक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई मापदण्ड बनाई नेपाल सरकार, स्थानीय तह समेतको सहभागितामा उद्योग ग्राम, औद्योगिक क्लष्टर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र वा औद्योगिक करिडोर घोषणा गरी सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएका उद्योग ग्राम, औद्योगिक क्लष्टर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र वा औद्योगिक करिडोरमा यो ऐन तथा प्रचलित कानून बमोजिम अन्य उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराइनेछ।

५६. **भवन बनाउन वा वस्ती बसाउन नहुनेः** (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने उद्योग ग्राम, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको प्रदेश सरकार वा स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय भवन वा अन्य भवन बनाउन वा बस्ती बसाउन पाइने छैन।

(२) उपदफा (१) बमोजिम तोकिएको क्षेत्र र दूरीभित्र रहेको कसैको निजी जग्गामा आवासीय भवन वा अन्य भवन वा वस्ती बसाउन नदिएको कारणबाट हानी नोक्सानी पुग्न जाने भएमा प्रदेश सरकार वा स्थानीय तहले तोकिएको म्यादभित्र तोकिए बमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित व्यक्तिलाई मनासिब क्षतिपूर्ति दिनु पर्नेछ।

५७. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** उद्योग दर्ता गर्ने निकायले यस ऐन बमोजिम उद्योग प्रशासन सम्बन्धी तोकिए बमोजिमका काम कारबाहीलाई सरल र सहज बनाउन विद्युतीय कारोबार सम्बन्धी प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट सम्पादन गर्न सकिने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

५८. **सफ्टवेयर बनाई लागु गर्न सकिनेः** (१) प्रदेश सरकारले उद्योग प्रशासन सम्बन्धी प्रक्रियालाई सरल, सहज र विश्वसनीय बनाउन यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग दर्ता देखि खारेजी सम्मका प्रक्रिया सम्बन्धी सेवाहरू, उद्योगको किसिम, उद्योगको प्रकृति वा लगानीको सीमा लगायतका विषयहरू तोकी सफ्टवेयर मार्फत् कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सफ्टवेयरको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५९. अख्तियारनामा दिन सकिने:** (१) यस ऐन बमोजिम कुनै उद्योग वा उद्योगमा स्वामित्व भएको व्यक्तिले आफुले गर्नुपर्ने केही वा सबै काम गर्नको निमित्त कुनै व्यक्तिलाई प्रचलित कानून बमोजिम अख्तियारनामा वा अधिकृत वारेसनामा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको अख्तियारनामा वा अधिकृत वारेसनामा बमोजिम काम गर्न त्यस्तो अख्तियारनामा वा वारेसनामाको प्रतिलिपि नोटरी पब्लिकद्वारा प्रमाणित गराई उद्योग दर्ता गर्ने निकायमा उपलब्ध गराउनु पर्नेछ। उद्योग दर्ता गर्ने निकायले आवश्यक ठानेमा त्यस्तो अख्तियारनामा वा अधिकृत वारेसनामाको सक्कल प्रति झिकाई हेर्न सक्नेछ।

**६०. म्याद थप वा पुनः दर्ता सम्बन्धी व्यवस्था:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम उद्योग दर्ता भई उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने म्याद समाप्त भई उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका उद्योगहरू वा यसअघि म्याद थप भई थपिएको म्यादभित्र समेत उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार गर्न नसकी म्याद गुजारेका उद्योगले निवेदन दिन पाउने गरी एक पटकका लागि ✂....... म्याद थपका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग दर्ता गर्ने निकायले म्याद थप गर्नुपर्ने मनासिव कारण देखेमा यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी देहाय बमोजिमको विलम्ब शुल्क लिई म्याद थप गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा प्रति वर्ष पाँच हजार रुपैयाँका दरले,

(ख) घरेलु तथा साना उद्योगको हकमा प्रति वर्ष पन्ध्र हजार रुपैयाँका दरले,

(ग) मझौला उद्योगको हकमा प्रति वर्ष पचास हजार रुपैयाँका दरले,

(घ) ठूला उद्योगको हकमा प्रति वर्ष एक लाख पचास हजार रुपैयाँका दरले।

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

(३) उपदफा (२) बमोजिम कुनै उद्योगको म्याद थप गर्न सकिने वा नसकिने सम्बन्धी निर्णयको जानकारी सम्बन्धित निवेदकलाई निर्णय भएको सात कार्य दिनभित्र दिनु पर्नेछ।

६१. **स्थानीय तहले उद्योग प्रशासन सम्बन्धी कार्य गर्न सक्नेः** लघु उद्यमको दर्ता, नवीकरण तथा नियमन सम्बन्धी कार्य स्थानीय तहले गर्न सक्नेछन् तर त्यस्तो कार्य गर्न सम्बन्धित स्थानीय तहले यस ऐन बमोजिम कार्यविधि स्वीकृति गरी लागु गर्नु पर्नेछ।

६२. **अधिकार प्रत्यायोजनः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम बोर्डलाई प्राप्त अधिकारमध्ये केही अधिकार बोर्डले आवश्यकता अनुसार मन्त्रालयको सचिव, ✂..... प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारी वा स्थानीय तहलाई प्रत्यायोजन गर्न सक्नेछ।

✎(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम मन्त्रालय वा निर्देशनालय वा उद्योग दर्ता गर्ने निकायको प्रमुखलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

६३. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन। तर असल नियतले कार्य गरेको हो भन्ने प्रमाण पुऱ्याउने भार सम्बन्धित व्यक्तिमा रहनेछ।

६४. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा *बोर्ड वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

६५. **अनुसूचीमा परिमार्जन गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।

६६. **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

६७. **निवेदन दिन सक्नेः** यस ऐन बमोजिम निर्णय गर्नुपर्ने वा कार्य सम्पन्न गर्न तोकिएको अवधिभित्र कार्य सम्पन्न नभएमा मर्का पर्ने पक्षले मन्त्रालय समक्ष निवेदन दिन

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

सक्नेछ र मन्त्रालयले पन्ध्र दिनभित्र त्यस्तो निवेदन बमोजिमका विषयमा आवश्यक छानबिन गरी आवश्यक कार्य गर्नेछ।

६८. **नियम वनाउने अधिकारः** यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६९. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेः** मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत वनेका नियमावलीको अधीनमा रही उद्योग प्रशासन सम्बन्धी काम कारबाहीलाई सरल र सहज बनाउन, काम कारबाहीको प्रक्रिया निर्धारण गर्न र अन्य आवश्यक कार्य गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

७०. **बचाउः** यस अघि ✎औद्योगिक व्यवसाय ऐन, २०७६ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

अनुसूची-१

(दफा १८ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**<u>घरेलु उद्योग</u>**

1. हात वा खुट्टाले चलाउने र अर्धस्वचालित तान (ह्याण्ड लुम, पेडल लुम, सेमी अटोमेटिक लुम), कपडा बेर्ने (र्‍यापिङ्ग), परम्परागत प्रविधिबाट गरिने रङ्गाई छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,
2. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,
3. परम्परागत कलामा आधारित वस्तु,
4. परम्परागत मूर्तिकला,
5. तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,
6. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरू
7. सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरू (बहुमूल्य, अर्ध बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत)
8. स्वदेशमा उपलब्ध किम्मती, अर्ध किम्मती तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण टय्यानिङ्ग। छालाबाट हस्त निर्मित बस्तुहरू,
9. जुट, सवाई घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
10. पत्थरकला (ढुङ्गा कुँदेर बनाइएका सामानहरू)
11. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,
12. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना
13. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,
14. काठ, हाड तथा सिङ्ग, माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा,
15. हातले छाप्ने इटा उद्योग।

▽१६. घरेलु मदिरा उत्पादन गर्ने उद्योग।

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

अनुसूची-२

(दफा १८ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**उर्जामूलक उद्योग**

1. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोमास वा फोहोरमैला प्रशोधन गरी निस्कने ग्याँस वा अन्य स्रोतहरूबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन उपकरण निर्माण गर्ने उद्योग,
2. प्रादेशिक विद्युत प्रसारण लाइन,
3. विद्युत वितरण प्रणाली,
4. ऊर्जाको सम्भाव्यता अध्ययन,
5. चिनी उद्योगको सह उत्पादनको रुपमा उत्पादन हुने विद्युतीय उर्जा।

अनुसूची-३

(दफा १८ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

## कृषि तथा वन पैदावारमा आधारित उद्योग

1. फलफुल खेती वा फलफुल प्रशोधन,
2. खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण,
3. पशुपालन, पङ्क्षीपालन (अष्ट्रिच समेत), पशुपङ्क्षी प्रजनन, चल्ला काड्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन,
4. दूध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन (दूधजन्य परिकार उत्पादन समेत)
5. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवम् प्याकेजिङ्ग
6. कृषि उपज प्रमुख कच्चा पदार्थ हुने पशुपङ्क्षीको दाना उत्पादन उद्योग,
7. रेशम खेती तथा रेशम प्रशोधन,
8. चिया बगान, चिया प्रशोधन,
9. कफी खेती, कफी प्रशोधन,
10. जडिबुटी खेती, जडीबुटी प्रशोधन,
11. तरकारी बिउ बिजन उत्पादन,
12. तरकारी खेती, तरकारी प्रशोधन,
13. मौरीपालन (मौरी प्रजनन्, मह उत्पादन र प्रशोधन)
14. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बिउ बिजन उत्पादन समेत)
15. नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन् व्यवसाय (टिस्सु कल्चर समेत)
16. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन
17. शीत भण्डार, कृषि बजार सञ्चालन तथा व्यवस्थापन,
18. सामुदायिक, कबुलियती, साझेदारी, निजी वन तथा कृषि वनको स्थापना र व्यवस्थापन,
19. नगदेबालीको व्यवसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन, मसला वाली, दलहन आदि तथा तिनको बिउ उत्पादन)
20. वेत, बाँस खेती, वेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादनहरू,
21. बिउ बिजन प्रशोधन
22. सःमिल, फर्निचर लगायतका काष्ठ उद्योग,
23. भेनियर तथा प्लाई उद्योग

24. पार्केटिङ्ग, सिजनिङ्ग, ट्रिटमेन्ट प्लान्ट, प्लाइउड, कम्पोजिट, बोर्ड जस्ता काष्ठजन्य उद्योग,

25. कागज, रेजिन लगायतका अन्य गैरकाष्ठजन्य वन पैदावारमा आधारित उद्योग,

26. च्याउ, नयाँ प्रविधिद्वारा विरुवा उत्पादन गर्ने (टिस्यूकल्चर), एग्रोफरेष्ट,

27. कपास खेती, कपास र कपासको बिउ उत्पादन तथा प्रशोधन गर्ने,

28. रुखको जरा सङ्कलन गरी गोल (कोईला) उत्पादन गर्ने उद्योग,

29. पातपतिङ्गरलाई कच्चा पदार्थका रुपमा प्रयोग गरी सञ्चालन हुने उद्योग,

▽३०. कृषि प्रविधि तथा यान्त्रिकीकरण।

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको

अनुसूची-४

(दफा १८ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

**<u>पूर्वाधार उद्योग</u>**

1. सडक, पुल, सुरुङ्ग
2. रोपवे, रेलवे, ट्राम, ट्रलिवस, मोनोरेल र स्लाईडिङ्गकार,
3. औद्योगिक संरचना एवम् पूर्वाधार कम्प्लेक्स,
4. सभा सम्मेलन केन्द्र,
5. ढल तथा ढल निकास,
6. खानेपानी आपूर्ति तथा वितरण,
7. सिँचाई पूर्वाधार,
8. खेलकुद गृह, रङ्गशाला,
9. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,
10. विशेष आर्थिक क्षेत्र,
11. कार्गो कम्प्लेक्स,
12. प्रदुषित पानी प्रशोधन उद्योग (बेष्ट वाटर ट्रिटमेन्ट प्लान्ट)
13. घर तथा आवास भवन,
14. फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण,
15. व्यापारिक कम्प्लेक्स,
16. निजी वेयर हाउस,
17. ऊर्जा घर तथा ऊर्जा प्रशारण लाइनको पूर्वाधार निर्माण व्यवस्था तथा सञ्चालन,
18. वालुवा प्रशोधन (फिरफिरे) उद्योग
19. यस्तै प्रकृतिका अन्य उद्योगहरू,
20. इन्धन तथा ग्याँस आपूर्तिको पाइप लाईन जडानको पूर्वाधार निर्माण, व्यवस्थापन र सञ्चालन।

## अनुसूची-५
(दफा १८ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

## **पर्यटन उद्योग**

1. पर्यटक आवास, मोटेल, होटेल, रिसोर्ट, बार तथा रेष्टुँरा, पार्टी प्यालेस,
2. ट्राभल एजेन्सी, टुर, अपरेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज, स्पा,
3. साहसिक पर्यटन, ट्रेकिङ्ग, स्किइङ्ग, प्याराग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोइङ्ग, प्यारासेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग, हिमाल आरोहण, जिपफ्लायर, अल्ट्रालाइट, स्काइवाइकिङ्ग, स्काइड्राइभिङ्ग र यस्तै प्रकारका अन्य साहसिक खेल,
4. केवलकारको निर्माण गरी सञ्चालन गर्ने उद्योग,
5. ग्रामणी पर्यटन, होमस्टे तथा पर्यावरणीय पर्यटन, कृषि पर्यटन,
6. गल्फ, कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा, साइक्लिङ्ग,
7. साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,
8. मनोरञ्जन पार्क, वाटर पार्क,
9. वन्यजन्तु आरक्ष,
10. यस्तै प्रकृतिका अन्य उद्योगहरू,
11. जङ्गल सफारी।

अनुसूची-६

(दफा १८ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)

**सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग**

**खण्ड (क) सूचना प्रविधि उद्योगः**

1. टेक्नोलोजी पार्क,
2. आई. टी. पार्क,
3. बायोटेक पार्क,
4. सफ्टवेयर विकास,
5. कम्प्यूटर तथा सोसँग सम्बन्धित सेवाहरू,
6. तथ्याङ्क प्रशोधन,
7. साइवर क्याफे,
8. डिजिटल म्यापिङ्ग,
9. विजिनेस प्रोसेस आउटसोर्सिङ्ग(वि.पि.ओ.),नलेज प्रोसेस आउटसोर्सिङ्ग(के.पि.ओ.)
10. डाटा सेन्टर, डाटा माइनिङ्ग, क्लाउड कम्प्यूटिङ्ग,
11. यस्तै प्रकृतिका अन्य उद्योग।

**खण्ड (ख) सञ्चार प्रविधिमा आधारित उद्योगः**

1. इन्टरनेट सर्भिस प्रोभाइडर्स (आई.एस.पी.),
2. टेलिफोन, मोवाइल फोन, मोवाईल स्याटलाइट फोन अपरेटर सेवा,
3. टेलिपोर्ट सेवा,
4. यस्तै प्रकृतिका अन्य उद्योग।

**खण्ड (ग) प्रसारण प्रविधिमा आधारित उद्योगः**

1. एफ्.एम्. रेडियो, डिजिटल रेडियो सेवा,
2. केबुल टेलिभिजन,
3. आइ.पि. टेलिभिजन, अनलाइन सेवा,
4. डिजिटल केबुल टेलिभिजन, नेटवर्क, डाइरेक्ट टु होम (डि.टि.एच.) स्याटलाइट सेवा, एम्.एम्.डि.एस्. नेटवर्क, डिजिटल टेलिभिजन (डि.डि.टिभी) नेटवर्क,
5. रेकर्डिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,
6. छापा सञ्चार (प्रिन्ट मिडिया) उद्योग, श्रव्य दृष्य (अडियो भिजुअल) सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,
7. चलचित्र वा वृत्तचित्र उत्पादन,
8. यस्तै प्रकृतिका अन्य उद्योगहरू।

अनुसूची-७

(दफा १८ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

**सेवामूलक उद्योग**

1. यान्त्रिक कार्यशाला (वर्कशप),
2. छापाखाना तथा छपाई सम्बन्धी सेवा,
3. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, इन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रतिष्ठान, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरू,
4. जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय,
5. प्रदर्शनी सेवा,
6. साँस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,
7. निर्माण व्यवसाय,
8. सार्वजनिक यातायात व्यवसाय,
9. फोटोग्राफी,
10. अस्पताल,
11. नर्सिङ्ग होम, क्लिनिक, पोलिक्लिनिक, पुनः स्थापना गृह सञ्चालन, फिजियोथेरापी क्लिनिक, आयुर्वेद तथा अन्य वैकल्पिक अस्पताल,
12. शारीरिक व्यायाम, योग ध्यान तथा अभ्यास केन्द्र,
13. शिक्षण एवम् प्रशिक्षण संस्था,
14. पुस्तकालय, अभिलेखालय तथा सङ्ग्रहालय सेवा,
15. प्रयोगशाला,
16. हवाई यातायात सेवा,
17. खेलकुल सेवा, स्वीमिङ्ग पूल,
18. शीत भण्डार सञ्चालन,
19. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,
20. फोहोरमैला सङ्कलन तथा सरसफाई, फोहोरमैला पुनः प्रशोधन,
21. घरजग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,
22. निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेन्ट) भाडा, मर्मत तथा सञ्चालन,
23. पशु चिकित्सा सेवा,

24. ब्याट्री रिचार्जिङ्ग, ▽विद्युतीय सवारी चार्जिङ्ग स्टेशन, डिजेल पेट्रोल र ग्यासबाट सञ्चालन हुने सवारीलाई विद्युतीय सवारीमा रुपान्तरण गर्ने उद्योग,

25. स्वास्थ्य परीक्षण (एक्स रे, सिटी स्क्यान, एम.आर.आई, अल्ट्रासाउण्ड जस्ता सेवाहरू) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,

26. निर्माण भइसकेका पूर्वाधारहरूको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्याँस आपूर्ति सम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क रङ्गशाला, स्पोर्टस्कम्प्लेकस, रोपवे, सडक, सिंचाई, विद्युत प्रशारण, विद्युत गृह, रेलवे सेवा, कार्गो कम्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (आई.सि.डि.) जस्ता सेवा सञ्चालन गर्ने) व्यवसायहरू,

27. खाद्यान्न कुटानी, पिसानी पेलानी र प्याकिङ्ग गर्ने कार्य,

28. कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),

29. ढुवानी तथा कार्गो व्यवसाय वा सेवा,

30. भन्सार एजेन्ट सेवा,

31. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जि. ग्याँस रिफिलिङ्ग र सवारी ग्याँस रिफिलिङ्ग गर्ने स्टेशन समेत),

32. कुरियर सेवा,

33. ड्राइक्लिनिङ्ग व्यवसाय, ▽कपडा धुने (लण्ड्री) सेवा,

34. व्यूटी पार्लर,

35. आन्तरिक सजावट (इण्डेटियर डेकोरेशन),

36. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,

37. प्रकाशन सेवा,

38. विज्ञापन सेवा,

39. विज्ञापन सामग्री तयार गर्ने सेवा,

40. आम सञ्चार सेवा,

41. टेलिभिजनबाट प्रशारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलिफिल्म उत्पादन तथा प्रसारण,

42. माटो परीक्षण (स्वाइल टेष्टिङ्ग) सेवा,

43. पानी प्रशोधन, ढुवानी तथा वितरण सेवा,

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा थपिएको

44. धर्मकाँटा सेवा,
45. स्वास्थ्य (हेल्थ) क्लव,
46. प्राणीशास्त्र सम्बन्धी (जुलोजिकल), भूशास्त्र सम्बन्धी (जियोलोजिकल), जीवप्रविधि (बायोटेक) सम्बन्धी बगैंचा (पार्क) सञ्चालन,
47. व्यवसाय सम्वर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस)
48. व्यापारिक परिसर (ट्रेडिङ्ग विजिनेस कम्प्लेक्स) सञ्चालन,
49. वैदेशिक रोजगार सेवा,
50. सिनेमा हल (मल्टिप्लेक्स समेत),
51. थिएटर (मल्टिप्लेक्स समेत),
52. सिलाई बुनाई (बुटिक समेत),
53. विद्युत सर्वेक्षण,
54. खनिज अध्ययन अनुसन्धान,
55. सरसफाई सेवा,
56. विद्युतीय व्यापार (इ-कमर्श), विद्युतीय माध्यम (अनलाइन वा सफ्टवेयर वा एप्स वा यस्तै अन्य प्रकारको माध्यम) को प्रयोग गरी सर्वसाधारणलाई सेवा उपलब्ध गराउने उद्योग व्यवसाय,
57. मेशिनरी उपकरण भाडामा उपलब्ध गराउने (लिजिङ्ग) सेवा,
58. प्रशोधन वा प्रक्रिया नगन्य रुपमा हुने कट टु लेन्थ सिट, फोटो फिल्म स्लिटिङ्ग, फोटो, पेपर स्लिटिङ्ग, टिस्यू पेपर स्लिटिङ्ग, बल वियरिङ्ग एसेम्बली तथा वल्क रुपमा तयारी सामान आयात गरी रिप्याकिङ्ग गर्ने जस्ता सेवा व्यवसायहरू,
59. कपडा तथा यार्न डाइङ्ग, यार्न साइजिङ्ग र कपडामा प्रिन्टिङ्ग गर्ने व्यवसाय (कपडा बुन्ने उद्योगले आफ्नै प्रयोजनको लागि गरेकोमा बाहेक)
60. व्यवसायिक रुपमा गरिने पशु चिकित्सा सेवा,
61. घुम्ती उद्योग (Portable Processing Unit),
62. औषधि उत्पादन गर्ने उद्योग।

अनुसूची-८

(दफा २० सँग सम्बन्धित)

**प्रदेश प्राथमिकता प्राप्त उद्योग**

1. घरेलु उद्योग,
2. ऊर्जामूलक उद्योग,
3. कृषि तथा वन पैदावारमा आधारित उद्योग,
4. पूर्वाधार उद्योग,
5. निर्यातमूलक उद्योग,
6. पूर्वाधार सहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा पर्यटन, ऱ्याफ्टिङ्ग, सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन,
7. सर्पदंश उपचार सम्बन्धी,
8. पर्यटन प्रवर्द्धन गर्ने होटल, रिसोर्ट र रेस्टुरेण्ट,
9. लेदो रेशा (पल्प) तथा कागज, चिनी, रासायनिक मल (मिश्रण बाहेक), प्राङ्गारिक मल, जुत्ता चप्पल, धागो उत्पादन सम्बन्धी, पशुपालन, माछा पालन, कुखुरा पालन र मौरी पालन सम्बन्धी, पुष्प खेती (प्लोरिकल्चर), स्वदेशी कच्चा पदार्थमा आधारित रबरको प्रारम्भिक प्रशोधन र रबरजन्य वस्तुको उत्पादन, धूलो दूध, औषधी उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन वचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरूले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरू उत्पादन गर्ने उद्योग, सर्पदंशको औषधी बनाउने उद्योग, आँखाको कृतिम लेन्स उत्पादन गर्ने उद्योग,
10. दुर्गम तथा कम विकसित क्षेत्रमा स्थापना हुने अस्पताल, नर्सिङ्ग होम, पशु अस्पताल एवम् चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवम् प्रशिक्षण संस्थाहरू,
11. सूचना प्रविधि उद्योग,
12. निजी क्षेत्रबाट निर्माण र सञ्चालन हुने औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र उद्योग ग्राममा स्थापना भएका उद्योग,
13. प्रदेश सरकारले आवश्यक मापदण्ड वनाई उच्च मूल्य र न्यून तौल आयातन (हाई प्राइस लो वेट भोल्युम) भएको पहिचान गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका वस्तु उत्पादन गर्ने उद्योग तथा प्रदेशभित्र उपलब्ध हुने कच्चा पदार्थमा आधारित आयात प्रतिस्थापन गर्न सहयोग गर्ने उद्योग,
14. चलचित्र निर्माण उद्योग,
15. चिया, कफी वा अन्य यस्तै प्रकृतिका उद्योग।

# कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७

**प्रमाणीकरण मितिः** २०७७।०४।२५

<u>संशोधन</u>

**१) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ः** २०७९।११।१५

**२) केही प्रदेश ऐनलाई संशीधन गर्ने ऐन, २०८२ः** २०८२।०३।२९

**<u>प्रस्तावनाः</u>** प्रदेशभित्र एक वा एकभन्दा बढी उद्देश्य लिई व्यापार व्यवसाय गर्न चाहने निजी व्यक्ति वा साझेदारलाई निजी तथा साझेदारी फर्म दर्ता गरी व्यापार व्यवसाय गर्न पाउने संवैधानिक अधिकारको रक्षा गर्दै प्रदेशको व्यापार व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी र व्यवस्थित बनाउन तथा उपलब्ध मानवीय, वित्तीय, प्राकृतिक तथा भौतिक स्रोतको दिगो उपयोगबाट प्रादेशिक व्यापारको प्रवर्द्धन गर्दै राष्ट्रिय अर्थतन्त्र सुदृढ बनाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ओसारपसार"** भन्नाले फर्मले एक प्रदेशबाट अर्को प्रदेशमा वा एक स्थानीय तहबाट अर्को स्थानीय तह वा प्रदेशमा प्राकृतिक वस्तु वा उद्योगबाट उत्पादित वा निर्मित वस्तु वा सेवा उपभोक्तासम्म पुऱ्याउने वा हस्तान्तरण वा वितरण वा खरिद विक्री गर्ने जस्ता व्यापारिक क्रियाकलापलाई सम्झनु पर्छ।

(ख) **"उद्योग"** भन्नाले यस ऐन वा प्रचलित कानूनबमोजिम दर्ता भई सञ्चालनमा रहेका वस्तु उत्पादन गर्ने वा सेवा प्रवाह गर्ने उद्योग सम्झनु पर्छ र सो शब्दले उद्योग र उद्योगसँग सम्बन्धित घर, जग्गा, कारखाना र गोदाम समेतलाई जनाउँछ।

(ग) **"कम्पनी"** भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले त्यस्तो कम्पनीको संस्थापक तथा सञ्चालक समेत सम्झनु पर्छ।

(घ) **"तोकिए"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"निजी फर्म"** भन्नाले कसैले व्यक्तिगत नामबाट कुनै एक व्यक्तिले व्यापार व्यवसायका लागि स्थापना गरेको फर्म वा कम्पनी सम्झनु पर्छ।

✂(च) ........

(छ) **"प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ज) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेश को मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(झ) **"फर्म"** भन्नाले यस ऐनबमोजिम स्थापना भएको निजी फर्म तथा साझेदारी फर्म सम्झनु पर्छ र सो शब्दले प्रचलित सङ्घीय, प्रादेशिक र स्थानीय कानूनबमोजिम स्थापना भएको फर्मसँग सम्बन्धित उद्योग वा अन्य फर्म समेतलाई सम्झनु पर्छ।

(ञ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको उद्योग, वाणिज्यसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(ट) **"व्यापार"** भन्नाले प्राकृतिक वस्तु वा उद्योगबाट उत्पादित वा निर्मित वस्तु वा सेवा खरिद विक्री वा विनिमयका लागि ×........... कम्पनी वा फर्मले गर्ने व्यापार तथा वाणिज्य अन्तर्गतको क्रियाकलाप वा कारोबार सम्झनु पर्छ।

(ठ) **"व्यवसाय"** भन्नाले उद्योग, व्यापार वा वाणिज्य सम्बन्धी पेशा वा व्यवसायलाई समेत जनाउँदछ।

(ड) **"व्यापार व्यवसाय"** भन्नाले यस ऐन र प्रचलित कानूनबमोजिम स्थापना गरिएको कम्पनी, ×............ वा फर्मले गर्ने व्यापार वा वाणिज्य सम्बन्धी व्यवसायलाई सम्झनु पर्छ।

(ढ) **"मन्त्रालयले तोकेको अधिकारी वा निकाय"** भन्नाले वाणिज्य, आपूर्ति तथा उद्योगसँग सम्बन्धित फर्मको विषय हेर्ने मन्त्रालय र कार्यालय वा स्थानीय तहलाई सम्झनु पर्छ।

(ण) **"साझेदारी फर्म"** भन्नाले एकाघर सगोलका अंसियारहरू बाहेकका व्यक्तिहरूले एउटै नाम राखी घाटा वा नाफाको मुनासिब वितरण हुने गरी सबै साझेदारले प्रत्येक साझेदारका लागि वा कुनै साझेदारले सबै साझेदारका लागि सबै कारोबारमा भाग लिन

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

× केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा झिकिएको

आपसमा सम्झौता गरी यस ऐनबमोजिम प्रदेश सरकारको मन्त्रालयले तोकेको अधिकारी वा निकायमा दर्ता गराएको कुनै फर्म सम्झनु पर्छ। सो शब्दले सम्झौता गर्ने व्यक्तिहरूलाई एक अर्काको सम्बन्धमा साझेदार र सबै साझेदारलाई सामूहिक रुपले फर्म र जुन एक नामबाट कारोबार चल्छ सोलाई समेत फर्म भनी बुझ्नु पर्दछ।

(त) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(थ) **"संस्था"** भन्नाले फर्म, कम्पनी बाहेक प्रचलित सङ्घीय तथा प्रदेश कानूनबमोजिम स्थापना भएको निजी, सहकारी, सरकारी, गैरसरकारी संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## फर्म दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **दर्ता नगरी व्यापार व्यवसाय गर्न नहुनेः** ✎कसैले यस ऐनबमोजिम दर्ता नगराई प्रदेश भित्रको व्यापार व्यवसाय सञ्चालन गर्न वा गराउन हुँदैन र त्यसरी दर्ता नभएको फर्म, कम्पनी वा संस्थाको नामबाट गरिएको व्यापार व्यवसायसँग सम्बन्धित लेनदेन र अन्य कारोबारलाई कानूनी मान्यता दिइने छैन।

तर संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहले व्यापारिक बाहेकको प्रयोजनका लागि प्रचलित संघीय कानूनबमोजिम दर्ता गराई सञ्चालनमा रहेका व्यापार व्यवसाय सम्बन्धी फर्म, कम्पनी वा संस्था र प्रचलित कानूनबमोजिम दर्ता भई सञ्चालनमा रहेका वाणिज्य सम्बन्धी बैंक तथा वित्तीय वा बीमा वा विज्ञापन व्यवसायको लागि यो दफा लागु हुनेछैन।

४. **फर्म दर्ता सम्बन्धी प्रक्रियाः** (१) यो ऐन प्रारम्भ भएपछि मुनाफाको उद्देश्य लिई प्रदेशभित्र एक वा एकभन्दा बढी उद्देश्यको व्यापार व्यवसाय गर्न चाहने कम्पनी, निजी व्यक्ति वा साझेदारले मन्त्रालयले तोकेको निकायबाट फर्म दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फर्म दर्ता गर्न तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष दरखास्त दिनु पर्नेछ। (३) प्रदेशमा निजी फर्मको रुपमा दर्ता भै काम गरिरहेको फर्मले साझेदारसँग सम्झौता गरी यस ऐन अन्तर्गत निजी फर्मलाई साझेदारी फर्ममा रुपान्तरण गर्न चाहेमा पुनः दर्ता गराउनु पर्ने छैन।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(४) साझेदार फर्मका अन्य साझेदारले कुनै एक जना साझेदार मात्र फर्म सञ्चालन गर्न आपसमा सहमत भै सम्झौता गरी साझेदारी छाड्न मञ्जुर भई मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष दरखास्त दिई त्यस्तो दरखास्तमा सनाखत गरेमा त्यस्तो साझेदारी फर्म निजी फर्ममा रुपान्तरण हुनेछ।

(५) उपदफा (३) र (४) बमोजिम फर्मलाई साझेदारी फर्ममा रुपान्तरण गर्न चाहेमा साझेदारले मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष तोकिए बमोजिमको विवरण सहित तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायमा प्राप्त भएको दरखास्त सहित साझेदार वा निजी व्यक्तिले पेस गरेका कागजातका आधारमा साझेदारी वा निजी फर्म दर्ता गर्न प्रचलित कानूनले रोक नलगाएको भए मन्त्रालयले तोकेको अधिकारी वा निकायले त्यस्तो फर्मलाई साझेदारी वा निजी फर्मको रुपमा रुपान्तरण गरी अद्यावधिक गर्नु पर्नेछ।

५. **<u>फर्म दर्ता गरी प्रमाणपत्र दिनुपर्नेः</u>** (१) दफा ४ बमोजिम कसैको दरखास्त प्राप्त भएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले जाँचबुझ गर्दा दरखास्तमा खुलाइएको विवरण साँचो देखिएमा दरखास्त प्राप्त भएको सात दिन भित्र अनुसूची-१ बमोजिमको दर्ता वा रुपान्तरण शुल्क लिई फर्म दर्ता वा रुपान्तरण गरी तोकिए बमोजिमको ढाँचामा दरखास्तवालालाई व्यवसाय सुरु गर्नुपर्ने सर्त समेत उल्लेख गरी फर्म दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त जाँचबुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले सम्बन्धित दरखास्तवालालाई त्यस्तो थप विवरण वा कागजात पेस गर्न कम्तीमा सात दिनको समयावधि तोकी आदेश दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम फर्म दर्ताको प्रमाणपत्र दिंदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरू समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनुपर्नेछः

(क) फर्मको अधिकृत पुँजी

(ख) फर्म दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ग) फर्म स्थापना गर्नुको उद्देश्य,

(घ) फर्मले गर्ने कारोबारको उद्देश्य वा प्रकृति अनुसार तोकिए बमोजिमका सर्तहरू।

(४) उपदफा (१) बमोजिम दर्ता भई प्रमाणपत्र प्राप्त गरेको फर्मले मन्त्रालयले तोकेको अधिकारी वा निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित सर्तहरूको पालना गर्नु पर्नेछ।

६. **फर्म दर्ता गर्न इन्कार गर्न सकिने:** (१) दफा ४ बमोजिम फर्म दर्ता वा रुपान्तरणका लागि परेको दरखास्त जाँचबुझ गर्दा देहायको कुनै अवस्था देखिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले फर्म दर्ता वा रुपान्तरण गर्न इन्कार गर्न सक्नेछः

(क) प्रस्तावित फर्मको नाम यस अघि दर्ता भई कायम रहेको कुनै फर्मको नामसँग मिल्ने देखिएमा,

(ख) प्रस्तावित फर्मको नाम वा उद्देश्य प्रचलित कानून विपरीत भएमा वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचार आदि कुनै दृष्टकोणले अनुपयुक्त वा अवाञ्छनीय देखिएमा वा त्यस्तो फर्मको उद्देश्य फौजदारी कार्यलाई प्रोत्साहित गर्ने देखिएमा,

(ग) प्रस्तावित फर्मको नाम यस ऐनबमोजिम दर्ता खारेजीमा परेको वा प्रचलित कानूनबमोजिम दामासाहीमा परेको फर्मको नामसँग मिल्ने भएमा वा दामासाहीमा परेको अवधि तीन वर्ष पूरा भई नसकेको भएमा,

(घ) यस ऐन वा ऐन अन्तर्गतको नियमावली बमोजिम फर्म दर्ता हुनको निमित्त तोकिएका अन्य आवश्यक सर्तहरू पूरा भएको नदेखिएमा।

(२) उपदफा (१) मा उल्लेखित अवस्थाका कारण फर्म दर्ता गर्न नसकिने भए नसक्नुको आधार र कारण खोली सम्बन्धित अधिकारीले दरखास्तवालालाई दरखास्त परेको सात दिन भित्रमा लिखित जानकारी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको लिखित जानकारी प्राप्त गर्ने दरखास्तवालालाई सो कुरामा चित्त नबुझे तीस दिन भित्रमा मन्त्रालयमा उजुरी दिन सक्नेछ र मन्त्रालयले त्यस्तो उजुरी उपर छानबिन गरी तीस दिन भित्र आवश्यक निर्णय गर्नेछ।

✎७. **छुट्टै फर्म दर्ता गर्नुपर्ने:** उद्योग सञ्चालन गर्ने उद्देश्यले दर्ता भई सञ्चालनमा रहेको फर्म वा उद्योगले वाणिज्य सम्बन्धी कारोबार गर्नुपर्ने भएमा त्यस्तो फर्म वा उद्योगले यस ऐनबमोजिम छुट्टै फर्म दर्ता गर्नु पर्नेछ।

✂८. ………

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

✂९. ..........

✎१०. **<u>फर्मले व्यवसाय प्रारम्भ गरेको जानकारी दिनुपर्नेः</u>** (१) यस ऐन बमोजिम दर्ता गरी प्रमाणपत्र प्राप्त गरेको फर्मले प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्रमा आफ्नो व्यवसाय प्रारम्भ गर्नु पर्नेछ र व्यापार व्यवसाय प्रारम्भ गरेको □<u>दुई महिना</u>भित्रमा सोको जानकारी मन्त्रालयले तोकेको अधिकारी वा निकाय र सम्वन्धित स्थानीय तहलाई समेत दिनु पर्नेछ।

(२) कुनै फर्मले उपदफा (१) बमोजिम आफ्नो व्यवसाय प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा अगाडि त्यस्तो अवधि बढाउनका लागि मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त हुन आएमा र दरखास्तमा उल्लिखित कारण मुनासिव देखिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले त्यस्तो व्यवसाय प्रारम्भ गर्ने अवधि दुई महिनाको लागि थप गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम वढाइएको अवधिभित्र सम्वन्धित फर्मले आफ्नो व्यवसाय प्रारम्भ गर्नुपर्नेछ।

(५) उपदफा (२) बमोजिम अवधि बढाउन दरखास्त नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्रमा यस ऐनबमोजिम दर्ता गरी प्रमाणपत्र लिएको फर्मले आफ्नो व्यवसाय प्रारम्भ नगरेमा त्यस्तो फर्मलाई मन्त्रालयले तोकेको अधिकारी वा निकायले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

११. **<u>प्रतिलिपिको लागि दरखास्त दिनुपर्नेः</u>** (१) दफा ५ बमोजिम प्रदान गरिएको फर्म दर्ताको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा सो विवरण खुलाई फर्मले तोकिएको कागजात सहित तोकिएको अवधिभित्र मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष परेको दरखास्तको बेहोरा मुनासिब देखेमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले तोकिएको दस्तुर लिई दरखास्तवालाई फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले संशोधित

✎१२. **फर्म अभिलेखीकरण सम्बन्धी व्यवस्थाः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै संघीय कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका र यो ऐन जारी भएपछि तोकिएको अवधिमा अभिलेखीकरण गराउन नसकेका फर्मको नवीकरण गर्दा वा विवरण बुझाउँदा वा उद्योग प्रशासनसँग सम्वन्धित कुनै कार्य गर्नु गराउनुपूर्व उद्योग दर्ता गर्ने निकायले फर्मको अभिलेखीकरण गराउनु पर्नेछ।

(२) मन्त्रालयले तोकेको अधिकारी वा निकायले उपदफा (१) बमोजिम फर्मको अभिलेखीकरण गर्दा प्रतिलिपी प्रमाणपत्र सरहको दस्तुर लिई अभिलेखीकरणको निस्सा स्वरुप यस ऐन तथा ऐन अन्तर्गत वन्ने नियम बमोजिमको ढाँचा अनुरुपको प्रमाणपत्र सम्वन्धित फर्मलाई दिनु पर्नेछ।

१३. **प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ५ बमोजिम दर्ता ✂.... भएका फर्मको अवधि तीन वर्षको हुनेछ र उक्त अवधि सकिए पछि नवीकरण नगराई सोही फर्मको नामबाट कुनै पनि व्यवसाय गर्न पाइने छैन।

(२) फर्म नवीकरण गराउन चाहने फर्मले उपदफा (१) बमोजिमको अवधि समाप्त भएको मितिले तीन महिना भित्र मन्त्रालयले तोकेको अधिकारी वा निकायमा नवीकरणको लागि तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(३) नवीकरण गराउन चाहने फर्मले दरखास्त दिंदा देहायको कागजात संलग्न गर्नुपर्नेछः

□(क) लेखापरीक्षण प्रतिवेदन आवश्यक पर्ने फर्मको हकमा पछिल्लो लेखापरीक्षण प्रतिवेदन,

(ख) कर बुझाएको निस्साको प्रतिलिपि,

(ग) तोकिए बमोजिमका अन्य आवश्यक कागजात।

(४) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले अनुसूची-१ बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो फर्म नवीकरण गर्नु पर्नेछ।

(५) फर्म नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **विवरण हेरफेर गर्न तथा स्थानान्तरणको लागि अनुमति लिनुपर्नेः** (१) यस ऐनबमोजिमको फर्म दर्ता गर्न वा अभिलेखीकरणका लागि मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष दिएको विवरणमा कुनै हेरफेर गर्नु परेमा हेरफेर गर्नुपर्ने

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले संशोधित

कारण सहितको विवरण खुलाई तोकिए बमोजिमका कागजात संलग्न गरी मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष अनुमतिका लागि तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ र मन्त्रालयले तोकेको अधिकारी वा निकायबाट जाँचबुझ गरी अनुमति दिन मुनासिब देखिएमा तोकिए बमोजिम विवरण हेरफेर गरिदिनु पर्नेछ।

(२) कुनै पनि फर्मले प्रदेशभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा फर्म स्थानान्तरण गर्न चाहेमा स्थानान्तरण गर्न तोकिए बमोजिमका कागजात संलग्न गरी मन्त्रालयले तोकेको अधिकारी वा निकायमा तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ र मन्त्रालयले तोकेको अधिकारी वा निकायले तोकिए बमोजिमको शुल्क लिई फर्म स्थानान्तरण गर्न अनुमति दिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम फर्मको विवरणमा गरिएको हेरफेरको जानकारी फर्मको कार्यालय रहेको सम्बन्धित स्थानीय तहलाई समेत दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम फर्मको कार्यालय स्थानान्तरण भएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले फर्म दर्ता रहेको र स्थानान्तरण भएको दुवै स्थानीय तहलाई जानकारी दिनु पर्नेछ।

(५) फर्मको सम्पर्क कार्यालय वा एकाई खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५.** **विवरण उपलब्ध गराउनु पर्नेः** (१) यस ऐन बमोजिम दर्ता तथा अभिलेखीकरण भएका फर्मले आफ्नो व्यवसाय प्रारम्भ गरेपछि आफूले गरेको कारोबारको विवरण प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले सात महिनाभित्र फर्म दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिमा विवरण उपलब्ध नगराउने फर्मलाई उद्योग दर्ता गर्ने निकायले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

**१६.** **सूचनापाटी राख्नुपर्नेः** फर्म दर्ता भई कार्य सञ्चालन प्रारम्भ गरेको एक महिना भित्र त्यस्तो फर्मले फर्मको नाम, ठेगाना, साझेदार फर्म भए साझेदारहरूको नाम र ठेगाना, दर्ता नम्बर, मिति वस्तु सेवाको विवरण सहितको सूचना पाटी फर्म सञ्चालन रहेको स्थानमा राख्नु पर्नेछ।

## परिच्छेद-३

## फर्मको खारेजी र प्रतिवेदन सम्बन्धी व्यवस्था

**१७.** **निजी फर्मको खारेजी सम्बन्धी व्यवस्थाः** (१) देहायको अवस्थामा मन्त्रालयले तोकेको अधिकारी वा निकायले निजी फर्म खारेज गर्न सक्नेछः

(क) फर्मले तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) फर्म धनीले मुनासिब कारण दर्साइ आफ्नो फर्म खारेज गरिपाउँ भनी मन्त्रालयले तोकेको अधिकारी वा निकायमा दरखास्त दिएमा,

(ग) कुनै कुरा ढाँटी फर्म दर्ता गराएको ठहरेमा,

(घ) फर्मले कार्य सञ्चालन गरी मन्त्रालयले तोकेको अधिकारी वा निकायलाई जानकारी दिई वा नदिई व्यवसाय बन्द गरेमा वा ✂....

(ङ) फर्मले इजाजतपत्रमा उल्लिखित सर्तको पालना नगरेमा वा फर्मले गरेको कारोबारको लिखित प्रगति विवरण मन्त्रालयले तोकेको अधिकारी वा निकायमा नदिएमा,

(च) दफा ७ बमोजिम अनुमतिको प्रमाणपत्र नलिई व्यापार व्यवसाय गरेमा,

(छ) दफा १५ मा तोकिएको अवधिभित्र विवरण उपलब्ध नगराएमा वा विवरण उपलब्ध गराएको भए पनि त्यस्तो विवरण झूट्ठो ठहरिएमा वा,

(ज) फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ) ✂........ वा (ज) बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायले फर्म खारेज गर्नु अघि त्यस्तो फर्मलाई आफ्नो सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बाहेक अन्य खण्डहरूमा उल्लेख भए बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि खारेज भएका फर्मले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउनु पर्ने कर, दस्तुर, शुल्क चुक्ता गरेको प्रमाण पेस नगरेमा एक वर्ष पछि पनि नयाँ फर्म दर्ता गरिने छैन।

(५) फर्म खारेज गरी पाउँ भनी कुनै फर्मले मुनासिब कारण दर्साइ मन्त्रालयले तोकेको अधिकारी वा निकायमा दरखास्त दिएमा मन्त्रालयले तोकेको

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

अधिकारी वा निकायले त्यस्तो फर्मलाई तोकिएको प्रमाण कागजात पेस गर्न लगाई फर्मले तिर्न बुझाउन बाँकी रहेको यस ऐन तथा ऐन अन्तर्गत बन्ने नियमावली बमोजिम लाग्ने नवीकरण दस्तुर तथा जरिबाना समेत असूल गरी फर्म खारेज गरी त्यस्तो खारेजीको बेहोरा दर्ता अभिलेखमा जनाई दरखास्तवालालाई तोकिए बमोजिम निस्सा दिनु पर्नेछ।

१८. **साझेदारी फर्मको खारेजी सम्बन्धी व्यवस्थाः** (१) देहायको अवस्थामा यस ऐनबमोजिम दर्ता भएको साझेदारी फर्मलाई मन्त्रालयले तोकेको अधिकारी वा निकायले खारेज गर्न सक्नेछः

(क) फर्मले तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) साझेदारहरूले मुनासिब कारण दर्साइ फर्म खारेज गरी पाउँ भनी मन्त्रालयले तोकेको अधिकारी वा निकायमा निवेदन दिएमा,

(ग) फर्मले कार्य सञ्चालन गरी मन्त्रालयले तोकेको अधिकारी वा निकायलाई जानकारी दिई वा नदिई व्यवसाय बन्द गरेमा वा ✂..

(घ) फर्मले इजाजतको सर्त अनुसार व्यवसाय सञ्चालन नगरेमा वा फर्मले गरेको कार्यको लिखित प्रगति विवरण मन्त्रालयले तोकेको अधिकारी वा निकायमा नदिएमा,

(ङ) ✂....

(च) ✂....

(छ) फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै काम गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायले फर्म खारेज गर्नु अघि सम्बन्धित फर्मलाई सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बाहेक अन्य खण्डहरूमा उल्लेख भए बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका साझेदारहरूको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि खारेज भएका फर्मले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउनु पर्ने कर, दस्तुर,

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

शुल्क चुक्ता गरेको प्रमाण पेस नगरेमा एक वर्ष पछि पनि नयाँ फर्म दर्ता गरिने छैन।

(५) फर्म खारेज गरी पाउँ भनी कुनै फर्मले मुनासिब कारण दर्साइ मन्त्रालयले तोकेको अधिकारी वा निकायमा दरखास्त दिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले त्यस्तो फर्मलाई तोकिए बमोजिमको कागज प्रमाण पेस गर्न लगाई फर्मले तिर्न बुझाउन बाँकी रहेको यस ऐन र ऐन अन्तर्गत बन्ने नियमावली बमोजिम लाग्ने नवीकरण दस्तुर तथा जरिबाना समेत असूल गरी फर्म खारेज भएको बेहोरा दर्ता अभिलेखमा जनाई तोकिए बमोजिम दरखास्तवालालाई निस्सा दिनु पर्नेछ।

१९. **प्रतिवेदन दिनुपर्नेः** (१) मन्त्रालयले तोकेको अधिकारी वा निकायमा दर्ता भएको वा अभिलेखीकरण भएको फर्मको तोकिए बमोजिमको विवरण मन्त्रालयले तोकेको अधिकारी वा निकायले प्रत्येक महिनामा तोकिएको ढाँचामा ✂......... मन्त्रालयमा प्रतिवेदन पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणका आधारमा मन्त्रालयले स्थापित फर्मको अनुगमन तथा निरीक्षण गरी सम्बन्धित फर्मलाई आवश्यक निर्देशन दिन सक्नेछ।

## परिच्छेद-४

## साझेदारको आपसी सम्बन्ध सम्बन्धी व्यवस्था

२०. **सम्झौता गर्नुपर्नेः** (१) साझेदारको हक र दायित्व कायम गर्न साझेदारले आपसमा लिखित रुपमा सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौतापत्र सम्बन्धित स्थानीय तहबाट प्रमाणित गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा सम्झौतामा देहायका विषय उल्लेख गर्नुपर्नेछः

(क) साझेदारीमा हुने लगानीको अङ्क वा प्रतिशत,

(ख) साझेदारीबाट प्राप्त धन सम्पत्ति,

(ग) प्राप्त धन सम्पत्ति अन्य काममा लाउन पाइने नपाउने, पाउने भए सोको हद,

(घ) पुँजी थपघटको विषय,

(ङ) दुई मात्र साझेदार भएको फर्ममा आपसमा मत विभाजन भएमा के गर्ने भन्ने विषय,

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

(च) दुई भन्दा बढी साझेदार भएको फर्ममा मत विभाजन हुँदा मत बराबर वा मत बहुमत वा अल्पमत भए के गर्ने भन्ने विषय,

(छ) साझेदार सवै फर्मसँग सम्बन्धित विषयमा प्रत्यक्ष संलग्न हुने वा कुनै एक वा एक भन्दा बढी व्यक्ति मात्र संलग्न हुने विषय,

(ज) यस ऐन र नियमावली बमोजिमका अन्य विषय।

२१. **साझेदारीमा रहेको जायजेथा र त्यसको प्रयोगः** साझेदारीको जायजेथा देहाय बमोजिम हुनेछः

(क) साझा व्यवसाय सुरु हुँदा त्यसको लागि जम्मा गरिएको सबै जायजेथा,

(ख) साझेदारीको लागि वा त्यसका निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारीले व्यवसाय गरी कमाएको धन,

(घ) साझेदारीमा चलाएको व्यवसायबाट प्राप्त हुन आएको ख्याति।

**स्पष्टीकरणः** विषय वा प्रसङ्गबाट अन्यथा अर्थ नलागेमा साझेदारी फर्मले लगानी गरी प्राप्त गरेको सबै सम्पत्ति र हक साझेदारी फर्मको निमित्त प्राप्त गरेको मानिनेछ।

२२. **सट्टामा साझेदार बनाउन नपाइनेः** साझेदार कसैले पनि अन्य साझेदारको मञ्जुरी बेगर अरु कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार बनाउन वा राख्न पाइने छैन।

२३. **स्रेस्ता हेर्न र नक्कल लिन पाउनेः** साझेदारीको हिसाब किताब वा स्रेस्ता हेर्न चाहने साझेदारले त्यस्तो स्रेस्ता हेर्न जुनसुकै बखत पाउनेछन् र नक्कल लिन चाहेमा सो स्रेस्ता जिम्मा लिने साझेदारले सक्कल बमोजिमको नक्कल ठीक छ भनी प्रमाणित गरी तत्काल नक्कल दिनु पर्नेछ।

२४. **पारिश्रमिक, ब्याज तथा मुनाफाः** (१) सम्झौताद्वारा निर्धारण भए बमोजिम हरेक साझेदारले साझा काम गरे बापतको पारिश्रमिक लिन पाउनेछन् र निजले सम्झौतामा तोकिए भन्दा बढी पुँजी लगाएको भए लिखित सम्झौता वा साझेदारहरूले गरेको निर्णय बमोजिमको ब्याज पनि लिन सक्नेछ।

(२) कुनै साझेदारले जानी जानी लापरबाही गरी हानी नोक्सानी गरेमा त्यसको बिगो निजले निजको घर घरानाबाट फर्मलाई तिर्नु बुझाउनु पर्नेछ।

(३) साझेदारी फर्मको कुनै व्यवसाय गरी वा साझेदारी फर्मको धनमालको उपयोग गरी वा साझेदारी फर्मको नाममा कुनै साझेदारले प्राप्त गरेको नाफा सोही फर्मको स्वतः हुनेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम कुनै साझेदारले नाफा प्राप्त गरी साझेदारी फर्मलाई बुझाएको नाफा रकम त्यस्तो साझेदारी फर्मको आर्थिक वर्षको नाफा नोक्सानको हिसाब स्रेस्तामा स्पष्ट खुल्ने गरी देखाउनु पर्नेछ।

२५. **नाफा नोक्सानको बाँडफाँडः** (१) साझेदारहरूमा नाफा नोक्सानको हिसाब गरी बाँडफाँड गर्दा सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा बराबर भाग लगाउनु पर्नेछ।

(२) कुनै साझेदारले साझेदारीमा संलग्न हुँदा लगाएको पुँजीमा ब्याज दिने लिने सम्झौता भएको भए सोको ब्याज साझेदारी फर्मको मुनाफाबाट मात्र तिर्नु पर्नेछ।

(३) कुनै साझेदारले आफ्नो भागको बुझाउन पर्ने पुँजी फर्मलाई तिरी वा बुझाई सकेको रहेनछ भने सो बुझाउन पर्ने बाँकी रकम चुक्ता नभएसम्म उपदफा (१) बमोजिम हिसाब गर्दा साझेदारले मुनाफा रकम प्राप्त गर्ने रहेछ भनेपनि त्यस्तो मुनाफा रकम चुक्ता हुन बाँकी पुँजीमा कट्टा गरिनेछ।

(४) नाफा नोक्सान बाँडफाँड सम्बन्धी अन्य विषय तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## फर्म र साझेदार बाहेकका व्यक्तिको सम्बन्ध

२६. **साझेदारले काम गर्न हुनेः** (१) दफा २० मा उल्लेखित सम्झौताको अधीनमा रही प्रत्येक साझेदारले फर्मको प्रतिनिधित्व गर्न सक्नेछ र फर्मको व्यवसाय चलाउनलाई साझेदारले गरेको कामको जिम्मेवारी लिन फर्म बाध्य हुनेछ। कुनै साझेदारले फर्मको काम कारबाहीको सिलसिलामा जालसाज गरेको भनी अरु साझेदारको उजूर पर्न आए तोकिए बमोजिमको अधिकारीले यस्तो साझेदारलाई फर्मको प्रतिनिधित्व गर्नबाट बञ्चित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै साझेदारलाई फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्नुपूर्व त्यस्तो साझेदारलाई आफ्नो सफाईको मौका दिनु पर्नेछ।

२७. **साझेदारले गरेको कारबाही पालना गर्न फर्म बाध्य हुनेः** साझेदारले सम्झौता वा साझेदारहरूको निर्णयबाट साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा बन्देज लगाउन सक्नेछ र सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि फर्मसँग कारोबार गर्ने साझेदार बाहेकका व्यक्तिलाई सो बन्देजको बारेमा थाहा रहेनछ भने त्यस्तो साझेदारले साझेदार बाहेकका व्यक्तिसँग गरेको कारबाही पालना गर्न फर्म बाध्य हुनेछ।

२८. **<u>नयाँ साझेदार जवाफदेही नहुने:</u>** (१) नयाँ साझेदारले आफू साझेदार हुनुभन्दा अगाडि फर्मको तर्फबाट भए गरेको साझेदारी कामको हकमा जवाफदेही हुनेछैन तर सम्झौतामा जवाफदेही हुने उल्लेख भए जवाफदेहिताको विषय सम्झौता बमोजिम हुनेछ।

(२) साझेदारीबाट अलग हुने साझेदारलाई फर्मबाट अलग हुनु अघिको काममा साझेदार बाहेकका व्यक्तिप्रतिको जवाफदेहीताबाट सो साझेदार बाहेकका व्यक्तिसँग गरिएको सम्झौताद्वारा र साझेदारी कायम रहेका बाँकी साझेदारहरूको मञ्जुरीले मात्र अलग हुन पाउनेछ।

(३) साझेदार बाहेकका व्यक्तिलाई कुनै साझेदार साझेदारीबाट अलग हुन चाहेको छ भन्ने थाहा भएमा आफू अलग भइसकेपछि अरु साझेदारले फर्मको नामबाट भए गरेका काम प्रति अलग हुने साझेदार जवाफदेही हुने छैन।

२९. **<u>साझेदारले आफ्नो हक बिक्री गर्ने:</u>** (१) कुनै साझेदारले फर्ममा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा बन्धक राखी वा अरु कुनै प्रकारले हक छोडी दिएमा सो साझेदारले आफू साझेदार भएको अघिको साझेदारी व्यवसायबाट पाउने मुनाफा वा अन्य कुनै रकममा त्यस्तो साझेदारले दाबी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम साझेदारले दावी गर्न सक्ने भएपनि निज फर्मको साझेदार मानिने छैन र कायम रहेका साझेदारको मञ्जुरी बेगर हिसाव किताव जाँच्न पाउने छैन।

## परिच्छेद-६
## <u>साझेदारीको विघटन सम्बन्धी व्यवस्था</u>

३०. **<u>साझेदारी विघटन हुन वा गराउन सकिने:</u>** (१) सबै साझेदारका मञ्जुरीले वा निजहरूका बिचमा भएको सम्झौता बमोजिम, सम्झौता नभएकोमा साझेदारहरूको निर्णय बमोजिम साझेदारी विघटन हुन सक्नेछ।

(२) साझेदारहरूमा जुनसुकै बेहोराको सम्झौता भएको भए पनि दुई जना मात्र साझेदार भएको हकमा कुनै साझेदारले देहायका परिस्थितिमा साझेदारी विघटन गराउन सक्नेछ:

(क) कुनै साझेदार आफूले गरेको सम्झौता बमोजिमको साझेदारीको कार्यभार सम्हाल्न असमर्थ भएमा,

(ख) अर्को साझेदारले फर्मलाई तिर्न बुझाउन पर्ने रकम नतिरेमा वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मञ्जुरी बेगर कसैलाई हक छाडी दिएमा,

(ग) अर्को साझेदारको हक अदालतबाट भरी भराउमा परेमा,

(घ) अर्को साझेदारले फर्मको काम कारबाहीमा जालसाज वा लापरबाही गरेमा।

(३) दुई जना साझेदारहरूको बिचमा अन्यथा मञ्जूरी नभएको भए त्यस्तो साझेदारले सूचनामा लेखिएको मितिदेखि वा मिति नतोकिएको भए साझेदारले सूचना गरेको मितिदेखि साझेदारी विघटन भएको मानिनेछ।

(४) साझेदारका बिचमा सम्झौता भएको भएपनि फर्मको ऋण भुक्तान नगरी साझेदारमा बण्डा गरिने छैन।

**३१.** **हकवाला सम्बन्धी व्यवस्थाः** कुनै साझेदारको मृत्यू भएमा वा तीन महिना भन्दा बढी कैदको सजाय भएमा निजले मञ्जुरी दिएको नजिकको हकवाला साझेदार हुनेछ।

**३२.** **साझेदारी स्वतः विघटन हुनेः** (१) साझेदारहरूमा आपसमा भएका सम्झौताको अधीनमा रही कुनै साझेदारी सीमित समयको लागि स्थापना भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एक भन्दा बढी कामको निमित्त स्थापना भएकोमा सो काम पूरा भएपछि साझेदारी स्वतः विघटन हुनेछ।

(२) साझेदारी फर्मले साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा साझेदारी स्वतः विघटन हुनेछ।

(३) उपदफा (१) को अधीनमा रही हरेक साझेदारले आफू वा आफ्नो अधिकृत वारेसद्वारा साझेदारी विघटनमा भाग लिन सक्नेछ।

**३३.** **साझेदार बाहेकका व्यक्ति प्रतिको दायित्व पूरा गर्नुपर्नेः** साझेदारी विघटन भएको सूचना प्रकाशन नगरिएमा वा त्यस्ता विघटनको जानकारी फर्मसँग सम्बन्धित साझेदार बाहेकका व्यक्तिलाई नभएमा साझेदारी विघटन भएपनि फर्मको नाममा गरेको काम कारबाहीबाट साझेदार बाहेकका ब्यक्ति प्रतिको दायित्व सबै साझेदारले पूरा गर्नु पर्नेछ।

तर दामासाहीमा परेका साझेदारको जायजेथाबाट निज दामासाहीमा परेका मिति पछिको काम कारबाही बापत दायित्व तिर्नु बुझाउनु पर्ने छैन।

**३४.** **विघटन भएपछि पनि कायम रहनेः** फर्मको विघटनको काम टुङ्ग्याउनलाई आवश्यक काम कारबाही गर्न र विघटन हुनु पहिले शुरु गरेको अपूरो काम पूरा गर्नलाई साझेदारी विघटन भैसकेपछि पनि फर्मलाई बाध्य गर्न र साझेदारहरूको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साबिक बमोजिम कायम रहेको मानिनेछ।

**३५.** **फर्मको हिसाब किताबको फछ्र्यौटः** साझेदारको बिचमा भएको सम्झौता र दफा ३० को उपदफा (१) को अधीनमा रही विघटन भएका फर्मको हिसाब फछ्र्यौट सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. **लिक्विडेटर नियुक्ति गर्ने:** फर्मको हिसाब किताब फछ्र्यौट गर्न अनावश्यक ढिलो भएको भन्ने सबूद प्रमाण सहित कुनै साझेदारले उजूर गरेमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले फर्म विघटन गर्ने कार्य गर्न एक जना लिक्विडेटर नियुक्त गर्न सक्नेछ र लिक्विडेटर वा लिक्विडेटरहरूले साझेदारीहरूले गरेको निर्णय वा सम्झौता र यो ऐन बमोजिम विघटनको कार्य र हिसाब किताबको फछ्र्यौट प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## कसूर र सजाय सम्बन्धी व्यवस्था

३७. **कसूर:** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कार्य गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिको कसूर गरेको मानिनेछः

(क) फर्म दर्ता नगराई फर्म सञ्चालनमा ल्याएमा,

(ख) ✂……

(ग) फर्म दर्ताका लागि दरखास्त दिँदा झुठ्ठा विवरण दिएको पाइएमा,

(घ) दर्ता भएको फर्मले ✂………. फर्म दर्ता प्रमाणपत्रमा तोकिएभन्दा बाहेकको व्यवसाय गरेमा,

(ङ) फर्मले तोकिएको म्यादभित्र सूचना नदिएमा वा झुठ्ठा सूचना दिएमा,

(च) यो ऐन बमोजिम नवीकरण नगराई फर्म वा कुनै पनि व्यक्तिले फर्म सम्बन्धी व्यवसाय गरेमा,

(छ) स्वीकृति नलिई स्थानान्तरण गरेमा,

(ज) सूचनापाटी र प्रचलित कानून बमोजिम मूल्य सूची व्यवसाय स्थलमा नराखेमा,

(झ) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरीत अन्य कुनै कार्य गरेमा।

३८. **सजाय:** (१) दफा ३७ को खण्ड (क) अन्तर्गतको कसूर गर्ने निजी फर्म वा साझेदारी फर्मका प्रत्येक साझेदारलाई पहिलो पटकका लागि मन्त्रालयले तोकेको अधिकारी वा निकायले पच्चीस हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ र सोही कसूर फेरी गरेमा तीन पटकसम्म पटकै पिच्छे शुरुमा हुने जरिबानामा दश हजार रुपैयाँ

✂ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७९ द्वारा झिकिएको

थप हुनेछ। चौथो पटक पनि त्यस्तो कार्य गरेमा निज संलग्न रहेको कुनै पनि फर्म दर्ता गर्न रोक लगाइनेछ।

(२)✂......

(३) दफा ३७ को खण्ड (ग) र (ङ) अन्तर्गतको कसूर गर्ने निजी फर्म वा साझेदारी फर्मका प्रत्येक साझेदारलाई मन्त्रालयले तोकेको अधिकारी वा निकायले पच्चिस हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ।

(४) दफा ३७ को खण्ड (च) अन्तर्गतको कसूर गर्ने निजी फर्म वा साझेदारी फर्मका प्रत्येक साझेदारलाई मन्त्रालयले तोकेको अधिकारी वा निकायले बिस हजार रुपैयाँ जरिबाना वा व्यवसाय गर्न नपाउने गरी प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी रोक लगाउनसक्नेछ।

(५) दफा ३७ को खण्ड (छ),(ज) र (झ) अन्तर्गतको कसूर गर्ने निजी फर्म वा साझेदारी फर्मका प्रत्येक साझेदारलाई मन्त्रालयले तोकेको अधिकारी वा निकायले दशहजार रुपैयाँ जरिबाना गरी कानूनबमोजिम गर्न निर्देशन दिन सक्नेछ।

(६) साझेदारले गरेको कुनै कसूरका सम्बन्धका प्रचलित सङ्घीय तथा प्रदेश कानून बमोजिम कारबाही र सजाय गर्न यस दफाले कुनै बाधा पार्ने छैन।

३९. **पुनरावेदन सम्बन्धी व्यवस्था:** (१) यस ऐनको विभिन्न दफामा गरिएको पुनरावेदन सम्बन्धी व्यवस्था सोही दफा बमोजिम हुनेछ।

तर कुनै दफामा सजाय उल्लेख नभएको तर सम्बन्धित अधिकारी वा निकायले गरेको कुनै निर्णय उपर चित्त नबुझाउने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) पुनरावेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## विविध

४०. **वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने:** फर्म दर्ता गरेपछि व्यापार व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित फर्मको हुनेछ। वातावरण परीक्षणबाट सो व्यापार व्यवसाय प्रचलित सङ्घीय तथा प्रदेश वातावरण कानून तथा मापदण्ड विपरीत देखिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले दर्ता खारेज गर्न सक्नेछ।

तर त्यसरी दर्ता खारेज गर्नुअघि त्यस्तो वातावरण कानून र मापदण्ड पालना गर्ने मुनासिब माफिकको समय दिनु पर्नेछ।

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा झिकिएको

४१. **व्यवसायीलाई सहुलियतः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि व्यापार व्यवसायको लागि स्थापना हुने फर्मलाई फर्म दर्ता र नवीकरण गर्दा लाग्ने दस्तुरमा तोकिए बमोजिमको रकम छुट दिइनेछ।

४२. **विशेष व्यवस्थाः** (१) यस ऐनका विभिन्न दफामा जुनसुकै कुरा लेखिएको भए तापनि पाँच लाख रुपैयाँ सम्मको अधिकृत पुँजी भएको र सम्बन्धित स्थानीय तहमा सञ्चालन हुने कुनै फर्म दर्ता गर्नुपर्दा त्यस्तो फर्म यस ऐनबमोजिमको अधिकारी वा निकाय वा स्थानीय तहको कार्यालय जहा सुकै दर्ता गरी प्रमाण लिन सकिनेछ।

(२) विशेष व्यवस्था सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

४३. **विद्युतीय माध्यमको उपयोगः** (१) फर्म दर्ताको दरखास्त, दरखास्त सहित पेस गर्नुपर्ने कागजात तथा दफा १५ बमोजिम विवरण पेस गर्दा विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ।

(२) मन्त्रालयले तोकेको अधिकारी वा निकायले स्वीकृति सम्बन्धि कागजातहरू प्रमाणिकरण गर्दा विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सक्नेछ र त्यस्ता कागजातहरू विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सक्नेछ।

तर यो व्यवस्था प्रदेश सरकारले सूचना प्रकाशन गरेको मितिबाट लागु हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि फर्म दर्ताको प्रमाणपत्र लिदाँका वखत विद्युतीय माध्यमबाट पेस गरिएका कागजातको सक्कल प्रति मन्त्रालयले तोकेको अधिकारी वा निकायले आदेश दिएमा दरखास्तवालाले पेस गर्नु पर्नेछ।

४४. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुनेछैन।

तर असल नियतले कार्य गरेको हो भन्ने प्रमाण पुऱ्याउने भार सम्बन्धित ब्यक्तिमा रहनेछ।

४५. **अनुगमन तथा मूल्याङ्कनः** मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी वा निकायले समय समयमा यस ऐनबमोजिम स्थापना भएका फर्मले पालना गर्नुपर्ने मापदण्ड तथा फर्म दर्ता प्रमाणपत्रमा उल्लेखित सर्तको पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्न, अनुगमनका क्रममा कुनै जानकारी वा विवरण माग गरी वा नगरी कानूनबमोजिम आवश्यक निर्देशन दिन सक्नेछ।

४६. **अधिकार प्रत्यायोजनः** मन्त्रालयले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतको कुनै अधिकारी वा निकायले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

४७. **<u>बाधा अड्काउ फुकाउने अधिकार</u>:** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

४८. **<u>नियम बनाउने अधिकार</u>:** यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

४९. **<u>कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने</u>:** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

५०. **<u>यसै ऐनबमोजिम हुने</u>:** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित विषयमा यसै ऐनबमोजिम र अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

५१. **<u>अनुसूची संशोधन वा थपघट</u>:** यस ऐनबमोजिमका अनुसूची आवश्यकता अनुसार समय समयमा प्रदेश सरकारले निर्णय गरी संशोधन वा थपघट गर्न सक्नेछ।

५२. **<u>बचाउ</u>:** यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ र साझेदारी फर्म दर्ता ऐन, २०२० बमोजिम दर्ता भएका फर्म र तत् सम्बन्धी काम कारबाहीहरू यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

# अनुसूची-१

(दफा ५ को उपदफा (१) र दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

## (१) फर्म दर्ता गर्दा लाग्ने दस्तुर

| | | |
|---|---|---|
| (क) | पाँच लाख रुपैयाँसम्म अधिकृत पुँजी भए | -दुई हजार रुपैयाँ |
| (ख) | पाँच लाख रुपैयाँभन्दा बढी बिस लाख रुपैयाँसम्म अधिकृत पुँजी भए | -चार हजार रुपैयाँ |
| (ग) | बिस लाख रुपैयाँभन्दा बढी पचासलाख रुपैयाँसम्म अधिकृत पुँजी भए | -सात हजार रुपैयाँ |
| (घ) | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म अधिकृत पुँजी भए | -पन्ध्र हजार रुपैयाँ |
| (ङ) | एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म अधिकृत पुँजी भए | -पच्चिस हजार रुपैयाँ |
| (च) | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म अधिकृत पुँजी भए | -पैंतिस हजार रुपैयाँ |
| (छ) | दश करोड रुपैयाँभन्दा बढी जतिसुकै अधिकृत पुँजी भएपनि | -साठी हजार रुपैयाँ |

## (२) फर्म नवीकरण गर्दा लाग्ने दस्तुर

| | | |
|---|---|---|
| (क) | पाँच लाख रुपैयाँसम्म अधिकृत पुँजी भए | -दुई हजार रुपैयाँ |
| (ख) | पाँच लाख रुपैयाँभन्दा बढी बिस लाख रुपैयाँसम्म अधिकृत पुँजी भए | -चार हजार रुपैयाँ |
| (ग) | बिस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म अधिकृत पुँजी भए | -पाँच हजार रुपैयाँ |
| (घ) | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म अधिकृत पुँजी भए | -दश हजार रुपैयाँ |
| (ङ) | एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म अधिकृत पुँजी भए | -पन्ध्र हजार रुपैयाँ |
| (च) | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म अधिकृत पुँजी भए | -बिस हजार रुपैयाँ |
| (छ) | दश करोड रुपैयाँभन्दा बढी जतिसुकै अधिकृत पुँजी भएपनि | -तिस हजार रुपैयाँ |

## प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७

**प्रमाणीकरण मिति** २०७८/०५/१०

संशोधन

**१) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ः २०७९।११।१५**

**२) प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (पहिलो संशोधन) ऐन, २०८१ः २०८१।०६।०१**

**प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**ः कृषि क्षेत्रको व्यवसायीकरण, विकास र रोजगारी सृजना गरी समग्र अर्थतन्त्रलाई गतिशील र सुदृढ गर्न दिईने अनुदानको वितरणलाई व्यवस्थित र पारदर्शी बनाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७**" रहेको छ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अनुदान"** भन्नाले प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकायद्वारा विभिन्न बाली तथा पशुपन्क्षीजन्य वस्तुको उत्पादन, प्रशोधन, तथा बजारीकरणका लागि कृषक, कृषक समूह, सहकारी, उद्यमीलाई उपलब्ध गराउने नगद वा जिन्सी सहयोगलाई सम्झनु पर्छ।

(ख) **"अनुदानग्राही"** भन्नाले प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकायद्वारा उपलब्ध गराईने अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह, सहकारी, उद्यमी सम्झनु पर्छ।

(ग) **"कृषि"** भन्नाले विभिन्न खाद्यान्न, तरकारी, फलफूल, औद्योगिक बाली, च्याउ, मह, पशुपन्छी तथा मत्स्य उत्पादन, बजारीकरण तथा प्रशोधन सम्बद्ध व्यवसाय सम्झनु पर्छ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम, निर्देशिका, कार्यविधि, मापदण्ड वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"परिवार"** भन्नाले अनुदानग्राहीको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिइ आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(च) ⊕ (१ङ) "प्रोत्साहन अनुदान" भन्नाले मापदण्डमा उल्लेख गरिएको क्षेत्रफल र परिमाणमा कृषि तथा पशुपन्छीजन्य उपज उत्पादन गरे बापत पाउने नगद अनुदान सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले कृषि विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) **"सम्झौता"** भन्नाले मन्त्रालय वा मातहतका निकाय र अनुदानग्राहीका बिच प्रचलित कानून बमोजिम भएको शर्तनामा सहितको लिखतलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## अनुदान उपलब्ध गराउन सक्ने

३. **अनुदान सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालय र मातहतका निकायले कृषि तथा पशुपंक्षीजन्य वस्तु उत्पादन, प्रशोधन, बजारिकरण लगायत निर्यात प्रवर्द्धनमा सहयोग गर्न वार्षिक बजेटमा रकमको ब्यवस्था गरी यस ऐन बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एउटा कामको लागि मात्र अनुदान उपलब्ध गराईनेछ।

(३) यस ऐन बमोजिम एक करोड वा सो भन्दा बढी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको आर्थिक वर्ष समाप्त भए पश्चात अर्को आर्थिक वर्षमा अनुदान रकमको पाँच प्रतिशत, दोस्रो वर्षमा दश प्रतिशत, तेस्रो वर्षमा दश प्रतिशत र चौथो वर्षमा दश प्रतिशत गरी कुल अनुदानको पैंतीस प्रतिशत रकम प्रदेश सरकारलाई फिर्ता गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुदानग्राहीबाट फिर्ता भएको रकम प्रदेश सरकारको सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नु पर्नेछ।

---

⊕ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

(५) अनुदान प्राप्त गर्ने अनुदानग्राहीले आफूले प्राप्त गरेको अनुदान रकम र अनुदान प्राप्ती पश्चात आफ्नो व्यवसायको निरन्तरता दिनुपर्ने अवधि सार्वजनिक गर्नु पर्नेछ। व्यवसायको निरन्तरता अवधि तोकिए बमोजिम हुनेछ।

४. **विशेष विषय वा क्षेत्र तोक्न सक्ने**: (१) दफा ३ बमोजिमको अनुदान उपलब्ध गराउँदा मन्त्रालय र मातहतका निकायहरूले अनुदान उपलब्ध गराउने विषय वा क्षेत्र देहायका आधारमा तोकिनेछः-

(क) प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तब्यमा उल्लेखित विषय वा क्षेत्रहरू,

(ख) मन्त्रालयले विधिवत रुपमा गरेको अध्ययन अनुसन्धानले सिफारिस गरेका विषय वा क्षेत्रहरू,

(ग) प्रदेश सरकारले विभिन्न समयमा गरेका घोषणामा उल्लेखित विषयहरू।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषय सम्बद्ध कृषि व्यवसायमा देहाय अनुसारका कार्यहरूका लागि अनुदान उपलब्ध गराईनेछः-

(क) उत्पादन सम्बद्ध पूर्वाधार निर्माण,

(ख) भण्डारण तथा प्रशोधन सम्बद्ध पूर्वाधार निर्माण,

(ग) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बद्ध यन्त्र, उपकरण, मेशिनरी, ढुवानी साधन खरीद,

(घ) तोकिएको बाली तथा पशुपंक्षीजन्य उपज उत्पादन गरे बापत प्रोत्साहन,

*(ङ) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बन्धी कार्य गर्दा बैंक, वित्त कम्पनी, लघुवित्त तथा सहकारी संस्थाबाट लिएको ऋणको व्याज बापतको रकम अनुदान,

तर एकै अनुदानग्राहीलाई खण्ड (क), (ख) र (ग) मा उल्लेख भए बमोजिमको अनुदान वा खण्ड (ङ) बमोजिमको व्याज बापतको रकम अनुदान मध्ये एक अनुदान मात्र उपलब्ध गराईनेछ।

---

* पहिलो संशोधन, २०८१ द्वारा संशोधित

५. **<u>अनुदान वितरण प्रक्रियाः</u>** दफा ३ बमोजिमको अनुदान उपलब्ध गराउँदा देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछः-

(क) अनुदान वितरण गर्नु पूर्व सम्बन्धित निकायले कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गरी तोकिए बमोजिम ढाँचामा आवेदन माग गर्ने,

(ख) मन्त्रालयले मन्त्रालय र मन्त्रालय मातहतका निकायबाट अनुदान वितरणका लागि दफा ४ मा उल्लेखित विषय अनुसार मापदण्ड निर्धारण गरी अनुदानग्राही छनौट प्रणाली विकास गर्नु पर्नेछ। त्यस्तो मापदण्डको जानकारी प्रदेश सभाको सम्बन्धित समितिलाई दिनु पर्नेछ।

(ग) मन्त्रालय, निर्देशनालय र मातहतका निकायबाट अनुदानग्राही छनौटका लागि तोकिए बमोजिम अनुदान छनौट समिति रहनेछ।

*(घ) यस ऐनको दफा ५ र ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ङ) बमोजिम उपलब्ध गराइने व्याज बापतको अनुदान रकम वितरण प्रक्रिया र अनुदान सम्बन्धी मापदण्ड कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

६. **<u>अनुदान सम्बन्धी मापदण्डः</u>** अनुदान उपलब्ध गराउन देहायको मापदण्ड लागु गरिनेछः-

(क) अनुदानग्राहीले अनुदानका लागि निवेदन पेस गर्दा निवेदन साथ स्थायी लेखा नम्बर, अनुदानग्राहीले गर्न खोजेको कामको स्पष्ट विवरण, अपेक्षित प्रतिफल तथा लागत सहभागिता खुलेको प्रस्ताव र सम्बन्धित स्थानीय तहको सिफारिस समेत पेस गर्नु पर्नेछ।

(ख) अनुदानग्राही छनौट गर्नु पूर्व अनुदान उपलब्ध गराउने निकायले कम्तिमा दुईजना प्राविधिक कर्मचारीलाई सम्बन्धित आवेदकको प्रस्तावको स्थलगत अनुगमनमा पठाउनु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिमको प्राविधिक कर्मचारीले सम्बन्धित निकायमा स्थलगत अनुगमन प्रतिवेदन पेस गर्नु पर्नेछ।

(घ) खण्ड (ग) बमोजिमको स्थलगत प्राविधिक प्रतिवेदन सहित सम्बन्धित निकायले तोकिएको छनौट समिति मार्फत दफा ५ को

---

* पहिलो संशोधन, २०८१ द्वारा थपिएको

खण्ड (ख) बमोजिमको मापदण्ड अनुसार उपयुक्त अनुदानग्राही छनौट गर्नु पर्नेछ।

(ङ) खण्ड (घ) अनुसार छनौट भएको अनुदानग्राहीसंग प्रचलित कानून बमोजिम सम्झौता गरी कार्य सम्पादन प्रगति अनुरुप अनुदान उपलब्ध गराउनु पर्नेछ।

(च) छनौट भएका अनुदानग्राहीलाई बढीमा तीन किस्तामा अनुदान उपलब्ध गराउन सकिनेछ।

(छ) ✎संघीय सरकार, मन्त्रालय, स्थानीय तह वा अन्य आयोजना मध्येबाट एकै पटक पाँच लाख रुपैंया वा सो भन्दा वढी रकम अनुदान लिएको अनुदानग्राही वा निजको एकाघरको परिवारलाई तीन बर्षसम्म मन्त्रालय र मातहतका निकायबाट अनुदान उपलब्ध गराईने छैन।

तर प्रोत्साहन अनुदानको हकमा यो व्यवस्थाले अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।

(ज) अनुदानग्राहीले अनुदानको एक किस्ता भुक्तानी लिईसके पश्चात पछिल्लो किस्ता माग गर्दा अघिल्लो किस्ताको अनुदान रकमबाट गरेको कार्य सम्पन्न प्रतिवेदन र सम्बन्धित स्थानीय तहको सिफारिस सहित पेस गर्नु पर्नेछ।

(झ) ⊕(१ज) अनुदानग्राही छनौट गर्दा प्रदेश सरकार र अन्य सरकारबाट हालसम्म कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी कुनै पनि अनुदान प्राप्त नगरेका अनुदानग्राहीलाई प्राथमिकता दिनु पर्नेछ।

(ञ) अनुदान सम्बन्धी अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ।

७. **जानकारी गराउनु पर्ने**: (१) दफा ६ बमोजिम सम्झौता भएपछि सम्पूर्ण अनुदानग्राहीको नाम, ठेगाना र अनुदान रकम सम्बन्धी विवरण प्रदेश सभाको सम्बन्धित समिति र सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी मन्त्रालयको वेबसाईट मार्फत समेत सार्वजनिक गर्नु पर्नेछ।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

⊕ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

## परिच्छेद–३

## जरिबाना गर्न सक्ने

८. **ऐन विपरित काम गरेको मानिने**: (१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन विपरीत काम गरेको मानिनेछ,-

(क) सम्झौता बमोजिमको काम नगरेमा वा तोकिए भन्दा अन्य कार्य गरेमा,

(ख) सम्झौता बमोजिमको परिमाण भन्दा कम वा कम गुणस्तरको काम गरेमा,

(ग) अन्य व्यक्ति, फर्म, कम्पनीले गरेको कामलाई आफूले गरेको भनी अनुदान लिन खोजेको पुष्टि भएमा वा अनुदान लिन खोजेमा,

(घ) झुट्टा वा गलत विवरण पेस गरी वा अन्य व्यक्ति, फर्म, कम्पनीको नाम किर्ते गरी वा अन्य कसैको किर्ते सहीछाप गरी अनुदान लिएमा,

(ङ) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी अनुदान लिएमा,

(च) अनुदान प्राप्त गर्न कृषक समूह, सहकारी वा उपभोक्ता समिति आदिको बैठक तथा उपस्थिति आदिको झुठो निर्णय तथा अरुको नामको सहीछाप तथा प्रमाण पत्र पेस गरेमा,

(छ) दफा ३ को उपदफा (३) बमोजिमको अवधिमा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेमा,

(ज) दफा ३ को उपदफा (५) बमोजिमको अवधिसम्म व्यवसायको निरन्तरता नदिएमा।

(२) उपदफा (१) बमोजिमको कार्य भएको जानकारी प्राप्त गर्ने व्यक्तिले त्यस्तो कार्य भएको उजुरी सम्बन्धित निकायमा दिन सक्नेछ।

९. **जरिबाना गर्न सक्ने**: (१) कसैले दफा ८ को उपदफा (१) बमोजिमको कार्य गरेमा देहाय बमोजिम जरिबाना हुनेछ:-

(क) खण्ड (क) र (ख) बमोजिमको कार्य गरेमा मन्त्रालयबाट अनुदान प्राप्त गरेको रकम असूलउपर गरी अनुदान रकमको पन्ध्रदेखि पच्चिस प्रतिशत सम्मको जरिबाना,

(ख) खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमको कार्य गरेमा मन्त्रालयबाट अनुदान प्राप्त गरिसकेको अवस्थामा प्राप्त

अनुदान रकम असूल उपर गरी अनुदान रकमको पन्ध्र प्रतिशतसम्म जरिबाना,

(ग) खण्ड (छ) र (ज) बमोजिमको कार्य गरेमा मन्त्रालयबाट अनुदान प्राप्त गरेको रकम असूल उपर गरी अनुदान रकमको दश प्रतिशतसम्म जरिबाना।

(२) दफा ८ को उपदफा (१) बमोजिमको कार्य गर्ने वा त्यस्तो कार्य गर्न मद्दत पुऱ्याउने कुनै निकाय वा संस्था भए त्यस्तो निकाय वा संस्थाको प्रमुख कार्यकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई कारबाही हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको व्यक्तिलाई जरिबाना गर्नु अघि आफूलाई लागेको आरोपको खण्डन गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम जरिबाना भएको अवस्थामा त्यस्तो अनुदानग्राहीलाई पाँच वर्षसम्म अनुदान उपलब्ध गराईने छैन।

१०. **<u>असल नियतले गरेको कामको बचाउ</u>:** (१) यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्वन्धमा मन्त्रालय वा मातहतका निकायका पदाधिकारी वा कर्मचारी व्यक्तिगत वा सामुहिक रुपले जवाफदेही हुने छैन तर असल नियतले गरेको काम हो होईन भन्ने सम्बन्धी उजुरी तोकिएको समिति समक्ष दिन सक्नेछ र सो सम्बन्धी निर्णय तोकिए बमोजिमको समितिले गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रक्रिया पूरा नगरी र बदनियतसाथ गरिएको कार्यको कुनै बचाउ हुनेछैन।

११. **<u>रोक्का राख्ने</u>:** अनुदान लिने अनुदानग्राहीले दफा ८ बमोजिमको कार्य गरेमा दफा ९ को उपदफा (१) बमोजिम रकम असूल उपर गर्ने प्रयोजनका लागि निजको कारोबार, सम्पत्ति तथा बैङ्क खाता रोक्का राख्न सम्बन्धित कार्यालयको सिफारिसमा मन्त्रालयले सम्बन्धित निकायलाई लेखी पठाउनेछ।

१२. **<u>जरिबाना तोक्ने अधिकारी</u>:** अनुदानग्राहीले दफा ८ बमोजिमको कार्य गरेमा मन्त्रालयको सचिवले दफा ९ बमोजिमको जरिबाना गर्नेछ।

१३. **<u>पुनरावेदन गर्न सक्ने</u>:** दफा १२ बमोजिमको जरिबाना गर्ने अधिकारीले गरेको जरिबाना अनुदानग्राहीलाई चित्त नबुझेमा सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-४
## विविध

१४. **अनुगमन गर्ने:** मन्त्रालय र मातहतका निकायवाट संचालित कामको अनुगमन प्रदेश सभाका सम्बन्धित समिति, सम्बन्धित जिल्लाको प्रदेश सभाको माननीयहरू, प्रदेश योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट गरिनेछ।

१५. **प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने:** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन।

१६. **बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐन कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१७. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१८. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने:** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही मन्त्रालयले अवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

# प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९

**प्रमाणीकरण मिति** २०७९/०५/२७

## प्रदेश प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

**प्रस्तावनाः** प्रदेशभित्र रहेका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"उपकुलपति"** भन्नाले प्रज्ञा प्रतिष्ठानको उपकुलपति सम्झनु पर्छ।

(ख) **"कुलपति"** भन्नाले प्रदेशको मुख्यमन्त्री सम्झनु पर्छ।

(ग) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) **"पदाधिकारी"** भन्नाले उपकुलपति र परिषद्का मनोनित सदस्य सम्झनु पर्छ।

(ङ) **"परिषद्"** भन्नाले दफा ११ बमोजिमको परिषद् सम्झनु पर्छ।

(च) **"प्रतिष्ठान"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको **"प्रदेश प्रज्ञा प्रतिष्ठान"** लाई सम्झनु पर्छ।

(छ) **"प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ। सो शब्दले प्रदेशको नामाकरण पश्चात कायम हुने नामलाई समेत जनाउनेछ।

(ज) **"मन्त्रालय"** भन्नाले प्रदेशको संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) **"सभा"** भन्नाले दफा ७ बमोजिमको सभा सम्झनु पर्छ।

(ञ) **"सहकुलपति"** भन्नाले प्रदेशको संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालयको मन्त्री सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रज्ञा प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापनाः** (१) प्रदेशका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकास गर्नका लागि "प्रदेश प्रज्ञा प्रतिष्ठान" नामको एक प्रतिष्ठान स्थापना गरिने छ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुनेः** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) प्रतिष्ठानको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न र उपयोग गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर र प्रतिरक्षा गर्न तथा प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

(६) प्रतिष्ठानले अन्तर्राष्ट्रिय सहायता लिंदा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

५. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) प्रदेशका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृति सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने तथा सो सँग सम्बन्धित कृति सृजना, अनुवाद एवं प्रकाशन गर्ने,

(ग) प्रदेशका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृति सम्बन्धी विषयमा गोष्ठी, सम्मेलन र प्रदर्शनी गर्ने,

(घ) प्रदेशका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृति सम्बन्धी विषयमा प्रतिभा विकास हुने वातावरण सृजना गर्ने तथा सो क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति एवं संस्थालाई विद्वत्वृत्ति, सम्मान र पुरस्कृत गर्ने,

(ङ) प्रदेशका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृति सम्बन्धी अभिलेखालयको विकास र संरक्षण गर्ने,

(च) यो ऐनको उद्देश्य पूरा गर्न तोकिए बमोजिमको अन्य कार्य गर्ने।

## परिच्छेद-३

## प्रतिष्ठानको स्वरुप

६. **प्रतिष्ठानको स्वरुपः** देहाय बमोजिम संगठनहरूको सामूहिक रूप नै प्रतिष्ठानको स्वरूप हुनेछः-

(क) सभा,

(ख) परिषद्।

७. **सभाः** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक सभा रहनेछ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः-

(क) कुलपति – अध्यक्ष

(ख) सहकुलपति – सहअध्यक्ष

(ग) उपकुलपति – उपाध्यक्ष

(घ) प्रदेशका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिसँग सम्बन्धित विशिष्ट व्यक्तिहरू मध्येबाट समानुपातिक समावेशीको आधारमा समेत प्रतिनिधित्व हुने गरी दफा ८ बमोजिमको सिफारिस समितिको सिफारिसमा कुलपतिले मनोनित गरेको पैंतिस जना – सदस्य

(ङ) सचिव, प्रदेशको संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालय –सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(४) कुनै कारणले सभाका मनोनित सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) सभाका सदस्यहरूलाई प्रचलित कानून बमोजिम बैठक भत्ता उपलब्ध गराउन सकिनेछ। सो बाहेक अन्य सुविधा उपलब्ध हुने छैन।

(६) सभाका सदस्यहरूको योग्यता तोकिए बमोजिम हुनेछ।

८. **सिफारिस समिति** (१) सभामा मनोनित हुने सदस्य र उपकुलपति नियुक्तिको लागि कुलपति समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछः–

(क) मन्त्री, प्रदेशको संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालयको मन्त्री – अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(ग) कुलपतिले तोकेको सम्बन्धित विषयविज्ञहरू मध्येबाट दुई जना – सदस्य

(घ) सचिव, प्रदेशको संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालय –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, लिपि, साहित्य, कला र संस्कृति सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गरेका वा सो विषयमा ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट सबै विधाको प्रतिनिधित्व हुने गरी नाम सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैंले निर्धारण गर्न सक्नेछ।

९. **सभाको काम, कर्तव्य र अधिकारः** सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(च) परिषद्को कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने।

१०. **सभाको बैठकः** (१) सभाको बैठक कम्तीमा वर्षको दुई पटक बस्नेछ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा सहअध्यक्षले गर्नेछ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) सभाको बैठकको निर्णय सभाको सचिवले प्रमाणित गरी राख्नेछ।

(८) सभाले प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ तथा आजीवन सदस्यलाई सभाको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(९) सभाको बैठक सम्बन्धी आफ्नो कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ।

११. **परिषद्को गठनः** (१) प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न एक परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) उपकुलपति – अध्यक्ष

(ख) सभाका मनोनित सदस्यहरू मध्येबाट भौगोलिक क्षेत्रका आधारमा कम्तीमा दुईजना महिला सहित समानुपतिक समावेशीको आधारमा विभिन्न जात, जाति, भाषाभाषीको प्रतिनिधित्व हुने गरी कुलपतिबाट मनोनित छ जना – सदस्य

(ग) महाशाखा प्रमुख, प्रदेशको संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालय – सदस्य

(घ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तोकेको कम्तीमा सातौं तहको अधिकृत – सचिव

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ। पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

१२. **परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखापरीक्षण प्रतिवेदन सभा समक्ष पेस गर्ने,

(घ) सचिवले पेस गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेस गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने,

(च) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनको लागि सभामा पेस गर्ने,

(झ) तोकिए बमोजिम अन्य कार्य गर्ने।

१३. **परिषद्को बैठकः** (१) परिषद्को बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ।

(२) परिषद्को बैठक उपकुलपतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सचिवले सबै सदस्यहरूलाई जानकारी दिनु पर्नेछ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को उपकुलपतिले र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सचिवले प्रमाणित गरी राख्नेछ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## प्रमुख संरक्षक, प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी

१४. **कुलपतिः** (१) मुख्यमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख संरक्षक हुनेछ।

१५. **सहकुलपतिः** (१) प्रदेशको संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालयको मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।

(२) सहकुलपति प्रतिष्ठानको सहसंरक्षक हुनेछ।

१६. **उपकुलपतिः** (१) प्रतिष्ठानमा एक जना उपकुलपति रहनेछ र निजले प्रतिष्ठानको पूर्णकालीन कार्यकारी प्रमुखको रुपमा काम गर्नेछ।

(२) दफा ८ बमोजिमको सिफारिस समितिको सिफारिसमा कुलपतिले उपकुलपतिको नियुक्ति गर्नेछ।

(३) देहायको योग्यता भएको नेपाली नागरिक प्रतिष्ठानको उपकुलपतिको पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तीमा स्नातक उपाधी प्राप्त गरेको,

(ख) सम्वन्धित विषयगत क्षेत्रमा कम्तीमा दश वर्ष कार्य अनुभव भएको,

(ग) नियुक्ति हुँदाको वखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) दामासाहीमा नपरेको,

(च) उमेरको हकमा पैंतालिस वर्ष पूरा भएको र पैंसठ्ठी वर्ष ननाघेको,

(छ) उच्च नैतिक चरित्र भएको।

(४) प्रतिष्ठानको उपकुलपतिको पदावधि नियुक्ति भएको मितिले चार वर्ष हुनेछ।

१७. **सहकुलपतिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सहकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्न कुलपतिलाई सहयोग गर्ने,

(ख) कुलपतिको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ग) कुलपतिको निर्देशनमा अन्य काम गर्ने,

(घ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

१८. **उपकुलपतिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको निर्धारित उद्देश्य र लक्ष्य पुरा गर्ने,

(ख) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट तथा प्रतिवेदन तयार गर्ने गराउने,

(घ) प्रतिष्ठानको काम कारवाही व्यवस्थित गर्ने,

(ङ) प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा प्रचलित कानूनको अधिनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क र समन्वय गर्ने,

(च) कुलपति र सहकुलपतिको निर्देशनमा अन्य काम गर्ने,

(छ) तोकिए बमोजिम अन्य कार्य गर्ने।

१९. **पद रिक्त हुने अवस्था:** देहायका अवस्थामा पदाधिकारीको पद रिक्त भएको मानिनेछः-

(क) पदावधि समाप्त भएमा

(ख) राजीनामा दिएमा,

(ग) मानसिक सन्तुलन ठीक नभएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) दफा २० बमोजिम पदबाट हटेमा,

(च) मृत्यु भएमा,

(छ) नेपालको नागरिक नरहेमा।

२०. **पदबाट हटाउन सक्ने:** (१) पदाधिकारीले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिबाट सभाका सदस्यहरू मध्येबाट एक छानबिन उपसमिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन उपसमितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन कुलपति समक्ष पेस गर्नेछ र कुलपतिले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा पदाधिकारीले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी सभाका बहुमत सदस्यले निर्णय गरेमा कुलपतिले त्यस्तो पदाधिकारीलाई पदबाट हटाउनेछ।

(४) उपदफा (३) बमोजिम पदाधिकारीलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

२१. **कर्मचारी:** प्रतिष्ठानको कार्य सञ्चालनको लागि आवश्यक कर्मचारी प्रदेश सरकारले उपलव्ध गराउनेछ।

## परिच्छेद–५
## कोष तथा लेखापरीक्षण

२२. **प्रतिष्ठानको कोषः** (१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ग) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य वैधानिक स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) कोषको रकम प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको कोष र खाताको सञ्चालन उपकुलपति र परिषद्को सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

२३. **लेखा र लेखापरीक्षणः** (१) प्रतिष्ठानको आय व्ययको लेखा प्रदेश सरकारले तोकेको ढाँचा बमोजिम राखिनेछ।

(२) प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ।

(३) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-६
## विविध

२४. **मानार्थ प्राज्ञ तथा आजीवन सदस्यताः** (१) भाषा, लिपि, साहित्य, कला र संस्कृतिको विषयमा विशिष्ट योगदान पुऱ्याई प्रादेशिक, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको गौरव बढाउने व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ।

(२) भाषा, लिपि, साहित्य, कला र संस्कृतिको विधामा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिकलाई सभाले परिषद्को सिफारिसमा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ।

(४) मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यले यस प्रतिष्ठानको हित विपरित काम गरेमा सभाले परिषदको सिफारिसमा त्यस्ता सदस्यलाई पदबाट हटाउन सक्नेछ।

२५. **विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्ने:** भाषा, लिपि, साहित्य, कला र संस्कृतिको सम्बन्धी विषयमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सभाले विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

२६. **प्रतिवेदन पेस गर्नु पर्ने:** प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रदेशको संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ।

२७. **शपथ:** आफ्नो कार्यभार सम्हाल्नु अघि उपकुलपति र सभाका अन्य सदस्यले कुलपति समक्ष अनुसूची–१ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

२८. **अधिकार प्रत्यायोजन:** (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपकुलपति र उपकुलपतिले सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

२९. **प्रतीक चिन्ह:** प्रतिष्ठानको प्रतीक चिन्ह तोकिए बमोजिम हुनेछ।

३०. **सम्पर्क मन्त्रालय:** प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा प्रदेशको संस्कृति सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत राख्नु पर्नेछ।

३१. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार:** यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

## अनुसूची-१

(दफा २७ सँग सम्बन्धित)

**<u>शपथ</u>**

म ............................................. मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही ................... .......पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर धाक नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीसाथ प्रदेश भित्र रहेका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

नामः

दस्तखतः

मितिः

# प्रदेश जीवनाशक विषादी व्यवस्थापन गर्न बनेको विधेयक

प्रमाणीकरण मितिः-२०८१।११।२९

**प्रस्तावना:** प्रदेशमा जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र छर्कने कार्यलाई व्यवस्थापन तथा नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र वातावरणमा पर्ने प्रतिकुल प्रभावलाई नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा, १७५ बमोजिम तथा जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा १० को उपदफा (२) को अधिकार प्रयोग गरी कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"इजाजतपत्र"** भन्नाले दफा ६ बमोजिमको इजाजतपत्र सम्झनु पर्छ।

(ख) **"जीवनाशक विषादी"** भन्नाले बोट बिरुवा, कृषिजन्य पदार्थ, वन तथा वन पैदावार जीव, पशुपन्छी, जनस्वास्थ्य, भण्डारण, प्याकेजिङ र निर्माण कार्यमा हानी पुऱ्याउने रोग, किरा, सुलसुले, निमाटोड, झारपात, मुसा लगायतबाट बचाउन प्रयोग गरिने प्राङ्गारिक, वानस्पतिक, जैविक तथा रासायनिक पदार्थ सम्झनु पर्छ र सो शब्दले देहायका पदार्थलाई समेत जनाउँछः-

(१) ओसिलोपन कम गर्ने तथा सुकाउने (डेसिकेन्ट) पदार्थ,

(२) कृषि बाली तथा कृषिजन्य पदार्थ उत्पादनसँग सम्बन्धित प्रयोगशालामा निसङ्क्रमण गर्न प्रयोग गरिने (डिसइन्फेक्टेन्ट) पदार्थ,

(३) झारनाशक विषादी,

(४) पात पतिङ्गर झार्ने (डिफोलियन्ट) पदार्थ,

(५) फलफूल पतल्याउने (थिनिङ्ग एजेन्ट) पदार्थ,

(६) समय नपुग्दै फल, फूल झर्ने लगायतका समस्याको नियन्त्रण गर्न प्रयोग हुने पदार्थ,

(७) हानिकारक जीवहरूको नियमित वृद्धि र प्रजनन् कार्यमा असर पर्ने (इन्सेक्ट ग्रोथ रेगुलेटर) पदार्थ,

(८) हानिकारक जीवहरूको शिकार गरेर, परभक्षी बनेर, परजीवी बनेर, रोग लगाएर सोको वृद्धि कम गराउने तथा त्यस्ता जीवहरूलाई आकर्षण वा विकर्षण गर्ने (फेरोमोन, एट्र्याक्टयान्ट, रिपेलेन्ट, डिटरेन्ट) पदार्थ,

(९) हानिकारक वनस्पतिको वृद्धि नियन्त्रण गर्ने (प्लान्ट ग्रोथ रेगुलेटर/इन्हिविटर) पदार्थ,

(ग) **"प्रयोगशाला"** भन्नाले दफा ११ बमोजिमको बाली संरक्षण प्रयोगशाला सम्झनु पर्छ।

(घ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"निरीक्षक"** भन्नाले दफा १६ बमोजिमको जीवनाशक विषादी निरीक्षक सम्झनु पर्छ।

(च) **"प्रदेश समिति"** भन्नाले दफा ३ बमोजिमको प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेश सरकार सम्झनु पर्छ।

(ज) **"प्रमुख"** भन्नाले दफा १३ बमोजिमको बाली संरक्षण प्रयोगशालाको प्रमुख सम्झनु पर्छ।

(झ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) **''संस्था''** भन्नाले प्रचलित कानुन बमोजिम बिषादी सम्बन्धी कारोबार गर्न दर्ता भएको फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति

३. **प्रदेश जीवनाशक विषादी व्यवस्थापन समितिः** (१) जीवनाशक विषादी व्यवस्थापनका सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने लगायतका कार्यमा प्रदेश सरकारलाई आवश्यक राय सुझाव तथा परामर्श उपलब्ध गराउन प्रदेशमा देहाय बमोजिमको एक जीवनाशक विषादी व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य

(ग) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(घ) प्रमुख वा प्रतिनिधि, स्वास्थ्य सम्बन्धी

| | | |
|---|---|---|
| | विषय हेर्ने मन्त्रालयको जनस्वास्थ्य हेर्ने महाशाखा, | -सदस्य |
| (ङ) | प्रमुख वा प्रतिनिधि, वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालयको वातावरण हेर्ने महाशाखा | -सदस्य |
| (च) | उप-सचिव वा अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | -सदस्य |
| (छ) | कानुन अधिकृत, मन्त्रालय | -सदस्य |
| (ज) | जीवनाशक विषादी व्यवसायीहरू मध्येबाट मन्त्रालयबाट मनोनित एक जना | -सदस्य |
| (झ) | कृषकहरू मध्येबाट मन्त्रालयबाट मनोनित एक जना | -सदस्य |
| (ञ) | जीवनाशक विषादीसँग सम्बन्धित विज्ञहरू मध्येबाट मन्त्रालयबाट मनोनित एक जना | -सदस्य |
| (ट) | प्रमुख वा प्रयोगशालाको प्रमुख भई कामकाज गर्ने अधिकृतस्तरको कर्मचारी | -सदस्य सचिव |

(२) यस समितिमा, प्रदेश स्थित कृषि अनुसन्धान निर्देशनालयका निर्देशक नियमित आमन्त्रित सदस्यको रुपमा रहनेछन।

(३) उपदफा (१) को खण्ड (ज), (झ) र (ञ) बमोजिम सदस्यको मनोनयन गर्दा समावेशी सिद्धान्त अवलम्बन गर्नु पर्नेछ र निजहरूको पदावधि दुई वर्ष हुनेछ।

तर यस दफा बमोजिम मनोनित भएको सदस्य पुनः एक पटक मनोनित गर्न बाधा पर्ने छैन।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम मनोनित कुनै सदस्यले समितिको हित विपरीत कार्य गरेमा पदावधि पूरा नहुँदै मन्त्रालयले हटाउन सक्नेछ। यसरी हटाउनु पूर्व निजलाई सफाईको मौका दिनुपर्नेछ।

(५) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ वा सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) उपदफा (१) को खण्ड (ज), (झ) र (ञ) बमोजिम मनोनित सदस्यको सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

४. **समितिको बैठकः** (१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनानुसार सदस्य सचिवले बैठक बस्नु भन्दा चौबिस घण्टा अगावै मिति, समय, स्थान र कार्यसूची निर्धारण गरी बैठकको सूचना दिनु पर्नेछ तर अत्यावश्यक निर्णय गर्नु परेमा चौबिस घण्टा भन्दा घटीको सूचना दिएर पनि बैठक बस्न वाधा पर्ने छैन।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकको निर्णय सदस्य-सचिवबाट प्रमाणित हुनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** (१) यो ऐन र प्रचलित कानूनमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादी सम्बन्धी प्रादेशिक नीति तर्जुमा गरी मन्त्रालय समक्ष पेस गर्ने,

(ख) जीवनाशक विषादी सम्बन्धमा प्रदेश सरकारलाई राय, सुझाव र परामर्श दिने,

(ग) जीवनाशक विषादीको सुरक्षित भण्डारण तथा प्रयोग र विषादी छर्कने व्यवसाय सञ्चालन सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक पाठ्यक्रम तयार गर्ने, तालिम दिने तथा प्रमाणपत्र दिने निकायको गुणस्तर निर्धारण गरी सिफारिस गर्ने,

(घ) जीवनाशक विषादी र त्यसको प्रयोग सम्बन्धी ज्ञानको मापदण्ड निर्धारण गर्ने

(ङ) जीवनाशक विषादी व्यवस्थापनमा संलग्न निकायलाई आवश्यक निर्देशन दिने,

(च) जीवनाशक विषादी सम्बन्धी आचारसंहिता तथा मापदण्ड तर्जुमा गर्न मन्त्रालयलाई आवश्यक परामर्श दिने,

(छ) कुनै निश्चित क्षेत्र वा स्थानमा जीवनाशक विषादी प्रतिबन्ध गर्नका लागि सङ्घीय जीवनाशक विषादी व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने।

(ज) तोकिए बमोजिम अन्य कार्य गर्ने।

(२) समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोगशाला प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद-३

## इजाजतपत्र लिनुपर्ने

६. **इजाजतपत्र लिनुपर्ने:** (१) संघीय कानुन बमोजिम पञ्जीकरण वा पुनःपञ्जीकरण गरिएका जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र छर्कने व्यवसाय गर्न चाहने व्यक्ति, संस्था वा निकायले प्रयोगशालाबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको दस्तुर सहित प्रमुख समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन बमोजिम प्रदेश समितिले जीवनाशक विषादी र त्यसको प्रयोग सम्बन्धी ज्ञानको मापदण्डका आधारमा आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिन उपयुक्त देखिएमा तोकिएको ढाँचामा प्रमुखले इजाजतपत्र दिन सक्नेछ। तर कुनै कारणले इजाजतपत्र दिन नसक्ने अवस्था देखिएमा इजाजतपत्र दिन नसक्नुको कारण र आधार खोली निवेदकलाई दश दिनभित्र लिखित जानकारी दिनुपर्नेछ।

(४) जीवनाशक विषादी सम्बन्धी कारोबार गर्ने व्यक्ति, संस्था वा निकायले इजाजतपत्रमा उल्लेख भएका शर्तहरू पालन गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम प्रदान गरिने इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ।

(६) इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **योग्यता सम्बन्धी व्यवस्था:** इजाजतपत्र प्राप्त गर्न चाहने व्यक्ति, संस्था वा निकायले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) इजाजतपत्र प्राप्त गर्नको लागि मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट कम्तीमा कृषि विषय लिई जे. टी./जे.टि.ए. परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

तर यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि नियमानुसार इजाजतपत्र प्राप्त गरेकाहरूको हकमा नवीकरण गर्न बाधा पर्ने छैन,

(ख) इजाजतपत्र लिन चाहेको विषयमा प्रदेश समितिले तोकेको तालिम लिई प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ,

(ग) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ,

(घ) योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **इजाजतपत्रको नवीकरण गर्नुपर्ने:** (१) दफा ६ को उपदफा (३) बमोजिम दिएको इजाजतपत्रको अवधि समाप्त हुने मितिको पैंतिस दिन अगावै सम्बन्धित इजाजतपत्रवालाले नवीकरणको लागि तोकिएको कागजात र अनुसूची-२ बमोजिमको दस्तुर सहित प्रमुख समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी प्रमुखले योग्य निवदेकको इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

(३) उपदफा (१) मा उल्लेख भए बमोजिम म्याद समाप्त भएको मितिले पैंतिस दिनभित्र इजाजतपत्र नवीकरण गर्न आएमा तोकिएको कागजात सहित दोव्वर दस्तुर लिई प्रमुखले नवीकरण गरिदिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधि समाप्त भएको साठी दिनभित्र नवीकरण गर्न आएमा तोकिएका कागजात सहित एकमुष्ट दश हजार रुपैयाँ दस्तुर लिई प्रयोगशालाले नवीकरण गरिदिन सक्नेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिम नवीकरण गरिएको इजाजतपत्रको समयावधि तीन वर्षको हुनेछ।

(६) यो ऐन जारी हुनुभन्दा अगाडि इजाजतपत्र प्राप्त गरी तोकिएको समयभित्र नवीकरण नभएका तर हाल सञ्चालनमा रहेका तथा प्रचलित कानुन र यस ऐन बमोजिम अन्य कुनै कारणले अयोग्य नठहरिएका व्यवसायीहरूको हकमा एक पटकको लागि यो ऐन जारी भएको साठी दिनभित्र तोकिएका कागजात सहित निवेदन पेस गरेमा दोब्बर दस्तुर लिई इजाजतपत्र प्रदान गर्न सकिनेछ।

(७) उपदफा (४) र (६) बमोजिमको अवधिभित्र नवीकरणका लागि नआउने इजाजतपत्र स्वतः खारेज हुनेछ।

(८) उपदफा (७) बमोजिम इजाजतपत्र खारेज भएमा त्यस्तो इजाजतपत्रवाला पुनः इजाजतपत्र प्राप्तीको लागि निवेदन दिन अयोग्य हुने छैन।

९. **इजाजतपत्र खारेज गर्न सकिने:** (१) प्रमुखले देहाय बमोजिमको अवस्थामा इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) दफा ८ उपदफा (२), (३), (४) र (६) बमोजिम नवीकरण नभएमा,

(ख) दफा ८ को उपदफा (७) बमोजिम स्वतः खारेज भएमा,

(ग) इजाजतपत्रवालाको मृत्यु भएमा, तर मृत्यु हुने व्यक्तिको हकवाला यस ऐन तथा प्रचलित कानून बमोजिम योग्य रहेछ भने योग्यताको प्रमाणपत्र पेस गरेमा त्यस्तो हकवालाको नाममा इजाजतपत्र नामसारी गर्न सकिनेछ।

(घ) कुनै पनि बखत इजाजतपत्र प्राप्त गर्दाको समयमा पेस गरेको योग्यता सम्बन्धी प्रमाणपत्रहरू झुठ्ठा ठहरिएमा,

(ङ) इजाजतपत्र प्राप्त संस्था वा निकाय खारेज भएमा,

(च) इजाजतपत्र प्राप्त गर्दा तोकिएका शर्त पूर्ण रुपमा पालना नगरेमा,

(छ) प्रदेश समिति वा प्रयोगशाला वा निरीक्षकले लिखित चेतावनी दिँदा कार्यान्वयन नगरेमा,

(ज) प्रयोगशालाको पूर्व स्वीकृति विना नै स्थान परिवर्तन गरी व्यवसाय सञ्चालन गरेमा,

(झ) दुई पटक भन्दा बढी जरिबाना भएमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु पूर्व सम्बन्धित इजाजतपत्रवालालाई इजाजतपत्र खारेज गर्नु नपर्ने कुनै मनासिव कारण भए पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र खारेज हुनु नपर्ने कुनै मनासिव कारण पेस गरेमा आवश्यक निर्णय गरी सोको जानकारी सम्बन्धित इजाजतपत्रवालालाई दिनु पर्नेछ।

(४) इजाजतपत्र खारेजी सम्बन्धी प्रक्रिया प्रारम्भ भई उपदफा (३) बमोजिमको निर्णय नभएसम्म उक्त इजाजतपत्र स्वतः निलम्बन भएको मानिनेछ।

(५) उपदफा (४) बमोजिम निलम्बनमा रहेको अवस्थामा इजाजतपत्र बाहक व्यक्ति, संस्था वा निकायले व्यवसायिक कारोबार, बिक्री वितरण गर्न पाउने छैन।

१०. **इजाजतपत्रको प्रतिलिपि लिनेः** (१) इजाजतपत्र बाहक व्यक्ति, संस्था वा निकायले इजाजतपत्र हराएमा वा कुनै किसिमले नष्ट भई त्यसको प्रतिलिपि लिन चाहेमा आवश्यक बेहोरा खुलाई इजाजतपत्र प्राप्त गर्नका लागि देहाय बमोजिमको कागजातसाथ प्रमुख समक्ष निवेदन दिनु पर्नेछ।

(क) नागरिकताको प्रमाण पत्र,

(ख) इजाजतपत्रको फोटोकपि वा इजाजत पत्र नं. र जारी मिति,

(ग) व्यवसाय दर्ता प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्र,

(घ) तालिमको प्रमाणपत्र।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रयोगशालाले नवीकरण भए नभएको यकिन गरी अनुसूची-२ बमोजिमको दस्तुर लिई प्रतिलिपि प्रदान गर्नेछ।

**परिच्छेद ४**

**विषादी व्यवस्थापन सम्बन्धी व्यवस्था**

११. **प्रयोगशालाः** (१) जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य मन्त्रालय मातहत रहेको प्रयोगशालाको कार्य गर्ने कार्यालयबाट गरिनेछ।

(२) प्रयोगशालामा थप जनशक्ति आवश्यक भएमा प्रदेश सरकारले व्यवस्था गर्नु पर्नेछ।

१२. **प्रयोगशालाको काम, कर्तव्य र अधिकारः** प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादी बिक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र छर्कने व्यवसाय सञ्चालनका लागि इजाजतपत्र दिने, नवीकरण गर्ने र खारेज सम्बन्धी कार्य गर्ने।

(ख) इजाजतपत्र सम्बन्धी प्रक्रिया र कार्यविधि तथा मापदण्डहरू निर्धारणको लागि समितिमा सिफारिस गर्ने,

(ग) विषादी निरीक्षक मार्फत जरिबानाका लागि पेस भएका सिफारिसका सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(घ) विषादीको बिक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र विषादी छर्कने सम्बन्धी व्यवसायहरूको अनुगमन तथा नियमन गर्ने,

(ङ) विषादीजन्य दुर्घटना वा विषादी दुरुपयोगको कारणबाट हुने क्षतिको अभिलेख तयार गरी वार्षिक रुपमा मन्त्रालयमा पेस गर्ने,

(च) जीवनाशक विषादी सम्बन्धी आचार संहिता तथा मापदण्डहरू कार्यान्वयन गर्ने,

(छ) जीवनाशक विषादीको नमुना संकलन तथा परीक्षण तोकिए बमोजिम गर्ने,

(ज) जीवनाशक विषादी व्यवस्थापनसँग सम्बन्धित आवश्यक विवरणहरू अद्यावधिक गर्ने,

(झ) निरीक्षकको कामको अनुगमन, निर्देशन तथा पृष्ठपोषण गर्ने,

(ञ) प्रयोगशालाले गरेका कार्यहरूको वार्षिक प्रतिवेदन समिति समक्ष पेस गर्ने र संघीय समितिमा प्रतिवेदन पठाउने,

(ट) प्रयोगशालाले गरेका कार्यहरूको वार्षिक प्रतिवेदन प्रदेश समिति समक्ष पेस गर्ने,

(ठ) रासायनिक विषादी प्रयोगको न्यूनीकरणका लागि आवश्यक जनशक्तिको क्षमता विकास तथा पूर्वाधारहरू विकास गर्ने,

(ड) विषादी सम्बन्धी अध्ययन तथा अनुसन्धानात्मक कार्य समेत गर्न सक्नेछ,

१३. **<u>प्रयोगशाला प्रमुख:</u>** मन्त्रालयले प्रदेश कृषि सेवा, बाली संरक्षणको क्षेत्रमा कार्यरत अधिकृतस्तर नवौं/दशौं तहको कर्मचारीलाई यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र प्रमुखको पदमा काम गर्ने गरी तोक्नु पर्नेछ।

## परिच्छेद- ५

## जीवनाशक विषादीको प्रयोग, भण्डारण, बिक्री वितरण र व्यवस्थापन

१४. **<u>जीवनाशक विषादीको प्रयोग:</u>** (१) जीवनाशक विषादीको बिक्री वितरण गर्ने व्यक्ति, संस्था वा निकायले सुरक्षित जीवनाशक विषादी तथा सो विषादी प्रयोग र विसर्जन गर्दा लगाइने सुरक्षित पहिरन समेत बिक्रीको लागि राख्नु पर्नेछ।

(२) जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, व्यवसायिक प्रयोग, भण्डारण वा बिक्री वितरण तथा ओसारपसार वा विसर्जन गर्दा तोकिए बमोजिमका आवश्यक सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ।

(३) जुन उद्देश्यको लागि जीवनाशक विषादीको पञ्जीकरण गरिएको हो सोही प्रयोजनका लागि मात्र जीवनाशक विषादीको प्रयोग गर्नु पर्नेछ।

(४) जीवनाशक विषादी प्रयोगकर्ताले रासायनिक विषादी प्रयोग गर्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै अनिवार्य रुपमा चरन क्षेत्रभित्र प्रभाव क्षेत्रको मौरीपालक कृषकलाई जानकारी गराउनु पर्नेछ।

(५) जीवनाशक विषादी प्रयोगकर्ताले विषादी प्रयोग पश्चात उक्त स्थानमा प्रयोग भएको विषादीको विवरण खुलाई सचेतना सम्बन्धी संकेत टाँस गर्नु पर्नेछ।

(६) रातो वा पहेंलो लेवलका जीवनाशक विषादीको बिक्री वितरण गर्दा अनिवार्य क्रेताको अभिलेख राख्ने र तोकिएका विषादीलाई निरीक्षक वा कृषि प्राविधिकको सिफारिसमा मात्र बिक्री वितरण गर्नु पर्नेछ।

(७) कसैले जीवनाशक विषादीको जथाभावी प्रयोग गर्न तथा त्यस्तो विषादीको अवशेष तोकिएको हदभन्दा बढी मात्रा हुने गरी कृषि उपज उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन।

(८) मिसावट गरिएको वा कम गुणस्तरको जीवनाशक विषादी हो भन्ने कुरा थाहा पाउँदा पाउँदै कसैले पनि त्यस्तो विषादी बिक्री वितरण, भण्डारण वा प्रयोग गर्नु, गराउनु हुँदैन।

(९) नेपाल सरकारले मानव तथा जीवजन्तुको स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने प्रतिबन्धित गरिएका जीवनाशक विषादीको उत्पादन संश्लेषण, निकासी पैठारी व्यवसायिक प्रयोग भण्डारण वा बिक्री वितरण वा ओसारपार गर्न पाइने छैन।

(१०) जीवनाशक विषादी, भेटेरिनरी औषधि र खाद्य पदार्थको भण्डारण र बिक्री एकै स्थानवाट गर्न पाइने छैन।

(११) गर्भवति महिला, बालबालिका, मादक पदार्थ सेवन गरेका व्यक्ति तथा अन्य गम्भिर रोगीहरूलाई जीवनाशक विषादीको बिक्री वितरण तथा प्रयोगमा संलग्न गर्न गराउन पाईने छैन।

(१२) जीवनाशक विषादी प्रयोगकर्ताले विषादी प्रयोग पश्चात उक्त विषादीको पर्खने अवधि भन्दा अगावै कृषि उपज भित्र्याउने, उपभोग तथा बिक्री वितरण गर्न पाईने छैन।

(१३) जीवनाशक विषादीको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजम हुनेछ।

**१५. म्याद नाघेका जीवनाशक विषादीको व्यवस्थापनः** (१) आयातकर्ताले पैठारी गरेका कुनै जीवनाशक विषादीको म्याद समाप्त भएमा आफ्नै खर्चमा सोको उचित व्यवस्थापन गर्नु पर्नेछ।

(२) कुनै व्यक्ति, संस्था, निकाय, व्यवसायी वा उद्यमीले जीवनाशक विषादी सम्वन्धी कारोबार गर्दा म्याद नाघेका जीवनाशक विषादीको व्यवस्थापन आफैंले गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापन गर्दा म्याद समाप्त भएका, प्रतिबन्धित, टुटेफुटेका वा चुहिएका जीवनाशक विषादी सम्बन्धित विषादी कम्पनी, उद्योग तथा व्यक्ति, संस्था वा निकायले पैठारीकर्ता मार्फत नै लैजाने व्यवस्था गर्नु पर्नेछ।

**१६. निरीक्षक तोक्न सक्नेः** (१) मन्त्रालयले आवश्यकता अनुसार कम्तीमा कृषि विज्ञानमा स्नातक गरेको प्रदेश कृषि सेवाको बाली संरक्षण क्षेत्रमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापन सम्बन्धी कार्यको निरीक्षण गर्ने जिम्मेवार अधिकारीको रुपमा जीवनाशक विषादी निरीक्षक तोक्न सक्नेछ।

(२) मन्त्रालयले निरिक्षक तोक्दा पत्रमा कार्यक्षेत्र समेत तोकी दिनु पर्नेछ।

१७. **निरीक्षकको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्धारित मापदण्ड बमोजिम जीवनाशक विषादीको भण्डारण, बिक्री वितरण, व्यवसायिक प्रयोग गरे नगरेको आवधिक वा आकस्मिक रुपमा निरीक्षण गरी प्रयोगशाला समक्ष प्रतिवेदन पेस गर्ने,

(ख) जीवनाशक विषादीसँग सम्बन्धित प्रमाणपत्र, इजाजतपत्र, अभिलेख लगायतका कागजात तथा प्रमाणको निरीक्षण गरी आवश्यक कारबाही गर्ने,

(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको पालना भए नभएको विषयमा अनुगमन गरी प्रयोगशालामा प्रतिवेदन पेस गर्ने,

(घ) जीवनाशक विषादीको संश्लेषण, उत्पादन, भण्डारण, निकासी, पैठारी, ओसारपसार, व्यवसायिक प्रयोग, प्याकेजिङ्ग तथा बिसर्जन लगायतका काम हुने स्थानमा प्रवेश गरी आवधिक वा आकस्मिक रुपमा निरीक्षण गरी प्रयोगशालामा प्रतिवेदन पेस गर्ने,

(ङ) अनुगमनको क्रममा मिसावट गरिएको वा कम गुणस्तरको जीवनाशक विषादी भेटिएमा त्यस्तो विषादीको बिक्री वितरण रोक्का राख्ने वा वितरण कक्षमा सिलबन्दी गर्ने,

(च) कुनै व्यक्ति, संस्था वा निकायमा रहेका जीवनाशक विषादीसँग सम्बन्धित प्रमाणपत्र, इजाजतपत्र, अभिलेख लगायतका कागजात तथा प्रमाणको अध्ययन तथा विश्लेषण गर्ने,

(छ) तोकिए बमोजिमको प्रक्रिया अपनाई जीवनाशक विषादी तथा बालीको नमुना संकलन र विश्लेषण गर्ने, गराउने,

(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना भए नभएको विषयमा अनुगमन गरी कसुर गरेको पाइएमा अनुसन्धान तहकिकात गरी कारवाहीका लागि प्रयोगशालामा पेस गर्ने।

(झ) खण्ड (ग) र (ङ) बमोजिम अनुसन्धान गर्दा प्रचलित कानूनको उल्लङ्घन भएको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएको उपकरण, जीवनाशक विषादी, अभिलेख, कागजपत्र वा अन्य सम्बन्धित सामग्री जफत गरी सम्बन्धित उल्लङ्घनकर्तालाई प्रदेशमा सुरक्षित

भण्डारण गृह निर्माण तथा स्थापना नहुन्जेल स्वयम् विक्रेताले सुरक्षितसाथ जीवनाशक विषादीको सिल गरेर राख्नु पर्ने गरी जफतको भरपाई दिने,

(ञ) इजाजतपत्र निलम्बन भएकाहरूको व्यवसाय सञ्चालनमा रोक लगाउने।

(ट) खण्ड (झ) बमोजिम जफत गरिएका जीवनाशक विषादीको सुरक्षित तवरले भण्डारणको व्यवस्था मिलाउने,

(ठ) प्रचलित कानून एवं तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

## परिच्छेद-६

## कसुर र सजाय

१८. **कसुर गरेको मानिने:** कसैले देहाय बमोजिमका कुनै कार्य गरे वा गराएमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) पञ्जीकरण नगरिएका जीवनाशक विषादीको व्यवसायिक प्रयोग, भण्डारण, बिक्री वितरण गरेमा,

(ख) दफा ६ विपरीत इजाजतपत्र नलिई जीवनाशक विषादी सम्बन्धी कारोबार गरेमा,

(ग) दफा १४ को उपदफा (७) विपरीत जीवनाशक विषादीको अवशेष तोकिएको हदभन्दा बढी मात्रा हुने गरी कृषि उपज उत्पादन तथा बिक्री वितरण गरेमा,

(घ) दफा १४ को उपदफा (८) विपरीत विषादीको जथाभावी प्रयोग वा मिसावटयुक्त विषादीको प्रयोग गरेमा,

(ङ) दफा १४ को उपदफा (९) विपरीत प्रतिबन्धित जीवनाशक विषादीको व्यवसायिक प्रयोग, भण्डारण, बिक्री वितरण र प्रचलित मापदण्ड विपरीत कार्य गरे, गराएमा,

(च) दफा १५ विपरीत म्याद नाघेको विषादी व्यवस्थापन नगरी बेचविखन गरेमा,

(छ) पञ्जीकरण नगरिएका तथा प्रतिबन्धित जीवनाशक विषादीको प्रचार प्रसार गरेमा

(ज) मापदण्ड पूरा नभएको जीवनाशक विषादीको प्रयोग वा कारोबार गरेमा

(झ) जीवनाशक विषादी व्यवस्थापनमा अवरोध पुऱ्याउने कार्य गरेमा,

(ञ) वातावरणीय प्रदुषण हुने गरी जीवनाशक विषादीको प्रयोग गरेमा,

(ट) मौरी चरन क्षेत्रमा रासायनिक विषादी प्रयोग गर्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै मौरीपालक कृषकलाई जानकारी नगराएमा,

(ठ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा मापदण्ड विपरीत हुने गरी अन्य कुनै काम गरे, गराएमा।

१९. **<u>जरिवानाः</u>** दफा १८ बमोजिम देहायमा उल्लेख गरेको खण्ड अनुसारको कुनै कसुर गरेमा देहाय बमोजिम जरिबाना हुनेछः-

(क) खण्ड (क) बमोजिमको कुनै कसुर गरेमा पचास हजार देखि एक लाख रुपैयाँ सम्म जरिबाना,

(ख) खण्ड (ख) बमोजिमको कुनै कसुर गरेमा दश हजार देखि बिस हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ग) बमोजिमको कसुर गरेमा पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड (घ) बमोजिम कसुर गरेमा पाँच हजार देखि बिस हजार रुपैयाँसम्म जरिबाना,

(ङ) खण्ड (ङ) बमोजिम कसुर गरेमा पचास हजार देखि दुई लाख रुपैयाँसम्म जरिबाना,

(च) खण्ड (च), (छ), (ज), (झ), (ट) र (ठ) बमोजिम कसुर गरेमा पाँच हजार देखि बिस हजार रुपैयाँसम्म जरिबाना,

(छ) खण्ड (ञ) बमोजिम कसुर गरेमा बिस हजार देखि पचास हजार रुपैयाँसम्म जरिबाना।

२०. **<u>जरिबाना गर्नेः</u>** (१) कसैले दफा १८ बमोजिमको कसुर गरे, गराएमा निरिक्षकले त्यस्तो कसुरको छानविन गरी प्रतिवेदन तत्काल प्रमुख समक्ष पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछी प्रचलित कानून र कानूनका मान्य सिद्धान्तको प्रक्रिया पुरा गरी प्रमुखले जरिबाना तोकी असुल उपरको कार्वाही अगाडी बढाउनेछ।

२१. **<u>क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः</u>** (१) जीवनाशक विषादी बिक्री वितरण तथा भण्डारणको प्रयोग वा विसर्जन गर्ने क्रममा कुनै दुर्घटना भएमा सम्बन्धित इजाजतपत्रवालाले पीडितलाई तोकिए बमोजिमको क्षतिपूर्ति दिनु पर्नेछ।

तर संघीय जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ३२ बमोजिमको कसुर गरेको मानिने कार्य गरेको कारणबाट कुनै प्रकारको क्षति पुग्न गएको अवस्थामा क्षतिपूर्ति दिइने छैन।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति निर्धारणको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक क्षतिपुर्ति निर्धारण समिति हुनेछः-

| | | |
|---|---|---|
| (क) | सहायक प्रमुख जिल्ला अधिकारी | -अध्यक्ष |
| (ख) | जिल्ला सरकारी वकील कार्यालय, अधिकृत | -सदस्य |
| (ग) | कृषि ज्ञान केन्द्र प्रमुख | -सदस्य |
| (घ) | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट अधिकृत प्रतिनिधि एक जना | -सदस्य |
| (ङ) | विषादी निरीक्षक | -सदस्य सचिव |

(३) क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२२. पुनरावेदन गर्न सक्नेः** (१) दफा ९ बमोजिम ईजाजतपत्र खारेजी, दफा १९ बमोजिमको जरिबाना र दफा २१ बमोजिमको क्षतिपूर्ति उपर चित्त नबुझ्ने पक्षले एक्काइस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ। त्यस्तो पुनरावेदन उपर मन्त्रालयले पैंतिस दिनभित्र निर्णय गरिसक्नुपर्नेछ।

(२) पुनरावेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ७

## अनुगमन सम्वन्धि व्यवस्था

**२३. अनुगमन गर्नु पर्नेः** (१) जीवनाशक विषादी सम्बन्धी सम्पूर्ण काम कारबाहीको अनुगमन गर्ने कार्यको जिम्मेवारी प्रयोगशालाको हुनेछ।

(२) मन्त्रालयले नियुक्त गरेका विषादी निरीक्षकले आफ्नो कार्यक्षेत्रको अनुगमन गरी प्रयोगशाला समक्ष अनुगमन प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) प्रयोगशालाले प्रदेशमा रहेका जीवनाशक विषादी सम्बन्धी काम कारबाहीको अनुगमन गरी प्रदेशको मन्त्रालय र प्रदेश समिति समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

**२४. सहयोग गर्नुपर्नेः** (१) निरीक्षकले आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा सुरक्षा लगायत कुनै सहयोग आवश्यक भएमा सम्बन्धित स्थानीय प्रशासनसँग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षकले सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

**२५. नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

२६. **अनुसूची हेरफेरः** प्रदेश सरकारले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

२७. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

२८ **बचाउः** यो ऐन जारी हुनभन्दा अघि जीवनाशक विषादी व्यवस्थापनका सम्बन्धमा भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**<u>इजाजतपत्र लिनको लागि दिइने निवेदनको ढाँचा</u>**

श्रीमान् प्रमुख,
बाली संरक्षण प्रयोगशाला,
झुम्का, सुनसरी।

विषयः <u>जीवनाशक विषादी बिक्री वितरण/भण्डारण/ब्यवसायिक प्रयोग/छर्कने व्यवसाय सञ्चालनको लागि ईजाजतपत्र सम्बन्धमा।</u>

प्रदेश जीवनाशक बिषादी व्यवस्थापन ऐन, २०८१ को दफा ६ बमोजिम जीवनाशक विषादीको ....................... गर्ने व्यवसाय सञ्चालनका लागि ईजाजतपत्र प्रदान गरिदिनुहुन आवश्यक कागजात तथा विवरण सहित निवेदन पेस गरेको छु/छौं।

| | |
|---|---|
| इजाजतपत्र माग गर्ने व्यक्ति/संस्था/निकायको नामः | |
| ठेगानाः | |
| प्रोप्राइटरको नाम र पदः | नागरिकता नं. र जारी भएको जिल्लाः |
| सम्पर्क नं. | ईमेलः |
| प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ को दफा ७ बमोजिमको योग्यता र तालिम प्राप्त व्यक्तिको नाम र ठेगानाः | नागरिकता नं. र जारी जिल्लाः |
| योग्यताः | तालिम प्रमाणपत्र वा लाइसेन्स नं. |
| संस्था वा निकायको छापः | |

निवेदकको नामः
निवेदकको दस्तखतः
मितिः

<u>आवश्यक कागजातः</u>

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. व्यवसाय दर्ता प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
३. न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,
४. तालिमको प्रमाणपत्रको प्रतिलिपि।

अनुसूची-२

(दफा ६ को उपदफा (२), दफा ८ को उपदफा (१) र दफा १० को उपदफा (२) सँग सम्बन्धित)

**इजाजतपत्र प्राप्ति, नवीकरण तथा प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था**

| विवरण | इजाजतपत्र दस्तुर | नवीकरण दस्तुर | कैफियत |
|---|---|---|---|
| (क) जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण तथा प्रयोग | रु. २,५००।- | रु. १,०००।- | |
| (ख) जीवनाशक विषादीको छर्कने व्यवसाय | रु. ५,०००।- | रु. २,०००।- | |
| प्रतिलिपि निकाल्नका लागि | नवीकरण बराबरको दस्तुर लाग्नेछ। | | |

# प्रदेश बिउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८१

प्रमाणीकरण मितिः- २०८१/११/२९

**प्रस्तावनाः** प्रदेशमा बिउ बिजन उत्पादन, परीक्षण, प्रशोधन तथा बिक्री वितरण सम्बन्धी कार्यलाई नियमन गरी गुणस्तरीय बिउको उपलब्धतामार्फत बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषकको सुविधा तथा आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा, १७५ बमोजिम तथा बिउ बिजन ऐन, २०४५ को दफा १५ (ङ) को अधिकार प्रयोग गरी कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश बिउ बिजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कृषि कार्य"** भन्नाले बाली उत्पादन, संकलन, भण्डारण र प्रशोधन गर्ने कार्य सम्झनु पर्छ।

(ख) **"केन्द्र"** भन्नाले दफा ७ बमोजिमको प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई सम्झनु पर्छ।

(ग) **"जात (भेराईटी)"** भन्नाले वनस्पति शास्त्रीय वर्गीकरणमा सबै भन्दा तल्लो श्रेणीभित्र पर्ने, समान आनुवंशिक गुणहरू देखिने, अन्य समूहसँग कम्तीमा एउटा गुणद्वारा भिन्नता छुट्टिने र पुनःउत्पादन हुँदा गुणहरू परिवर्तन नहुने किसिमका वनस्पतिको समूह सम्झनु पर्छ।

(घ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"प्रजनक (ब्रिडर)"** भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन् वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(च) **"बाली"** भन्नाले खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, नगदे, कन्दमूल, घाँसे बाली सम्झनु पर्छ र सो शब्दले फूल फुल्ने वा नफुल्ने आलङ्कारिक बाली समेत जनाउँछ।

(छ) **"बिउ बिजन"** भन्नाले भ्रौण विरुवा (इम्ब्रोयनिक प्लान्ट), खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएका परिपक्व (म्याचोर्ड) ओभ्युल वा यौनिक वा वानस्पतिक तरीकाले पुनरोत्पादन (रिप्रोडक्सन) गरी बाली

उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने बिउ बिजन वा बीज सम्झनु पर्छ।

(ज) **"भाँडो (कन्टेनर)"** भन्नाले बाकस, टिनको बट्टा, सिसी, थैली, बोरा, भकारी, व्यारेल वा अन्य यस्तै बिउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनुपर्दछ।

(झ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) **"संघीय ऐन"** भन्नाले बिउ बिजन ऐन, २०४५ लाई सम्झनु पर्छ।

(ट) **"संस्था"** भन्नाले बिउ बिजन सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ र सो शब्दले कृषि सम्बन्धी समूह तथा सहकारी संस्था समेतलाई जनाउँदछ।

(ठ) **"समिति"** भन्नाले दफा ३ बमोजिमको प्रदेश बिउ बिजन समिति सम्झनु पर्छ।

(ड) **"सूचित बिउ बिजन"** भन्नाले दफा ९ बमोजिमको बिउ बिजन सम्झनु पर्छ। सो शब्दले संघीय ऐन बमोजिम सूचित वा पञ्जीकृत भएको बिउ बिजनलाई समेत जनाउँछ।

(ढ) **''प्रयोगशाला''** भन्नाले बिउको गुणस्तर परिक्षण, प्रमाणीकरण तथा नियमन सम्बन्धी कार्य गर्ने प्रदेशको बिउ बिजन प्रयोगशालालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रदेश बिउ बिजन समिति

३. **प्रदेश बिउ बिजन समितिः**(१) प्रदेशमा बिउ बिजन सम्बन्धी नीति निर्माण गर्न प्रदेश सरकारलाई आवश्यक परामर्श दिन र संघीय ऐनले तोकेका कार्य समेत गर्न देहाय बमोजिम एक प्रदेश बिउ बिजन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | निर्देशक, कृषि विकास निर्देशनालय, कोशी प्रदेश | -सदस्य |
| (ग) | निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कोशी प्रदेश | -सदस्य |
| (घ) | प्रमुख, कृषि सम्बन्धी हेर्ने महाशाखा, मन्त्रालय | -सदस्य |

| | | |
|---|---|---|
| (ङ) | उपसचिव वा अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश | -सदस्य |
| (च) | बिउ बिजन उद्यमी वा व्यवसायी मध्येबाट मन्त्रालयद्धारा मनोनीत कम्तीमा एक जना | -सदस्य |
| (छ) | बिउ बिजन उत्पादक कृषक मध्येबाट मन्त्रालयद्धारा मनोनीत कम्तीमा एकजना ) दुई जना (महिला सहित | -सदस्य |
| (ज) | प्रमुख, प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा कृषि सामग्री कम्पनी लिमिटेड प्रदेश कार्यालय प्रमुख र कृषि अनुसन्धान निर्देशनालय, कोशी प्रदेश प्रमुख नियमित आमन्त्रित सदस्य हुनेछन्।

(३) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

तर त्यस्ता सदस्य थप एक कार्यकालको लागि मनोनीत गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यलाई निजको कार्य सन्तोषजनक नभएमा पदावधि पूरा नहुँदै मन्त्रालयले हटाउन सक्नेछ। तर त्यस्ता सदस्यलाई हटाउनु पूर्व सफाइको मौका दिनु पर्नेछ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) केन्द्रले समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

(६) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिम मनोनीत सदस्यको सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

४. **<u>समितिको बैठकः</u>** (१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ र आवश्यकता अनुसार अन्य समयमा पनि बैठक बस्न सक्नेछ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनानुसार सदस्य सचिवले बैठक बस्नु भन्दा चौबिस घण्टा अगावै मिति, समय, स्थान र कार्यसूची निर्धारण गरी बैठकको सूचना दिनु पर्नेछ

तर अत्यावश्यक निर्णय गर्नु परेमा चौबिस घण्टाभन्दा घटीको सूचना दिएर पनि बैठक बोलाउन वाधा पर्ने छैन।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) समितिको निर्णय सदस्य-सचिवबाट प्रमाणित गरिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** (१) प्रचलित कानूनमा उल्लेखित काम कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिउ बिजन सम्बन्धी नीति तर्जुमा गर्न प्रदेश सरकारलाई आवश्यक राय, सुझाव र परामर्श दिने,

(ख) बिउ बिजन उत्पादन, प्रशोधन भण्डारण तथा बिक्री वितरण कार्यमा स्थानीय तह, सरकारी निकाय र संस्था बीच आवश्यक समन्वय कायम गर्ने,

(ग) प्रदेशमा उत्पादित र आयातित बिउ बिजनको भण्डारण र बिक्री वितरणको नियमन गरी गुणस्तर कायम गर्ने गराउने,

(घ) प्रयोगशालाको सिफारिस समेतलाई आधार मानी प्रदेशमा बिउ बिजनको न्यूनतम गुणस्तर निर्धारण गर्ने,

(ङ) बिउ बिजन सम्बन्धी सेवा शूल्क निर्धारण गर्ने र सो निर्धारण गरेको विषय कार्यान्वयनको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(च) बालीको किसिम र जात सूचित वा पञ्जीकरणका लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(छ) परम्परागत रुपमा प्रयोग भइरहेका र लोपोन्मुख जातका बिउ बिजनको पहिचान गरी तिनको संरक्षणका लागि प्रदेशस्तरमा आवश्यक प्राविधिक तथा नीतिगत कार्य गर्ने गराउने,

(ज) बिउ बिजन उत्पादन र बिक्री बितरण सम्बन्धी कारोबार गर्ने व्यवसायीलाई दिईने तालिमको पाठ्यक्रमको निर्धारण गर्ने।

(झ) बिउ बिजन सम्बन्धी अन्य आवश्यक काम कारबाही गर्ने।

(२) उपदफा (१) को खण्ड (क) देखि खण्ड (झ) सम्मको विषयमा आवश्यक पर्ने अन्य कार्यविधिगत व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **उप-समिति वा कार्यदल गठन गर्न सक्नेः** (१) बिउ बिजन उत्पादन, प्रशोधन, भण्डारण, बिक्री वितरण तथा गुणस्तर नियमन लगायतका कार्यमा परामर्श लिन समितिले आवश्यकता अनुसार उप-समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उप-समिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था समितिले तोकेबमोजिम हुनेछ।

## परिच्छेद-३

## बिउ बिजन सम्बन्धी व्यवस्था

७. **प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रः** (१) यो ऐन बमोजिम प्रदेशमा बिउ बिजनको गुणस्तर नियमन गर्न एक प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र रहनेछ।

(२) प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापना नभएसम्मका लागि प्रयोगशालाले नै केन्द्रको रुपमा कामकाज गर्नेछ।

८. **केन्द्रको काम, कर्तव्य र अधिकारः** (१) केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

ज्ञ। बिउ बिजन गुणस्तर नियन्त्रण, प्रमाणीकरण तथा नियमन सम्बन्धी कार्य गर्ने,

द्द। बिउ बिजनको परीक्षण र तत् सम्बन्धी कार्य गर्ने गरी प्रयोगशाला सेवा सञ्चालन गर्ने,

घ। प्रयोगशालाको नियमित रुपमा प्राविधिक परीक्षण (टेक्निकल अडिट) को व्यवस्था मिलाउने,

द्ध। स्थानीय बिउ बिजन ब्यवस्थापन समितिले बिउ बिजन सम्बन्धमा परामर्श माग गरेमा आवश्यक परामर्श दिने,

छ। समितिले दिएको निर्देशन पालना गर्ने र तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) उपदफा (१) को खण्ड (क) देखि खण्ड (ग) सम्मको विषयमा आवश्यक पर्ने कार्यविधिगत व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **बिउ बिजनको किसिम वा जात सूचित वा पञ्जीकृत गर्ने अधिकार:**(१) मन्त्रालयले प्रदेशभित्र उपयुक्त हुने नेपालमा उन्मोचित किसिम वा जातका बिउ बिजन सूचित गर्न वा आयातित बाहेकको स्थानीय जातका बिउ बिजनको पञ्जीकृत गर्न तोकिए बमोजिमको मापदण्ड र प्रक्रिया पूरा गरी समितिको सिफारिसमा त्यस्तो बिउ बिजन प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचित गर्न वा पञ्जीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचित बिउ बिजन वा पञ्जीकृत बिउ बिजन तोक्दा प्रदेशभित्रका विभिन्न क्षेत्रको लागि उपयुक्त हुने बिउ बिजनको किसिम वा जात समेत तोक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचित वा पञ्जीकृत बिउ बिजन खेतीको लागि उपयुक्त नदेखिएमा समितिको सिफारिसमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचित वा पञ्जीकृत बिउ बिजनको सूचीबाट हटाउन सक्नेछ।

(४) मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरी उपदफा (१), (२) र (३) बमोजिम सूचित वा पंजीकृत बिउहरूको बारेमा सार्वजनिक सञ्चार माध्यमबाट जानकारी गराउन सक्नेछ।

१०. **बिउ बिजनको न्यूनतम गुणस्तरको मापदण्ड तोक्न सक्ने:** मन्त्रालयले समितिको सिफारिसमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी दफा ९ बमोजिम सूचित वा पञ्जीकृत गरिएका बिउ बिजनको न्यूनतम गुणस्तरको मापदण्ड तोक्न सक्नेछ।

११. **सूचित वा पञ्जिकृत बिउ बिजनको बिक्री बितरण:** (१) सूचित वा पञ्जिकृत बिउ बिजनको बिक्री बितरण गर्ने व्यक्ति वा संस्थाले आफूले बिक्री वितरण गर्ने बिउको भाँडोमा देहायको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) बिउ बिजनको किसिम र जात,

(ख) दफा १० बमोजिम तोकिएको न्यूनतम गुणस्तरको सीमा,

(ग) रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सोको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास क्षेत्रको लागि मात्र उपयुक्त हुने भनी प्रजनकले निर्धारण गरेको किसिम र जातको सूचित वा पञ्जिकृत बिउ बिजन त्यसरी निर्धारण गरिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा बिक्री वितरण गर्न गराउन पाईने छैन।

१२. **अनुमतिपत्र लिनु पर्ने:** (१) कुनै व्यक्ति वा संस्थाले बिउ बिजनको व्यावसायिक उत्पादन, बिक्री वितरण सम्बन्धी कारोबार गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित निवेदन दिई तोकिएको ढाँचामा केन्द्रबाट अनुमति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्रको अवधि दुई वर्षको हुनेछ।

(३) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **अनुमतिपत्रको नवीकरण गर्नु पर्ने:** (१) दफा १२ को उपदफा (१) बमोजिमको अनुमतिपत्रको तोकिएको अवधि समाप्त भएको मितिले तिन महिनाभित्र तोकिएको दस्तुर तिरी नवीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र नवीकरण नगरेमा थप तिन महिनाभित्र नवीकरण गर्न आएमा दोब्बर दस्तुर लिई नवीकरण गरिनेछ।

(३) उपदफा (२) बमोजिम अवधिभित्र नवीकरण नगरेमा थप छ महिनाभित्र दोब्बर दस्तुर सहित प्रति महिना तोकिएको जरिवाना लिई नवीकरण गरिनेछ।

(४) उपदफा (३) बमोजिमको अवधिमा समेत नवीकरण नगरेमा त्यस्तो अनुमतिपत्र स्वतः खारेज हुनेछ।

(५) नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **अनुमतिपत्र खारेज गर्न सकिनेः** (१) देहायको अवस्थामा केन्द्रले अनुमतिपत्र खारेज गर्न सक्नेछः

(क) दफा १५ को उपदफा (१) विपरीतको कार्य गरेमा,

(ख) दफा १३ को (४) बमोजिमको अवस्थामा,

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु पूर्व मनासिव माफिकको मौका दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम अनुमतिपत्र खारेज भएको मितिले एक बर्ष भित्र त्यस्ता व्यक्ति वा संस्थाले नयाँ अनुमतिपत्रका लागि आवेदन दिन पाउने छैन।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिम अनुमतिपत्र खारेज भएमा त्यस्तो व्यक्ति वा संस्थाले नयाँ अनुमतिपत्रका लागि आवेदन दिन अयोग्य हुने छैन।

(५) अनुमतिपत्र खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **बिक्री बितरण गर्न नपाईनेः** (१) यस ऐन तथा प्रचलित कानून बमोजिम सूचित वा पञ्जिकृत नभएका बिउ बिजन बिक्री वितरण गर्न पाईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचित वा पञ्जीकरण नभएका बिउ बिजन कृषि अनुसन्धान प्रयोजनको लागि प्रयोग गर्न बाधा पर्ने छैन।

१६. **मूल वा स्रोत बिउ उत्पादनको अनुमतिपत्र लिनु पर्नेः** (१) मूल वा स्रोत बिउ उत्पादन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले केन्द्रबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्रको लागि तोकिए बमोजिमको दस्तुर सहित केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले आवश्यक जाचँबुझ गरी अनुमतिपत्र प्रदान गर्नेछ।

तर, जाँचबुझ गर्दा अनुमतिपत्र दिन नसकिने भए सोको आधार र कारण खुलाई दश दिनभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुमतिपत्रको अवधि तीन वर्षको हुनेछ।

(५) मूल वा स्रोत बिउ उत्पादन गर्न अनुमतिपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **वर्णशङ्कर बिउ उत्पादनको अनुमतिपत्र लिनु पर्नेः** (१) वर्णशङ्कर बिउ उत्पादन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले केन्द्रबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्रको लागि तोकिए बमोजिमको दस्तुर सहित केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले आवश्यक जाचँबुझ गरी अनुमतिपत्र प्रदान गर्नेछ।

तर जाँचबुझ गर्दा अनुमतिपत्र दिन नसकिने भए सोको आधार र कारण खुलाई दश दिन भित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुमतिपत्रको अवधि तीन वर्षको हुनेछ।

(५) वर्णशंकर बिउ उत्पादनका लागि अनुमतिपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **जातीय विकास तथा सम्वर्द्धन गर्न अनुमतिपत्र लिनुपर्नेः** (१) कुनै बिउको जातीय विकास तथा सम्वर्द्धन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले केन्द्रबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्रको लागि तोकिए बमोजिमको दस्तुर सहित केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले आवश्यक जाचँबुझ गरी अनुमतिपत्र प्रदान गर्नेछ।

तर, जाँचबुझ गर्दा अनुमतिपत्र दिन नसकिने भए सोको आधार र कारण खुलाई दश दिनभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुमतिपत्रको अवधि तीन वर्षको हुनेछ।

(५) बिउको जातीय विकास तथा सम्वर्द्धन गर्नका लागि अनुमतिपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषकको परीक्षा सम्बन्धी व्यवस्थाः** (१) बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषकको परीक्षा समितिले लिनेछ।

(२) परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषक सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले देहायको योग्यता पुगेका नेपाली नागरिकलाई बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषक नियुक्त गर्न वा तोक्न सक्नेछः-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कृषिमा स्नातक तह उतीर्ण गरेको वा कृषि विषयमा प्रमाणपत्र तह उतीर्ण गरी बिउ बिजन उत्पादनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,

(ख) समितिबाट लिईने परीक्षा उत्तीर्ण भएको,

(ग) खण्ड (क) बमोजिम योग्यता पुगेको निजामती कर्मचारी भए निज सेवारत कार्यालयको स्वीकृति प्राप्त भएको,

(२) उपदफा (१) बमोजिम बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषक नियुक्त नभएसम्मको लागि मन्त्रालयले सो सम्वन्धमा योग्यता पुगेका आफू मातहतका वा स्थानीय तहका कृषि अधिकृतस्तरका कर्मचारीलाई बिउ बिजन निरीक्षक वा बिउ बिजन विश्लेषकको रुपमा काम गर्न तोक्न सक्नेछ।

(३) मन्त्रालयले उपदफा (१) र (२) बमोजिम तोकिएका बिउ बिजन निरीक्षक र बिउ बिजन विश्लेषकको नाम सूचना प्रकाशन गरी वा वेबसाईट मार्फत सार्वजनिक गर्नेछ।

(४) यस ऐन बमोजिम अनुमतिपत्र नलिई बाली निरीक्षण गर्न, बिउ बिजनको नमुना संकलन गर्न तथा बिउ विश्लेषण गर्न पाईने छैन।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिमको परीक्षा सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **<u>बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार:</u>** बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिउ बिजनको नमुना संकलन, गुणस्तर परिक्षण तथा नियन्त्रण सम्बन्धी कार्य गर्ने,

(ख) बिउ बालिको खेत तथा बिउ उत्पादन, प्रशोधन, भण्डारण र बिक्री वितरण प्रक्रियाको निरीक्षण गर्ने,

(ग) बिउ बिजन बजार अनुगमन गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम कार्यको प्रतिवेदन तयार गरी केन्द्रमा पेस गर्ने।

(ङ) यस ऐनको बर्खिलाप हुने गरी बिउ बिजनको परिक्षण, उत्पादन, प्रसोधन, ओसारपसार, भण्डारण तथा बिक्री वितरण गरेमा त्यस्ता बिउ बिजनहरू बिउ बिजन निरीक्षकले जफत गर्न सक्नेछ,

(च) तोकिए बमोजिम अन्य कार्य गर्ने।

२२. **सेवा शुल्क लिन सक्ने:** (१) प्रदेश सरकारले यस ऐन बमोजिम उपलब्ध गराउने कुनै सेवा बापत प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सेवा शूल्क लिनेछ र त्यस्तो सेवा शूल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) कुनै व्यक्ति वा संस्थाले यस ऐन बमोजिम कुनै सेवा प्रदान गर्दा समितिबाट स्वीकृत गरे बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

२३. **कृषकको अधिकार रहने:** (१) प्रदेशमा परम्परादेखि नै प्रयोग र अवलम्ब गरिँदै आएको स्थानीय बाली, जात वा प्रजातीको बिउ बिजनमा कृषकको स्वामित्व, जात छनौट, संरक्षण र वितरणको अधिकार रहनेछ।

(२) प्रदेशमा कुनै कृषक, कृषक समूह वा सहकारी संस्था वा अन्य संघ संस्थाले परम्परादेखि सामूहिक रुपमा प्रयोग र अबलम्बन गर्दै आएको स्थानीय बाली वा जात वा प्रजातीको बिउ त्यस्तो कृषक समूह/सहकारी वा संघसंस्थाको नाममा सामूहिक स्वामित्व हुने गरी प्रचलित कानून बमोजिम वा यस ऐन बमोजिम दर्ता गर्न सक्नेछन्।

२४. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था:** (१) कसैले बिक्री वितरण गरेको बिउ बिजनको गुणस्तर वा गलत सूचनाको कारणले कृषकलाई आर्थिक हानी नोक्सानी पुग्न गएमा कृषकलाई वास्तविक हानी नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हानि नोक्सानीको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः

(क) केन्द्र प्रमुखले तोकेको अधिकृत - संयोजक
(ख) कृषि ज्ञान केन्द्रको प्रमुख - सदस्य
(ग) मूल्याङ्कन समितिले तोकेको कृषि विज्ञ - सदस्य
(घ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(३) उपदफा (२) बमोजिमको समितिमा नेपाल कृषि अनुसन्धान परिषद्को वैज्ञानिक नियमित आमन्त्रित सदस्यको रुपमा रहनेछ।

(४) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको लागि कृषकले वास्तविक हानी नोक्सानीको विवरण खुलाई केन्द्र समक्ष निवेदन दिनु पर्नेछ र यस प्रकारको निवेदन प्राप्त भएको मितिले एक्काइस दिनभित्र केन्द्र प्रमुखले निर्णय गर्नु पर्नेछ।

(५) क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **मुद्दा हेर्ने अधिकारी:** (१) कसैले यो ऐन विपरीत कार्य गरेमा कसुर गरेको मानिनेछ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा निरीक्षकले जाँचबुझ गरी केन्द्र प्रमुख समक्ष प्रतिवेदन पेस गर्नेछ र त्यसरी प्रतिवेदन प्राप्त भएपछि प्रचलित

कानून र कानूनका मान्य सिद्धान्त बमोजिमको कार्यविधि अपनाई केन्द्र प्रमुखले एक्काइस दिनभित्र कसुर गरेको भए त्यस्तो कसुर गरे बापत दण्ड वा सजाय सम्बन्धी निर्णय गर्नु पर्नेछ।

## परिच्छेद-४

## दण्ड सजाय

२६. **दण्ड सजायः** (१) कसैले दफा ११ को उपदफा (१) र दफा १२ को उपदफा (१) विपरीत कार्य गरे वा गराएमा पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(२) कसैले दफा २० को उपदफा (४) विपरीत कुनै कार्य गरेमा पच्चिस हजार रुपैयाँ जरिवाना हुनेछ।

(३) कसैले उपदफा (१) र (२) मा उल्लेख भए देखि बाहेक यस ऐन वा ऐन अन्तर्गत बनेको नियम विपरीतको कार्य गरे वा गराएमा पन्ध्र हजार रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(४) यस ऐन बमोजिम जरिबाना केन्द्र प्रमुखले गर्नेछ।

२७. **पुनरावेदनः** (१) ऐनको दफा १४ बमोजिम अनुमतिपत्र खारेजी, दफा २४ को उपदफा (१) बमोजिमको क्षतिपूर्ति र दफा २६ बमोजिमको दण्ड सजाय उपर चित्त नबुझ्ने पक्षले एक्काइस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ र त्यस्तो पुनरावेदन उपर मन्त्रालयले पैंतिस दिनभित्र निर्णय गरिसक्नुपर्नेछ।

(२) पुनरावेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## विविध

२८. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२९. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेः** यस ऐन तथा ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

३०. **बचाउः** यस ऐन प्रारम्भ हुनुभन्दा अघि बिउ बिजन सम्बन्धी भए गरेका कामकारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

Ph.No. : 021-472044, 472653
Email : info.moial@koshi.gov.np
Website : moial.koshi.gov.np